
# कोशी प्रदेशको
# आर्थिक वृद्धि सम्भाव्य क्षेत्र र प्राथमिकता





Community Engagements & Outreach
www.ceo.com.np

# अध्ययन प्रतिवेदन बारे

कोभिड-१९ को महामारीले नेपालको अर्थतन्त्रमा समेत प्रतिकुल प्रभाव देखियो । आय र रोजगारीमा परेको आन्तरिक र बाह्य प्रभावका कारण आर्थिक गतिविधि सङ्कुचित भएर अर्थिक वृद्धि समेत नकारात्मक हुन पुग्यो । नेपालको समग्र अर्थतन्त्रमा परेको कोभिड-१९ को प्रभावबाट कुनै पनि प्रदेश मुक्त हुन सकेनन् । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान मार्फत् राज्यको पुनर्संरचना भई गठन भएका प्रादेशिक संरचनाले संस्थागत स्वरूप ग्रहण गरी नसक्दै कोभिड-१९ ले ल्याएको चुनौती समेत सामना गर्नुपर्दा प्रदेश सरकारले आर्थिक विकास र रोजगारी प्रवर्द्धनका क्षेत्रमा पर्याप्त भूमिका खेल्न सकेनन् ।

यस पृष्ठभूमिमा नेपालको उद्योग र कृषि अर्थतन्त्रको महत्वपूर्ण हिस्सा ओगट्ने क्षेत्र समेटिएको कोशी प्रदेशको आर्थिक वृद्धिमा उल्लेख्य योगदान गरिरहेका र गर्नसक्ने क्षेत्र, बस्तु तथा सेवा पहिचान गरी आर्थिक वृद्धिका लागि रणनीतिक सुझाव तयार गर्ने उद्देश्यले द एसिया फाउण्डेशनको सहयोगमा कम्युनिटी इन्गेजमेन्ट एण्ड आउटरिच (CEO) प्रा.लि.ले स्वतन्त्र अध्ययन गरेको छ । कुल गार्हस्थ्य उत्पादन सम्वन्धी संघीय र प्रादेशिक तथ्याङ्क, मूल्य सूचकाङ्क, कृषि तथा औद्योगिक तथ्याङ्क, वैदेशिक व्यापार सम्वन्धी तथ्याङ्क, संघ र प्रदेश सरकारका कार्यक्रम तथा बजेट, आवधिक योजना, रोजगारी सम्वन्धी तथ्याङ्क आदिको विश्लेषणबाट आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवा पहिचान गरिएको छ । पहिचान गरिएका बस्तु तथा सेवाको मूल्य श्रृंखलामा रहेका समस्या र चुनौती तथा समाधानको विकल्प पहिचानका लागि जानिफकार अन्तरवार्ता, समूह केन्द्रित छलफल, परामर्श बैठक तथा कार्यशालाहरू मार्फत् गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

अध्ययनबाट प्राप्त निष्कर्ष तथा सुझावले प्रदेशमा लगानीका सम्भाव्य क्षेत्र पहिचान, आर्थिक विकासका प्राथमिकता निर्धारणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । सम्भाव्य प्राथमिकताका बस्तु उत्पादन र सेवा प्रवाहसँग सम्बन्धित मूल्य श्रृंखलाको सबलीकरण तथा विस्तारका लागि प्रदेश र स्थानीय सरकारले निजी क्षेत्रसँगको समन्वय र साझेदारी बढाउन सकेमा प्रदेश सरकारले लिएको दिगो र फराकिलो आर्थिक वृद्धिको लक्ष्य हाँसिल गर्न सहज हुने विश्वास छ ।

यस अध्ययनको जिम्मेवारी उपलब्ध गराउने द एसिया फाउण्डेशनप्रति विशेष आभार व्यक्त गर्दछौं । द एसिया फाउण्डेशनका कार्यक्रम व्यवस्थापक आश्रय पाण्डे र सल्लाहकार सगर प्रसाईंप्रति आभारी छौं । कोशी प्रदेशको आर्थिक वृद्धि केन्द्रित यस टोलीका सम्पूर्ण सदस्यहरू, कृषि विज्ञको रूपमा योगदान गर्नुभएका डा. राजेन्द्र उप्रेती, पर्यटन बोर्ड प्रमूख कार्यकारी अधिकृत श्री दिपकराज जोशी र उद्योगी श्री अनिल सारडाको योगदान प्रसंशनीय छ । अध्ययनको क्रममा निरन्तर पृष्ठपोषण र मार्गदर्शन प्रदान गर्नु हुने राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष एवं NIURS का अध्यक्ष डा. जगदिश चन्द्र पोखेल द्वितीयक स्रोतका तथ्याङ्कहरूको विश्लेषणका लागि मार्गदर्शन गर्नु हुने राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक ईश्वरी भण्डारी एवं यस क्रममा प्राविधिक सहयोग समूह अन्तर्गत NIURS, VRock र SAWTEE का प्रतिनिधिहरूप्रति धन्यबाद व्यक्त गर्दछौं । अध्ययनका क्रममा प्रदेशस्तरको समन्वयात्मक भूमिका निर्वाह गरिदिनु हुने लगानी प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक डा. सरोज कोइराला र नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशका कार्यकारी निर्देशक राधारमण भण्डारी (श्याम) को उल्लेखनीय भूमिका र योगदानको प्रशंसा गर्दछौं । अन्त्यमा, विभिन्न छलफल, अन्तर्वार्ता र परामर्श बैठकका सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दैछौं । आशा छ, कोशी प्रदेशको आर्थिक वृद्धिमा केन्द्रित कार्यक्रम र प्राथमिकता निर्धारणमा यस अध्ययनका निष्कर्ष सहयोगी हुनेछन् ।

धन्यवाद ।

रितिमा प्रधान
कार्यकारी निर्देशक

## अध्ययन टोली

प्रा.डा. अर्जुन बराल

जयजिव हाडा

अनिरुद्र न्यौपाने

आयुष जङ्ग थापा

के.एन. आचार्य

गौतम लामिछाने मगर

अविन प्रजापती

# विषयसूची

**अध्याय १ परिचय** **१**

१.१. कोशी प्रदेशको परिचय २

१.२. यातायात सञ्जाल

१.३. संघीय र प्रादेशिक अर्थतन्त्र

१.४. कोशी प्रदेशको आर्थिक वृद्धि प्रक्षेपण र उपलब्धी

१.५. अध्ययनको उद्देश्य

१.६ अध्ययनको औचित्य र सान्दर्भिकता

१.७. अध्ययन विधि

- १.७.१. तथ्याङ्क सङ्कलन विधि
- १.७.२. तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

१.८. अध्ययनको सीमा

**अध्याय २ आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवाको पहिचान**

२.१. प्रादेशिक नीतिगत प्राथमिकता

२.२. प्रादेशिक अर्थतन्त्र

- २.२.१. प्रादेशिक कुल गार्हस्थ्य उत्पादन
- २.२.२. आर्थिक क्षेत्र अन्तर्गत बस्तु तथा सेवाको योगदान र मूल्य अभिवृद्धि

२.३. गरिबी र रोजगारी

२.४. सार्वजनिक वित्त

- २.४.१. पृष्ठभूमि
- २.४.२. आवधिक योजना र वार्षिक बजेट
- २.४.३. बजेट कार्यान्वयन
- २.४.४. प्रादेशिक बजेटको स्रोत
- २.४.५. आर्थिक विकास बजेट
- २.४.६. आर्थिक विकास अन्तर्गतका विषयगत मन्त्रालयको बजेट र खर्च

२.५. कोशी प्रदेशका आर्थिक गतिविधि

- २.५.१. उद्योग व्यवसाय सङ्ख्या र संलग्नता
- २.५.२. कोशी प्रदेशमा पर्यटन व्यवसाय
- २.५.३. कृषि व्यवसाय
- २.५.४. उत्पादनमूलक उद्योग

२.६. वैदेशिक व्यापार

**अध्याय ३ गुणात्मक तथ्याङ्क विश्लेषण**

३.१. परिचय

३.२. परामर्श बैठकहरू

- ३.२.१. कृषि क्षेत्र
- ३.२.२. उद्योग
- ३.२.३. पर्यटन
- ३.२.४. वित्तीय क्षेत्र

३.३. समूह केन्द्रित छलफल र जानिफकार अन्तर्वार्ता

- ३.३.१. कृषि क्षेत्र
- ३.३.२. उद्योग
- ३.३.३. सेवा क्षेत्र

**अध्याय ४ कोशी प्रदेशको आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवा**
४.१. परिचय
४.२. कृषि क्षेत्र
४.२.१. धान
४.२.२. मकै
४.२.३. गहुँ
४.२.४. कोदो
४.२.५. आलु
४.२.६. तोरी
४.२.७. अलैंची
४.२.८. अदुवा
४.२.९. सुन्तला र अमिलो जातका फलफूल
४.२.१०. केरा
४.२.११. तरकारी खेती
४.२.१२. दूध
४.२.१३. मासु उत्पादन
४.३. उद्योग
४.३.१. खाद्य प्रशोधन उद्योग
४.३.२. टेक्सटाइल (कपडा र तयारी पोशाक) उद्योग
४.४. सेवा क्षेत्र
४.४.१. कृषि उत्पादनको थोक तथा खुद्रा व्यापार
४.४.२. पर्यटन

**अध्याय ५ आर्थिक वृद्धि क्लस्टरको अवधारणा र सम्भाव्यता**
५.१. पृष्ठभूमि
५.२. आर्थिक वृद्धि क्लस्टर पहिचान
५.३. आर्थिक वृद्धि क्लस्टरको विकास
५.३.१. उत्पादनमूलक उद्योग क्लस्टर (मोरङ-सुनसरी)
५.३.२. डेरी क्लस्टर (झापा)
५.३.३. पर्यटन क्लस्टर (तिजुरे, मिल्के, जलजले)
५.३.४. अलैंची क्लस्टर (ताप्लेजुङ)
५.४. प्रमुख ठम्याईहरू

**अध्याय ६ अध्ययनका प्रमुख निष्कर्ष तथा सुझावहरू**
६.१. कृषितर्फका आर्थिक वृद्धि सम्भाव्य बस्तुहरू
६.२. कृषि तथा पशुपालन क्षेत्रसँग सम्बन्धित सुझावहरू
६.३. उद्योग क्षेत्रसँग सम्बन्धित सुझावहरू
६.४. पर्यटन क्षेत्रसँग सम्बन्धित सुझावहरू:
६.५. थप सुझावहरू


**सन्दर्भ सामग्री**

अध्याय
१
# परिचय

## १.१. कोशी प्रदेशको परिचय

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका सात प्रदेश मध्ये कोशी प्रदेश सबैभन्दा पूर्वको प्रदेश हो । यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग किलोमिटर रहेको छ । जुन देशको कुल क्षेत्रफलको १७.५% हो । नेपालको जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस प्रदेशको जनसंख्या ४९ लाख ७२ हजार २१ रहेको छ । जनसंख्याको ४८.७८ प्रतिशत पुरुष र ५१.२२ प्रतिशत महिला रहेका छन् । कुल १२ लाख ३ हजार ९ सय ३० घर परिवार रहेको छ । अघिल्लो जनगणना २०६८ अनुसार प्रदेशको साक्षरता दर ६५.३० प्रतिशत रहेको छ । प्रदेशमा ९९ भाषा बोल्ने १२२ जातजातिहरूको बसोबास रहेको छ । प्रदेशमा बोलिने विभिन्न भाषाहरू मध्ये नेपाली भाषा मातृभाषा भएकाहरूको जनसङ्ख्या सबैभन्दा धेरै (४२.७५%) छ । मैथिली (११.२%), लिम्बु (७.३%), थारू (३.९%), बान्तवा (२.९%) त्यसपछि क्रमशः बढि जनसङ्ख्याको मातृभाषा रहेको छ । जनसंख्याको प्रबृद्धि हेर्दा प्रदेशमा सवैजसो पहाडी जिल्लाहरूको जनसंख्या बृद्धिदर नकरात्मक रहेको छ । झापा मोरङ र सुनसरीको जनसंख्याको बृद्धिदर भने २ प्रतिशत आसपास रहेको छ ।

यस प्रदेशको पूर्वमा भारतको पश्चिम बङ्गाल प्रदेश, पूर्व-उत्तरमा भारतको सिक्किम प्रदेश, पूर्व-दक्षिणमा तथा दक्षिणमा भारतको विहार प्रदेश, पश्चिम-दक्षिणमा नेपालको मधेश प्रदेश, पश्चिम तथा पश्चिम-उत्तरमा नेपालको बागमती प्रदेश र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत रहेको छ ।




भौगोलिक हिसाबले तीन तहमा विभाजित प्रदेशको उत्तरमा हिमाली, मध्यमा पहाडी र दक्षिणी भागमा तराई भेग रहेको छ । झापाको केचनकवल समुद्री सतहबाट ७० मिटर उचाईमा रहेको छ भने ८,८४८ मिटर अग्लो विश्वको सर्वोच्च शिखर सगरमाथा पनि यही प्रदेशमा रहेको छ । विश्वको सबैभन्दा अग्लो सगरमाथा तेस्रो अग्लो कञ्चनजङ्घा हिमाल पनि यही प्रदेशमा पर्दछ । भित्री मधेस र तराईका समथर भू-भाग समेत यस प्रदेशमा छन् । सप्तकोशी, मेची, कन्काई प्रदेशका प्रमुख नदीहरू हुन् । यस प्रदेशमा सबै किसिमको हावापानीमा पाइने वनस्पति तथा जडिबुटीहरू पाइन्छन् । यहाँ उष्ण मनसुनी, न्यानो समशीतोष्ण, ठण्डा समशीतोष्ण, लेकाली र हिमाली हावापानीसहितको विविधता रहेको छ ।

यस प्रदेशमा भोजपुर, धनकुटा, इलाम, झापा, खोटाङ, मोरङ, ओखलढुङ्गा, पाँचथर, सङ्खुवासभा, सोलुखुम्बु, सुनसरी, ताप्लेजुङ, तेह्रथुम र उदयपुर गरी १४ जिल्ला छन् । औद्योगिक शहर विराटनगरको सदरमुकाम भएको यस प्रदेशले दमक, धरान, इटहरी, इनरुवा र बिर्तामोड लगायत पूर्वका प्रमुख शहरहरू समेटेको छ । प्रदेशमा १ महानगरपालिका, २ उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी १३७ स्थानीय तह रहेका छन् ।

## १.२. यातायात सञ्जाल

प्रदेशका १४ जिल्लामध्ये अधिकांश सडक सञ्जालले जोडिएका छन् । कोशी प्रदेशको यातायात सञ्जाल तलको नक्सामा देखाइएको छ ।




**नक्सा: कोशी प्रदेशको यातायात सञ्जाल**

माथिको नक्सामा देखाइएअनुसार १४ मध्ये ११ जिल्लालाई राष्ट्रिय राजमार्गले छोएको देखिन्छ। झापाको पूर्वी राष्ट्रिय सिमाना काँकडभिट्टाबाट सुरू भएको पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) मधेस प्रदेशको क्षेत्रीय सिमाना कोशी ब्यारेजसम्म पुगेको छ। झापा र ताप्लेजुङ जोड्ने मेची राजमार्ग, विराटनगर (मोरङ) र पाख्रीबास (धनकुटा) जोड्ने कोशी राजमार्ग, उदयपुर-सोलुखुम्बु हुँदै मधेस प्रदेश जोड्ने सगरमाथा राजमार्ग अन्य प्रमुख राजमार्गहरू हुन् । अधिकांश तराई र पहाडी सडकहरू राम्रो भए पनि पहाडी क्षेत्रका सडकहरू पक्की हुन सकेका छैनन्।

प्रमुख राजमार्ग बाहेकका सडक वर्षाको समयमा बिग्रने गरेका छन्। यस प्रदेशमा ११ वटा बिमानस्थल सञ्चालनमा छन् । जस अन्तर्गत विराटनगर र चन्द्रगढी प्रमुख क्षेत्रीय बिमानस्थल हुन् भने अन्य ९ उपक्षेत्रीय र मौसमी बिमानस्थलको रूपमा सेवा दिइरहेका छन्। विराटनगर बिमानस्थल (मोरङ) चन्द्रगढी बिमानस्थल (झापा), ताप्लेजुङ बिमानस्थल (ताप्लेजुङ), तुम्लिङटार बिमानस्थल (सङ्खुवासभा), भोजपुर बिमानस्थल (भोजपुर), थामखर्क बिमानस्थल (खोटाङ), खानीडाँडा बिमानस्थल (खोटाङ), लामीडाँडा बिमानस्थल (खोटाङ), रुम्झाटार बिमानस्थल (ओखलढुङ्गा) र फाप्लु बिमानस्थल (सोलुखुम्बु) यस प्रदेसमा सञ्चालनमा रहेका बिमानस्थलहरू हुन्।

## १.३. संघीय र प्रादेशिक अर्थतन्त्र

कोभिड-१९ महामारीका कारण आर्थिक क्षेत्र समेत नराम्ररी प्रभावित वनयो । नेपालको अथर्तन्त्र पनि आर्थिक वर्ष २०७६/७७ मा २.४२ प्रतिशतमा सङ्कुचित भएको केन्दिय तथ्याङ्क विभागले सार्वजनिक गरेको कुल गार्हस्थ्य उत्पादन सम्वन्धी आँकडामा उल्लेख छ। सो वर्ष प्राथमिक क्षेत्रको आर्थिक वृद्धिदर २.३२ प्रतिशतमा सीमित भएको थियो भने द्वितीयक र तृतीयक क्षेत्रमा सो वर्ष क्रमशः -४.११ र -४.५३ प्रतिशतको ऋणात्मक अवस्था रहेको थियो। नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको तुलनामा उद्योग र सेवा क्षेत्र कोभिड-१९ का कारण बढी प्रभावित भएको देखाउँछ। उत्पादन र मूल्य अभिवृद्धिमा भएको गिरावटले बेरोजगारी बढाएको तथा वैदेशिक रोजगारीका लागि गएका नागरिक समेत ठूलो सङ्ख्यामा स्वदेश फर्किएको अवस्थामा बेरोजगारी समेत बढेको अनुमान छ। कोभिड-१९ बाट प्रभावित आर्थिक क्षेत्रको पुनरोत्थान र उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धि बढाई आर्थिक वृद्धिदर सुधार गर्नु चुनौतीपूर्ण छ।

नेपालको सन्दर्भमा कोभिड-१९ बाट ७ वटै प्रदेशको अर्थतन्त्र प्रभावित भएको देखिन्छ । मधेस प्रदेश बाहेक सबै प्रदेशमा प्राथमिक क्षेत्रको आर्थिक वृद्धिदर सकारात्मक रहेको भए पनि द्वितीयक र तृतीयक क्षेत्रको आर्थिक वृद्धि नकारात्मक रहेको थियो । आर्थिक वर्ष २०७६/७७ मा कोशी प्रदेशमा द्वितीयक क्षेत्र र तृतीयक क्षेत्र क्रमशः -४.३ प्रतिशत र -४.९ प्रतिशत, मधेस प्रदेशमा -६.१ र -४.२ प्रतिशत, बागमती प्रदेशमा -५.३ र -५.२ प्रतिशत, गण्डकीमा -०.४ र -३.९ प्रतिशत, लुम्विनीमा -५.५ र -३.८ प्रतिशत, कर्णालीमा -०.२ र -१.४ प्रतिशत र सुदूरपश्चिममा -०.१ र -२.६ प्रतिशतले सङ्कुचित भएको थियो । समग्रमा कोशी प्रदेशले -१.५ प्रतिशत, मधेस र गण्डकीले -३.८ प्रतिशत, लुम्विनीले -१.२ प्रतिशत र कर्णालीले -१.८ प्रतिशतको ऋणात्मक आर्थिक वृद्धिदर हाँसिल गरेका थिए । सुदूरपश्चिम प्रदेशमा भने ०.९ प्रतिशतको आर्थिक वृद्धि भएको थियो । यस पृष्ठभूमिमा उत्थानशील अर्थतन्त्र निर्माण गर्दै दिगो र फराकिलो आर्थिक वृद्धि हाँसिल गर्ने रणनीति निर्माण र कार्यान्वयन गर्नु सबै प्रदेशको प्राथमिकता हुनुपर्ने देखिन्छ।

उल्लिखित पृष्ठभूमिमा कोशी प्रदेशको आर्थिक वृद्धिका सम्भाव्य क्षेत्र पहिल्याउन तथा आर्थिक वृद्धिका रणनीतिक सुझाव तयार गर्ने उद्देश्यले यो अध्ययन अघि बढाइएको हो । नेपालको औद्योगिक राजधानीको रूपमा चिनिने विराटनगर क्षेत्र रहेको, भारत, बङ्गलादेश, र भुटानसँग सीमा जोडिएको वा नजिक रहेको प्रदेश भएकाले यसका रणनीतिक लाभ समेतलाई दृष्टिगत गरी कोशी प्रदेशलाई अध्ययनका लागि छनोट गरिएको हो।

नयाँ संविधानले सिर्जना गरेका प्रादेशिक संरचनासहितको शासकीय स्वरूप निर्धारण गरी प्रदेश सरकार लगायतका अङ्गहरूले काम गर्न सुरू गरिसकेका छन् । कोशी प्रदेशले पनि प्रथम आवधिक योजनामार्फत् आर्थिक सामाजिक

विकासका लक्ष्य निर्धारण गरी सो को कार्यान्वयन अघि बढाई रहेको छ । लगानी प्रवर्द्धन तथा सार्वजनिक-निजी साझेदारीका परियोजना अघि बढाउन प्रदेश लगानी प्राधिकरण पनि गठन गरेको छ । यस सन्दर्भमा लगानीकर्ता आकर्षित गर्न र आर्थिक विकासलाई गति दिन तुलानात्मक लाभका क्षेत्र पहिचान गरी लगानीका क्षेत्रको प्राथमिकीकरण गर्नु आवश्यक छ ।

## १.४. कोशी प्रदेशको आर्थिक वृद्धि प्रक्षेपण र उपलब्धी

कोशी प्रदेशले प्रथम आवधिक योजनामार्फत् आर्थिक वर्ष २०७५/०७६ देखि २०८०/०८१ को अवधिमा वार्षिक औसत ९.७ प्रतिशतको आर्थिक वृद्धि हाँसिल गर्ने लक्ष्य राखेको छ। जस अन्तरर्गत कृषि क्षेत्रतर्फ वार्षिक औसत ५.६, उद्योगतर्फ १४.२ र सेवा क्षेत्रतर्फ १०.२ प्रतिशतको आर्थिक वृद्धि हाँसिल हुने प्रक्षेपण गरिएको छ। प्रथम आवधिक योजनाले गरेको आर्थिक वृद्धि प्रक्षेपण तलको तालिकामा प्रस्तुत छ।

**तालिका १ : कुल गार्हस्थ्य उत्पादन (GDP) को क्षेत्रगत वृद्धि प्रक्षेपण**

| क्षेत्र | आर्थिक वृद्धिदर (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | औसत |
| समष्टिगत | ८.७ | ९.५ | ९.९ | १०.१ | १०.४३ | ९.७ |
| कृषि | ५.१ | ५.४ | ५.५ | ५.७ | ५.९ | ५.६ |
| उद्योग | १३.६ | १३.९ | १४.४ | ११.७ | १७.९ | १४.२ |
| सेवा | ९.४ | १०.१ | १०.५ | ११.५ | ९.४ | १०.२ |

*स्रोत : कोशी प्रदेशको प्रथम आवधिक योजना*

कोभिड-१९ का कारण प्रदेश अर्थतन्त्र नराम्ररी प्रभावित हुँदा आर्थिक वर्ष २०७६/०७७ मा प्रदेशको आर्थिक वृद्धिदर -१.५ प्रतिशतले ऋणात्मक हुँदै २०७७/०७८ मा ३.९ रहेको संशोधित अनुमान छ भने २०७८/०७९ मा ५.१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। यस आधारमा योजना अवधिको पहिलो ३ वर्षको औसत आर्थिक वृद्धि प्रक्षेपणको तुलनामा एक तिहाई आसपास मात्र रहेको देखिन्छ। यसले योजना अवधिमा आर्थिक वृद्धिका लक्ष्य हाँसिल हुन नसक्ने देखिएको छ ।

प्रदेश सरकारले आर्थिक योजनावद्ध विकासको प्रक्रिया प्रारम्भ गरिसकेको भए पनि योजनाले अपेक्षा गरे अनुसारको सरकारी खर्च तथा निजी तथा सहकारी क्षेत्रबाट अपेक्षित लगानी हुन सकेको छैन । संघ, प्रदेश र स्थानीय तहका बिचको प्रभावकारी समन्वय र निजी क्षेत्रका लागि लगानीको उपयुक्त वातावरण निर्माण हुन नसक्दा लगानी, उत्पादन र रोजगारीको अवस्थामा तात्विक परिवर्तन आउन सकेको छैन । कृषि, उद्योग र सेवा क्षेत्रमध्ये तुलानात्मक लाभका क्षेत्र पहिचान गर्ने, एक भन्दा बढी स्थानीय तहले आर्थिक विकासका कार्यक्रम तथा परियोजना अघि बढाउनमा सहकार्य गर्ने अवस्था नहुनु र विभिन्न तहका सरकारको प्राथमिकताका बिचमा पर्याप्त सामञ्जस्यता कायम हुन नसक्दा आय र रोजगारी सिर्जना हुनसक्ने क्षेत्रले उचित प्राथमिकता पाउन सकेको छैन ।

यसरी कोशी प्रदेश आर्थिक वृद्धि तथा आय र रोजागारी प्रवर्द्धनमा बढी योगदान गर्न सकिने क्षेत्र पहिचान गर्न नसक्नु, त्यस्ता क्षेत्रमा लगानीका लागि प्रोत्साहन गर्ने रणनीति, नीति तथा कार्यक्रम अघि सार्न नसक्नु, सरकारी लगानी र खर्चको क्षमता सीमित रहनु, निजी क्षेत्र र सहकारीको लगानीका लागि उपयुक्त वातावरण निर्माण हुन नसक्नु कोशी प्रदेशको आर्थिक वृद्धिका मुख्य समस्या देखिएका छन् ।

## १.५. अध्ययनको उद्देश्य

### समष्टिगत उद्देश्य

१. कोशी प्रदेशको आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवा पहिचान गर्नु र तिनको उत्पादन र मूल्य अभिवृद्धि हाँसिल गर्नमा प्रदेश सरकार, स्थानीय सरकारहरू र निजी क्षेत्रका बिच प्रभावकारी साझेदारी र सहकार्यका क्षेत्र पहिल्याउनु यो अध्ययनको समग्र उद्देश्य हो ।

### निर्दिष्ट उद्देश्यहरू

क. कोशी प्रदेशको आर्थिक वृद्धिमा योगदान गर्न सक्ने प्रमुख क्षेत्र, उप-क्षेत्र, बस्तु तथा सेवा पहिचान गर्न ।

ख. पहिचान भएका बस्तु तथा सेवाको उत्पादन, उत्पादकत्व विस्तार र मूल्य अभिवृद्धिका उपायहरू पहिचान गर्न ।

ग. कोशी प्रदेशको आर्थिक वृद्धिमा योगदान गर्ने गरी सरकार, निजी र सहकारी क्षेत्रको लगानी अभिवृद्धिका अवसर र चुनौती पहिचान गर्न ।

घ. स्थानीय र प्रादेशिक आर्थिक वृद्धिमा स्थानीय तहहरूको सहकार्य र साझेदारीका क्षेत्र पहिल्याउनु ।

## १.६ अध्ययनको औचित्य र सान्दर्भिकता

नेपाल सरकारले देशभरका प्रमुख कृषि उत्पादन र तिनको उत्पादन, बजारीकरण र मूल्य अभिवृद्धिमा योगदान गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ । त्यसैगरी निर्यातमा अनुदान तथा औजार उपकारण एवं कच्चा पदार्थमा लागाइने अन्तःशुल्क र भन्सार सहुलियत जस्ता विधिबाट आन्तरिक उत्पादनलाई प्रोत्साहन गरेको देखिन्छ । कोशी प्रदेशमा पनि अलैँची, चिया, दूध, मासु, सुपारी लगायतको उत्पादन प्रवर्द्धनका विभिन्न कार्यक्रमहरू तय भएका छन् । यद्यपि प्रदेशको आर्थिक वृद्धिदर बढाउनमा बढी योगदान गर्न सक्ने बस्तु तथा सेवा पहिचान र तिनको उत्पादन, मूल्य अभिवृद्धि तथा बजारीकरणका सबालको व्यवस्थित अध्ययन नहुँदा प्रदेश र स्थानीय तहका कार्यक्रम आर्थिक वृद्धिको लक्ष्य उन्मुख हुन नसकेको सम्बन्धित सरोकारवालाहरूको अनुभव छ । त्यसैले आर्थिक वृद्धि केन्द्रित अध्ययन गरी प्रदेश र स्थानीय सरकारहरूका लागि उपयोगी रणनीतिक सुझाव तयार पार्नु कोशी प्रदेशको कृषि, उद्योग र सेवा क्षेत्रको योजनावद्ध विकासको प्रस्थान विनदु हुन सक्ने देखिन्छ । त्यसैगरी स्थानीय सरकारहरूले एकल रूपमा गर्न सक्ने, क्षेत्रीय आर्थिक वृद्धिको अवधारणा अनुसार साझेदारीमा अघि बढाउन सक्ने र तहगत सरकारको समन्वयमा गर्न सक्ने आय र रोजगारी सिर्जनाका सम्भाव्य कार्यक्रम पहिचानमा सहयोग हुने हुनाले पनि यो अध्ययन महत्वपूर्ण हुनसक्छ ।

## १.७. अध्ययन विधि

### १.७.१. तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनमा तथ्याङ्क सङ्कलन विधिहरू अध्ययनको उद्देश्य तथा सीमामा आधारित रहेर तय गरिएका छन् । अध्ययन प्राथमिक तथा द्वितीयक तथ्याङ्कको प्रयोग गरिएको छ । कोशी प्रदेशको आर्थिक वृद्धि सम्भाव्य क्षेत्र पहिचानका लागि द्वितीयक तथ्याङ्कको प्रयोग गरिएको छ । पहिचान गरिएका बस्तु तथा सेवाको स्थानीय अवस्था, अवसर र चुनौती पहिचानका लागि प्राथमिक स्रोतबाट सूचना सङ्कलन गरिएको थियो ।

#### क. द्वितीयक तथ्याङ्क सङ्कलन

केन्द्रीय तथ्याङ्क विभाग, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय (आर्थिक सर्वेक्षण), राष्ट्रिय योजना आयोग, आर्थिक मामिला मन्त्रालय र योजना आयोग, संघीय र प्रादेशिक कृषि मन्त्रालय तथा विभाग, भन्सार विभाग तथा कार्यालयहरू आदि द्वितीयक तथ्याङ्क सङ्कलनका स्रोत हुन् । जनसाङ्ख्यिक तथ्याङ्क, सरकारका नीतिगत प्राथमिकता, कुल गार्हस्थ्य उत्पालन सम्वन्धी तथ्याङ्क, आयात तथा निर्यात, उद्योग व्यवसायको सङ्ख्या, आय र रोजगारीको अवस्था, सार्वजनिक वित्त आदि तथ्याङ्क सङ्कलन गरिएको थियो ।

#### ख. प्राथमिक तथ्याङ्क सङ्कलन

विभिन्न बस्तु तथा सेवामा केन्द्रित रहेर गरिएका समूह केन्द्रित छलफल, जानिफकार अन्तर्वार्ता तथा परामर्श बैठकहरू प्राथमिक तथ्याङ्कका स्रोत हुन् । उत्पादकहरू, व्यवसायीहरू, व्यवसायिक संघ संगठन, प्रदेश सरकारका विभिन्न तहका निकायका प्रतिनिधिहरू, स्थानीय सरकारका प्रतिनिधि आदिलाई यो प्रक्रियामा संलग्न गराइएको थियो ।

### १.७.२. तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

सङ्कलित द्वितीयक स्रोतका तथ्याङ्क वर्ड र एक्सेलका निर्धारित तालिकाको सहायताले प्रस्तुतीकरण गरिएको छ भने विश्लेषणका लागि तालिका, ग्राफ, स्तम्भचित्र, पाइचार्ट आदि प्रयोग गरिएका छन् । भौगोलिक सूचना प्रणाली संकेत गर्ने विन्दुसहितका सूचनालाई नक्सामा पनि प्रस्तुत गरिएको छ । प्रतिशत, प्रवृति विश्लेषण, औसत तथा अनुपात जस्ता अङ्क गणितीय र आधारभूत तथ्याङ्कीय विधिमार्फत् परिमाणात्मक सूचना विश्लेषण गरिएको छ । प्राथमिक स्रोतबाट सङ्कलित तथ्याङ्क विश्लेषण गर्दा विभिन्न माध्यमबाट सङ्कलन गरिएका तथ्याङ्कलाई प्रमुख विषयमा समूहकृत गरी साझा सवालहरूलाई प्रमुख निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

## १.८. अध्ययनको सीमा

यो अध्ययन अन्तर्गत प्रदेशको आर्थिक वृद्धि सम्भाव्य क्षेत्र पहिचानका लागि उपलब्ध द्वितीयक स्रोतका सूचना प्रयोग गरिएको र ३ देखि ५ वर्षको कुल गार्हस्थ्य उत्पादन, प्रादेशिक नीति तथा कार्यक्रम, आयात र निर्यात आदिका तथ्याङ्कमा रहेर मात्र अध्ययन हुनु यस अध्ययनको मुख्य सीमितता हो । यस अध्ययनका क्रममा तथ्याङ्कमा समावेश नगरिएका उत्पादनको आर्थिक वृद्धि सम्भाव्यता पहिचानका लागि औसत, ग्राफ, चार्ट आदि प्रयोग गरिएको भए पनि जटिल तथ्याङ्कीय विधि प्रयोग गरिएको छैन । हाल प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उल्लेख्य हिस्सा नभएको भए पनि भविष्यमा महत्वपूर्ण योगदान गर्नसक्ने सम्भावना भएका बस्तु तथा सेवा पहिचानका गुणात्मक सूचनाको मात्र प्रयोग भएको छ । छोटो समय र सीमित स्रोतका कारण पहिचान भएका बस्तु तथा सेवा उत्पादन वा प्रवाह हुने केही क्षेत्रमा मात्र केन्द्रित समूह छलफल, जानिफकार अन्तर्वार्ता र परामर्श बैठक गरिएको हुनाले त्यसरी सङ्कलित धारणालाई प्रदेशस्तरमा सामान्यकरण गरिनु यो अध्ययनको अर्को सीमितता हो । अध्ययनले अन्तरप्रदेश सम्वन्ध तथा अन्य प्रदेशका नीतिले पार्न सक्ने प्रभावलाई समेटेको छैन ।

आर्थिक वृद्धि क्लस्टर वा स्थानीय तहहरूको आर्थिक वृद्धिमा साझेदारीको अवधारणालाई नवीन अवधारणाका रूपमा प्रस्तुत गरिएको छ भने यसलाई पुष्टि गर्ने पर्याप्त द्वितीयक तथ्याङ्कको उपलब्धता छैन । यस अवधारणाको परीक्षणका लागि केही स्थानीय तहको समूहमा गरिएको परामर्शलाई नै सूचनाको मुख्य स्रोत वनाइएको छ ।

# अध्याय २

# आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवाको पहिचान

## २.१. प्रादेशिक नीतिगत प्राथमिकता

कोशी प्रदेशले आफ्नो पहिलो आवधिक योजनामार्फत् प्रदेशलाई 'स्वच्छ, सुखी र समृद्ध प्रदेश' को परिकल्पना अघि सारेको छ। प्रदेशको दूरदृष्टिको तीन प्रमुख स्तम्भमध्ये समृद्धि एक हो। प्रदेशले समृद्धिको तीनवटा सूचक राखेको छ जस अन्तर्गत (१) उच्च र समतामूलक आम्दानी (२) बलियो अन्तर सम्वनधसहितको किफायती र आधुनिक पूर्वाधार (३) मानव पुँजी निर्माण र सम्भाव्यताको पूर्ण र (४) उच्च र दिगो उत्पादन र उत्पादकत्व रहेका छन्। प्रस्तावित आर्थिक विकास योजनाले कोभिड-१९ बाट आर्थिक पुन:प्राप्ति लगायतका अन्य पक्षहरूका साथसाथै मुलत: चौथो सूचकमा केन्द्रित रहेको छ। जसमध्ये दुई आर्थिक वर्षको लक्ष्यका सन्दर्भमा तत्कालीन सरकारमा सहभागी दलले तयार गरेको साझा न्यूनतम कार्यक्रमले परिमार्जन गरेको देखिन्छ। साझा न्यूनतम कार्यक्रमले औपचारिक नीतिगत दस्ताबेजको स्वरूप ग्रहण नगरेको भए पनि आर्थिक वृद्धि र अन्य आर्थिक सूचकसहितका तथ्याङ्क पनि समावेश भएको हुनाले उक्त दस्ताबेजलाई प्रदेशको नीतिगत प्राथमिकता पहिचानमा सहयोग हुने दस्ताबेजका रूपमा लिइएको छ। प्रदेशले आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/०८१ को अवधिका लागि प्रथम आवधिक योजना र साझा न्यूनतम कार्यक्रममा प्रस्तुत लक्ष्यलाई तालिका नं। १ मा प्रस्तुत गरिएको छ।

**तालिका: प्रादेशिक आर्थिक लक्ष्यहरू**

| सूचक | आ.व. २०७४/०७५ को अवस्था | आ.व. २०७७/०७८ को संशोधित अनुमान | आवधिक योजना अवधिमा तय गरिएका लक्ष्य | | अवधिक योजनाको औसत लक्ष्य |
|---|---|---|---|---|---|
| | | | २०७८/०७९ | २०७९/०८० | |
| स्थिर मूल्यमा आर्थिक वृद्धि (प्रतिशत) | ४.५ | ३.६ | ४.९ | ६.२ | ९.७ |
| कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान (%) | ३६.६५ | ३५.१९ | ३३.९० | ३१.९३ | २९ |
| कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान (%) | १९.०६ | १६.१९ | २१.६९ | २२.९८ | २२ |
| कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान (%) | ४४.१७ | ४८.६२ | ४५.२१ | ४५.०९ | ४९ |
| प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) | ९३४ | - | १२४५ | १३१० | १६२० |
| औपचारिक क्षेत्रको बेरोजगारी दर | ८.३ | ७.३ | ६.४ | ५.४ | |

*स्रोत: प्रदेश योजना आयोग-२०७५ र प्रदेश सरकारको साझा न्यूनतम कार्यक्रम-२०७८*

माथिको तालिकामा देखाइए अनसार कोशी प्रदेश सरकारको प्रथम आवधिक योजना (आ.व.२०७५/०७६ देखि २०८०/०८१) ले वार्षिक औसत ९.७ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखेको देखिन्छ। आ.व। २०७७/०७८ को संशोधित अनुमान अनुसार औसत आवधिक लक्ष्यको तुलनामा निकै कम उपलब्धी हाँसिल भएको देखिन्छ। साझा न्यूनतम कार्यक्रममार्फत् पछिल्ला दुई आर्थिक वर्षका लागि गरेको प्रक्षेपण आवधिक योजनाको भन्दा कम रहेको देखन्छ। प्रतिव्यक्ति आय र रोजगारीको लक्ष्य पनि न्यूनतम कार्यक्रमको प्रक्षेपण भन्दा कम रहेको छ। यद्यपि साझा

न्यूनतम कार्यक्रमको लक्ष्य दलहरूको साझा कार्यक्रमका रूपमा मात्र प्रस्तुत भएको र सबै आर्थिक वर्ष समावेश नभएकाले यसले आवधिक योजनाको लक्ष्यको औपचारिक संशोधन गरेको देखिँदैन । कोभिड-१९ पछि बनेको गठवनधन सरकारले साझा न्यूनतम कार्यक्रममार्फत् प्रथम आवधिक योजनाले प्रस्तुत गरेको आर्थिक वृद्धिका लक्ष्य केही समायोजन गरेको पाइएको छ । यद्यपि साझा न्यूनतम कार्यक्रमले प्रक्षेपण गरेको आर्थिक वृद्धिदर आर्थिक वर्ष २०७७/०७८ को संशोधित अनुमान भन्दा २.५ प्रतिशत बढी रहेको देखिन्छ । आवधिक योजना र न्यूनतम साझा कार्यक्रम दुबैले औद्योगिक क्षेत्रको उच्च आर्थिक वृद्धिदरको माध्यमबाट प्रदेश अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने लक्ष्य राखेको देखिन्छ । यससँगै कृषि क्षेत्रको हिस्सा क्रमशः कम हुने अनुमान गरिएको देखिन्छ ।

### तालिकाः आवधिक योजनामा गरिएको प्रादेशिक आर्थिक वृद्धि प्रक्षेपण

| क्षेत्र | विभिन्न आर्थिक वर्षका लागि प्रक्षेपित आर्थिक वृद्धि (प्रतिशत) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७४/०७५ (यथार्थ) | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | औसत |
| समग्र | ४.५ | ८.७ | ९.५ | ९.९ | १०.१ | १०.४३ | ९.७ |
| कृषि | ५.२ | ५.१ | ५.४ | ५.५ | ५.७ | ५.९ | ५.६ |
| कृषि तथा वन | ५.२ | ५.१ | ५.४ | ५.५ | ५.७ | ५.८ | ५.५ |
| माछापालन | ५.६ | १०.५ | १२.१ | १२.२ | १०.३ | १३.५ | १२ |
| गैरकृषि | ६.९ | १०.७ | ११.२ | ११.७ | ११.५ | १२.१८ | ११.५ |
| उद्योग | ९ | १३.६ | १३.९ | १४,४ | ११.७ | १७.९ | १४.२ |
| सेवा | ६ | ९.४ | १०.१ | १०.५ | ११.५ | ९.४ | १०.२ |

*स्रोतः प्रदेश योजना आयोग-२०७५*

प्रस्तुत तालिकाले योजना अवधिमा प्रदेशको औसत आर्थिक वृद्धिदर ९.७% रहने प्रक्षेपण गरेको देखिन्छ । कृषितर्फ ५.६% को वृद्धि प्रक्षेपण गरिएको छ भने गैरकृषितर्फ ११.५% को प्रक्षेपण छ । गैरकृषिमा पनि उद्योग क्षेत्रको औसत वृद्धिदरको प्रक्षेपण १४.२% छ भने सेवातर्फ १०.२% को प्रक्षेपण गरेको देखिन्छ । योजनाको अपेक्षा पूरा भएमा कृषि क्षेत्रको आर्थिक वृद्धिदर स्थिर रहने र उद्योग तथा सेवा क्षेत्रको वृद्धिदर उच्च हुने हुनाले प्रदेश अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान क्रमशः घट्ने अनुमान पनि आवधिक योजनाले गरेको देखिन्छ ।साझा न्यूनतम कार्यक्रमले प्रदेश अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान थप विस्तार हुने प्रक्षेपण गरेकोमा साझा न्यूनतम कार्यक्रमले सेवा क्षेत्रको योगदान पनि क्रमशः घट्ने प्रक्षेपण गरेको देखिन्छ । दुबै दस्ताबेजमा प्रदेशको अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान क्रमशः बढ्दै जाने प्रक्षेपणमा भने सामञ्जस्यता देखिन्छ । आर्थिक वृद्धि र अर्थतन्त्रको साझा प्राथमिकताका सन्दर्भमा यी दुई दस्ताबेजमा रहेका विषय तलको तालिकामा संक्षेपीकरण गरिएको छ ।

### तालिकाः आर्थिक वृद्धि र अर्थतन्त्रको साझा प्राथमिकता

| प्रथम आवधिक योजना | न्यूनतम साझा कार्यक्रम |
|---|---|
| कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि, प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा उद्योग र सहकारी क्षेत्रको योगदान वृद्धि, तुलनात्मक लाभ भएका कृषि बाली तथा पशुपालन प्रवर्द्धन, उद्योग क्षेत्रमा लगानी आकर्षित गर्ने, स्थानीय स्रोत साधन, सीप तथा प्रविधिमा आधारित उद्योगमार्फत् रोजगारी सिर्जना, पर्यटन क्षेत्रको दीगो पर्यटन विकासको माध्यमबाट आय र रोजगारी सिर्जना आदि आर्थिक क्षेत्रका प्रमुख क्षेत्रगत उद्देश्यहरू हुन् । | साझा न्यूनतम कार्यक्रमले निर्धारण गरेको आर्थिक क्षेत्रका प्राथमिकताहरूमा प्रतिस्पर्धात्मक लाभ भएका कृषि क्षेत्रमा लगानी आकर्षित गर्ने, जैविक कृषि उत्पादन प्रवर्द्धन गर्ने, कोशी प्रदेशको पहिचान भएका बस्तु तथा सेवाको प्रवर्द्धन गर्ने तथा गरिबी न्यूनिकरण र रोजगारी सिर्जनामा सहकारीको भूमिका प्रवर्द्धन गर्ने रहेका छन् । |

| प्रथम आवधिक योजना | न्यूनतम साझा कार्यक्रम |
|---|---|
| उल्लिखित उद्देश्य हाँसिल गर्नका लागि तय गरिएको रणनीतिहरूमा कृषिमा व्यवसायीकरणका लागि निजी क्षेत्र, सहकारी र अन्तर सरकार सहकार्य, भू-उपयोग नीति अनुसार कृषियोग्य भूमिको संरक्षण, कृषि क्षेत्रमा क्षमता विकास र प्रविधि हस्तान्तरण, कृषिमा आधारित उद्योगको संरक्षण र विकास, भूमि एकीकरण तथा कृषिमा यान्त्रि(करण, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा योगदान गर्नसक्ने उद्योगको विकास, निर्यातको सम्भावना भएका कृषिमा आधारित उद्योग पहिचान र प्रवर्द्धन, पर्यटकीय क्षेत्र र सेवाको प्रवर्द्धन र विविधिकरण, पर्यटन सेवाको व्यवसायीकरण र गुणस्तर मापदण्डको सुनिश्चितता तथा पर्यटन सेवा र सुविधाहरूको विकास रहेका छन् । | कोभिड-१९ बाट प्रभावित उद्योगहरू, पर्यटन व्यवसाय, यातायात तथा अन्य सेवा व्यवसायको पुनरोत्थानका लागि सहयोग र प्रभावित श्रमिक तथा बेरोजगार व्यक्तिहरूलाई विशेष राहत प्याकेज उपलब्ध गराउने तात्कालिक प्राथमि(कता रहेको देखिन्छ । उत्पादन प्रवर्द्धन र आन्तरिक पुँजी निर्माण पनि प्राथमिकतामा रहेको देखिन्छ ।<br>आयोजना बैंक निर्माण, तुलनात्मक लाभका क्षेत्र पहिचान गरी प्रतिस्पर्धात्मक उद्योगको प्रवर्द्धन, सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारी प्रवर्द्धन, कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण, दिगो पर्यटन विकासका लागि भौगोलिक र साँस्कृतिक, जैविक विविधताको उपयोग, अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको योगदान बढाउन औद्योगिकीरणलाई प्राथमिकतामा राख्ने तथा आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा जोड दिने र पर्यटन क्षेत्रमा पदयात्रालाई प्राथमिकतामा राख्ने न्यूनतम साझा कार्यक्रममा उल्लेख छ । |

प्रदेश सरकारले अघि सारेका उद्देश्यहरू, परिमाणात्मक लक्ष्यहरू तथा नीतिगत प्राथमिकता अनुसार कृषि क्षेत्रको व्यवसायीकरणबाट यो क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा योगदान गर्न सक्ने सम्भावना भएका प्रतिस्पर्धी उद्योगको प्रवर्द्धन र विकास, पर्यटन पूर्वाधार र सेवाको विकास र विस्तार प्रदेशको आर्थिक विकासका प्रमुख प्राथमिकता रहेको देखिन्छ । अर्थतन्त्रमा उद्योग क्षेत्रको हिस्सा वृद्धि तथा सबै क्षेत्रमा फराकिलो आर्थिक वृद्धिदर हाँसिल गर्नु प्रमुख आर्थिक उद्देश्य रहेको देखिन्छ । कोभिड-१९ पछिको आर्थिक पुनरोत्थान पनि प्रदेश सरकारको प्राथमिकतामा रहेको पाइन्छ ।

## २.२. प्रादेशिक अर्थतन्त्र (Provincial Economy)

आर्थिक सर्वेक्षण २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ मा प्रस्तुत विवरण अनुसार कोशी प्रदेशले नेपालको कुल गार्हस्थ्य उत्पादनको करिब १५ प्रतिशत हिस्सा ओगट्दै आएको देखिन्छ । यो बाग्मती प्रदेशपछिको दोस्रो बढी योगदान हो । आर्थिक वर्ष २०७५/०७६ मा कोशी प्रदेशको आर्थिक वृद्धिदर ७.२ प्रतिशत रहेकोमा २०७६/०७७ र २०७७/०७८ मा क्रमशः -१.२ प्रतिशत र ३.६ प्रतिशत रहने तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्याङ्क २०७७/०७८ मा उल्लेख छ । आर्थिक सर्वेक्षण २०७५/०७६ मा उल्लेख भए अनुसार कोशी प्रदेशमा १२.५ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेको छ । यस आधारमा कोशी प्रदेशमा गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको हिस्सा अन्य सबै प्रदेश भन्दा कम रहेको देखिन्छ । सोही वर्ष बहुआयामिक गरिबीको दर भने कोशी प्रदेशमा १९.७ प्रतिशत रहेको थियो । यो बाग्मती, गण्डकी र लुम्बिनी भन्दा बढी हो । आर्थिक वर्ष २०७६/०७७ मा प्रदेशको प्रतिव्यक्ति आय १०६२ अमेरिकी डलर रहेको देखिन्छ । प्रदेश अर्थतन्त्रका अन्य पक्ष क्रमशः प्रस्तुत गरिएको छ ।

### २.२.१. प्रादेशिक कुल गार्हस्थ्य उत्पादन

नेपालको कुल गार्हस्थ्य उत्पादन र प्रदेशगत गार्हस्थ्य उत्पादनको तुलनात्मक स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिकाः राष्ट्रिय र प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)

| प्रदेश/ आर्थिक बर्ष | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ (सं) | | २०७८/७९ (प्रा) | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल गार्हस्थ्य उत्पादन (रू. दश लाखमा) | कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान (प्रतिशत) | कुल गार्हस्थ्य उत्पादन (रू. दश लाखमा) | कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान (प्रतिशत) | कुल गार्हस्थ्य उत्पादन (रू. दश लाखमा) | कुल गार्हस्थ्य उत्पादनमा योगदान प्रदेशको (प्रतिशत) | कुल गार्हस्थ्य उत्पादन (रू. दश लाखमा) | कुल गार्हस्थ्य उत्पादनमा योगदान प्रदेशको (प्रतिशत) |
| नेपाल | ३८५८४२३ | १००.०० | ३८८८७०४ | १००.०० | ३६६२४९८ | १००.०० | ४१०५५४२ | १००.०० |
| कोशी प्रदेश | ५९८७३४ | १५.५२ | ६१४६६६ | १५.८१ | ५७८२८६ | १५.७९ | ६४५८६७ | १५.७३ |
| मधेस | ५०३५३७ | १३.०५ | ५१८९०३ | १३.३४ | ४८९३१३ | १३.३६ | ५४४८१५ | १३.२७ |
| बाग्मती | १४६२८९१ | ३७.९१ | १४१७२२५ | ३६.४४ | १३४२९९७ | ३६.६७ | १५१६४११ | ३६.९४ |
| गण्डकी | ३४०८२७ | ८.८३ | ३४९५४५ | ८.९९ | ३२५९८३ | ८.९० | ३६४९२९ | ८.८९ |
| लुम्बिनी | ५४०००२ | १४.०० | ५५१३१६ | १४.१८ | ५१८०८३ | १४.१५ | ५७९५४८ | १४.१२ |
| कर्णाली | १५१८९२ | ३.९४ | १६१५२७ | ४.१५ | १५०१०० | ४.१० | १६७४०८ | ४.०८ |
| सुदुर पश्चिम | २६०५३९ | ६.७५ | २७५५२१ | ७.०९ | २५७७३५ | ७.०४ | २८६५६२ | ६.९८ |

सं-संशोधित प्रारम्भिक, प्रा-प्रारम्भिक *स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा देखाइए अनुसार आर्थिक वर्ष २०७५/०७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९को कुल गार्हस्थ्य उत्पादनको १५.५२, १५.८१ र १४.६८ र १५.७३ प्रतिशत हिस्सा कोशी प्रदेशको रहेको देखिन्छ। जस अनुसार देशको कुल गार्हस्थ्य उत्पादनमा बाग्मती पछि कोशी प्रदेशको दोस्रो बढी योगदान रहेको देखिन्छ। उल्लेखित वर्षहरूमा समग्र देश तथा प्रादेशिक आर्थिक वृद्धिको तुलनात्मक स्थिति तलको तालिकामा प्रस्तुत छ।

## तालिकाः आधारभूत मूल्यमा आर्थिक वृद्धिको तुलनात्मक अवस्था

| प्रदेश/आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ (सं) | २०७८/७९ (प्रा) | औसत वृद्धि |
|---|---|---|---|---|---|
| नेपाल | ६.४ | -२.४ | ३.८ | ५.५ | ३.३ |
| कोशी प्रदेश | ६.९ | -१.५ | ३.९ | ५.१ | ३.६ |
| मधेस | ७.९ | -३.८ | ३.४ | ४.५ | ३.० |
| बाग्मती | ५.१ | -३.८ | ४.१ | ६.४ | २.९ |
| गण्डकी | ६.७ | -१.२ | ३.६ | ५.७ | ३.७ |
| लुम्बिनी | ६.७ | -१.८ | ३.८ | ४.९ | ३.४ |
| कर्णाली | ८.३ | ०.९ | ३.९ | ५.२ | ४.६ |
| सुदुर पश्चिम | ६.५ | ०.८ | ३.८ | ४.६ | ३.९ |

सं-संशोधित प्रारम्भिक, प्रा-प्रारम्भिक *स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा देखाइए अनुसार आर्थिक वर्ष २०७५/२०७६ मा कोशी प्रदेशको आर्थिक वृद्धिदरको हिसाबले तेस्रो स्थानमा रहेको थियो। आर्थिक वर्ष २०७६/०७७ मा पनि कोशी प्रदेश तेस्रो ठूलो आर्थिक वृद्धि रहेको प्रदेश देखिन्छ यद्यपि सो वर्षको आर्थिक वृद्धि नकारात्मक अर्थात् -१.२ प्रतिशत रहेको थियो। नकारात्मक आर्थिक वृद्धिदर हुनुको प्रमुख कारण कोभिड-१९ र सो का कारण गरिएको वनदावनदीले अर्थतन्त्रमा पारेको प्रभाव हो। आर्थिक वर्ष २०७७/०७८ मा भने कोशी प्रदेशको आर्थिक वृद्धिदर सकारात्मक हुनुका साथै बाग्मती प्रदेशपछिको सबभन्दाधेरै र राष्ट्रिय औसतको बराबर रहेको देखिन्छ। आर्थिक वर्ष २०७८/०७९ मा आइपुग्दा ५.१ प्रतिशतको आर्थिक वृद्धि सहित कोशी प्रदेश चौथो स्थानमा रहेको छ। समग्रमा कोशी प्रदेशको औसत आर्थिक वृद्धिदर तेस्रो धेरै रहेको देखिन्छ।

**तालिकाः कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा (प्रतिशतमा)**

| क्षेत्र | २०७५/७६ | २०७६/७७ | २०७७/७८ (सं) | २०७८/७९ (प्रा) |
|---|---|---|---|---|
| प्राथमिक | २१.२ | २१.५ | २१.५ | २१.५ |
| द्वितीयक | १९.८ | १९.७ | १९.९ | १९.९ |
| तृतीयक | १२.६ | १२.६ | १२.५ | १२.५ |
| **जम्मा** | **१५.८** | **१५.८** | **१५.८** | **१५.७** |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*


*माथिको तालिकामा देखाइए अनुसार कुल गार्हस्थ्य उत्पादन अन्तर्गत प्राथमिक क्षेत्रको औसत २१ प्रतिशत, द्वितीयक* क्षेत्रको करिब २० प्रतिशत, तृतीयक क्षेत्रको १२ प्रतिशत भन्दा केही बढी हिस्सा कोशी प्रदेशले ओगटेको देखिन्छ। अध्ययन अवधिमा कुल गार्हस्थ्य उत्पादनमा यो प्रदेशको योगदान निकै स्थिर रहेको देखिन्छ।

**तालिकाः आधारभूत मूल्यमा प्रादेशिक र समग्र अर्थतन्त्रमा विभिन्न क्षेत्रको योगदान (प्रतिशत)**

| क्षेत्र | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ (सं) | | २०७८/७९ (प्रा) | |
|---|---|---|---|---|---|---|---|---|
| | कोशी प्रदेश | कुल | कोशी प्रदेश | कुल | कोशी प्रदेश | नेपाल | कोशी प्रदेश | कुल |
| प्राथमिक | ३४.३ | २५.६ | ३५.१ | २५.८ | ३४.८ | २५.५ | ३३.६ | २४.५ |
| द्वितीयक | १७.९ | १४.४ | १६.३ | १३.१ | १६.६ | १३.१ | १७.३ | १३.७ |
| तृतीयक | ४७.८ | ६०.१ | ४८.६ | ६१.२ | ४८.७ | ६१.४ | ४९.१ | ६१.८ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

तालिकामा देखाइए अनुसार पछिल्लो ४ आर्थिक वर्षमा तृतीयक क्षेत्र अर्थात् सेवा क्षेत्रले कोशी प्रदेश र समग्र मुलुकको अर्थतन्त्रमा सबैभन्दा ठूलो योगदान गरिरहेको छ। त्यसपछि कृषि, खानी लगायतका प्राथमिक क्षेत्र रहेका छन् भने द्वितीयक अर्थात् उद्योग क्षेत्रको योगदान सबैभन्दा कम रहेको छ। प्राथमिक क्षेत्रले कोशी प्रदेशको अर्थतन्त्रको ३३.६ देखि ३५.८ प्रतिशतसम्म योगदान गरेको देखिन्छ। उक्त अवधिमा मुलुकको अर्थतन्त्रमा यो क्षेत्रको योगदान भने २४.५ प्रतिशतदेखि २५.८ प्रतिशतसम्म रहेको देखिन्छ। तृतीयक अर्थात् सेवा क्षेत्रको हिस्सा मुलुकको अर्थतन्त्रमा ६०.१ प्रतिशतदेखि ६१.८ प्रतिशत रहेकोमा कोशी प्रदेशमा भने ४७.८ प्रतिशतदेखि ४९.१ प्रतिशत रहेको देखिन्छ। प्राथमिक, द्वितीयक र तृतीयक क्षेत्रको तुलनात्मक अवस्था तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।




**चित्र १ः क्षेत्रगत आधारमा राष्ट्रिय र प्रादेशिक कुल गार्हस्थ्य उत्पादन संरचना**

पछिल्लो चार आर्थिक वर्षमा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरण अनुसारका विभिन्न गरेको योगदान तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका: औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा)**

| ISIC | औद्योगिक वर्गीकरण | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
|---|---|---|---|---|---|
| A | कृषि, वन तथा माछापालन | ३३.७ | ३५ | ३४.३ | ३३.१ |
| B | खानी तथा खनिज | ०.६ | ०.५ | ०.५ | ०.५ |
| C | उत्पादनमूलक उद्योग | ८.० | ७.० | ७.६ | ७.८ |
| D | विद्युत, ग्याँस, वाष्प तथा वातानुकुलन सम्वन्धी आपूर्ति | १.१ | १.५ | १.५ | १.७ |
| E | खानेपानी, ढल, फोहोर व्यवस्थापन तथा सुधार सम्वन्धी क्रियाकलाप | ०.६ | ०.६ | ०.६ | ०.५ |
| F | निर्माण | ८.२ | ७.२ | ६.९ | ७.२ |
| G | खुद्रा तथा थोक-व्यापार र गाडी तथा मोटरसाइकल मर्मत सम्भार | १०.८ | ९.८ | १०.५ | १०.८ |
| H | यातायात तथा भण्डारण | ५.२ | ४.२ | ४.३ | ४.८ |
| I | आवास तथा खाना सेवा | २.१ | १.४ | १.५ | १.६ |
| J | सूचना तथा सञ्चार | २.३ | २.४ | २.३ | २.२ |
| K | वित्तीय र बिमा सेवा | ३.५ | ४.१ | ४.० | ४.० |
| L | घर जग्गा कारोबार | ७.० | ७.५ | ७.२ | ७.० |
| M | व्यावसायिक, वैज्ञानिक र प्राविधिक सेवा | ०.६ | ०.६ | ०.६ | ०.६ |
| N | प्रशासनिक तथा सहायता सेवा सम्वन्धी क्रियाकलाप | ०.३ | ०.४ | ०.४ | ०.४ |
| O | सार्वजनिक प्रशासन, सुरक्षा र अनिवार्य सामाजिक सुरक्षा | ६.२ | ७.७ | ७.५ | ७.४ |
| P | शिक्षा | ७.५ | ८.३ | ८.० | ८.० |
| Q | मानव स्वास्थ्य, समाजसेवाका क्रियाकलाप र अन्य सेवा | १.६ | १.९ | १.९ | २.० |
| R,S T,U | कला, मनोरञ्जन तथा मनोविनोद, रोजगारदाताका रूपमा पारिवारिक कार्य, आफ्नै प्रयोगका लागि परिवारले गर्ने बस्तु तथा सेवा उत्पादन | ०.६ | ०.४ | ०.४ | ०.४ |

*स्रोत: केन्द्रीय तथ्याङ्क कार्यालय, २०७८*

तालिका ७ मा प्रस्तुत औद्योगिक वर्गीकरण अनुसार कृषि वन र माछापालन क्षेत्रले प्रदेश अर्थतन्त्रको सबैभन्दा ठूलो हिस्सा ओगटेको छ । थोक तथा खुद्रा व्यापारले प्रदेश अर्थतन्त्रको दोस्रो ठूलो हिस्सा ओगटेको देखिन्छ । निर्माण, उत्पादनमूलक उद्योग, शिक्षा, घर जग्गा कारोबार तथा सार्वजनिक प्रशासन र अनिवार्य सेवा त्यसपछिका महत्वपूर्ण क्षेत्र रहेका छन् । आर्थिक वर्ष २०७६/०७७ र ०७७/०७८ मा उत्पादनमूलक उद्योग र निर्माण उद्योगको योगदान आर्थिक वर्ष २०७५/०७६ को तुलनामा कम भएको देखिन्छ । सो अवधिमा कृषि क्षेत्रको हिस्सा भने वृद्धि भएको देखिन्छ । यसले कोभिड-१९ का कारण उद्योग क्षेत्रको तुलनामा कृषि क्षेत्र कम प्रभावित भएको देखाउँछ । सो अवधिमा आवास तथा खाना र यातायात क्षेत्रको कुल हिस्सामा समेत उल्लेख्य रूपमा कमी भएको देखिन्छ । पर्यटन क्षेत्र कोभिड-१९ बाट प्रभावित भई यो क्षेत्र करिब २५ प्रतिशतसम्मले सङ्कुचित भएको तथ्याङ्कबाट देखिन्छ ।

### २.२.२. आर्थिक क्षेत्र अन्तर्गत बस्तु तथा सेवाको योगदान र मूल्य अभिवृद्धि

नेपालको पछिल्ला चार आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान तथा ती क्षेत्र अन्तर्गत रहेका बस्तु तथा सेवाको मूल्य अभिवृद्धि दरको विश्लेषण क्रमश: प्रस्तुत गरिएको छ ।

## क. कृषि

कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि वन र माछापालनको योगदान करिब एक तिहाई रहेको छ। तालिका ८ मा औद्योगिक वर्गीकरण अनुसार विभिन्न कृषि उत्पादन समूहले कृषितर्फको प्रदेश अर्थतन्त्रमा गरिरहेको योगदान देखाइएको छ।

### तालिका: कृषि तथा पशुपालन क्षेत्रको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा विभिन्न कृषि बस्तुको हिस्सा (प्रतिशतमा)

| वर्गीकरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
| अन्नबाली | २७.९ | ३०.३ | २९.८ | २९.७ |
| नगदेबाली | ११.७ | ११.३ | ११.१ | ११.० |
| मसला बाली | ५.९ | ६.४ | ७.० | ७.५ |
| दलहन | १.९ | १.८ | १.९ | १.८ |
| फलफूल | ५.२ | ४.८ | ५.२ | ५.२ |
| तरकारी | १४.० | १३.५ | ११.६ | १२.३ |
| पशुपालन | २०.६ | २०.४ | २०.६ | २०.७ |
| वन | ११.६ | १०.१ | १०.६ | ९.८ |
| माछापालन | ०.६ | ०.६ | ०.६ | ०.६ |
| अन्य | ०.७ | ०.७ | १.७ | १.३ |

स्रोत: कृषि विकास मन्त्रालयबाट प्राप्त उत्पादन सम्बन्धी तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त कृषि बस्तुको मूल्य तथ्याङ्क तथा प्रदेशस्तरीय राष्ट्रिय लेखा तथ्याङ्कको आधारमा तयार पारिएको।

माथिको तालिकामा देखाइए अनुसार अन्नबालीले कृषि क्षेत्रको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान (२७.९ देखि ३०.३ प्रतिशतसम्म) गरिरहेको उपक्षेत्र हो। यसपछि पशुपालन (२०.४ देखि २०.७ प्रतिशत), तरकारी (११.६ देखि १४ प्रतिशत), नगदेबाली (५.९ देखि ७.५ प्रतिशत) वन (९.८ देखि ११.६ प्रतिशत), मसलाबाली (५.९ देखि ७.५ प्रथिशत) र फलफूल (४.८ देखि ५.२ प्रतिशत) कृषि क्षेत्रका बढी महत्वपूर्ण उत्पादनका रूपमा रहेको देखिन्छ। दलहन र माछापालन उपक्षेत्रको योगदान सबैभन्दा कम रहेको छ। आर्थिक वर्ष २०७६/०७७ मा तरकारीको योगदान अघिल्लो आर्थिक वर्षको तुलनामा २ प्रतिशतले कम भएको देखिन्छ। यसलाई तरकारी उत्पादन र बिक्रीमा कोभिड-१९ को नकारात्मक प्रभावका रूपमा लिन सकिन्छ।

### तालिका: विभिन्न कृषि बस्तुको मूल्य अभिवृद्धि वृद्धिदर (प्रतिशतमा)

| वर्गीकरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
| अन्नबाली | ३.२६ | १६.९१ | ७.६० | ६.५२ |
| नगदेबाली | १२.१७ | ४.६५ | ७.३९ | ५.३९ |
| मसला बाली | ५.९० | १६.८३ | १८.६९ | १४.७० |
| दलहन | ०.९५ | ४.८७ | १२.२६ | ३.५३ |
| फलफूल | १०.११ | ०.४० | १७.७० | ७.८७ |
| तरकारी | ९.३९ | ३.७४ | (५.५५) | १२.६८ |
| पशुपालन | १२.५८ | ६.७६ | १०.९७ | ७.१० |
| वन | ९.२२ | (६.४८) | १५.३० | (२.०३) |
| माछापालन | ५.५६ | १०.३१ | १९.०८ | ७.२० |

स्रोत: कृषि विकास मन्त्रालयबाट प्राप्त उत्पादन सम्बन्धी तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त कृषि बस्तुको मूल्य तथ्याङ्क तथा प्रदेशस्तरीय राष्ट्रिय लेखा तथ्याङ्कको आधारमा तयार गरिएको।

माथिको तालिकामा विभिन्न कृषि बस्तुको मूल्य अभिवृद्धि दरमा ठूलो असमानता रहेको देखिन्छ । मसला बालीको मूल्य अभिवृद्धि दर हरेक आर्थिक वर्षमा सकारात्मक र उच्च रहेको देखिन्छ । आर्थिक वर्ष २०७६/०७७ मा मसला बालीको मूल्य अभिवृद्धि दर १८.६९ प्रतिशतसम्म पुगेको देखिन्छ । फलफूलको मूल्य अभिवृद्धि दरमा निकै उतार चढाव देखिएको भए पनि १७.७० प्रतिशतसम्मको मूल्य अभिवृद्धि दरका आधारमा फलफूल पनि कोशी प्रदेशको सम्भाव्य कृषिबाली हुन सक्ने देखिन्छ। अन्नबाली, नगदेबाली र दलहनको पनि सकारात्मक आर्थिक वृद्धिदर देखिएको छ। पशुपालन क्षेत्रको वृद्धिदर अन्य समूहको तुलनामा स्थिर (६.७६ देखि १२.५८ प्रतिशत) देखिएको छ भने पछिल्लो चार आर्थिक वर्षमा यो समूहको नकारात्मक आर्थिक वृद्धि देखिएको छैन । आर्थिक वर्ष २०७७/०७८ को आँकडा अनुसार तरकारी र मसला बालीको अन्य क्षेत्रको तुलनामा बढी सम्भावना देखिएको छ ।

### तालिकाः कृषि तथा पशुपालन क्षेत्रका प्रमुख उत्पादन र कृषि अर्थतन्त्रमा योगदान (प्रतिशत)

| विशिष्ट उत्पादन | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|
| **अन्नबाली** | | | | |
| धान | १४.२२ | १५.३८ | १४.२२ | १४.६५ |
| मकै | ९.३९ | १०.७३ | ११.७४ | ११.३१ |
| गहुँ | २.६६ | २.६१ | २.२९ | २.१८ |
| कोदो | १.५९ | १.५२ | १.४१ | १.५३ |
| **नगदेबाली** | | | | |
| तेलहन | २.१३ | २.१३ | २.०० | २.०५ |
| आलु | ८.३३ | ८.१३ | ८.१४ | ८.०५ |
| **मसला बाली** | | | | |
| अलैंची | १.९० | १.९० | २.२६ | २.४३ |
| अदुवा | २.३३ | २.६१ | ३.२० | ३.४८ |
| **फलफूल** | | | | |
| अमिलो र सुन्तला जात | १.०२ | ०.९४ | ०.९८ | ०.९५ |
| केरा | १.३० | १.२२ | १.२९ | १.२६ |
| **तरकारी** | | | | |
| बन्दाकोबी | २.४४ | २.२६ | १.९९ | २.१० |
| गोलभेंडा | १.९६ | १.७६ | १.९२ | २.०३ |
| काउली | १.९३ | १.८५ | १.६४ | १.७३ |
| मुला | १.१७ | १.१९ | ०.८६ | ०.९१ |
| **पशुपालन** | | | | |
| दूध | ११.२ | १०.९ | ११.८ | ११.६ |
| राँगाको मासु | ४.३ | ४.४ | ३.७ | ३.८ |
| खसीको मासु | २.९ | ३.० | ३.३ | ३.४ |
| बंगुरको मासु | ०.९ | ०.९ | ०.९ | १.० |

*स्रोतः कृषि विकास मन्त्रालयबाट प्राप्त उत्पादन सम्बन्धी तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त कृषि बस्तुको मूल्य तथ्याङ्क तथा प्रदेशस्तरीय राष्ट्रिय लेखा तथ्याङ्कको आधारमा तयार गरिएको*

माथिको तालिकामा देखाइए अनुसार धान र मकै कृषि अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान भएका अन्नबाली हुन् । पछिल्लो चार आर्थिक वर्षमा धानले प्रदेशको कृषि अर्थतन्त्रमा १४.२२ प्रतिशतदेखि १५.२८ प्रतिशत र मकैले ९.३९ देखि ११.७४ प्रतिशत योगदान गरिरहेको देखिन्छ । गहुँ र मकै कृषि अर्थतन्त्रमा १ प्रतिशत भन्दा बढी योगदान भएका अन्य अन्नबाली हुन् । नगदे बालीतर्फ कृषिको कुल गार्हस्थ्य उत्पादनमा आलुले सबैभन्दा बढी (८.०५ देखि ८.३३ प्रतिशत) योगदान गरिरहेको देखिन्छ। आलु कृषि अर्थतन्त्रमा योगदानको आधारमा चौथो ठूलो उत्पादन हो । अदुवा (२.३३-३.४८ प्रतिशत) र अलैंची (१.९० देखि २.४३ प्रतिशत) कृषि क्षेत्रमा बढी योगदान गर्ने उत्पादन हुन् ।

अमिलो जातका फलफूल र केरा कृषितर्फ १ प्रतिशत वा सोभन्दा बढी योगदान भएका उत्पादन हुन् । बन्दाकोभी तरकारीतर्फ सबैभन्दा बढी (१.९९-२.४४ प्रतिशत) योगदान गर्ने तरकारी रहेको देखिन्छ । गोलभैंडा, काउली र मुला त्यसपछिका बढी योगदान भएका तरकारी हुन् । यद्यपि मुलाको योगदान पछिल्ला आर्थिक वर्षहरूमा १ प्रतिशत भन्दा कम भएको देखिन्छ । यहाँ उल्लेखित तथ्याङ्कमा नपरे पनि कोशी प्रदेशको चिया र सुपारी पनि धेरै किसानहरूको जीविकोपार्जनसँग जोडिएको तथा उद्योग र निर्यात व्यापारको आयमा समेत योगदान गर्ने उत्पादन हुन् ।

दूधले कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा दोस्रो ठूलो (१०.९ देखि ११.८ प्रतिशशत) योगदान गरिरहेको देखिन्छ । यस आधारमा दूध पशुपालन क्षेत्रबाट कृषि अर्थतन्त्रमा सबैभन्दा बढी योगदान रहेको उत्पादनका रूपमा देखिन्छ । बफ र मटन त्यसपछि क्रमशः ३.७-४.३ र २.९-३.४ प्रतिशत योगदान भएका अन्य पशुपालन क्षेत्रका उत्पादन हुन् । बंगुरको मासुले पनि कृषितर्फको कुल गार्हस्थ्य उत्पादनमा करिब १ प्रतिशतको योगदान रहेको देखिन्छ ।

### तालिकाः विभिन्न कृषि उत्पादनको मूल्य अभिवृद्धि दर (प्रतिशतमा)

| उत्पादन | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | ४ वर्षको औसत |
|---|---|---|---|---|---|
| धान | -४.० | ६.५ | ५.५ | २.४ | २.५ |
| मकै | २.२ | ३.७ | १२.० | २.० | ४.९ |
| गहुँ | २.४ | १.४ | -७.६ | -३.६ | -१.९ |
| कोदो | ०.० | -०.९ | -१.६ | १.७ | -०.२ |
| तेलहन | ०.६ | ११.२ | -५.१ | -१.४ | १.१ |
| आलु | २.१ | २.४ | ०.३ | ५.४ | २.५ |
| अलैंची | -२.३ | ६.६ | ३३.३ | ६.४ | १०.२ |
| अदुवा | २.४ | ९.० | १.२ | २.४ | ३.७ |
| अमिलो र सुन्तला जात | २.५६ | ६.७७ | १७.२१ | ४.४४ | ७.६ |
| केरा | -१.१ | ३.६ | १.९ | ४.४ | २.२ |
| बन्दाकोबी | -१.५ | १.९ | -११.४ | ५.९ | -१.५ |
| गोलभेंडा | -१.५ | -१.१ | ९.५ | ५.९ | ३.१ |
| काउली | -१.५ | ५.५ | -१०.९ | ५.९ | -०.५ |
| मुला | -१.५ | १२.२ | -२७.१ | ५.९ | -३.९ |
| दूध | ५.५ | २.८ | ११.८ | २.५ | ५.६ |
| राँगाको मासु | -०.२ | ०.५ | -१२.१ | -१.० | -३.३ |
| खसीको मासु | -०.२ | ४.३ | ११.६ | १.० | ४.१ |
| बंगुरको मासु | ५.७ | ५.१ | १७.८ | ६.० | ८.५ |

*स्रोतः कृषि विकास मन्त्रालयबाट प्राप्त उत्पादन सम्बन्धी तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त कृषि बस्तुको मूल्य तथ्याङ्क तथा प्रदेशस्तरीय राष्ट्रिय लेखा तथ्याङ्कको आधारमा तयार गरिएको*

तालिका ११ मा देखाइए अनुसार कोशी प्रदेशको कृषि अर्थतन्त्रमा १ प्रतिशत वा सोभन्दा भन्दा बढी योगदान गरिरहेका कृषि उत्पादन मध्ये अन्नबालीतर्फ धान र मकैको सकारात्मक मूल्य अभिवृद्धि दर देखिएको छ भने गहुँ र कोदोको मूल्य अभिवृद्धि दर ऋणात्मक रहेको छ । मौसम परिवर्तनका कारण हिउँदे याम छोटो हुँदै जाँदा गहुँको उत्पादनमा सबैभन्दा बढी नकारात्मक असर परिरहेको छ । नगदे बालीतर्फ आलु र तेलहन दुबैको सकारात्मक वृद्धिदर देखिएको छ । मसला बालीतर्फ अलैंचीको औसत १० प्रतिशत भन्दा बढी मूल्य अभिवृद्धि दर रहेको देखिन्छ भने अदुवाको पनि सकारात्मक मूल्य अभिवृद्धि दर रहेको छ । फलफूलतर्फ सुन्तला र अमिलो जातका फलफूल र केराको सकारात्मक मूल्य अभिवृद्धि दर देखिएको छ । अमिलो जातका फलफूलमा कागतीको मूल्य अभिवृद्धि दर अन्यको तुलनामा उच्च रहेको छ । कृषि अर्थतन्त्रमा १ प्रतिशत भन्दा बढी योगदान भएका तरकारीमध्ये गोलभैंडाको मात्र सकारात्मक मूल्य अभिवृद्धि दर रहेको देखिन्छ । यद्यपि कोभिड-१९ को ज्यादा प्रभाव रहेको आर्थिक वर्ष २०७६/०७७ वर्ष बाहेक अन्य

वर्षको औसत वृद्धिदर भने बन्दा, गोलभेंडा, काउली र मुला सबैको सकारात्मक रहेको देखिन्छ। पशुपालनतर्फ दूध, मासु र बंगुरको मासु ( पोर्क) को सकारात्मक वृद्धिदर देखिन्छ। राँगाको मासुको भने वृद्धिदर निरन्तर नकारात्मक रहेको देखिन्छ।

## ख. उत्पादनमूलक उद्योग

उद्योग क्षेत्रतर्फ प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा बढी योगदान रहेका उत्पादनमूलक उद्योग र निर्माण उद्योग मध्ये उत्पादनमूलक उद्योग अन्तर्गत विभिन्न समूहका उद्योगको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा रहेको योगदानलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

### तालिकाः औद्योगिक क्षेत्रको कुल गार्हस्थ्य उत्पादन संरचना

| औद्योगिक वर्गीकरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|
| खाद्य बस्तु उत्पादन | २२.९ | २३.१ | २७.१ | २८.७ |
| मदिरा तथा सुर्तिजन्य उत्पादन | ३.७ | ४.० | ३.९ | ३.९ |
| कपडा उत्पादन | १२.३ | १३.२ | १२.१ | १३.२ |
| तयारी पोशाक | ३.० | २.५ | २.४ | २.४ |
| छाता तथा सम्बन्धित अन्य उत्पादन | १.२ | १.१ | १.१ | १.१ |
| फर्निचर बाहेक काठका उत्पादन तथा भुवा वा अन्य सामग्री | ४.० | ३.७ | ३.६ | ३.६ |
| कागज तथा कागजका सामग्री उत्पादन र संग्रहित माध्यमको छपाई तथा पुनर्उत्पादन | १.५ | १.५ | १.४ | १.५ |
| पेट्रोलियम पदार्थ तथा औषधी लगायतका रासायनिक पदार्थका उत्पादन | ४.३ | ४.२ | ४.० | ३.९ |
| रबर तथा प्लास्टिकका उत्पादन | ८.५ | ८.८ | ८.३ | ७.५ |
| गैरधातु खनिजमा आधारित उत्पादन | ५.५ | ५.६ | ५.३ | ५.० |
| आधारभूत धातु उत्पादन | २.२ | २.२ | १.८ | १.८ |
| औजार तथा उपकरण बाहेक धातुमा आधारित उत्पादन | १६.३ | १५.८ | १४.८ | १३.२ |
| विद्युतीय सामग्री उत्पादन | २.६ | २.६ | २.६ | २.४ |
| फर्निचर | २.२ | २.० | २.० | १.९ |
| अन्य उत्पादन | ९.७ | ९.८ | ९.७ | ९.९ |
| **कुल जम्मा** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त औद्योगिक उत्पादन सूचकाङ्क, तथा प्रदेशस्तरीय राष्ट्रिय लेखा तथ्याङ्कको आधारमा तयार गरिएको*

माथिको तालिकामा देखाइए अनुसार खाद्य बस्तुको उत्पादनले उत्पादनमूलक उद्योगले सबैभन्दा ठूलो हिस्सा ओगटेको देखिन्छ। यो क्षेत्रले उत्पादनमूलक उद्योगतर्फको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा २२.९ देखि २८.७ प्रतिशतसम्म योगदान गरेको देखिन्छ। उत्पादनमूलक उद्योग अर्न्तगत खाद्य बस्तुको उत्पादनको हिस्सा पनि निरन्तर बढिरहेको देखिन्छ। मेसिन औजार बाहेक फ्याब्रीकेटेड धातुमा आधारित बस्तु, टेक्स्टाइल र रबर तथा प्लाष्टिकका उत्पादन त्यसपछिका महत्वपूर्ण उत्पादनका रूपमा रहेको देखिन्छ। गैरधातु खनिजमा आधारित उत्पालनले पनि उत्पादनमूलक उद्योग क्षेत्रमा ५ प्रतिशत भन्दा बढी योगदान गरेको देखिन्छ।

तालिका १३ मा कोशी प्रदेशमा रहेका विभिन्न उत्पादनमूलक उद्योगले नयाँ बस्तु उत्पादन गर्दा उपभोग गरेको बस्तु तथा सेवाको मूल्य औद्योगिक वर्गीकरण अनुसार प्रस्तुत गरिएको छ।

### तालिकाः औद्योगिक वर्गीकरण अनुसार उत्पादनमूलक उद्योगको मध्यवर्ती उपभोग उत्पादन (रू.दश लाखमा)

| औद्योगिक वर्गीकरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|
| खाद्य बस्तु उत्पादन | ७५४८ | ८६१९ | ९७५४ | ८७८६ |
| मदिरा तथा सुर्तिजन्य उत्पादन | १४२१ | १६२३ | १८३७ | १६५५ |
| कपडा उत्पादन | ६७१ | ७६६ | ८६७ | ७८१ |
| तयारी पोशाक | ५२३ | ५९८ | ६७६ | ६०९ |
| छाला तथा सम्बन्धित अन्य उत्पादन | २११ | २४१ | २७२ | २४५ |
| फर्निचर बाहेक काठका उत्पादन तथा भुवा वा अन्य सामग्री | ८८७ | १०१२ | ११४६ | १०३२ |
| कागज तथा कागजका सामग्री उत्पादन र संग्रहित माध्यमको छपाई तथा पुनर्उत्पादन | ४७७ | ५४४ | ६१६ | ५५५ |
| पेट्रोलियम पदार्थ तथा औषधी लगायतका रासायनिक पदार्थका उत्पादन | १६८१ | १९१९ | २१७२ | १९५६ |
| रबर तथा प्लास्टिकका उत्पादन | १०६७ | १२१९ | १३७९ | १२४२ |
| गैरधातु खनिजमा आधारित उत्पादन | २६४५ | ३०२० | ३४१८ | ३०७९ |
| आधारभूत धातु उत्पादन | २६२० | २९९१ | ३३८५ | ३०४९ |
| औजार तथा उपकरण बाहेक धातुमा आधारित उत्पादन | २१९२ | २५०३ | २८३३ | २५५२ |
| विद्युतीय सामग्री उत्पादन | ४७५ | ५४२ | ६१३ | ५५२ |
| फर्निचर | ५५० | ६२९ | ७११ | ६४१ |
| अन्य उत्पादन | २०७३ | २३६७ | २६७९ | २४१३ |
| **कुल जम्मा** | **२५०४१** | **२८५९३** | **३२३५४** | **२९१४२** |


*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त औद्योगिक उत्पादन सूचकाङ्क, तथा प्रदेशस्तरीय राष्ट्रिय लेखा तथ्याङ्कको आधारमा तयार गरिएको*

माथिको तालिकामा देखाइए अनुसार मध्यवर्ती उपभोगका आधारमा खाद्य बस्तु उत्पादनले गर्ने मध्यवर्ती उपभोग सबैभन्दा बढी मूल्यको रहेको देखिन्छ । यस आधारमा खाद्य प्रशोधन उद्योगलाई कच्चा पदार्थ आपूर्ति गर्न सकेका कृषि क्षेत्रले पनि पर्याप्त लाभ पाउन सक्ने देखिन्छ ।

### तालिकाः उत्पादनमूलक उद्योग अन्तर्गत विभिन्न बस्तुको मूल्य अभिवृद्धि वृद्धिदर (प्रतिशतमा)

| औद्योगिक वर्गीकरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|
| खाद्य बस्तु उत्पादन | १५.० | ६.३ | ४.४ | ९.२ |
| मदिरा तथा सुर्तिजन्य उत्पादन | १५.८ | १२.९ | -१७.५ | २.९ |
| कपडा उत्पादन | -५.० | १३.२ | -१२.९ | १६.२ |
| तयारी पोशाक | ३.७ | -३.२ | -१५.८ | ६.३ |
| छाला तथा सम्बन्धित अन्य उत्पादन | १७.८ | -०.७ | -९१४.७ | २.२ |
| फर्निचर बाहेक काठका उत्पादन तथा भुवा वा अन्य सामग्री | १८.० | -२.२ | -१४.४ | ०.० |
| कागज तथा कागजका सामग्री उत्पादन र संग्रहित माध्यमको छपाई तथा पुनर्उत्पादन | २३.४ | ६.७ | -९.५ | ३.३ |
| पेट्रोलियम पदार्थ तथा औषधी लगायतका रासायनिक पदार्थका उत्पादन | २१.८ | ७.९ | -१२.७ | ०.४ |
| रबर तथा प्लास्टिकका उत्पादन | २१.१ | ९.६ | -१४.३ | -४.० |
| अन्य गैरधातु खनिजमा आधारित उत्पादन | १३.८ | १३.१ | -४.० | ४.३ |
| आधारभूत धातु उत्पादन | ३.९ | ५.५ | -२०.० | ०.५ |
| औजार तथा उपकरण बाहेक धातुमा आधारित उत्पादन | १.७ | ०.७ | -१४.६ | -६.५ |
| विद्युतीय सामग्री उत्पादन | ८.१ | -३.४ | -५.८ | -८.८ |
| फर्निचर | १.६ | -६.२ | -८.५ | -०.९ |
| अन्य उत्पादन | १०.९ | ६.७ | -९.१ | २.९ |
| **कुल जम्मा** | **९.४** | **६.१** | **-९.१** | **३.५** |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त औद्योगिक उत्पादन सूचकाङ्क, तथा प्रदेशस्तरीय राष्ट्रिय लेखा तथ्याङ्कको आधारमा तयार गरिएको*




**चार्ट २: उत्पादनमूलक उद्योगको मूल्य अभिवृद्धि दर**

माथिको तालिका र चार्टमा देखाइए अनुसार कोशी प्रदेशका सबै जस्तो उत्पादनमूलक उद्योगको मूल्य अभिवृद्धि दरमा उत्तारचढाव रहेको देखिन्छ । आर्थिक वर्ष २०७६/०७७ मा खाद्य बस्तुको उत्पादन बाहेक अन्य सबैजसो उत्पादनले नकारात्मक मूल्य अभिवृद्धि हाँसिल गरेको देखिन्छ । यसले खाद्य उत्पादन तुलनात्मक रूपमा कम जोखिमयुक्त उत्पादनमूलक उद्योग रहेको देखाउँछ। उत्पादनमूलक उद्योगमा ५ प्रतिशत भन्दा बढी योगदान भएका उद्योगमध्ये खाद्य प्रशोधन, टेक्स्टाइल र खनिजमा आधारित उद्योगले मात्र आ.व। २०७७/०७८ मा नै पुनर्लाभ हाँसिल गर्न सकेको देखिन्छ।

## ग. सेवा क्षेत्र

कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा अन्तर्गत सेवा क्षेत्रका विभिन्न सेवाको योगदान तलको तालिकामा देखाइएको छ ।

**तालिकाः सेवा क्षेत्रको कुल गार्हस्थ्य उत्पादन संरचना**

| औद्योगिक वर्गीकरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|
| थोक तथा खुद्रा ब्यापार, गाडी र मोटरसाइकल मर्मत | २१.७१ | २२.५६ | २०.३९ | २१.११ |
| कृषि उत्पादनको व्यापार | ७.१३ | ६.९८ | ७.२५ | ७.५१ |
| औद्योगिक उत्पादनको व्यापार | २.५५ | २.६३ | २.२३ | २.३१ |
| आयातीत बस्तुको व्यापार | ११.९० | १२.८१ | १०.७७ | ११.१५ |
| सवारी साधनको मर्मत तथा सहायक सामग्री | ०.२० | ०.१९ | ०.२२ | ०.२२ |
| यातायात तथा भण्डारण | ११.०६ | १०.८६ | ८.६३ | ८.९८ |
| सडक यातायात | ९.९५ | ९.७५ | ७.७६ | ८.०७ |
| हवाई यातायात | ०.८८ | ०.८९ | ०.६७ | ०.७० |
| अन्य यातायात | ०.०९ | ०.०८ | ०.०७ | ०.०७ |
| गोदाम, भण्डारण, हुलाक तथा कुरियर क्रियाकलाप | ०.१४ | ०.१४ | ०.१३ | ०.१४ |
| आवास तथा खाना सेवा सम्वन्धी क्रियाकलाप | ४.५० | ४.४५ | २.८३ | ३.०१ |
| आवास | २.३४ | २.२२ | १.४२ | १.५१ |
| खाना तथा पेय | २.१६ | २.२३ | १.४१ | १.५० |
| सूचना तथा सञ्चार | ५.०० | ४.९१ | ४.८९ | ४.७२ |
| प्रकाशन सम्बन्धी क्रियाकलाप | १.०७ | १.०५ | १.०५ | १.०२ |

| औद्योगिक वर्गीकरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|
| दूरसञ्चार | ३.३८ | ३.२७ | ३.२४ | ३.१३ |
| अन्य | ०.५५ | ०.५९ | ०.६० | ०.५८ |
| वित्तीय तथा बिमा सम्बन्धी क्रियाकलाप | ७.४७ | ७.३८ | ८.०६ | ८.१० |
| सबै वित्तीय संस्था (राष्ट्र बैंक लगायत) | ४.६५ | ४.८६ | ४.८३ | ४.८६ |
| बीमा (जीवन र निर्जीवन) | ०.९८ | ०.८४ | १.०६ | १.०७ |
| अन्य | १.८४ | १.६७ | २.१६ | २.१८ |
| घर जग्गा, भाडा तथा व्यावसायिक क्रियाकलाप | १.२३ | १.२२ | १.२६ | १.३१ |
| घर जग्गा कारोबार | ०.०० | ०.०० | ०.०० | ०.०० |
| घरधनीले प्रयोग गरेका भवनको सेवा | १.२३ | १.२२ | १.२६ | १.३१ |
| व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | १.२२ | १.२३ | १.२२ | १.२६ |
| प्रशासनिक तथा सहायता सेवा सम्वन्धी क्रियाकलाप | ०.७२ | ०.७२ | ०.७३ | ०.७० |
| सार्वजनिक प्रशासन र सुरक्षा | १३.०० | १२.९९ | १५.७० | १५.०३ |
| शिक्षा | १५.९९ | १५.५८ | १७.०८ | १६.३७ |
| सार्वजनिक शिक्षा | ६.३९ | ५.८५ | ६.२७ | ६.४२ |
| निजी क्षेत्र शिक्षा | ९.६० | ९.७३ | १०.८१ | ९.९५ |
| स्वास्थ्य | ३.३७ | ३.३९ | ३.९३ | ३.८७ |
| सरकारी स्वास्थ्य क्षेत्र | १.९१ | १.९२ | २.२४ | २.२१ |
| निजी स्वास्थ्य क्षेत्र | १.४६ | १.४७ | १.६९ | १.६६ |
| कला, मनोरञ्जन, मनोविनोद र घरायसी प्रयोजनको उत्पादन आदि | १.२६ | १.२५ | १.४३ | १.४१ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त विभिन्न तथ्याङ्क तथा प्रदेशस्तरीय राष्ट्रिय लेखा तथ्याङ्कको आधारमा तयार गरिएको*

माथिको तालिकामा देखाइए अनुसार थोक-खुद्रा व्यापार (सवारी साधनको मर्मत सम्भार समेत) सेवा क्षेत्रतर्फको कुल गार्हस्थ्य उत्पादनको सबैभन्दा ठूलो हिस्सा (२०.३९ देखि २१.७१ प्रतिशत) ओगटेको देखिन्छ। शिक्षा त्यसपछिको दोस्रो ठूलो (१५.५८ देखि १७.०८ प्रतिशतसम्म) सेवा क्षेत्रका रूपमा रहेको छ । सार्वजनिक प्रशासन र सुरक्षा र यातायात त्यसपछिका महत्वपूर्ण क्षेत्र रहेका छन् । यातायात र आवास तथा खाना सेवाको समग्र उत्पादनलाई हेर्दा पर्यटन क्षेत्रले सेवा क्षेत्रको १३ देखि १५ प्रतिशतसम्म हिस्सा ओगटेको देखिन्छ । थोक तथा खुद्रा व्यापार अन्तर्गत आयातित बस्तुको व्यापारले सेवा क्षेत्रमा १०.७७ देखि ११.१५ प्रतिशतसम्म योगदान गरेको देखिन्छ भने कृषि उत्पादनको व्यापारले ६.९८ देखि ७.५८ प्रतिशतसम्म योगदान गरेको देखिन्छ। शिक्षा क्षेत्रमा निजी क्षेत्रको शिक्षाको योगदान ९.६० देखि १०.८१ प्रतिशतसम्म रहेको देखिन्छ । सडक यातायातले सेवा अर्थतन्त्रमा ७.७६ देखि ९.९५ प्रतिशतसम्म योगदान गरेको देखिन्छ ।

### तालिका: विभिन्न सेवा क्षेत्रको मूल्य अभिवृद्धि दर (स्थिर मूल्यमा)

| औद्योगिक वर्गीकरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|
| थोक तथा खुद्रा व्यापार, गाडी र मोटरसाइकल मर्मत | २०.९३ | १९.७७ | (११.०४) | ५.३० |
| यातायात तथा भण्डारण | ३.७८ | ६.२६ | (१२.४३) | ३.६७ |
| आवास तथा खाना सेवा सम्बन्धी क्रियाकलाप | ११.९५ | ८.३४ | (३८.१६) | १२.८१ |
| सूचना तथा सञ्चार | ३.७८ | ६.२६ | २.५१ | ०.७२ |
| वित्तीय तथा बिमा सम्बन्धी क्रियाकलाप | ९.४७ | ८.७३ | ५.६६ | ४.५६ |
| यातायात तथा भण्डारण | ४.९० | ३.१२ | १.५६ | २.७२ |
| घर जग्गा, भाडा तथा व्यावसायिक क्रियालाप | ६.५३ | ५.६० | १.६८ | १.१२ |
| व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ६.५३ | ५.६० | (१.०३) | २.१४ |
| प्रशासनिक तथा सहायता सेवा सम्वन्धी क्रियाकलाप | ५.९६ | ५.१८ | ५.९८ | ३.४९ |

| औद्योगिक वर्गीकरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|
| सार्वजनिक प्रशासन र सुरक्षा | ४.८४ | ५.७७ | ३.२७ | ३.६० |
| शिक्षा | ६.५८ | ४.९५ | ५.५३ | ६.४० |
| स्वास्थ्य | ६.५३ | ५.६० | २.३२ | २.९५ |
| कला, मनोरञ्जन, मनोविनोद र अन्य | २०.९३ | १९.७७ | (११.०४) | ५.३० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त विभिन्न तथ्याङ्क तथा प्रदेशस्तरीय राष्ट्रिय लेखा तथ्याङ्कको आधारमा तयार गरिएको*

माथिको तालिकामा देखाइए अनुसार थोक तथा खुद्रा व्यापार, आवास तथा खाना सेवा, वित्तीय क्षेत्र र कला संस्कृति र मनोरञ्जन क्षेत्रले कोभिड अघिका वर्षमा दोहोरो अङ्कको मूल्य अभिवृद्धि दर हाँसिल गरेको देखिन्छ । जसमध्ये यातायात, आवास तथा खाना सम्बन्धी क्रियाकलाप, थोक तथा खुद्रा व्यापार र कला मनोरञ्जन र मनोविनोदका क्रियाकलाप जस्ता सेवा कोभिड-१९ का कारण दोहोरो अङ्कले सङ्कुचित भएको देखिन्छ । कोभिड-१९ को समयमा आवास तथा खाना सम्बन्धी क्रियाकलापले -३८.१६ प्रतिशत, यातायात तथा भण्डारणले -१२.४३ प्रतिशत र थोक तथा खुद्रा व्यापारले -११.०४ प्रतिशतको नकारात्मक वृद्धिदर व्यहोर्नु परेको देखिन्छ । यद्यपि सबै क्षेत्रले त्यसपछिका आर्थिक वर्षमा सकारात्मक वृद्धिदर हाँसिल गरेको देखिन्छ । आ.व. २०७६/०७७ मा यातायात र आवास तथा खाना सेवाको उच्च नकारात्मक वृद्धिको सामाना गर्नु परेको देखिन्छ । यसले पर्यटन क्षेत्रमा कोभिड-१९ को प्रभाव देखाउँछ ।

## २.३. गरिबी र रोजगारी

आर्थिक सर्वेक्षण २०७४/०७५ मा उल्लेख भए अनुसार कोशी प्रदेश सबैभन्दा कम आय गरिबी भएको प्रदेश हो । प्रदेशमा १२.४ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेको देखिन्छ जुन राष्ट्रिय औसत (१८.७) प्रतिशत भन्दा ६.३ प्रतिशतले कम हो । सन् २०१९ को तथ्याङ्क अनुसार कोशी प्रदेशमा बहुआयामिक गरिबी १५.९ प्रतिशत रहेको देखिन्छ । यस आधारमा अन्य प्रदेशको तुलनामा कोशी प्रदेश तेस्रो कम बहुआयामिक गरिबी रहेको प्रदेश हो । कोशी प्रदेश भन्दा कम बहुआयामिक गरिबी रहेका प्रदेशहरू बाग्मती (७ प्रतिशत) र गण्डकी (९.६ प्रतिशत) हुन् । समग्र मुलुकको बहुआयामिक गरिबी भने १७.४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७७/०७८ मा कोशी प्रदेशको प्रतिव्यक्ति आय ११४९ अमेरिकी डलर रहेको छ । यो सोही वर्षको नेपालको औसत प्रतिव्यक्ति आय ११३९ डलर भन्दा केही बढी हो । कोशी प्रदेशले प्रथम आवधिक योजना २०७६/०७६ देखि २०८०/०८१ कार्यान्वयनमा ल्याएको छ । योजना अवधिको अन्त्यसम्ममा प्रतिव्यक्ति आय १६२० अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिएकोमा अपेक्षित आर्थिक वृद्धिदर हाँसिल हुन नसक्दा सो लक्ष्य प्राप्ति पनि सम्भव नहुने देखिएको छ । कोशी प्रदेशको श्रम सहभागिताको तुलनात्मक स्थिति तलको तालिकामा प्रस्तुत छ ।

**तालिकाः श्रम सहभागिता र रोजगारीको अवस्था (हजारमा)**

| वर्गीकरण | कुल/कोशी प्रदेश | पुरुष | | महिला | | जम्मा | दर (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | पुरुष | महिला | जम्मा |
| **रोजगार** | कुल | ४,४४७ | ६२.७४ | २,६४१ | ३७.२६ | ७,०८८ | ८९.६९ | ८६.९६ | ८८.६६ |
| | कोशी प्रदेश | ७६६ | ६३.४६ | ४४१ | ३६.५४ | १,२०७ | ९०.७६ | ८८.२० | ८९.८१ |
| **बेरोजगार** | कुल | ५११ | ५६.३४ | ३९६ | ४३.६६ | ९०७ | १०.३१ | १३.०४ | ११.३४ |
| | कोशी प्रदेश | ७८ | ५६.९३ | ५९ | ४३.०७ | १३७ | ९.२४ | ११.८० | १०.१९ |
| **श्रमशक्ति बाहिर** | कुल | ४,२४९ | ३३.३३ | ८,५०० | ६६.६७ | १२,७४९ | ४६.१५ | ७३.६८ | ६१.४६ |
| | कोशी प्रदेश | ७५६ | ३४.१८ | १,४५६ | ६५.८२ | २,२१२ | ४७.२५ | ७४.४४ | ६२.२० |
| **जम्मा** | कुल | ९,२०७ | ४४.३८ | ११,५३७ | ५५.६२ | २०,७४४ | १००.०० | १००.०० | १००.०० |
| | कोशी प्रदेश | १,६०० | ४४.९९ | १,९५६ | ५५.०१ | ३,५५६ | १००.०० | १००.०० | १००.०० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा प्रस्तुत गरिए अनुसार कोशी प्रदेशमा श्रम सहभागिता दर ३७.८ प्रतिशत रहेको छ। यो राष्ट्रिय औसत (३८.५४) प्रतिशत भन्दा ०.६४ प्रतिशतले कम हो। प्रदेशमा ७४.४४ प्रतिशत महिला श्रम शक्ति बाहिर छन्। नेपालमा कुल श्रम शक्ति बाहिर रहेका महिलाको हिस्सा भने ७३.६८ प्रतिशत रहेको छ। यसबाट महिलाको न्यून श्रम सहभागिताका कारणले प्रदेशको समग्र श्रम सहभागिता दर कम भएको देखिन्छ।

कोशी प्रदेशको बेरोजगारी दर (१०.१९ प्रतिशत) नेपालको औसत बेरोजगारी दर (११.३४ प्रतिशत) भन्दा कम रहेको छ। प्रदेशमा महिलाको बेरोजगारी दर (११.८० प्रतिशत) पुरुष (९.२४ प्रतिशत) को भन्दा बढिरहेको छ। नेपालको औसत क्रमशः ११.०४ प्रतिशत र १०.३१ प्रतिशतको तुलनामा दुबै समूहको बेरोजगारी दर कोशी प्रदेशमा कम रहेको देखिन्छ।

### तालिका: औपचारिक र अनौपचारिक क्षेत्रको रोजगारी (हजारमा)

| कुल/कोशी प्रदेश | औपचारिक | | | अनौपचारिक | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | कृषि | गैरकृषि | जम्मा | कृषि | गैरकृषि | निजी घर | |
| कुल (सङ्ख्या) | ९० | २,५८६ | २,६७६ | १,४३४ | २,९०४ | ७३ | ४,४११ |
| कुल (प्रतिशत) | ३.३६ | ९६.६४ | १०० | ३२.५१ | ६५.८४ | १.६५ | १०० |
| कोशी प्रदेश (सङ्ख्या) | २१ | ४२२ | ४४३ | २४६ | ५०८ | १० | ७६४ |
| कोशी प्रदेश (प्रतिशत) | ४.७४ | ९५.२६ | १०० | ३२.२० | ६६.४९ | १.३१ | १०० |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

*माथिको तालिकामा प्रस्तुत गरिएअनुसार नेपालको औपचारिक रोजगारीमा कृषि क्षेत्रको हिस्सा ३.३६ प्रतिशत मात्र* रहेको छ। कोशी प्रदेशमा भने औपचारिक क्षेत्रको रोजगारीमा कृषि क्षेत्रको योगदान अझै कम अर्थात् ३.३६ प्रतिशत मात्र रहेको छ। यसले कृषि क्षेत्र मुलतः अनौपचारिक आर्थिक क्षेत्रको रूपमा रहेको देखिन्छ। अनौपचारिक रोजगारीमा भने कृषि क्षेत्रको नेपालमा ३२.५१ प्रतिशत र कोशी प्रदेशमा ३२.२० प्रतिशत योगदान गरेको देखिन्छ। अनौपचारिक रोजगारी पनि कृषिको तुलनामा गैरकृषि क्षेत्रको हिस्सा बढिरहेको छ। अनौपचारिक क्षेत्रको समग्र रोजगारीमा गैरकृषि क्षेत्रको हिस्सा ६५.८४ प्रतिशत रहेको छ भने प्रदेशमा यो हिस्सा अझै बढी अर्थात् ६४.४९ रहेको छ।

### तालिका: कर्मचारीको औसत मासिक आम्दानीको मध्यिका

| कर्मचारी सङ्ख्या | तल्लो ५ प्रतिशत | तल्लो १० प्रतिशत | तल्लो २५ प्रतिशत | मध्यिका | माथिल्लो २५ प्रतिशत | माथिल्लो १० प्रतिशत | माथिल्लो ५ प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| नेपाल | ६,००० | ७,६०४ | १०,६४६ | १५,२०८ | २३,११० | ३०,४१७ | ३५,००० |
| कोशी प्रदेश | ५,००० | ६,९५२ | १०,००० | १५,२०८ | २१,२९२ | २५,००० | ३०,४१७ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा देखाइए अनुसार कोशी प्रदेशमा तल्लो २५ प्रतिशत कर्मचारीको औसत मासिक आम्दानी नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक भन्दा कम रहेको छ। सबै समूहको औसत मासिक आम्दानी नेपालको कुल र कोशी प्रदेशमा समानता रहेको देखिन्छ। कोशी प्रदेशमा तल्लो ५ प्रतिशत, १० प्रतिशत र २५ प्रतिशत कर्मचारीको आय नेपालको औसत भन्दा कम देखिएको छ। माथिल्लो ५ प्रतिशत, १० प्रतिशत र २५ प्रतिशत कर्मचारीको हकमा समेत प्रदेशमा नेपालको औसत भन्दा कम आय रहेको देखिन्छ। यसले कोशी प्रदेशमा उपलब्ध रोजगारीको अवसर नेपालमा उपलब्ध रोजगारीको अवसरभन्दा कम आकर्षक देखिएको छ।

## २.४. सार्वजनिक वित्त

### २.४.१. पृष्ठभूमि

प्रदेशको आर्थिक विकासमा सरकारी खर्चको महत्वपूर्ण भूमिका हुने सन्दर्भमा कोशी प्रदेश सरकारको बजेट र खर्चलाई आर्थिक विकासको दृष्टिकोणबाट विश्लेषण गर्ने प्रयास गरिएको छ। यसमा आवधिक योजनाको खर्च प्रक्षेपण, वार्षिक बजेट विनियोजन र खर्च, राजस्व संरचना र आर्थिक विकासका उपक्षेत्रका बजेटको लेखाजोखा गरिएको छ।

खर्च विधिबाट कुल गार्हस्थ्य उत्पादन गणना गर्दा सरकारी खर्चलाई कुल गार्हस्थ्य उत्पादनको एक हिस्सा मानिन्छ। सरकारी खर्चले निजी क्षेत्रको लगानी र उपभोग बढाउनमा समेत योगदान गर्ने हुँदा यसले अन्य क्षेत्रबाट कुल गार्हस्थ्य उत्पादन वृद्धिमा समेत टेवा दिन्छ। यस पृष्ठभूमिका पछिल्लो चार आर्थिक वर्ष (२०७५/०७६ देखि २०७८/०७९) को बजेटको सामान्य लेखाजोखा गरिएको छ। कोशी प्रदेशको प्रथम आवधिक योजनाका सम्बन्धित खण्ड, संघीय बजेट तथ्याङ्क, बजेट वक्तव्यका अनुसूचीहरू र बजेट पुस्तिका (रातो किताब) बजेट विश्लेषणका लागि तथ्याङ्कका स्रोत हुन्।

### २.४.२. आवधिक योजना र वार्षिक बजेट

कोशी प्रदेशले आफ्नो प्रथम आवधिक योजनामार्फत् विभिन्न आर्थिक-सामाजिक क्षेत्रको परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। योजनाले वार्षिक औसत ९.७ प्रतिशतको आर्थिक वृद्धि हाँसिल गर्ने, योजना अवधिको अन्त्य (आर्थिक वर्ष २०८०/०८१) सम्ममा प्रतिव्यक्ति आय अमेरिकी डलर १६२० पुऱ्याउने जस्ता लक्ष्य राखेको छ। अपेक्षित उपलब्धी हाँसिल गर्नका लागि विभिन्न आर्थिक वर्षमा प्रक्षेपित बजेट र वास्तविक बजेटको आकार तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका: आवधिक प्रक्षेपण र वार्षिक बजेट विनियोजन (रू. १० लाख)**

| विवरण | २०७६/०७७ | | | २०७७/०७८ | | | २०७८/०७९ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रक्षेपण | विनियोजन | % | प्रक्षेपण | विनियोजन | % | प्रक्षेपण | विनियोजन | % |
| संघीय अनुदान | २५,१५४ | २१,२०७ | ८४.३१ | २८.०९२ | १५.११४ | ५३.८० | ३१.९९६ | १६.५५५ | ५१.७४ |
| राजस्व बाँडफाँड | १०,००४ | ११,८४६ | ११८.४१ | १०.९८३ | ११.९०३ | १०८.३८ | १२.१४५ | ११.०७६ | ९१.२० |
| आन्तरिक राजस्व | ३,९८३ | २.५३१ | ६३.५३ | ४.३४५ | ३.८८३ | ८९.३७ | ४.७८४ | २.८३९ | ५९.३४ |
| नगद मौज्दात | | ६,६१६ | | | ५.००० | | | २.००० | |
| **कुल आय** | **३९,१४१** | **४२,२००** | **१०७.८२** | **४३.४२०** | **३५.९००** | **८२.६८** | **४८.९२५** | **३२.४६९** | **६६.३७** |
| ऋण | १,३९९ | - | - | १.५३३ | ५.००० | ३२६.१६ | १.६९३ | ० | - |
| **जम्मा स्रोत** | **४०,५४०** | **४२,२००** | **१०४.१०** | **४४.९५३** | **४०.९००** | **९०.९८** | **५०.६१८** | **३२.४६९** | **६४.१५** |
| **जम्मा बजेट** | **४०,५४०** | **४२,२००** | १०४.१० | **४४.९५३** | **४०.९००** | ९०.९८ | **५०.६१८** | **३२.४६९** | ६४.१५ |
| चालु | १५,१६९ | १७,५४६ | ११५.६७ | १५.७९४ | १६.०४७ | १०१.६० | १६.६२० | १४.१६१ | ८५.२१ |
| पुँजीगत | २२,६५३ | २३,५७४ | १०४.०७ | २६.१७८ | २१.९२५ | ८३.७५ | ३०.६८८ | १५.०५४ | ४९.०५ |
| वित्तीय हस्तान्तरण | २,७१८ | १,००० | ३६.७९ | २.९८१ | २.८८८ | ९६.८९ | ३.३१० | ३.२२४ | ९७.४१ |
| वित्तीय व्यवस्था | - | ८० | | | ४० | | | ३० | |

*स्रोत: प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय*

माथिको तालिकामा उल्लेख भए अनुसार आर्थिक वर्ष २०७६/०७७ का लागि आवधिक योजनाको प्रक्षेपण र वार्षिक बजेटका बिच सामञ्जस्ययता देखिएको छ। त्यसपछिका वर्षहरूमा भने प्रदेशको बजेटको आकार आवधिक प्रक्षेपणको तुलानामा निकै कम पाइएको छ। आर्थिक वर्ष २०७६/०७७ मा वार्षिक बजेट प्रक्षेपित बजेटको तुलनामा ४ प्रतिशत बढी रहेको देखिन्छ। आर्थिक वर्ष २०७७/०७८ र ०७८/०८९ मा भने बजेटको आकार कम भएर

प्रक्षेपणको क्रमश: ९० प्रतिशत र ६४.१५ प्रतिशतमा सीमित भएको पाइएको छ। यसबाट विनियोजित रकम सम्पूर्ण रूपमा खर्च भएको अवस्थामा समेत सरकारी खर्चले आर्थिक वृद्धिमा गर्नसक्ने प्रत्यक्ष र परोक्ष योगदान कम हुने हुनाले आवधिक योजनाले परिलक्षित गरेको आर्थिक वृद्धिको उपलब्धी हाँसिल गर्न कठिन हुने देखिन्छ ।

बजेटको आकार घट्नुमा संघीय अनुदानमा आएको गिरावट र आन्तरिक राजस्वको कमजोर आधार प्रमुख कारण रहेको देखिन्छ । संघीय अनुदान प्रक्षेपणको ५१.७४ प्रतिशतसम्ममा सीमित हुनु तथा आन्तरिक राजस्व ५९.३४ प्रतिशतसम्ममा सीमित भएका कारण प्रदेश सरकारले अपेक्षित स्तरको बजेट बनाउन नसकेको देखिन्छ । आर्थिक वर्ष २०७८/०७९ मा चालु खर्चको लागि विनियोजित रकम प्रक्षेपणको तुलनामा ८५.२१ प्रतिशत रहेकोमा पुँजीगत खर्चका लागि विनियोजित रकम ४९.०५ प्रतिशतमा सीमित भएको देखिन्छ। प्रदेशको बजेटको आकार आवधिक योजनाको प्रक्षेपण भन्दा निकै कम हुनुलाई कोभिड-१९ को प्रभावका रूपमा समेत लिन सकिन्छ। आवधिक योजनाले सार्वजनिक ऋणमा आधारित कार्यक्रम तथा परियोजना समेत सञ्चालन हुने अपेक्षा गरेकोमा बजेट निर्माणका क्रममा भने सार्वजनिक ऋणमा आधारित कार्यक्रम गर्ने गरी बजेट निर्माण भएको देखिँदैन ।

### २.४.३. बजेट कार्यान्वयन

सरकारको बजेट विनियोजन र कार्यान्वयन कुशलताले आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्नसक्छ । बजेटको प्रभावकारी कार्यान्वनपछि मात्र अर्थतन्त्रमा बजेटको प्रभाव देखिने हुँदा कार्यान्वयनको पक्ष अझै महत्वपूर्ण हुन्छ । तलको तालिकामा कोशी प्रदेशमा पछिल्लो तीन आर्थिक वर्षमा बजेट विनियोजन र कार्यान्वयनको अवस्था देखाइएको छ ।

**तालिका: बजेट विनियोजन र खर्चको तुलनात्मक स्थिति (रू.दश लाखमा)**

| खर्चको प्रकृति | २०७५/०७६ | | २०७६/०७७ | | २०७७/०७८ | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| चालु खर्च | १४,५५३.५६ | ९,७५४.२६ | १८,५४६.४८ | ११,९६६.३० | १८,९३४. ९४ | १३,४६२.९३ |
| पुँजीगत खर्च | १८,८७७.४५ | ११,४०६.०३ | २३,५७३.९३ | १७,८६६.८१ | २१,९२५.०० | १३,८२२.६१ |
| वित्तीय व्यवस्था | २,५०५ | | ८० | | ४० | |
| **जम्मा खर्च** | **३५,९३६. ०१** | **२११६०.२८** | **४२,२००.४१** | **२९८३.३१** | **४०,८९९.९५** | **२७,२८५.५४** |
| कुल खर्च प्रतिशत | ५८.८८ | | ७०.६९ | | ६६.७१ | |
| चालु खर्च प्रतिशत | ६७.०२ | | ६४.५२ | | ७१.१० | |
| पुँजीगत खर्च प्रतिशत | ६०.४२ | | ७५.७९ | | ६३.०४ | |

*स्रोत: प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश*

प्रस्तुत तालिकामा देखाइए अनुसार प्रदेश सरकारले पछिल्लो ३ आर्थिक वर्षमा वार्षिक बजेटको अधिकतम ७०.६९ प्रतिशत आ.व.२०७६/०७७ मा खर्च गर्न सकेको देखिन्छ। आर्थिक वर्ष २०७५/०७६ मा ५८.८८ प्रतिशत मात्र खर्च गर्न सकेको देखिन्छ भने २०७७/०७८ मा ६६.७१ प्रतिशत खर्च गर्न सकेको देखिन्छ। समिक्षा अवधिमा चालुभन्दा र पुँजीगततर्फको विनियोजन र खर्च दुबै बढी देखिएको सन्दर्भमा कोशी प्रदेशको बजेट पुँजी निर्माणमा सहयोगी हुनसक्ने देखिन्छ । आर्थिक वर्ष २०७६/०७७ मा कोभिड-१९ को प्रभावका वाबजुद पुँजीगत बजेट विनियोजन र खर्चको अनुपात चालु खर्च भन्दा बढी भएको देखिन्छ भने अन्य आर्थिक वर्षमा विनियोजन र खर्चको अनुपात पुँजीगत शीर्षक भन्दा चालु शीर्षकमा बढी भएको देखिन्छ। आवधिक योजनाको प्रक्षेपणलाई वास्तविक खर्चसँग तुलना गर्दा प्रदेश सरकारले प्रक्षेपणको ५२ प्रतिशतदेखि ६६ प्रतिशत मात्र खर्च गर्न सकेको देखिन्छ । यसले आर्थिक वृद्धिमा सरकारको तर्फबाट हुनसक्ने योगदानको स्तर पनि अपेक्षित भन्दा स्वत: निकै कम हुने देखाउँछ। वित्तीय व्यवस्थाका लागि बजेट विनियोजन गरेको देखिए पनि बजेट कार्यान्वयनका क्रममा ऋण लिएर खर्च गरेको देखिँदैन ।

### २.४.४. प्रादेशिक बजेटको स्रोत

प्रादेशिक प्राथमिकता निर्धारण र कार्यान्वयनलाई आन्तरिक राजस्वको फराकिलो आधार हिस्सा आवश्यक हुन्छ । आन्तरिक राजस्व सार्वजनिक ऋण लिने र तिर्ने क्षमताको निर्धारक पनि हो । यस सन्दर्भमा विगत तीन आर्थिक वर्षमा कोशी प्रदेशको बजेटको स्रोत र आन्तरिक राजस्वको लेखाजोखा तलको तालिकामा गरिएको छ ।

**तालिका २२: बजेटको स्रोत: अनुमानित र यथार्थ आय (रू. दश लाखमा)**

| राजस्वका स्रोत | २०७५/०७६ | | | २०७६/०७७ | | | २०७७/०७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमान | यथार्थ | % | अनुमान | यथार्थ | % | अनुमान | यथार्थ | % |
| संघीय अनुदान | २१,२०७.४० | १८,४९४.७६ | ८७.२१ | ५,११३.८० | १७,९८९.९४ | ११९.०३ | १६,५५४.९१ | १६,५१३.८० | ९९.७५ |
| राजस्व बाँडफाँड | ११,८४६.०० | ६,८६९.४४ | ५७.९९ | ११,९०३.०२ | ७,०६८.११ | ५९.३८ | ११,०७५.६४ | ७,११०.०५ | ६४.२० |
| आन्तरिक राजस्व | २,५३०.५४ | २,५०१.०९ | ९८.८४ | ३,८८३.१३ | २,३५४.३६ | ६०.६३ | २,८३८.६५ | ४,३७०.४८ | १५३.९६ |
| राजस्व तथा अनुदान | ३५,५८३.९४ | २७,८६५.२९ | ७८.३१ | ३०,८९९.९५ | २७,४१२.४१ | ८८.७१ | ३०,४६९.२० | २७९९४.३३ | ९१.८८ |

*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश*

माथिको तालिकामा प्रस्तुत आँकडाले प्रदेश बजेटको संघीय अनुदानमाथिको अत्याधिक निर्भरता देखाउँछ । त्यस विपरित आन्तरिक राजस्व प्रादेशिक बजेटको सबैभन्दा सानो स्रोत रहेको छ । आ.व। २०७५/०७६ मा ८७.२१ प्रतिशत विगत वर्षहरूमा प्रदेश सरकारले अपेक्षित रूपमा संघीय अनुदान प्राप्त गरेको देखिन्छ। कोभिड-१९ को बढी प्रभाव भएको आर्थिक वर्ष २०७६/०७७ मा संघीय अनुदान अनुमानितको तुलनामा ११९.०३ प्रतिशत प्राप्त भएको देखिन्छ । राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम भने समिक्षा अवधिको हरेक वर्ष अपेक्षित भन्दा निकै कम अर्थात् ५७.९९ प्रतिशतदेखि ६४.२० प्रतिशत मात्र प्राप्त भएको देखिन्छ । कोभिड-१९ को प्रभाव बढी भएको आर्थिक वर्ष २०७६/०७७ मा आन्तरिक राजस्व अनुमानको तुलनामा ६०.६३ प्रतिशत मात्र उठेको भए पनि अन्य वर्ष भने सो अनुपात बढेको देखिन्छ । आन्तरिक राजस्वको लेखाजोखाका लागि यातायात करलाई आन्तरिक राजस्वका रूपमा लिइएको छ। पछिल्ला दुई आर्थिक वर्षमा आन्तरिक राजस्वको अनुमान नै घटाउँदा पछिल्लो वर्ष अनुमानको ५३.९६ प्रतिशत बढी राजस्व सङ्कलन भएको देखिन्छ। यसले राजस्व अनुमान गर्ने र सङ्कलन गर्न क्षमताको अपार्यप्तता देखाउँछ ।

कोशी प्रदेशको बजेटका स्रोतमा संघीय अनुदानको हिस्सा सबैभन्दा बढी रहेको माथिको चार्टमा देखिन्छ । संघीय अनुदानले प्रादेशिक बजेटका स्रोतको दुई तिहाई भन्दा बढी हिस्सा अर्थात् ६६.३७ प्रतिशतसम्म ओगटेको देखिन्छ । राजस्व बाँडफाँड दोस्रो ठूलो स्रोतका रूपमा रहेको छ जसले औसत २५ प्रतिशत हिस्सा आगटेको देखिन्छ। आन्तरिक राजस्वको हिस्सा सबैभन्दा कम अर्थात् ७.११ प्रतिशतदेखि १५.६१ प्रतिशतसम्म रहेको देखिन्छ ।

### २.४.५. आर्थिक विकास बजेट

सरकारले जुनसुकै क्षेत्रमा हुने सार्वजनिक खर्चले आर्थिक गतिविधि प्रवर्द्धनमा प्रत्यक्ष र परोक्ष प्रभाव पार्छ। भौतिक पूर्वाधारमा गरिने खर्चले आर्थिक गतिविधिका लागि सहयोगी वातावरण निर्माणमा योगदान गर्दछ । तथापि आर्थिक वृद्धि प्रवर्द्धनका लागि भने सम्बन्धित आर्थिक क्षेत्र र उपक्षेत्रमा सरकार र निजी क्षेत्रबाट प्रत्यक्ष लगानी गर्नु आवश्यक छ । यसलाई दृष्टिगत गरी प्रदेश सरकारको विगत तीन आर्थिक वर्षको बजेटमा आर्थिक विकास क्षेत्रले पाएको प्राथमिकताको अवस्थाको लेखाजोखा यहाँ गरिएको छ ।

### तालिका २३: प्रादेशिक र संघीय बजेटमा आर्थिक विकास बजेटको हिस्सा (रू. हजारमा)

| आर्थिक वर्ष | संघीय बजेट | | | प्रादेशिक बजेट | | |
|---|---|---|---|---|---|---|
| | कुल | आर्थिक विकास | प्रतिशत | कुल | आर्थिक विकास बजेट | प्रतिशत |
| २०७६/०७७ | १,५३२,९६७,१०० | ५४१,३६७,००० | ३५.३१ | ४२,२००,४१० | १७,०६२,५५० | ४०.४३ |
| २०७७/०७८ | १,४७४,६४५,४०० | ३८९,०००,७०० | २६.३८ | ४०,८९९,९४७ | १३,०१५,७८५ | ३१.८२ |
| २०७८/०७९ | १,६४७,५७६,७०० | ४४२,०९३,९०० | २६.८३ | ३२,४६९,२०० | १०,६७८,६५४ | ३२.८९ |

*स्रोत : संघीय अर्थ मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश*

माथिको तालिकामा देखाइए अनुसार आर्थिक वर्ष २०७६/०७७ मा कुल प्रादेशिक बजेटमा आर्थिक विकास बजेटको हिस्सा ४०.४३ प्रतिशत रहेको देखिन्छ। त्यसपछिका दुई आर्थिक वर्षमा भने सो हिस्सा क्रमश: ३१.८२ र ३२.८९ प्रतिशत रहेको देखिन्छ। संघीय बजेटमा आर्थिक विकास क्षेत्रको हिस्सा समिक्षा अवधिमा क्रमश: ३५.३१, २६.३८ र २६.८३ प्रतिशत रहेको देखिन्छ। यसले आर्थिक विकास क्षेत्रमा प्रादेशिक बजेटको हिस्सा संघीय बजेटमा भन्दा बढी रहेको देखिन्छ। तथापि संघीय बजेटमा आर्थिक विकास क्षेत्रका लागि विनियोजित रकमको हिस्सा बढी हुँदा प्रदेशमा बढी र संघीय बजेटमा कम हुँदा कम भएको देखिँदा प्रादेशिक आर्थिक विकास बजेट संघीय बजेट तथा कार्यक्रममा बढी निर्भर रहेको देखिन्छ।

कार्यगत वर्गीकरणमा आधारित रहेर प्रादेशिक बजेटमा आर्थिक विकासका विभिन्न उपक्षेत्रमा गरिएको विनियोजनको हिस्सा तलको तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका: आर्थिक विकासका विभिन्न उपक्षेत्रमा बजेट विनियोजन (रू. हजारमा)

| उपक्षेत्र | २०७६/७७ | % | २०७७/७८ | % | २०७८/७९ | % |
|---|---|---|---|---|---|---|
| सामान्य आर्थिक, व्यवसायिक र श्रम | ५,०९७,९३५ | २९.८८ | २४२,२७३ | १.८६ | १,२४२,४९६ | ११.६४ |
| कृषि, वन, माछापालन र सिकार | ५५७,८७२ | ३.२७ | ३,६३५,४४९ | २७.९३ | २,४६९,५३३ | २३.१३ |
| इन्धन र ऊर्जा | | - | | | ६,५०० | ०.०६ |
| खानी, उत्पादन र निर्माण | ३,१४१,५८१ | १८.४१ | | | २०४,००० | १.९१ |
| यातायात | ७,३२२,३४८ | ४२.९१ | ८,११४,०६८ | ६२.३४ | ६,११८,७३० | ५७.३० |
| अन्य उद्योगहरू | २३७,७८८ | १.३९ | ११४,४८७ | ०.८८ | १७०,९३९ | १.६० |
| आर्थिक मामिला, अध्ययन र विकास | ४७,१०० | ०.२८ | ५०,७५० | ०.३९ | १४०,९४२ | १.३२ |
| अन्य शीर्षकमा नराखिएका आर्थिक गतिविधि | ६५७,९२६ | ३.८६ | ८५८,७५८ | ६.६० | ३२५,५१४ | ३.०५ |
| **जम्मा** | **१७,०६२,५५०.००** | **१००** | **१३,०१५,७८५.००** | **१००** | **१०,६७८,६५४** | **१००** |

*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश*

माथिको तालिकामा देखाइए अनुसार आर्थिक विकास क्षेत्रको बजेटको सबैभन्दा ठूलो हिस्सा यातायात क्षेत्रमा गएको देखिन्छ। समिक्षा अवधिमा आर्थिक विकास क्षेत्रको ४२.९१ प्रतिशतदेखि ६२.३४ प्रतिशतसम्म बजेट यो उपक्षेत्रमा गएको देखिन्छ। कृषि, वन, माछापालन, सिकार उपक्षेत्र त्यसपछिको ठूलो हिस्सा (२७.९ प्रतिशत सम्म) बजेट जाने आर्थिक उपक्षेत्र रहेको छ। यातायात बाहेक आर्थिक विकासका गैरकृषि क्षेत्रले उल्लेख्य बजेट पाएको देखिँदैन।

## २.४.६. आर्थिक विकास अन्तर्गतका विषयगत मन्त्रालयको बजेट र खर्च

सबै सरकारी निकायले गर्ने खर्चले प्रत्यक्ष वा परोक्ष रूपमा आर्थिक गतिविधि प्रवर्द्धनमा योगदान गरिरहेको हुन्छ। यद्यपि कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादन, उत्पादकत्व र मूल्य अभिवृद्धि हाँसिल गर्नमा योगदान गर्ने उद्देश्यले गठन भएका निकायका कार्यक्रमले आर्थिक वृद्धिका लागि बढी भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ। यसलाई दृष्टिगत गरी भूमि, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बजेट र खर्च सम्बन्धी तथ्याङ्क तलको तालिकाको मद्दतले लेखाजोखा गरिएको छ।

तलको तालिकामा प्रस्तुत गरिए अनुसार प्रमुख दुई आर्थिक विकास क्षेत्रका विषयगत मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय मार्फत् विनियोजन भएको बजेटको हिस्सामा समानता पाइएको छ। विगत तीन आर्थिक वर्षमा यी दुई मन्त्रालय मध्ये कृषि मन्त्रालयको हिस्सा कुल प्रादेशिक बजेटमा ९.३७ प्रतिशतदेखि १०.४२ प्रतिशतसम्म रहेको छ भने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको हिस्सा ८.५४ प्रतिशतदेखि ९.०८ प्रतिशतसम्म रहेको देखिन्छ। यी दुबै मन्त्रालयको वास्तविक खर्चको हिस्सा विनियोजनको भन्दा कम देखिएको छ। कृषि मन्त्रालयको खर्च कुल वार्षिक खर्चको ५.५४ प्रतिशतदेखि ७.८५ प्रतिशतसम्म रहेको छ भने उद्योग मन्त्रालयको हिस्सा भने ६.७२ प्रतिशतदेखि १०.९९ प्रतिशतसम्म रहेको देखिन्छ। यसले अन्य मन्त्रालय भन्दा बजेट कार्यान्वयन क्षमता कमजोर हुँदा कृषि मन्त्रालयले विनियोजित बजेटको हिस्सालाई वास्तविक खर्चको चरणमा कायम राख्न नसकेको हुनसक्ने देखिन्छ। यद्यपि बजेट विनियोजन र निकासाका बिचमा हुने अन्तर पनि यथार्थ खर्च कम हुनुको कारण हुनसक्छ। उद्योग र पर्यटन मन्त्रालय भने बजेट कार्यान्वयनमा तुलनात्मक रूपमा सबल देखिएको छ।

### तालिकाः आर्थिक विकास क्षेत्रका मुख्य विषयगत मन्त्रालयको बजेट र खर्च (रू. हजारमा)

| मन्त्रालय | २०७५/०७६ | | २०७६/०७७ | | २०७७/०७८ | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| भूमि, कृषि तथा सहकारी | ३,७४५,९०० | १,४८४,२३१ | ४,०४१,०३२ | १,५६२,२५३ | ३,८३१,६३३ | २,१४२,९७२ |
| कुल बजेटमा हिस्सा (प्रतिशत) | १०.४२ | ७.०१ | ९.५८ | ५.२४ | ९.३७ | ७.८५ |
| चालु खर्च | ३,४७७,०५९.१६ | १,२८१,११९ | ३,८५९,१४६ | १,४११,८०१ | ३,५७१,८२८ | २,०६३,२२९ |
| पुँजीगत खर्च | २६८,८४१ | २०३,११२ | १८१,८८६ | १५०,४५२ | २५९,८०५ | ७९,७४३ |
| पुँजीगत खर्चको हिस्सा (प्रतिशत) | ७.१८ | १३.६८ | ४.५० | ९.६३ | ६.७८ | ३.७२ |
| उद्योग, पर्यटन, वन तथा वातावरण | ३,१२३,४२० | २,३२५,७७१ | ३,८३२,७३८ | २,००३,६४ | ३,४९३,८८९ | १,९५८,१९ |
| कुल बजेटमा हिस्सा (प्रतिशत) | ८.६९ | १०.९९ | ९.०८ | ६.७२ | ८.५४ | ७.१८ |
| चालु खर्च | २,१५२,८१६ | १,३०८,८८२ | १,६५९,९१५ | १,०४०,३६३ | १,३३६,६१८ | १,०५९,५६३ |
| पुँजीगत खर्च | ९७०,६०४ | १,०१६,८८९ | २,१७२,८२३ | ९६३,२८५ | २,१५७,२७१ | ८९८,६३१ |
| पुँजीगत खर्चको हिस्सा (प्रतिशत) | ३१.०८ | ४३.७२ | ५६.६९ | ४८.०८ | ६१.७४ | ४५.८९ |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश*

तालिकामा प्रस्तुत गरिए अनुसार भूमि, कृषि तथा सहकारी मन्त्रालयको बजेट र खर्च दुबैमा चालु खर्चको हिस्सा निकै बढी देखिएको छ। यस मन्त्रालयको वास्तविक खर्चमा पुँजीगत खर्चको हिस्सा ३.७२ प्रतिशतदेखि ९.६३ प्रतिशतमा सीमित भएको देखिन्छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कुल खर्चमा पुँजीगत खर्चको हिस्सा ४३.७२ प्रतिशतदेखि ४८.०८ प्रतिशतसम्म रहेको देखिन्छ। दुबै मन्त्रालयको चालु खर्चको मुख्य हिस्सा तलब भत्ता तथा सुविधामा जाने गरेको तथा पुँजीगत खर्चको महत्वपूर्ण हिस्सा सम्बन्धित मन्त्रालयको कार्यालय वा अन्य पूवाधार निर्माणका लागि विनियोजन भएकोले आर्थिक विकासलाई सहजीकरण गर्नेगरी पुँजी निर्माणमा मन्त्रालयगत बजेटको न्यून योगदान रहनसक्ने देखिन्छ।

## २.४.७. आर्थिक बृद्धि र सार्वजनिक खर्च

कोशी प्रदेश सरकारले प्रथम आवधिक योजना मार्फत् कृषि क्षेत्रमा वार्षिक औषत ५.६ प्रतिशत र गैर कृषि क्षेत्रमा ११.५ प्रतिशतको मूल्य अभिबृद्धि वा आर्थिक बृद्धि हाँसील गर्ने लक्ष्य राखेको छ। यो लक्ष्य प्राप्त गर्नका लागि सार्वजनिक क्षेत्रबाट वार्षिक करिव १ खर्ब ११ अर्ब, निजी क्षेत्रबाट वार्षिक १ खर्ब ५५ अर्ब, सहकारी क्षेत्रबाट करिव १६ अर्ब र सामुदायिक क्षेत्रबाट ५ अर्ब ६९ करोड लगानी हुने प्रक्षेपण गरिएको छ। प्रक्षेपित बजेटलाई आधार मान्दा अपेक्षित सर्वजनिक खर्चको करिव ४० प्रतिशत प्रदेश सरकारले लगानी गर्ने र बाँकी

संघीय र स्थानीय सरकारबाट खर्च हुने अपेक्षा गरेको देखिन्छ । यस आधारमा प्रदेश सरकारले कृषि क्षेत्रमा वार्षिक कम्तिमा ५ अर्ब र गैर कृषि क्षेत्रमा कम्तिमा ३९ अर्ब ५० करोड लगानी गर्नुपर्ने देखिन्छ । हालको प्रादेशिक बजेटको आकार र अपेक्षीत लगानीको विचमा ठूलो अन्तर नदेखिएता पनि बजेटको ठूलो हिस्सा प्रशासनीक खर्चमा जाने तथा कृषि क्षेत्रमा वार्षिक करिव २ अर्ब र गैर कृषि क्षेत्रमा २५ अर्ब वा सो भन्दा कम खर्च हुने अवस्था विद्यमान रहेकोले प्रदेशको सार्वजनिक खर्चले आर्थिक बृद्धिमा उल्लेख्य योगदान गर्न सक्ने देखिंदैन । त्यसैले आर्थिक बृद्धिका लागि कृषि तर्फ विनियोजन बढाउनु र कृषि तथा गैरिकृषि दुवै क्षेत्रमा खर्च गर्ने क्षमतामा व्यापक सुधार गर्नु आवश्यक देखिन्छ ।

## २.५. कोशी प्रदेशका आर्थिक गतिविधि

उपलब्ध आर्थिक अवसरहरूका आधारमा कोशी प्रदेशमा उल्लेख्य आर्थिक सम्भावना रहेको छ । व्यवस्थित औद्योगिक करिडोरहरू रहनु, उर्बर कृषि क्षेत्र र पर्यटकीय सम्भावना भएका भौगोलिक क्षेत्र, साँस्कृतिक विविधता, भारतसँगको सघन आवद्धता, चीनसँग सीमा जोडिनु र बंगलादेश, भूटानसँगको निकटता जस्ता तुलनात्मक लाभका कारण यो प्रदेशमा आर्थिक सम्भावना प्रचुर रूपमा देखिन्छ । औद्योगिक राजधानीको पहिचान बनाएको क्षेत्र रहेकाले यो प्रदेशमा उल्लेख्य सङ्ख्यामा उद्योग र व्यवसाय रहेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको आर्थिक गणना २०७६ अनुसार कोशी प्रदेशमा १ लाख ६८ हजार ३ शय ६१ उद्योग व्यवसाय रहेका छन् । यो नेपालमा रहका कुल उद्योग व्यवसाय सङ्ख्याको १८.२५ प्रतिशत हो । उद्योग व्यवसाय सङ्ख्याका आधारमा कोशी प्रदेश बाग्मतीपछि बढी सङ्ख्यामा उद्योग व्यवसाय रहेको प्रदेश हो । बाग्मतीमा कुल सङ्ख्याको ३०.६४ प्रतिशत उद्योग व्यवसाय रहेका छन् । कोशी प्रदेशमा रहेका उद्योग व्यवसाय मध्ये ४ हजार ४ शय ६ कृषिमा आधारित व्यवसाय, १९ हजार २ शय २३ वटा उत्पादनमूलक उद्योग र १ लाख ४४ हजार ७ शय ३२ सेवा सम्बन्धी फर्म, व्यवसाय वा प्रतिष्ठान रहेका छन् । कोशी प्रदेशमा रहेका उद्योग व्यवसायको जिल्लागत स्थिति तलको तालिकामा प्रस्तुत छ ।

**तालिकाः कोशी प्रदेशमा रहेका उद्योग व्यवसायको जिल्लागत स्थिति**

| जिल्ला | आर्थिक एकाई | | संलग्नता | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ताप्लेजुङ | ४,६५० | २.७६ | ११,५७३ | २.१३ |
| संखुवासभा | ६,०३८ | ३.५८ | १९,२२७ | ३.५३ |
| ताप्लेजुङ | ४,६५० | २.७६ | ११,५७३ | २.१३ |
| संखुवासभा | ६,०३८ | ३.५८ | १९,२२७ | ३.५३ |
| सोलुखुम्बु | ३५०८ | २.०८ | १९१३४ | ३.५२ |
| ओखलढुङ्गा | ४३४६ | २.५८ | २२०३१ | ४.०५ |
| खोटाङ | ४३०८ | २.५६ | ११३१४ | २.०८ |
| भोजपुर | ४,०७४ | २.४२ | १०,३६२ | १.९० |
| धनकुटा | ५९९७ | ३.५६ | १५८२० | २.९१ |
| तेह्रथुम | ३४१२ | २.०२ | ८९५५ | १.६५ |
| पाँचथर | ५४३७ | ३.२३ | १३५३४ | २.४९ |
| इलाम | ९६६१ | ५.७३ | २६८०४ | ४.९३ |
| झापा | ३८७८९ | २३.०२ | ११६८३७ | २१.४७ |
| मोरङ | ३५,२४७ | २०.९२ | १२७,८८७ | २३.५१ |
| सुनसरी | ३१५३६ | १८.७१ | ११२७०८ | २०.७२ |
| उदयपुर | ११५१५ | ६.८३ | २७८९३ | ५.१३ |
| जम्मा | १६८,५१८ | १००.०० | ५४४,०७९ | १००.०० |

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय

माथिको तालिकामा देखाइए अनुसार झापामा सबैभन्दा बढी उद्योग व्यवसाय (आर्थिक एकाई) रहेका छन् । मोरङ र सुनसरी त्यसपछि बढी सङ्ख्यामा उद्योग व्यवसाय रहेका जिल्ला हुन् भने इलाम र उदयपुरमा पनि उल्लेख्य सङ्ख्यामा आर्थिक गतिविधि रहेको देखिन्छ । बाँकी जिल्लाहरूमा उद्योग व्यवसायको सङ्ख्या न्यून रहेको देखिन्छ । आर्थिक गतिविधिमा संलग्न जनसङ्ख्या भने सबैभन्दा बढी मोरङमा देखिन्छ भने झापा र सुनसरी क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन् ।

उद्योग व्यवसायको सङ्ख्या र संलग्न जनसङ्ख्याको कोशी प्रदेशमा रहेका उद्योग व्यवसायलाई यातायात सञ्जालसहितको प्रदेश नक्सामा तल प्रस्तुत गरिएको छ ।




**नक्सा २: प्रदेशको नक्सामा उद्योग व्यवसायको घनत्व**

माथिको नक्सामा देखिए अनुसार उद्योग व्यवसाय मुलतः तराईका जिल्लामा केन्द्रित रहेका छन् । तराईका जिल्ला बाहेक राष्ट्रिय राजमार्गको पहुँच पुगेका जिल्ला तथा आन्तरिक बिमानस्थल रहेका क्षेत्रमा पनि न्यून सङ्ख्यामा उद्योग व्यवसाय रहेको देखिन्छ । यसले यातायातका पूर्वाधारले आर्थिक गतिविधि प्रवर्द्धनमा पर्याप्त भूमिका खेल्न नसकेको देखाउँछ ।

### २.५.१. उद्योग व्यवसाय सङ्ख्या र संलग्नता

विभिन्न क्षेत्रका उद्योग व्यवसाय सङ्ख्या र तिनमा रहेको संलग्नता तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः उद्यम, व्यवसाय सङ्ख्या र संलग्नता**

| उद्योग व्यवसायको किसिम | सङ्ख्या | प्रतिशत | संलग्नता | प्रतिशत | औसत संलग्नता |
|---|---|---|---|---|---|
| कृषि | ४४०६ | २.६२ | २०४०९ | ३.७७ | ४.६३ |
| उत्पादनमूलक उद्योग | १९२२३ | ११.४२ | ९९१३९ | १८.२९ | ५.१६ |
| सेवा | १४४७३२ | ८५.९७ | ४२२५०२ | ७७.९५ | २.९२ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा देखाइए अनुसार सेवा क्षेत्रका उद्योग व्यवसायमा संलग्न जनसङ्ख्या सबैभन्दा बढी अर्थात् ४ लाख २२ हजार ५ शय २ जना छन् । कृषि क्षेत्रमा सबैभन्दा कम अर्थात् २० हजार ४ शय ९ जना संलग्न छन् । उत्पादनमूलक उद्योगमा ९९ हजार १ शय ३९ जना संलग्न छन् । कुल प्रतिष्ठान मध्ये कृषि उद्यमको सङ्ख्या २.६२ प्रतिशत मात्र रहेकोमा यस क्षेत्रमा ३.७७ प्रतिशतको संलग्नता रहेको देखिन्छ । ११.४२ प्रतिशतमा रहेको उत्पादनमूलक उद्योगमा १८.२९ प्रतिशतको संलग्नता रहेको छ। ८५.९७ प्रतिशत सङ्ख्यामा रहेका सेवा व्यवसायमा संलग्नता भने ७७.९५ प्रतिशत मात्र छ । यस आधारमा प्रति इकाई औसत संलग्नता उत्पादनमूलक उद्योगमा सबैभन्दा बढी अर्थात् प्रति प्रतिष्ठान ५.१६ रहेको छ भने सेवा व्यवसायमा सबैभन्दा कम अर्थात् २.९२ रहेको छ । कृषि उद्यममा औसत संलग्नता ४.६३ रहेको छ । यस आधारमा रोजगारी प्रवर्द्धनका लागि कृषि र उत्पादनमूलक उद्योगलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।

## २.५.२. कोशी प्रदेशमा पर्यटन व्यवसाय

करिब ८६ प्रतिशत उद्योग व्यवसाय रहेको सेवा क्षेत्रमा पर्यटन क्षेत्रका उद्योग व्यवसायको सङ्ख्या १७.५ प्रतिशत रहेको छ । यस पृष्ठभूमिमा कोशी प्रदेशका पर्यटन व्यवसायको थप विश्लेषण यहाँ गरिएको छ । तथ्याङ्क विभागले गरेको आर्थिक गणना २०७६ अनुसार नेपालमा रहेका कुल १ लाख ३४ हजार ८ शय ३२ पर्यटन क्षेत्रमा व्यवसायिक प्रतिष्ठान मध्ये कोशी प्रदेशमा १८.६ प्रतिशत रहेका छन् । पर्यटन क्षेत्रका उद्योग व्यवसायमा ५६ हजार ७ शय ८२ जना संलग्न छन् । यस आधारमा पर्यटन क्षेत्रले बढी रोजगारी सिर्जना गर्ने दोस्रो ठूलो प्रदेश कोशी हो ।

### तालिकाः पर्यटन व्यवसायको जिल्लागत स्थिति

| जिल्ला | अल्पकालीन आवास | | रेष्टुरेन्ट र मोबाइल खाना सेवा | | पेय पदार्थ सम्बन्धी | | ट्राभल एजेन्सी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| ताप्लेजुङ | २०२ | ६.४५ | २३९ | १.२३ | १४ | ०.५६ | २१ | ६.०७ |
| संखुवासभा | १७१ | ५.४६ | ४४५ | २.२९ | १३ | ०.५२ | ११ | ३.१८ |
| सोलुखुम्बु | ६५० | २०.७५ | ५४८ | २.८२ | १२ | ०.४८ | ७ | २.०२ |
| ओखलढुङ्गा | १९७ | ६.२९ | २७६ | १.४२ | ४ | ०.१६ | १४ | ४.०५ |
| खोटाङ | ३१३ | ९.९९ | १७२ | ०.८९ | १ | ०.०४ | २१ | ६.०७ |
| भोजपुर | २०० | ६.३८ | २५५ | १.३१ | ९ | ०.३६ | ५ | १.४५ |
| धनकुटा | १८० | ५.७५ | ८१७ | ४.२१ | ५८ | २.३३ | ० | - |
| तेह्रथुम | ७९ | २.५२ | २३७ | १.२२ | ७ | ०.२८ | २ | ०.५८ |
| पाँचथर | १७८ | ५.६८ | ४१२ | २.१२ | २४ | ०.९७ | १३ | ३.७६ |
| इलाम | २५० | ७.९८ | ११४८ | ५.९२ | ५६ | २.२५ | ११ | ३.१८ |
| झापा | २४४ | ७.७९ | ४९६७ | २५.६० | ७७७ | ३१.२७ | ८७ | २५.१४ |
| मोरङ | १३५ | ४.३१ | ५०५१ | २६.०३ | ८६६ | ३४.८५ | ६५ | १८.७९ |
| सुनसरी | १८६ | ५.९४ | ४००४ | २०.६३ | ५८८ | २३.६६ | ५९ | १७.०५ |
| उदयपुर | १४८ | ४.७२ | ८३४ | ४.३० | ५६ | २.२५ | ३० | ८.६७ |
| **जम्मा** | **३१३३** | **१००.००** | **१९४०५** | **१००.००** | **२४८५** | **१००.००** | **३४६** | **१००.००** |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय

माथिको तालिकामा देखाइए अनुसार कोशी प्रदेशमा रहेका कुल २५ हजार ३ शय ६९ पर्यटन क्षेत्रका प्रतिष्ठान मध्ये सबैभन्दा बढी रेष्टुरेन्ट तथा खाना सेवा सञ्चालन गर्ने व्यवसाय रहेका छन् । अल्पकालीन आवास सेवा व्यवसाय त्यसपछि दोस्रो धेरै सङ्ख्यामा छन् । अल्पकालीन आवास सेवाको सङ्ख्या सोलुखुम्बुमा सबैभन्दा बढी देखिएको छ । अन्य पर्यटन व्यवसाय भने मोरङ, झापा र सुनसरीमा क्रमशः बढी सङ्ख्यामा रहेका छन् ।

### २.५.३. कृषि व्यवसाय

कोशी प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। करिब दुई तिहाई जनसङ्ख्या कृषिमा आवद्ध छ। पारिवारिक बाहेक कृषि क्षेत्रका आर्थिक एकाई भने सेवा र उद्योग क्षेत्रमा भन्दा न्यून सङ्ख्यामा रहेका छन्। कुल आर्थिक इकाईको ३ प्रतिशभन्दा कम अर्थात् कुल ४ हजार ४ शय ६ वटा कृषिमा आधारित आर्थिक इकाई यस प्रदेशमा रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको आर्थिक गणना प्रतिवेदन २०७६ मा उल्लेख छ। जसमा कुल २० हजार ४ शय ९ जना संलग्न छन्। जिल्लागत रूपमा कृषिमा आधारित उद्योग व्यवसाय सङ्ख्या र तिनमा संलग्न जनसङ्ख्या तलको तालिकामा प्रस्तुत छ।

**तालिका: कृषि व्यवसायको जिल्लागत स्थिति**

| जिल्ला | कृषि व्यवसाय सङ्ख्या | संलग्नता |
|---|---|---|
| ताप्लेजुङ | २८४ | ५४७ |
| संखुवासभा | ३९७ | १,७६२ |
| सोलुखुम्बु | ८३ | १,५५४ |
| ओखलढुङ्गा | १६८ | ३,७५५ |
| खोटाङ | ५०९ | ९५२ |
| भोजपुर | ३३५ | ४८४ |
| धनकुटा | ३८८ | ९८४ |
| तेह्रथुम | २५६ | ६०७ |
| पाँचथर | १०९ | ३७९ |
| इलाम | २२५ | १,५२८ |
| झापा | ४३६ | ४,०७९ |
| मोरङ | २९० | १,४८७ |
| सुनसरी | ३१८ | १,०७६ |
| उदयपुर | ९२ | २२० |
| **जम्मा** | **४०४** | **२०४०९** |


*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

उत्पादनमूलक उद्योग र सेवा उद्योग झापा, मोरङ र सुनसरीमा केन्द्रित रहेको देखिएता पनि कृषि सम्बन्धी प्रतिष्ठानको सङ्ख्या भने खोटाङ, झापा, संखुवासभा र धनकुटामा बढी देखिन्छ। ती प्रतिष्ठानमा संलग्न जनसङ्ख्या भने सबैभन्दा धेरै झापामा देखिन्छ भने ओखलढुंगा संलग्नताका आधारमा दोस्रो स्थानमा रहेको देखिन्छ। सोलुखुम्बु र उदयपुर कृषि प्रतिष्ठानको सङ्ख्या सबैभन्दा कम रहेका जिल्ला हुन्। ओखलढुंगा र सोलुखुम्बुमा कम सङ्ख्यामा कृषि व्यवसाय रहे पनि बढी सङ्ख्या तिनमा संलग्न रहेको देखिन्छ।

### २.५.४. उत्पादनमूलक उद्योग

कोशी प्रदेशको राजधानीका रूपमा रहेको मोरङको विराटनगर क्षेत्रलाई नेपालको औद्योगिक राजधानी मानिन्छ। यहाँ लामो इतिहास भएका र विशिष्ठ पहिचान बोकेका प्रशोधन उद्योग सञ्चालनमा छन्। खाद्य तथा पेय पदार्थका प्रशोधन उद्योग, टेक्साइल, सिमेन्ट, खानेतेल, जुट लगायतका प्रतिष्ठित उद्योग यस क्षेत्रमा रहेका छन्। विशेष औद्योगिक क्षेत्रका रूपमा पनि यो क्षेत्र सुचिकृत छ। मोरङ बाहेक झापा, सुनसरी, इलाम र उदयपुर उत्पादनमूलक उद्योग सञ्चालनमा रहेका अन्य प्रमुख जिल्ला हुन्।

आर्थिक वर्ष २०७७/०७८ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १७.७ प्रतिशत उद्योग क्षेत्रको योगदान रहेको छ भने त्यसको करिब आधा हिस्सा उत्पादनमूलक उद्योगको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको आर्थिक गणना २०७६ अनुसार १९ हजार २ शय २३ उत्पादनमुलक उद्योगमा ९९ हजार १ शय ३९ जना संलग्न छन्। कोशी प्रदेश उत्पादनमूलक उद्योगको सङ्ख्याका आधारमा दोस्रो ठूलो प्रदेश हो। यहाँ नेपालको कुल उत्पादनमूलक उद्योगको १८.६ प्रतिशत उद्योग रहेका छन्। प्रदेशमा रहेका उत्पादनमूलक उद्योगको जिल्लागत सङ्ख्या तलको चार्टमा देखाइएको छ।




**चार्ट ७: जिल्लागत रुमपा उत्पादनमूलक उद्योग सङ्ख्या**

माथिको तालिकामा देखाइए अनुसार झापा, मोरङ र सुनसरी उत्पादनमुलक उद्योग बढी सङ्ख्यामा रहेका प्रमुख ३ जिल्ला हुन् । यी ३ जिल्लामा मात्र कोशी प्रदेशका कुल उत्पादनमूलक उद्योगको ६१.४ प्रतिशत उद्योग रहेका छन् । इलाम र उदयपुर त्यसपछि उल्लेख्य सङ्ख्यामा उत्पादनमूलक उद्योग रहेका जिल्ला हुन् । अन्य जिल्लामा भने उत्पादनमूलक उद्योग न्यून सङ्ख्यामा छन् ।

आर्थिक वर्ष २०७७/०७८ सम्म उद्योग विभागमा दर्ता भएका कुल ८ हजार ४ शय ५४ उद्योग मध्ये कोशी प्रदेश मा ८ शय ८ अर्थात् ९.५६ प्रतिशत उद्योग रहेका छन् । यो बाग्मतीपछि दोस्रो धेरै उद्योग रहेको प्रदेश हो । बाग्मती प्रदेश (६६.५७ प्रतिशत) को तुलनामा भने यो प्रदेशमा निकै कम उद्योग दर्ता भएका छन् र विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा कोशी प्रदेशमा उद्योग स्थापना सङ्ख्यामा उल्लेख्य गिरावट आएको देखिन्छ । पछिल्लो ३ आर्थिक वर्षमा उद्योग दर्ताको जिल्लागत स्थिति तलको तालिकामा प्रस्तुत छ ।

**तालिका: उद्योग विभागमा उद्योग दर्ताको जिल्लागत अवस्था**

| जिल्ला | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|
| ताप्लेजुङ | ५ | २ | २ |
| संखुवासभा | २ | ३ | ३ |
| सोलुखुम्बु | ४ | २ | ४ |
| ओखलढुङ्गा | ० | ० | १ |
| खोटाङ | ० | २ | ० |
| भोजपुर | २ | १ | ० |
| धनकुटा | ० | ० | ० |
| तेह्रथुम | ० | ० | ० |
| पाँचथर | १ | ० | ० |
| इलाम | २ | ३ | ० |
| झापा | १५ | ६ | ६ |
| मोरङ | १४ | ६ | १० |
| सुनसरी | ११ | ५ | ६ |
| उदयपुर | ० | ० | ० |
| **जम्मा** | **५६** | **३०** | **३२** |

*स्रोत: उद्योग विभाग, २०७८*

माथिको तालिकामा प्रस्तुत गरिए अनुसार नयाँ उद्योग स्थापना पनि बढी सङ्ख्या उद्योग रहेका जिल्लामा नै भइरहेको देखिन्छ । पछिल्लो तीन आर्थिक वर्षमा झापा, मोरङ र सुनसरीबाट बढी सङ्ख्यामा उद्योग दर्ता भएका छन् । पछिल्लो ३ वर्षमा तेह्रथुम, धनकुटा र उदयपुरमा नयाँ उद्योग दर्ता नभएको देखिन्छ । सोही अवधिमा ओखलढुङ्गा र पाँचथरमा एक/एक वटा मात्र तथा खोटाङमा दुई वटा मात्र उद्योग स्थापना भएको देखिन्छ । कोभिड-१९ को प्रभाव बढी रहेको आर्थिक वर्ष २०७६/०७७ र त्यसपछिको वर्ष उद्योग दर्ता सङ्ख्या झण्डै आधामा सीमित भएको पनि तालिकामा देख्न सकिन्छ ।

## २.६. वैदेशिक व्यापार

नेपाल हरेक वर्ष ठूलो व्यापार घाटाबाट गुज्रिरहेको छ । आर्थिक वर्ष २०७३/०७४ देखि २०७७/०७८ को अवधिमा निर्यात र आयातको अनुपात ६.०८ देखि ८.७८ प्रतिशतमा सीमित रहेको भन्सार विभागको आँकडा रहेको छ । पछिल्ला वर्षहरूमा निर्यातमा केही सुधार भएको भए पनि व्यापार घाटा न्यूनिकरणमा योगदान हुने तहको सुधार हुन सकेको छैन । नेपालले मुलतः उपभोग्य बस्तु आयात गर्ने गरेको छ भने मूल्य अभिवृद्धिको सम्भावना भएका बस्तुको आयात न्यून छ ।

व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रको तथ्याङ्क अनुसार आयात रकमका आधारमा नेपालले आर्थिक वर्ष २०७७/०७८ मा आयात गरेका प्रमुख बस्तुहरूमा डिजल लगायतका पेट्रोलियम पदार्थको हिस्सा सबैभन्दा बढी रहेको छ । कच्चा भटमासको तेल, मोबाइल फोन, स्टिल र फलामका पाता, मुठा तथा क्वाइल, अर्ध प्रशोधित सुन, पूर्ण वा अर्ध प्रशोधित धान, औषधीजन्य बस्तु, मकै, पिना, कच्चा सूर्यमुखी तेल, कच्चा पाम तेल, गहुँ आदि रहेका छन् । यस आधारमा धान, मकै, गहुँ, तेलहन आदिको उत्पादन र उत्पादकत्व बढाउन सकेमा आधारभूत खाद्य बस्तुको आयात घटाउन सकिने देखिन्छ ।

भटमासको तेल, ऊनबाट तयार गरेका गलैंचा, पाम तेल, अलैंची, कालो चिया, जुटमा आधारित बस्तु, गार्मेन्ट उत्पादन, जुसको मिश्रण, जुटका झोला र बोरा, पोलिष्टर धागो, अन्य स्टेपल फाइबर, पिना, जडिबुटी, कुकुर र बिरालोको खाना (छुर्पी), स्टिल टेबल, र्‍याक लगायतका सामान, सुकाएका तरकारी आदि प्रमुख निर्यात हुन् । यसरी अलैंची, चिया, टेक्साइल, जुटमा आधारित उद्योग, छुर्पी आदि कोशी प्रदेशबाट निर्यात भइरहेका कृषि र औद्योगिक उत्पादन रहेको देखिन्छ ।

विराटनगर र मेची भन्सार हुँदै विगत पाँच वर्षमा भएको आयात र निर्यातको कुल योगको लेखाजोखा पनि यहाँ गरिएको छ । यी भन्सार बिन्दुबाट हुने वैदेशिक व्यापार मुलतः कोशी प्रदेशका लागि आवश्यक बस्तु वा कोशी प्रदेशमा उत्पादित बस्तु हुनसक्ने अनुमानका आधारमा यसलाई अध्ययनमा लिएको हो । तालिका २९ र ३० मा क्रमशः आयात र निर्यातको तथ्याङ्क प्रस्तुत गरिएको छ ।

**तालिकाः कोशी प्रदेशमा आयात हुने मुख्य बस्तु (रू १० लाखमा)**

| बस्तुको नाम | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | औसत |
| डिजेल | ११६४९ | १८०४७ | २०६५० | ८२९० | ५०६२ | १२७४० |
| एमएस बिलेट | ४६९७ | ७१७७ | १०३८६ | ९१५८ | १०११६ | ८३०७ |
| फलाम र अमिश्रित धातुका फ्ल्याट रोल्ड बस्तु | ४८४७ | ७७८५ | ८१६४ | ४६४६ | ५७५९ | ६२४० |
| बार र रड, हट रोल्ड | ५३३० | ६८७४ | ७४१३ | ४२१२ | ६६८७ | ६१०३ |
| कच्चा भटमासको तेल | २२३८ | २८९८ | २८५७ | ५१८५ | १४९०६ | ५६१७ |
| पेट्रोल | ३६०० | ५०८० | ६६२८ | ४९०३ | ६१५६ | ५२७३ |
| कोइला | ६४३८ | ७२७२ | ५७६० | २६६१ | २९४३ | ५०१५ |

| बस्तुको नाम | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | औसत |
| मकै | ३८५५ | ३९९३ | ३६४९ | ४९२९ | ५३८९ | ४३६३ |
| एल्पी ग्याँस | ३४९७ | ४६०५ | ५९४२ | ४७०७ | ० | ३७५० |
| पोली प्रोपाइलिन | २१८२ | ३०१० | ३२३३ | २७६५ | ३७९५ | २९९७ |
| कच्चा सूर्यमुखी फुलको तेल | १५२५ | २०६७ | २१५९ | ३१३९ | ५७८५ | २९३५ |
| जुट र अन्य टेक्स्टाइल फाइबर | २६६८ | २४६६ | २८४८ | २६१९ | ४०१३ | २९२३ |
| कच्चा पाम तेल | ११३४ | १०१३ | ३९६७ | ५६०८ | १५३७ | २६५२ |
| सिमेन्ट क्लिङ्कर | १४२४ | ४६८८ | ३३२५ | २१३६ | १४६४ | २६०८ |
| अमिश्रित जस्ता (जिङ्क) | २३२७ | ३१९१ | ३१४२ | १९५० | २१६९ | २५५६ |
| निश्चित ग्राभिटीयुक्त पोलिथिन | १३३७ | १९२६ | २०८५ | १८७५ | २४०२ | १९२५ |
| बाक्लो फ्ल्याट रोल्ड फलाम | ७४३ | १८९९ | १३२८ | २०२३ | ३१४८ | १८२८ |
| फ्ल्याट रोल्ड बस्तु, फलाम, अमिश्रित स्टिल | २०५२ | २४०१ | २९४२ | १२८५ | ३६७ | १८०९ |
| आंशिक वा पूर्ण रूपमा मिल्ड गरिएको धानको उत्पादन | २६७० | २३५४ | १९५२ | १३१४ | ० | १६५८ |
| शुद्धिकरण गरिएको तामाको तार | ९३३ | १४४० | १४७० | १४९६ | २४७९ | १५६४ |
| पोलिस्टरको सिन्थेटिक क्टेपल फाइबर | १३३४ | १६३३ | १७८८ | १२२० | १६९७ | १५३५ |

*स्रोतः नेपाल ट्रेड पोर्टल, मंसिर २०७८ (मेची र विराटनगर भन्सारको आयात तथ्याङ्क)*

माथिको तालिकामा देखाइए अनुसार विराटनगर र मेची भन्सारबाट आयात हुने प्रमुख बस्तुहरूमा औद्योगिक कच्चा पदार्थको बाहुल्यता रहेको देखिन्छ । कच्चा भटमासको तेल, कच्चा सूर्यमुखी फुलको तेल, मकै र जुट कृषिमा आधारित औद्योगिक कच्चा पदार्थ हुन् । प्लाष्टिक, फलाम र जस्ता सम्बन्धी उद्योगका कच्चा पदार्थ पनि यी भन्सार बिन्दुबाट आयात हुने बस्तुमा रहेका छन् । यी दुई बिन्दुबाट सबैभन्दा ठूलो परिमाणमा आयात भएको बस्तु भने पेट्रोलियम पदार्थ हो । प्रशोधित वा अर्थ प्रशोधित अवस्थाको चामल पनि आयात हुने प्रमुख २० वटा बस्तुमा पर्दछ । यसरी कृषिमा आधारित औद्योगिक कच्चा पदार्थ र उपभोग्य बस्तुको उत्पादन प्रवर्द्धन भएमा थप उत्पादनले स्वदेशी बजार सहजै पाउन सक्ने सम्भावना देखिन्छ ।

### तालिकाः कोशी प्रदेशबाट निर्यात हुने मुख्य बस्तु (रू. १० लाखमा)

| बस्तुको नाम | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | औसत |
|---|---|---|---|---|---|---|
| अलैंची | ३८६७ | ४८३३ | ४२६७ | ४०१० | ६८९५ | ४७७४ |
| भटमासको तेल | ० | ० | ८०६ | ४२४८ | १५६७३.१ | ४१४५ |
| फर्मेन्ट गरिएको कालो चिया | २२७४ | ६२०६ | ६१५३ | ५३२८ | ७२८७.७ | ५४५० |
| हाते वा जुटको धागो | १९३४ | २३२३ | २७४० | २८३९ | ३६८८.५ | २७०५ |
| पाम तेल | ० | ० | ४३४८ | ६६७३ | ०.४ | २२०४ |
| जुटको झोला र बोरा | १६४९ | २०९७ | २७५३ | २११० | २२९७.९ | २१८१ |
| स्ट्रिपबाट निकालिएको, बुनेको फाइब्रिक | १७५७ | १८३८ | २१२९ | १९४७ | २०६२.८ | १९४७ |
| पोलिष्टरको धागोको गुत्था | १४८५ | १६६६ | १५६४ | १४५६ | १०८७.८ | १४५२ |
| एकल वा ८५ प्रतिशत भन्दा बढी स्ट्यापल फाइबरयुक्त धागो | ९७५ | ९९४ | १४९० | ९९२ | २५०९.७ | १३९२ |
| मिश्रित धागोको गुत्था | ११२९ | १३५६ | १७७६ | १४६८ | १२२०.५ | १३९० |
| फलामको तार वा अमिश्रित स्टिल, प्लेटेड वा क्वाइल्ड | १६५१ | १९३१ | २१३८ | ६१६ | ३२२.२ | १३३२ |

### तालिका: कोशी प्रदेशबाट निर्यात हुने मुख्य बस्तु (रू १० लाखमा)

| बस्तुको नाम | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | औसत |
|---|---|---|---|---|---|---|
| फलाम वा अमिश्रित धातुका प्लेट वा क्वाइल | ७२८ | १७१३ | १८६९ | ५६२ | ३११.५ | १०३७ |
| पिना र सम्बन्धी ठोस पदार्थ | ७९६ | ८६५ | ८७५ | ७३४ | ८८८.१ | ८३२ |
| मुसुरो दाल | ३७४ | ९६७ | १२३४ | ९१३ | ५०७.४ | ७९९ |
| ब्रासको पात, पाता, टिफ्फ गरिएको क्वाइल | ७८४ | ८५० | ९३४ | ४७७ | ४४२.९ | ६९८ |
| चौडा, रोल्ड फलाम वा अमिश्रित धातु | ९९५ | ८१६ | ८३१ | ३८१ | २८२.६ | ६६१ |
| पास्ता | ६७२ | ४४६ | ३५८ | ३२५ | ४३३.१ | ४४७ |
| अम्रीसो | २१७ | ५३ | ४०६ | ५५७ | ६५८.८ | ३७८ |
| जुटको डोरी | ० | ५३४ | २४४ | ३४७ | ४६३ | ३१८ |

*स्रोत: नेपाल ट्रेड पोर्टल, मंसिर २०७८ (मेची र विराटनगर भन्सारको आयात तथ्याङ्क)*

माथिको तालिकामा देखाइए अनुसार कोशी प्रदेशका भन्सार बिन्दुबाट सबैभन्दा बढी मूल्यको निर्यात हुने बस्तु अलैंची हो । कृषिमा आधारित प्रमुख बस्तुमा चिया, रातो दाल (मुसुरो) र अम्रीसो रहेका छन् । त्यसबाहेक प्रशोधित र अर्ध प्रशोधित बस्तुको निर्यात प्रमुख रूपमा रहेका छन् । निर्यात हुने अधिकांश औद्योगिक बस्तु आयातित कच्चा पदार्थमा आधारित छन् । जुटमा आधारित उद्योगहरू समेत बाह्य कच्चा पदार्थमा आधारित रहेको तालिका २९ र ३० लाई एकसाथ अध्ययन गर्दा देख्न सकिन्छ । भटमास प्रदेशभित्र केही मात्रामा उत्पादन हुने भए पनि कच्चा भटमासको तेल आयात गरी प्रशोधित भटमासको तेल निर्यात गरिएको पनि दुईवटा तालिकाबाट देख्नि सकिन्छ ।

भन्सार विभागले प्रस्तुत गरेको अन्तर्राष्ट्रिय व्यापारको तथ्याङ्क अनुसार नेपालको कुल वैदेशिक व्यापार अन्तर्गत निर्याततर्फ विराटनगर र मेची भन्सारको हिस्सा आयातको तुलनामा ठूलो छ । नेपालको बाह्य व्यापारमा यी दुई भन्सार बिन्दुको हिस्सा तलको तालिकामा प्रस्तुत छ ।

### तालिका: नेपालको वैदेशिक ब्यापारमा कोशी प्रदेशमा रहेका भन्सार बिन्दुको हिस्सा (प्रतिशत)

| आयात | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|---|
| विराटनगर | ११.८९ | १२.२८ | १२.४५ | ११.०४ | १२.३२ |
| मेची | २.७७ | ३.०२ | २.७७ | २.७२ | २.८६ |
| **जम्मा** | **१४.६६** | **१५.३०** | **१५.२२** | **१३.७६** | **१५.१८** |
| **निर्यात** | | | | | |
| विराटनगर | २९.२१ | ३०.१८ | २९.४९ | ३२.९६ | २६.०५ |
| मेची | ६.६९ | ८.२७ | १०.२९ | ८.७५ | ८.९३ |
| **जम्मा** | **३५.९०** | **३८.४५** | **३९.७८** | **४१.७१** | **३४.९८** |

*स्रोत: भन्सार विभाग, २०७४-२०७८*

माथिको तालिकामा देखाइए अनुसार नेपालको कुल आयतमा कोशी प्रदेशका मेची र विराटनगर भन्सार बिन्दुबाट हुने आयातको अंश १३.७६ प्रतिशतदेखि १५.३० प्रतिशतसम्म रहेको देखिन्छ । निर्याततर्फ भने यी दुई बिन्दुले ३४.९८ प्रतिशतदेखि ४१.७१ प्रतिशतसम्म योगदान गरेको देखिन्छ । यसले कोशी प्रदेशको निर्यात सम्भाव्यता दर्शाउँछ ।

# अध्याय ३ गुणात्मक तथ्याङ्क विश्लेषण

## ३.१. परिचय

कोशी प्रदेशको आर्थिक वृद्धिमा बढी योगदान गर्नसक्ने बस्तु तथा सेवा पहिचान गर्ने क्रममा द्वितीयक स्रोतका विभिन्न तथ्याङ्क विश्लेषण गरियो । सो क्रममा कृषि क्षेत्रका केही उपक्षेत्र तथा बस्तुले कोशी प्रदेशको आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान गर्न सक्ने देखियो भने उद्योग र सेवा क्षेत्रभित्र पनि तुलनात्मक लाभ भएका केही क्षेत्रलाई आर्थिक वृद्धि सम्भाव्य क्षेत्रका रूपमा अघि बढाउन उपयुक्त हुने देखियो । यसरी पहिचान भएका बस्तुको उत्पादन र उत्पादकत्व वृद्धि तथा सेवालाई थप लाभदायक बनाउँदै मूल्य अभिवृद्धि र समग्र आर्थिक वृद्धिका लागि सरकारले के कस्तो रणनीति अबलम्वन गर्नुपर्छ भन्ने निष्कर्ष निकाल्नका लागि प्राथमिक सूचना सङ्कलनका विधिहरू अबलम्वन गरिएको थियो । यस अन्तर्गत कोशी प्रदेशको राजधानी विराटनगर तथा अन्य जिल्लाहरूमा परामर्श बैठक, केन्द्रित समूह छलफल तथा जानिफकार अन्तर्वार्ता गरिएको थियो । उल्लिखित विधि अबलम्वन गर्दा द्वितीयक तथ्याङ्क विश्लेषणका आधारमा पहिचान भएका कृषि, उद्योग र सेवा क्षेत्रका बस्तु तथा सेवामा आधारित रहेर गरिएको थियो । यस क्रममा ती बस्तु तथा सेवाको उत्पादन र मूल्य अभिवृद्धिका लागि भएका प्रयास, विद्यमान समस्या र समाधानका उपायमा आधारित रहेर खुला प्रश्न सहभागी माझ गरिएको थियो । परामर्श बैठकहरू एकमात्र विशिष्ठ बस्तु तथा सेवामा केन्द्रित नभई एक भन्दा बढी सम्भावनाका क्षेत्रमा रहेर गरिएको थियो । केन्द्रित समूह छलफल र जानिफकार अन्तर्वार्ता भने सामान्यतया: विशिष्ठ बस्तु तथा सेवामा आधारित रहेर सञ्चालन गरिएको थियो ।

## ३.२. परामर्श बैठकहरू

केन्द्रित समूह छलफल बाहेक विभिन्न चरणमा भएका परामर्श बैठकमा पनि कोशी प्रदेशका आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवाका सम्बन्धमा सरोकारवालाहरूको धारणा सङ्कलन गरिएको थियो । यसरी गरिएका परामर्श बैठकका विषय, स्थान र सहभागिता सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत छ ।

**तालिका: परामर्श बैठकका विषय, स्थान र सहभागिता सम्बन्धी विवरण**

| क्र सं. | अन्तरक्रियाको मुल विषय | स्थान | सहभागी सङ्ख्या | | सहभागी विवरण |
|---|---|---|---|---|---|
| | | | पु | म | |
| १ | कृषि क्षेत्रको सम्भावना र चुनौती | विराटनगर | १३ | २ | कृषि क्षेत्रका उद्यमी तथा व्यवसायीहरू |
| २ | उद्योग, वाणिज्य र पर्यटन | विराटनगर | १७ | ३ | उद्यमी व्यवसायीहरू |
| ३ | वित्तीय क्षेत्र | विराटनगर | ११ | १ | बैंक तथा वित्तीय संस्था तथा सहकारीका प्रतिनिधिहरू |
| ४ | कोशी प्रदेशको आर्थिक वृद्धिका सम्भाव्य बस्तु तथा सेवा | विराटनगर | २५ | ० | प्रदेश सरकारका मन्त्रालय, योजना आयोग, लगानी प्राधिकरण लगायतका प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधिहरू |
| | आर्थिक वृद्धिका लागि स्थानीय तहको सामुहिक प्रयास | इलाम | २२ | ५ | निजी क्षेत्रका प्रतिनिधिहरू, स्थानीय तहका प्रमुखहरू, प्राज्ञहरू लगायत |

| क्र सं. | अन्तरक्रियाको मुल विषय | स्थान | सहभागी सङ्ख्या | | सहभागी विवरण |
|---|---|---|---|---|---|
| | | | पु | म | |
| ५ | आर्थिक वृद्धिका लागि स्थानीय तहको सामुहिक प्रयास | विराटनगर | २५ | ६ | निजी क्षेत्रका प्रतिनिधिहरू, स्थानीय तहका प्रमुखहरू, प्राज्ञहरू लगायत |
| ७ | आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवा | नेपाल उद्योग वाणिज्य संघ, पाँचथर | १२ | २ | नेपाल उद्योग वाणिज्य संघ पाँचथरका प्रतिनिधिहरू |
| ८ | आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवाः अलैंची र पर्यटन | नेपाल उद्योग वाणिज्य संघ, ताप्लेजुङ | १६ | १ | नेपाल उद्योग वाणिज्य संघ पाँचथरका प्रतिनिधिहरू |
| ९ | आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवा | नेपाल उद्योग वाणिज्य संघ, पाँचथर | ८ | २ | नेपाल उद्योग वाणिज्य संघ पाँचथरका प्रतिनिधिहरू |
| १० | पर्यटन क्षेत्रको सम्भावना र चुनौती | इलाम | ५ | ० | स्थानीय तहका प्रतिनिधि तथा पर्यटन क्षेत्रका स्थानीय सरोकारवालाहरू |
| ११ | कृषि तथा पर्यटन क्षेत्रको सम्भावना र चुनौती | चैनपुर र मादी, संखुवासभा | ११ | ३ | स्थानीय तहका प्रतिनिधि तथा पर्यटन क्षेत्रका स्थानीय सरोकारवालाहरू |
| **जम्मा** | | | **१६५** | **२५** | |

परामर्श बैठकमा प्राप्त गुणात्मक सूचनालाई कृषि उद्योग र सेवा क्षेत्रको वर्गीकरण अनुसार क्रमशः प्रस्तुत गरिएको छ । परामर्श बैठक कुनै एउटा बस्तु विशेषमा केन्द्रित नभएकाले साझा विषय यहाँ प्रस्तुत छ ।

### ३.२.१. कृषि क्षेत्र

विभिन्न जिल्लामा भएका परामर्श बैठकमा कृषि उत्पादन विशेष मात्र नभई कृषि क्षेत्रको समग्र पक्षका बारेमा सहभागीहरूले आ-आफ्ना धारणा तथा सुझाव राख्नुभएको थियो । कोशी प्रदेशमा कृषि क्षेत्रले भोगिरहेको साझा समस्या पहिचान गरी तिनको समाधान पहिल्याउनेतर्फ केन्द्रित पूर्व संरचित प्रश्नावलीमा आधारित नभई खुला प्रकृतिका थिए । तिनको समाधानका उपाय पहिचानका लागि उपयोगी भएका थिए भने कतिपय बस्तु विशेषका समस्या र तिनको समाधानमा केन्द्रित थिए । मोरङ, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लामा भएका परामर्श बैठकका क्रममा व्यक्त धारणाहरूको सारसंक्षेप यस प्रकार छ ।

#### प्रमुख समस्याहरू

- पहाडबाट तराई बसाइँसराई गर्ने प्रवृत्ति पहाडमा कृषि पेशाको संरक्षण र उत्पादनको दिगोपन एउटा प्रमुख चुनौतीका रूपमा रहेको छ ।
- उत्पादनको बजारीकरण र मूल्य अभिवृद्धिमा रहेका समस्याले कृषि क्षेत्र आकर्षक क्षेत्रको रूपमा विकास हुन सकेको छैन । जसले गर्दा कृषि उत्पादनमा संलग्न हुने उत्प्रेरणा छैन । पूर्ण क्षमतामा कृषि उत्पादन हुन सकेको छैन र उपलब्ध सम्भावनाको सदुपयोग हुन सकिरहेको छैन ।
- विभिन्न तहका सरकार मार्फत् उपलब्ध गराइने कृषि अनुदानले केही सकारात्मक नतिजा ल्याएको देखिए पनि यस्ता कार्यक्रमको पहुँच र पारदर्शिताको पक्ष कमजोर छ । प्रक्रियागत झञ्झट र वास्तविक किसानलाई त्यस्तो अनुदान प्राप्तिमा सहजीकरण गरिदिने निकाय नहुँदा उनीहरू यस्ता कार्यक्रमबाट लाभान्वित हुन सकेका छैनन् । बैंक तथा वित्तीय संस्थामार्फत् परिचालन हुने सहुलियतपूर्ण कृषि कर्जा प्राप्ति पनि सहज छैन ।
- प्राङ्गारिक मल उत्पादनको अभ्यास बढ्दै गएको भए पनि रासायनिक मल र प्राङ्गारिक मलको उचित मिश्रण मार्फत् उत्पादित प्राङ्गारिक मलको बजार विस्तार र रासायनिक मलको मागमा संकुचन ल्याउनेतर्फ सरकारले आवश्यक पहल गर्न सकेको छैन । प्रदेशको कृषि मन्त्रालयले प्राङ्गारिक मल प्रवर्धनका लागि थालेका केही कार्यक्रमहरूले उल्लेखित उपलब्धी दिन सकिरहेका छैनन् ।

- रासायनिक मल किसानले समयमा नपाउने आम समस्या रहेको छ भने कृषि बालीतर्फ उपलब्ध रासायनिक र प्राङ्गारिक मल, बीउ, विषादी तथा पशुपालनतर्फ दाना, भिटामिन, औषधी आदिको गुणस्तर मापनको संस्थागत प्रबन्ध र अभ्यास सर्वसुलभ नहुँदा जोखिम रहेको छ ।

- कृषि बाली तथा पशुपालन क्षेत्रको उत्पादनको व्यवस्थापनमा समस्या रहेको छ । खाद्यान्न, तरकारी, नगदेबाली, फलफूल, दूध लगायतका कृषि उत्पादनको ग्रेडिङ, भण्डारण, व्यवस्थापन र बजारीकरण अन्तर सम्बन्धित हुने भएको व्यवस्थापनसँग सम्बन्धित समस्याका कारण यस्ता उत्पादनले पर्याप्त लाभ दिन सकिरहेको छैन ।

- जिल्लास्थित कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र एवं स्थानीय तहमा रहेका कृषि तथा पशुसेवा शाखामा जनशक्तिको सीमितता रहेको छ । कृषिमा व्यवसायीकरण नभइसकेको सन्दर्भमा सम्बन्धित किसानले स्वयं त्यस्ता प्राविधिक ज्ञान र सीप रहेका जनशक्ति राख्न सक्ने अवस्था बनिसकेको पनि छैन । त्यसले प्राविधिक सहायताको अवस्था कमजोर रहेको छ ।

- चिया, अलैँची, अदुवा जस्ता प्रदेशका निर्यात योग्य बस्तुको गुणस्तर प्रमाणीकरण केन्द्र प्रदेशभित्र नभएकाले भारत निकासीमा विभिन्न व्यवधान भोग्न परिरहेको छ । यस अतिरिक्त भारत बाहेकको बजार पहिचान र बजारको विविधिकरणमा राज्यबाट आवश्यक भूमिका निर्वाह हुन नसक्दा गुणस्तरीय नेपाली उत्पादन भारतीय उत्पादनको रूपमा बाहिर जाने गरेकाले नेपाली उत्पादनले अन्तर्राष्ट्रिय बजारमा पहिचान बनाउन सकिरहेको छैन ।

- अत्याधिक कृषि अनुदान र नविनतम् प्रविधि प्रयोगका कारण न्यून उत्पादन लागत र उच्च उत्पादन रहेका भारतीय कृषि बस्तुसँग नेपालको उत्पादनले लागत प्रतिस्पर्धा गरिरहनु परेको तथा गुणस्तरमा रहेको अन्तर मापन गर्ने संयन्त्र र विधि नभएको अवस्थामा अन्नबाली लगायतका कृषि उत्पादनले आन्तरिक बजारमा समेत भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था रहेको छ ।

- मल, बीउ, सिँचाइको उपलब्धता, भण्डारण, प्राविधिक सहायता र बजारीकरण कोशी प्रदेशका धेरैजसो कृषि उत्पादनको साझा समस्या रहेको छ । प्राथमिक उत्पादनको व्यवस्थापन, भण्डारण, ग्रेडिङ, ब्राण्डिङ, प्याकेजिङ, प्रशोधन आदिको माध्यमबाट मूल्य अभिवृद्धि आदि मार्फत् मूल्य अभिवृद्धिका लागि सरकार, उत्पादक तथा उद्यमीको बिचमा आधारभूत सहकार्य र समन्वयको अभाव रहेको छ ।

- प्राङ्गारिक उत्पादन, विषादी प्रयोग नभएको उत्पादन र रासायनिक मल प्रयोग नभएको उत्पादनका बिचमा रहेको व्यापक विभिन्नतालाई सामान्यकरण गरिएको र खानयोग्य बस्तुलाई प्राङ्गारिक भनी प्रचार गरिने हुँदा प्राङ्गारिक उत्पादनले प्राथमिकता पाएको छैन ।

- बजार सहजकर्ताहरू अर्थात् अनौपचारिक व्यापार व्यवसाय सञ्चालकहरूले कृषकको उत्पादनको बजारीकरणमा सकारात्मक भूमिका खेलिरहेको भए पनि यो क्षेत्रमा कमजोर नियमनको कारणले उत्पादक र उपभोक्ता मूल्यमा ठूलो अन्तर रहेको छ ।

- कोशी प्रदेशमा रहेका शित भण्डारहरू आवश्यक मापदण्डका छैनन् भने अपर्याप्त पनि छन् । यसले कृषि उपजको भण्डारण, बजारीकरण र मूल्य अभिवृद्धिमा समेत सकारात्मक प्रभाव परिरहेको अवस्था छैन । प्रदेशका झापा, मोरङ, सुनसरी, इलाम र उदयपुर बढी जनघनत्व भएका जिल्ला भएकोले दूध, मासु, फलफूल र तरकारीको प्रमुख आन्तरिक बजार पनि यिनै हुन् तर बाँकी जिल्लासँगको कमजोर यातायात सञ्जाल र ढुवानीमा कुनै पनि अनुदान तथा सहुलियत नहुँदा बाँकी जिल्लाले आन्तरिक बजारमा समेत यी बस्तु बेच्न सक्ने अवस्था छैन । प्रदेशको कृषि मन्त्रालय तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले ढुवानी साधनहरूमा सहयोग गरिरहेको भए पनि त्यो प्रयाप्त छैन ।

- भाडामा जग्गा लिएर व्यवसायीक खेती गर्न महँगो भाडा तिर्नुपर्ने र त्यसबाहेक मल, बीउ, प्राविधिक सहायता आदिको साझा समस्या पनि व्यहोर्नु पर्दा कृषिमा व्यवसायीकरण हुन सकेको छैन ।

- दुग्ध उत्पादनमा आत्म निर्भरतातर्फ उन्मुख भएको देखिएता पनि पशु नश्ल सुधारका कार्यक्रमको असफलताले उन्नत जातको गाई भैंसीमा बाह्य निर्भरता बढ्दै जाने जोखिम रहेको छ । पशु स्वास्थ्य सेवाको पहुँच कमजोर हुँदा जोखिम उच्च छ ।

### समाधानका उपायहरू

- कृषि क्षेत्रबाट आर्थिक वृद्धि हाँसिल गर्ने उद्देश्य भएका कार्यक्रमहरू तय गर्दा बसाइँसराइको पक्षलाई ध्यान दिइनुपर्छ । वर्तमान र भावी जनसङ्ख्याले जनशक्ति र बजार निर्धारण गर्ने भएकाले पहाडबाट तराई वा गाउँबाट शहरतिर बसाइँसराइ गर्ने प्रवृत्तिको विश्लेषण र प्रक्षेपण गरिनु आवश्यक छ ।

- व्यवसायिक कृषि प्रोत्साहनका लागि उत्पादनको बजार सर्वेक्षण तथा बजार व्यवस्थापनको पूर्व योजना गरिनुपर्छ । स्थानीय तह र प्रदेश सरकारले बजार अध्ययन गरी प्राथमिकता प्राप्त उत्पादन निर्धारण गर्नुका साथै बजारीकरणका लागि सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ ।

- संघीय सरकारले आफै वा प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरी कार्यान्वयन गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत् निर्धारण गरिएका सुपरजोन, जोन, ब्लक र पकेटका विशेष कार्यक्रमले सम्बन्धित क्षेत्रमा कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धनमा केही योगदान गरेको देखिन्छ । यसबाहेक अन्य विभिन्न तहबाट सञ्चालित कृषि अनुदानका कार्यक्रमको प्रभावकारिताको स्वतन्त्र लेखाजोखा गरी अनुदानको विधि र अभ्यासमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । उत्पादन परिमाण वा मूल्य अभिवृद्धिमा आधारित अनुदान एउटा विकल्प हुनसक्छ । प्राथमिक उत्पादकका लागि नभई कृषि उपजको प्रशोधन र बजारीकरणमा योगदान गरिरहेका उद्योग व्यवसायको पुँजिगत सुधारका लागि पनि सहुलितपूर्ण कर्जा तथा अनुदानको अवसर खुला गरिनुपर्छ । यसको सुरुवात प्रदेशको कृषि मन्त्रालयले गरेको छ । तर प्रदेश मन्त्रालयको बजेटको आफ्नै सिमा हुने हुदाँ यसलाई चाहिए अनुसार गर्न सकिएको छैन । यो कार्यका लागि सबैको सहकार्य आवश्यक रहेको छ ।

- प्राङ्गारिक मल उत्पादनलाई प्राथमिकता प्राप्त उद्योगका रूपमा अघि बढाउनुका साथै प्रदेशस्तरबाटै मलको गुणस्तर प्रमाणीकरण र सूचीकरण गरी किसानको सहज पहुँचमा उपलब्ध हुने व्यवस्था गर्नुपर्छ । कृषि उपजलाई बढी रासायनिक मल आवश्यक पर्ने र प्राङ्गारिक मलले रासायनिक मल प्रतिस्थापन गर्नसक्ने उत्पादनलाई वर्गीकरण गरी किसानलाई सुसूचीत गराउनु पर्छ ।

- रासायनिक मलको उपलब्धता सहज बनाइनु पर्छ । अनुदानको मल स्थानीय तहहरूका बिचमा वितरण गर्दा उत्पादनको किसिम, उत्पादनको क्षेत्रफल जस्ता मापदण्ड बनाएर व्यवस्थित गर्नुपर्छ । मल, बीउ, औषधी तथा पशुदाना, भिटामिन, औषधी आदिको गुणस्तर मापनको भरपर्दो संयन्त्र प्रदेश र आवश्यकता अनुसार जिल्लास्तरमा राखिनु पर्छ ।

- कृषि बालीको भण्डारण र व्यवस्थापनमा मुलतः किसानलाई तालिम र आधुनिक प्रविधिको उपलब्धता आवश्यक छ । गुणस्तर नियन्त्रण उत्पादन हुने स्थान अर्थात् खेत वा फर्मबाट सुरू गर्ने गरी तहगत गुणस्तर नियन्त्रणको पद्दति तय गरी कार्यान्वयन गर्नुपर्छ ।

- जिल्लास्थित कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताललाई सम्बन्धित कृषि तथा पशुपालन क्षेत्रको समस्या तथा सबालहरूको अध्ययन गर्ने तथा स्थानीय तहहरूको कृषि तथा पशु सेवा इकाईहरूको क्षमता वृद्धिमा केन्द्रित रहने विशिष्टकृत निकायका रूपमा अघि बढाउनु पर्छ भने त्यस्ता जिम्मेवारी बाहेकका प्रशासनिक जिम्मेवारी स्थानीय तहलाई नै हस्तान्तरण गरिनुपर्छ ।

- अलैंची, चिया, अदुवा, सुपारी जस्ता प्रदेशका निर्यात योग्य बस्तुको गुणस्तर निर्धारण र प्रमाणीकरणको प्रबन्ध गरिनुपर्छ । अलैंची, चिया तथा अदुवाको नेपाली ब्राण्ड र प्याकेजमा भारत बाहेकका देशमा समेत सिधा निर्यातका लागि संघीय सरकार मार्फत् कुटनीतिक पहलका लागि प्रदेश सरकारले पहल गर्नुपर्छ भने चिया, अलैंची, अदुवा, तरकारी लगायत निर्यातयोग्य बस्तुको भारतीय बजारमा पहुँच सुनिश्चित गर्न प्रदेश सरकारले पनि पहल गर्नुपर्छ ।

- मुलतः अन्नबाली, फलफूल र तरकारीको उत्पादकत्व अभिवृद्धि र प्रतिस्पर्धी क्षमता विस्तारका लागि कृषि अनुदान, आधुनिक खेती प्रणाली, उत्पादन व्यवस्थापन, बजारीकरण लगायतका विषयमा स्थानीय र भारतका सीमा क्षेत्रका सफल उदाहरणको अनुशरण गर्न सकिन्छ । त्यसका लागि प्रदेश सरकारले कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्छ । यस कार्यमा प्रदेश सरकारले स्थानीय तह, सहकारी र निजी क्षेत्रसँग प्रभावकारी समन्वय गर्नुपर्छ ।
- प्राङ्गारिक कृषि उपजको बारेमा पर्याप्त सचेतना किसान र उपभोक्ता दुबैमा आवश्यक छ । प्राङ्गारिक प्रमाणीकरण तथा ब्राण्डिङ गरी त्यस्ता उत्पादनको बजारीकरणका लागि बेग्लै मापदण्ड बनाउनु पर्छ ।
- अनौपचारिक रूपमा भइरहेका कृषि उत्पादनको व्यापारलाई व्यवसायी तालिम र प्रमाणीकरणका माध्यमबाट औपचारिक कारोबारको दायरामा ल्याई प्रोत्साहन तथा नियमन गरिनुपर्छ ।
- स्थानीय तह र निजी क्षेत्रसँगको समन्वयमा शीत भण्डार निर्माण र सञ्चालन गरिनुपर्छ । उत्पादन र बजारलाई जोड्ने र ढुवानीको लागत कम हुने गरी उत्पादन केन्द्र र बजार बिचको यातायात सञ्जाल व्यवस्थित गरिनुपर्छ ।
- जग्गा भाडामा लिने पद्दति सहज बनाइनुका साथै जग्गाको उचित भाडादर निर्धारण गरी कृषि व्यवसाय सञ्चालनमा स्थानीय र प्रदेश सरकारले सहजीकरण गर्नुपर्छ ।
- नश्ल सुधारको प्रभावकारिता प्रवर्द्धनका लागि सरकारले विशेष कदम चाल्नुपर्छ । पशु स्वास्थ्य उपचार फर्ममा नै गर्नुपर्ने हुँदा विशेषज्ञ र प्रविधिको पहुँच सुधार र विस्तार गरिनुपर्छ ।

### ३.२.२. उद्योग

परामर्श बैठकहरूमा उत्पादनमूलक उद्योगका समग्र पक्षमा सरोकारलाहरूले धारणा व्यक्त गर्नु भएको थियो । बैठकका क्रममा व्यक्त भएका उद्योगका प्रमुख समस्या र समाधानका विभिन्न सुझावहरू प्रस्तुत गरिएको छ ।

#### समस्याहरू

- उद्योग स्थापना र सञ्चालनमा विभिन्न प्रक्रियागत झञ्झट उद्योग क्षेत्रमा लगानी आकर्षित हुन नसक्नुको एउटा प्रमुख कारण रहेको छ । आयात घटाउने वा निर्यात बढाउन आवश्यक चाहिने औद्योगिक वातावरण निर्माण सरकारको नीतिगत, कार्यक्रमिक र व्यवहारिक प्राथमिकता बन्न सकेको छैन । उत्पादनमूलक उद्योगहरूको विकास र विस्तार रोकिएको छ ।
- लगानीकर्तालाई आकर्षिक गर्ने गरी नीतिगत र कानुनी प्रबन्ध गरिएको छैन । विद्यमान प्रकृयागत झञ्झण्टले गर्दा उद्योग स्थापना र सञ्चालनलाई निरुत्साहित गरेको छ । आयात गर्नुपर्ने औद्योगिक कच्चा पदार्थ, औजार तथा उपकरणमा रहेका अतिरिक्त शुल्कले उद्योग स्थापनाको लागत उच्च रहने गरेको छ ।
- उद्योगका लागि चाहिने यातायात लगायतका भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन नहुँदा पनि औद्योगिक वातावरण निर्माणमा समस्या रहेको छ । उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालनसँग जोडिएका प्रक्रिया तथा सवाल सम्बोधन गर्ने एउटै विशिष्ट निकाय वा संयन्त्र छैन । सहायक सामग्री उत्पादन गर्ने उद्योगले निर्यात अनुमति नपाउने हुनाले पनि सम्भावना भएका त्यस्ता क्षेत्रमा पनि उद्योग स्थापना र सञ्चालन हुने अवस्था अवस्था छैन ।
- जारी औद्योगिक क्रियाकलापबाट वर्तमान यथास्थितिको निरन्तरता भइरहेको भए पनि आर्थिक वृद्धि हुने गरी उत्पादन वा मूल्य अभिवृद्धि हाँसिल हुने देखिँदैन । राज्यको लगानीको स्तर, औद्योगिक कच्चा पदार्थको उपलब्धता र कृषि क्षेत्रको विकासको स्तरले उद्योग क्षेत्रले आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्नसक्ने अवस्था छैन ।

- कृषिलाई उद्योगसँग आवद्ध गर्न सकिएको छैन । वर्तमान उत्पादनका आधारमा कृषिमा आधारित ठूला उद्योग स्थापना गर्न सकिने अवस्था छैन भने साना तथा मझौला उद्योग स्थापना पनि भइरहेका छैनन् । यसरी उद्योगको कृषिसँगको पृष्ठ सम्बन्ध कमजोर रहेको छ । बैंक तथा वित्तीय संस्थाहरूमा हुने तरलता अभावले पुँजीगत लगानीका लागि भरपर्दो स्रोतका रूपमा विकास हुन सकेको छैन । हरेक वर्ष अधिकांश समय बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्नै नसक्ने अवस्था भएकाले लगानीका लागि पुँजीको अभाव छ ।

- उद्योग स्थापनाका लागि जग्गा प्राप्ति असहज र जग्गाको मूल्य अत्याधिक हुँदा उद्योग स्थापनाको ठूलो हिस्सा जग्गामा नै लगाउनु पर्ने हुनाले नयाँ उद्योग स्थापना गर्नु त्यत्ति लाभदायक हुने अवस्था छैन । विद्युत आपूर्ति नियमित र भरपर्दो नहुँदा उत्पादनमूलक उद्योग सञ्चालन र उत्पादनको प्रकृतिका आधारमा उत्पादन भण्डारण र व्यवस्थापनमा समेत समस्या हुने गरेको छ ।

- नेपालमा औद्योगिक उत्पादनको लागत उच्च छ । उत्पादनका साधन महँगो र प्राप्तिमा कठिनाई छ । त्यसैले आयातमा बन्देजहरू भएका उद्योग वाहेक अन्य उद्योगमा गरिने लगानी लाभदायक छैन । बैंक तथा वित्तीय संस्थाबाट तरलता अभावका कारण अधिकांश समय कर्जा प्रवाह नहुने भएकाले चालु पुँजीको अभावबाट समेत उद्योगहरू प्रभावित हुने अवस्था छ । कर्जा प्रवाहको सन्दर्भमा वित्तीय संस्थाको नियमन कमजोर हुँदा उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाहमा समस्या देखिएको छ ।

### समाधानका उपायहरू

- उद्योग स्थापनाका सबै प्रक्रिया एउटै बिन्दु वा कार्यालयबाट सम्पन्न हुने गरी त्यस्तो कानुनी र संस्थागत प्रबन्ध हुनुपर्छ । संघीय सरकारको कार्यक्षेत्रमा पर्ने विषय समेत प्रदेशस्तरको सो कार्यालयमार्फत् तोकिएको समयावधिमा पूरा हुने गरी समयसीमा सहितको विधि निर्धारण हुनुपर्छ ।

- औद्योगिक कच्चा पदार्थका रूपमा आयात हुने कृषि बस्तुमा आयात शुल्क लगाउनु उपयुक्त होइन । कृषि उत्पादन र कृषिमा आधारित उद्योगलाई प्राथमिकता दिइनुपर्छ । बाह्य कच्चा पदार्थ आयातीत उद्योगको दिगोपनमा समस्या रहेकोले स्वेदशी कच्चा पदार्थमा आधारित उद्योगले प्राथमिकता पाउनुपर्छ ।

- संघीय सरकारले लगाउने औद्योगिक उपकरणको आयातमा लाग्ने कर तथा शुल्क हटाउनु आवश्यक छ । एक भन्दा बढी किसिमका उपकरण आवश्यक पर्ने उद्योगका लागि चाहिने उपकरणमा लाग्ने कर तथा शुल्कमा रहेका विविधता हटाउनु पर्छ । आयातमा लगाइने करलाई आर्थिक वृद्धि र औद्योगीकरणको लक्ष्यमा आधारित बनाउनु पर्छ ।

- निर्यात योग्य बस्तु मध्ये चियाको गुणस्तर मापनका लागि अन्तर्राष्ट्रिय स्तरको प्रयोगशाला प्रदेशभित्र नै सञ्चालन गरिनु पर्छ । निर्यात भइरहेका अन्य उत्पादनलाई प्रशोधन, ब्राण्डिङ र प्याकेजिङ मार्फत् मूल्य अभिवृद्धि गरी निर्यात बढाउनु पर्छ ।

- तुलनात्मक लाभ भएका उत्पादनमूलक उद्योगमा लगानीको वातावरण बनाई कोशी प्रदेशको सीमा जोडिएका मुलुकमा त्यस्ता बस्तु निर्यातलाई प्राथमिकतामा राख्नुपर्छ । कृषि र उत्पादनमूलक उद्योगको अग्र र पृष्ठ सम्बन्ध विस्तार हुने गरी सरकारले नीति तथा कार्यक्रम तय गर्दै कार्यान्वयन गर्नुपर्छ ।

- कोशी प्रदेश काठमाडौं, नारायणघाट र पोखरा जस्ता शहरको लागि फिडर मार्केट भएकाले उत्पादित र आयातित बस्तुको भण्डारण लगायत बन्दोबस्तीका पूर्वाधार कोशी प्रदेशमा निर्माण गरिनुपर्छ । आन्तरिक र बाह्य व्यापारका लागि उपलब्ध यातायातका पूर्वाधारको अवस्था विश्लेषण गरी सोही अनुसार पूर्वाधार विकासका कार्य अघि बढाउनु पर्छ ।

- उद्योगका लागि जग्गा प्राप्ति सहज बनाउने, विशेष आर्थिक क्षेत्रलाई उद्योगको स्थापना र विकासमा सहयोग पुग्ने गरी सञ्चालन गर्ने, उद्योग स्थापना र सञ्चालनलाई सहज र झण्झटरहित हुने गरी नीति तथा कानुन बनाई कार्यान्वयन गर्नुपर्छ ।

- माग र आपूर्ति सहित बजार विश्लेषणका आधारमा सम्भाव्य लगानीका क्षेत्र पहिचान गरी सम्भावनायुक्त क्षेत्रमा उद्योग स्थापनाका लागि सहजीकरण गर्नुपर्छ । औद्योगिक सडकको बेग्लै मापदण्ड निर्धारण र कार्यान्वयन गरी कच्चा पदार्थ तथा उत्पादनको ढुवानीमा रहेका असहजता हटाइनु पर्दछ ।

- जग्गा प्राप्ति, उद्योग स्थापना र सञ्चालनमा संघ, प्रदेश र स्थानीय सरकार सबैले नीति तथा संस्थागत संयन्त्र मार्फत् लगानीकर्तालाई प्रोत्साहन र सहजीकरण गर्नुपर्छ । आवासीय क्षेत्रमा उद्योग र औद्योगिक क्षेत्रमा आवास दुबैका लागि चुनौती हुने भएकाले औद्योगिक क्षेत्रमा आवासीय र अन्य प्रयोजनका भवन निर्माणको अनुमति दिन बन्द गर्नुपर्छ । उद्योगका लागि विद्युत आपूर्ति सुनिश्चित हुने गरी पूर्वाधार स्तरोन्नती र आपूर्तिमा व्यापक सुधार गरिनुपर्छ ।

### ३.२.३. पर्यटन

विभिन्न जिल्लामा भएका सेवा क्षेत्रको परामर्श बैठक मुलतः पर्यटनमा केन्द्रित थिए । सो क्रममा ती क्षेत्रका प्रमुख सवाल र सुधारमा केन्द्रित रहेर सहभागीहरूले धारणा अभिव्यक्त गर्नु भएको थियो । यस अतिरिक्त पयर्टन क्षेत्रका विज्ञहरूसँग पर्यटन क्षेत्रका सम्बन्धमा प्रस्तुत धारणामाथि पृष्ठपोषण पनि प्राप्त गरिएको थियो ।

**प्रमुख सवालहरू**

- यस प्रदेशको तल्लो भेग र पहाडी भेगका लागि पर्यटन बजारमध्ये सबैभन्दा महत्वपूर्ण भारतीय पर्यटक हुन् तर भारतीय पर्यटकलाई यातायात अनुमति प्राप्तिमा रहेका जटिलता विभिन्न स्थानमा अनावश्यक चेकजाँच, पर्यटकलाई हुने अपमानपूर्ण व्यवहार, पाँच शय र दुई हजार दरका भारतीय मुद्राको प्रयोगमा रहेको नियन्त्रण आदिले गर्दा पर्यटन क्षेत्रको विकास पर्याप्त रूपमा हुन सकेको छैन ।

- बंगलादेशबाट भारतको बाटो हुँदै नेपाल आउने पर्यटकको नेपाल प्रवेश सहज नहुँदा प्रशस्त सम्भावना हुँदाहुँदै पनि यसबाट लाभ लिन सकिएको छैन । भारतले बंगलादेशका नागरिकलाई दुई पटक प्रवेश पाउने गरी दिइँदै आएको प्रवेश अनुमतिको व्यवस्था हटाएर एकपटक मात्र प्रवेश पाउने व्यवस्था गरिँदा उनीहरूलाई नेपाल आउन असहज भएको छ ।

- कोशी प्रदेशमा रहेका बिमानस्थलहरूले कोशी प्रदेशको पर्यटकीय गतिविधिमा योगदान गर्न सकेका छैनन् । बिमानस्थलबाट पर्यटकीय गन्तव्यहरू जोड्ने अन्य यातायातका पूर्वाधारको कमी रहेको छ ।

- सगरमाथा लगायत उच्च हिमाली श्रृंखला र अन्य धेरै अन्तर्राष्ट्रिय स्तरका पर्यटन गन्तव्य रहेको यो प्रदेशमा क्यासिनो, हिमाल आरोहण, पदयात्रा लगायतका मनोरञ्जनात्मक क्रियाकलापमा आधारित पर्यटन व्यवसाय सञ्चालन अनुमति प्रदेश तह वा संघीय सरकारको प्रादेशिक निकायबाट प्रदान नहुँदा अन्तर्राष्ट्रिय गन्तव्य तथा पर्यटकीय अवसरको लाभ प्रदेशले पाइरहेको छैन । काठमाडौंबाट पर्यटकको सबै भ्रमण नियन्त्रित भइरहेको छ । खुम्बु क्षेत्रको आर्थिक लाभ प्रदेशले लिन सकिरहेको छैन ।

- प्रदेशस्तरमा पर्यटन प्रवर्द्धनको विशिष्टीकृत निकाय छैन । पर्यटन प्रवर्द्धनको स्पष्ट नीति नहुँदा पर्यटन क्षेत्रको विकासले प्राथमिकता पाउन सकेको छैन । पर्यटकीय गन्तव्य धेरैवटा भए पनि त्यहाँ जाने पर्यटकका लागि खर्च गर्ने धेरै विकल्प नहुँदा आर्थिक वृद्धिमा पर्यटन क्षेत्रको योगदान अपेक्षित रूपमा गर्न सकेको छैन । पर्यटकीय गन्तव्यहरूका बिच र पर्यटन क्षेत्र र अन्य आर्थिक क्षेत्रका बिचको अन्तरसम्बन्ध प्रभावकारी नहुँदा पनि यो क्षेत्रले आर्थिक वृद्धिमा पर्याप्त भूमिका निर्वाह गर्न सकेको छैन ।

- स्वास्थ्य सेवा तथा व्यापारका लागि नेपाल आउने भारतीय पर्यटकलाई पर्यटकीय गन्तव्यसम्म लैजान सकिएको छैन । पर्यटन सेवाका लागि दक्ष जनशक्तिको अभाव र उपलब्ध जनशक्तिलाई पर्यटन क्षेत्रले उपयोग गर्ने अवस्था नहुँदा पर्यटक सेवाको गुणस्तरमा पर्याप्त कमी रहेका छन् ।

- सम्भाव्य आन्तरिक र बाह्य पर्यटकका माझ सगरमाथा बाहेक कोशी प्रदेशका पर्यटन गन्तव्यहरूको प्रचार प्रसारको कमी छ । सरकार र पर्यटन क्षेत्रका सरोकारवालाहरूका बिचमा सम्वाद, समन्वय र सहकार्यको कमी रहेको छ । यसैले पर्यटन क्षेत्रको समस्या पहिचान र प्राथमिकता निर्धारण उपयुक्त किसिमले हुन सकेको छैन ।

### सुधारका क्षेत्रहरू

- भारत, बंगलादेश, भुटान र आन्तरिक पर्यटकलाई मुख्य प्राथमिकतामा राखेर कोशी प्रदेश सरकारले पर्यटन प्रवर्द्धनको रणनीति र कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्छ। भारतीय पर्यटकलाई सम्मानपूर्वक बस्ने, भारतीय सवारी साधनमा निर्बाध घुमफिर गर्ने र पर्याप्त भारतीय मुद्रा ल्याएर नेपालमा खर्च गर्ने वातावरण बनाइनु पर्छ। भारत आउने बंगलादेशी नागरिकलाई नेपाल प्रवेश गर्न र फर्कन पाउने सुविधा दिने व्यवस्थाका लागि सरकारले भारत सरकारसँग कुटनीतिक प्रयास गर्नुपर्छ। बंगालादेशका नागरिकले नेपालको प्रवेशाज्ञा लिन काठमाडौं पुग्न नपर्ने व्यवस्था गर्नुपर्छ।
- सबै बिमानस्थलबाट पर्यटकीय गन्तव्य जोड्ने गुणस्तरीय पर्यटन सडक निर्माण गरिनुपर्छ। भद्रपुर वा विराटनगर बिमानस्थलको स्तरोन्नती र विकास मार्फत् क्षेत्रीय बिमानस्थलको स्वरूप प्रदान गरी कोशी प्रदेशबाट प्रमुख पर्यटकीय गन्तव्यको नजिक रहेका लुक्ला, ताप्लेजुङ लगायतका बिमानस्थलसम्म उडान हुने वातावरण बनाउनु पर्छ। साथै भारत, म्यानमार, तथा बंगलादेशका विभिन्न शहरबाट सिधा हवाई उडान हुने प्रबन्ध मिलाउनु पर्छ।
- कोशी प्रदेशमा राज्यको लगानीमा निर्माण भएका तर हाल सञ्चालनमा नआएका आन्तरिक बिमानस्थलहरूलाई साहसिक पर्यटन गतिविधि विकासका लागि नीजि क्षेत्रलाई उपयोग गर्न दिनुपर्छ।
- यातायात चालक, पथ प्रदर्शक, तथा हाइजेनिक खानपिनका लागि सेवा प्रदायकलाई प्रभावकारी तालिम नियमित रूपमा प्रदान गर्नुपर्छ।
- सगरमाथा आउने तेस्रो देशका नागरिकलाई कोशी प्रदेशका अन्य पर्यटकीय गन्तव्यसम्म जाने वातावरणका लागि पर्यटन प्याकेज निर्माण र प्रचारप्रसार गरिनु पर्छ। यसका लागि निजी क्षेत्रलाई प्रेरित गरिनु पर्छ। हिमाल आरोहण लगायत विभिन्न सासहिक र मनोरञ्जनात्मक क्रियाकलापको अनुमति प्रदेश तहबाट पनि उपलब्ध गराउने प्रबन्ध गरिनुपर्छ।
- प्रदेश सरकारले कोशी प्रदेशको पर्यटन विकासमा काम गर्ने विशिष्टीकृत स्वायत्त निकाय निर्माण गर्नुपर्छ। त्यस्तो निकाय मार्फत् पर्यटन क्षेत्रको अध्ययन, अनुसन्धान, नीति तथा रणनीति तर्जुमा लगायत पर्यटनसँग सम्बन्धित कार्यको सम्पूर्ण जिम्मेवारी लिने तथा संघ तथा प्रदेशका सम्बन्धित निकायसँगको समन्वयमा पर्यटक सेवालाई व्यवस्थित गर्नुपर्छ।
- पर्यटक सेवा र सत्कारसँग सम्बन्धित क्षेत्रमा गुणस्तरीय जनशक्तिको निर्माण र त्यस्ता जनशक्तिलाई रोजगारीको सुनिश्चितताका लागि सरकार र निजी क्षेत्रको साझेदारीमा जनशक्ति विकास कार्यक्रम कार्यान्वयन गरिनुपर्छ।
- विराटनगरमा आँखा अस्पताल उपचारार्थ आइरहेका भारतीय नागरिक र तिनका सहयोगीलाई तथा व्यापार प्रयोजनका लागि आउनेहरूलाई नजिकका पर्यटकीय गन्तव्यसम्म जाने कार्यक्रम निर्माण गरी स्वास्थ्यलाई पर्यटनसँग आवद्ध गर्नुपर्छ। पर्यटकीय क्षेत्र पहिचान, पर्यटन पूर्वाधार विकास तथा प्रचारप्रसारका कार्यमा सरकार र निजी क्षेत्रका बिच समन्वय र साझेदारी बढाउनु पर्छ।
- विराटनगरमा औद्योगिक संग्रहालय समेत बनाएर विराटनगरलाई औद्योगिक पर्यटनको राष्ट्रिय केन्द्रको रूपमा विकास गर्नुपर्छ। कोशी प्रदेशलाई नेपालको राजनीतिक परिवर्तनको उद्गम बिन्दुका रूपमा समेत थप आकर्षक पर्यटकीय गन्तव्य बनाउन सकिन्छ।
- पर्यटकीय गतिविधि, होटल लगायत पर्यटकीय पूर्वाधार विकासका लागि आवश्यक निजी र सार्वजनिक जग्गा भाडामा प्राप्त गर्न सकिने प्रबन्ध गरी पर्यटन क्षेत्रमा लगानीको वातावरण निर्माण गर्नुपर्छ।

- निजी क्षेत्रले होटल, केबलकार, पाराग्लाइडिङ लगायतका क्षेत्रमा लगानी गर्दा स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने कुराको प्रत्याभूति दिलाई यसमा स्थानीयको समर्थन प्राप्तिका प्रदेश र स्थानीय सरकारले सहजीकरण गर्नुपर्छ । बाह्य लगानीलाई स्थानीयले स्वागत गर्ने वातावरण बनाउन स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना तथा लगानीमा स्थानीय समुदायको समेत हिस्सेदारी हुने जस्ता उपयुक्त विकल्पमा सरकार, लगानीकर्ता र समुदायका बिचमा सम्बाद र सहकार्य गरिनु पर्छ ।

- प्रदेशले प्रमुख पर्यटकीय गन्तव्य र सो गन्तव्यसँग नजिकमा रहेका स्थानीय महत्वका गन्तव्यको नक्साङ्कन गरी ती स्थानसम्म यातायातको पहुँच र आधारभूत पर्यटकीय सेवाको उपलब्धताका लागि स्थानीय तह र निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्छ ।

- खर्च गर्ने क्षमता भएका गुणस्तरीय पर्यटक आगमन बढाउने तथा उनीहरूलाई गर्ने व्यवहार र सत्कार, बसोबासको प्रबन्ध, सुरक्षा समन्वय जस्ता क्षेत्रमा रहेका समस्या हटाउनु पर्छ । त्यसका लागि सरकार, निजी क्षेत्र र समुदायका बिच सहकार्य र समान बुझाई निर्माण गर्नुपर्छ ।

- सगरमाथा लगायत हिमाली क्षेत्रमा आरोहण तथा दृष्यावलोकनका लागि आउने पर्यटकको कोशी प्रदेशको अर्थतन्त्रमा सम्बन्ध नहुने अवस्था अन्त्य गरी अन्य पर्यटकीय गन्तव्यसम्म लैजानका लागि वैकल्पिक गन्तव्यको प्रचारप्रसार, खुम्बु तथा कञ्चनजङ्घा क्षेत्रसँगको अन्तरसम्बन्ध विस्तार गर्नुपर्छ ।

- बंगलादेश र भुटानबाट आउने पर्यटकलाई प्रवेशाज्ञा सहज बनाउन नेपाल सरकारसँग आवश्यक समन्वय प्रदेश सरकारले गर्नुपर्छ ।

- सडक पूर्वाधार सुधार गरी प्रदेश राजधानी तथा मुख्य बजार र प्रमुख पर्यटकीय गन्तव्य तथा सम्बन्धित प्रमुख गन्तव्यबाट सहायक गन्तव्यसम्मको यातायात सञ्जाल विस्तार र सहजीकरणका लागि प्रदेश र स्थानीय सरकारका बिच सहकार्य बढाउनु पर्छ ।

### ३.२.४. वित्तीय क्षेत्र

प्रदेशको राजधानी विराटनगरमा रहेका बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसँग गरिएको परामर्श बैठकमा वित्तीय क्षेत्रका सवाल तथा अन्य आर्थिक क्षेत्रसँगको अन्तरसम्बन्धमा केन्द्रित रहेर सुझाव सङ्कलन गरिएको थियो । यस क्षेत्रका प्रमुख सवाल र सुधारका सुझाव निम्नानुसार छन् ।

**प्रमुख सवालहरू**

- कृषिमा परिचालित हुने कर्जा जोखिमयुक्त रहेको छ । पर्याप्त उत्पादन नभएको वा विभिन्न कारणले बाली नष्ट भएको समयमा किसानको वैकल्पिक आम्दानी नहुने हुँदा साँवा र ब्याज तिर्न नसक्ने अवस्था छ । त्यसैले साना किसान सहुलियतपूर्ण ऋणको लाभ लिन सक्ने अवस्थामा छैनन् । नेपाल राष्ट्र बैंकको नीतिगत अस्थिरता र उत्पादनमूलक क्षेत्रमा प्रवाह गरिने कर्जाका सम्बन्धमा रहेका अस्पष्टताले कृषि र उद्योगमा अपेक्षित रूपमा कर्जा प्रवाह हुन सकेको छैन ।

- सर्वसाधारणमा वित्तीय साक्षरताको स्तर कमजोर हुँदा बचत गर्ने र ऋण लिने अभ्यास सामान्य बन्न सकिरहेको छैन । कोभिडपछिको अवस्थामा भैपरी आउने खर्चका लागि पहिले भन्दा बढी नगद साथमा नै राख्ने अभ्यास, सरकारी बजेट अन्तर्गत पुँजीगत खर्चको मुख्य हिस्सा आर्थिक वर्षको अन्त्यमा मात्र हुँदा अधिकांश समय बैंकमा तरलता अभाव हुने गरेको छ ।

- बैंकिङ प्रणाली बाहिर रहेर नगदमा आर्थिक कारोबार हुने हुने गरेको छ । बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा समेत अनौपचारिक क्षेत्रमा प्रवाह भइरहेको छ । औपचारिक भन्दा अनौपचारिक कारोबार बढी हुँदा नगद बैंकमा आउँदैन । जग्गाको वास्तविक कारोबार रकम र देखाउने रकमका बिचमा रहेको अन्तर, घरभाडा आम्दानी

र कर प्रयोजनका लागि देखाइने रकम बिचको फरक आदि पनि बैंकमा नगद जम्मा नहुनुका महत्वपूर्ण कारण हुन् । यसकारण आर्थिक गतिविधि बढाउने गरी वर्षभरि कर्जा प्रवाह गर्न नसकिने र ऋणको ब्याज उच्च हुने अवस्था छ र वृद्धिमा बैंक तथा वित्तीय क्षेत्रले सहजकर्ताको भूमिका निर्वाह गर्न सकिरहेको छैन ।

- बैंक तथा वित्तीय संस्थाबाट जुन प्रयोजनका लागि ऋण लिएको सोही प्रयोजनमा खर्च नगरी अन्यत्र खर्च गर्ने अवस्था छ । ऋण प्रवाहपछिको अनुगमनको उपयुक्त विधि नेपाल राष्ट्र बैंकबाट पनि निर्धारण भएको छैन । सहकारीहरूले आर्थिक मध्यस्थकर्ता तथा लगानीकर्ताको भूमिका निर्वाह गरिरहेको भए पनि सहकारीलाई लगानीकर्ताको रूपमा नीतिगत र संस्थागत सहयोग नहुँदा भूमिका सिमित छ । सहकारी र बैंक वित्तीय संस्थाका बिचमा बचत र ऋणको ब्याजदर तथा ऋण प्राप्तिको सहज र जटिल प्रक्रियाका कारण अस्वस्थ प्रतिस्पर्धाको अवस्था छ ।

**सुधारका क्षेत्र**

- नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड बमोजिम उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह गर्नमा रहेका जटिलता हटाउनु पर्छ । साँवा र ब्याज फिर्ता नहुने जोखिम न्यूनिकरणका उपाय पूर्व निर्धारित गर्नुपर्छ । स्थानीय सरकारहरूले पनि यसमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।
- वित्तीय साक्षरता बढाउन सबै तहका सरकारले भूमिका खेल्नुपर्छ । अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक क्षेत्रमा ल्याउन प्रभावकारी कदम चाल्नुपर्छ । सरकारले पुँजीगत खर्च बढाउने र समयमा नै खर्च गर्ने पद्दति र अभ्यास बसाउनु पर्छ । यसबाट बैंकमा तरलताको कमी हुन पाउँदैन, ऋण सहज र कम ब्याजदरमा प्रवाह हुन्छ र आर्थिक गतिविधि बढ्छ । कर्जा उद्देश्य अनुसार खर्च भएको सुनिश्चित गर्न बैंक तथा वित्तीय संस्थाले सक्दैन । त्यसका लागि प्रभावकारी अनुगमनका अन्य संयन्त्र हुनुपर्छ ।
- अनुदान र सहुलियत ब्याजदरमा ऋण पाउने पेशा र व्यवसायबारे सरकारले एउटै स्पष्ट नीति लिनुपर्छ ।
- सहकारीको अनुगमन र नियमन प्रभावकारी बनाई छवि सुधार गर्ने र उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने र सहकारी स्वयंले उद्योग व्यवसाय सञ्चालन गर्नमा सरकारबाट सहजीकरण हुनुपर्छ ।

## ३.३. समूह केन्द्रित छलफल र जानिफकार अन्तर्वार्ता

द्वितीयक तथ्याङ्क विश्लेषणका आधारमा प्रदेश सरकारको नीति तथा प्राथमिकता, कुल गार्हस्थ्य उत्पादनमा सम्बन्धित बस्तुको योगदान, ति बस्तुको मूल्य अभिवृद्धि दर, वैदेशिक व्यापारमा सम्बन्धित बस्तुको हिस्सा, बस्तु तथा सेवाको अग्र र पृष्ठ सम्बन्ध आदिको विश्लेषणका आधारमा अन्नबालीतर्फ चार वटा मसलाबालीतर्फ दुई वटा, फलफूलतर्फ दुई वटा तथा तरकारी र नगदेबालीतर्फ एउटा बस्तु आर्थिक वृद्धिमा तुलनात्मक रूपमा बढी योगदान गर्नसक्ने बस्तुका रूपमा पहिचान गरिएको छ । त्यसैगरी पशुपालनतर्फ दूध र मासुलाई तुलनात्मक लाभको क्षेत्रका रूपमा पहिचान गरिएको छ । पर्यटन र कृषि सामग्रीको थोक तथा खुद्रा व्यापारलाई प्रमुख आर्थिक सम्भाव्य सेवा क्षेत्रका रूपमा पहिचान गरिएको छ भने उद्योगतर्फ खाद्य प्रशोधन र टेक्सटाइल उद्योग तुलनात्मक लाभका क्षेत्रको रूपमा पहिचान गरिएको छ ।

यसरी पहिचान भएका बस्तु तथा सेवा मध्ये कृषि र सेवा क्षेत्रका बस्तु तथा सेवामा आधारित रहेर सम्बन्धित बस्तुको उत्पादन वा सम्भावना भएका क्षेत्रलाई आधार बनाएर कम्तीमा स्थानीय उत्पादक तथा प्रमुख सरोकारवालासँग छलफल गरिएको थियो । विशिष्टीकृत उत्पादन र सेवामा आधारित रहेर गरिएका केन्द्रित समूह छलफल गरिएका बस्तु तथा सेवा, स्थान तथा सहभागीको सारांश विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः केन्द्रित समूह छलफल गरिएका बस्तु तथा सेवा, स्थान तथा सहभागीको सारांश**

| क्र. सं. | छलफलको बस्तु/सेवा | स्थान | सहभागी सङ्ख्या | | सहभागी विवरण |
|---|---|---|---|---|---|
| | **कृषि** | | **पु** | **म** | |
| १ | धान | कचनकवल गाउँपालिका, झापा | ११ | ३४ | धान कृषक तथा कृषि सहकारीका प्रतिनिधिहरू |
| २ | मकै | बाह्रदशी गाउँपालिका, झापा | १६ | ७ | मकै कृषक र कृषि सहकारीका प्रतिनिधिहरू |
| ३ | गहुँ | गौरादह नगरपालिका, झापा | १८ | २ | स्थानीय कृषक र सहकारी संस्थाका प्रतितिनिधिहरू |
| ४ | आलु | कमल गाउँपालिका, झापा | १९ | ८ | आलु किसान र कृषि सहकारी संस्थाका प्रतिनिधिहरू |
| ५ | अलैंची | फुङलिङ नगरपालिका, ताप्लेजुङ | १० | २ | अलैंची किसान र व्यवसायीहरू, साना तथा घरेलु उद्योगका प्रतिनिधि |
| ६ | तरकारी | सिधुवा सहकारी, धनकुटा र दोरुम्बा सहकारी पाँचथर | १७ | ३ | तरकारी किसान र सहकारी संस्थाका प्रतिनिधिहरू |
| ७ | दूध र मासु | फुङलिङ नगरपालिका, ताप्लेजुङ र धनकुटा नगरपालिका, धनकुटा | ३० | १ | पशुपालक किसान तथा दुग्ध उत्पादक सहकारी संस्थाका प्रतिनिधिहरू |
| ८ | बंगुरपालन | धनकुटा नगरपालिका, धनकुटा | ८ | १ | पशुपालक किसान, बंगुर व्यवसायी |
| ९ | दुग्ध उत्पादन, प्रशोधन र बजारीकरण | बिर्तामोड, झापा | ३ | १ | सहकारी संस्थाका प्रतिनिधिहरू |
| १० | बाखापालन तथा बिक्री वितरण | पशु हाटबजार, धरान कृषि बजार | १२ | २ | खसी बाखा व्यवसायी, थोक बजारका प्रतिनिधि, मासु व्यवसायी |
| ११ | फलफूल र अदुवा | सहिद भूमि गाउँपालिका, धनकुटा | १५ | १ | फलफूल र अदुवा किसान, व्यवसायी |
| | **सेवा** | | | | |
| १०. | कृषि सामग्रीको थोक तथा खुद्रा व्यापार | कृषि थोक बजार, बिर्तामोड | ९ | ४ | विभिन्न किसिमका कृषि उपजको व्यापार व्यवसायमा संलग्न व्यवसायीहरू |
| ११. | कृषि सामग्रीको थोक तथा खुद्रा व्यापार | धरान कृषि बजार धरान, सुनसरी | ८ | ० | विभिन्न किसिमका कृषि उपजको व्यापार व्यवसायमा संलग्न व्यवसायीहरू |
| १२. | पर्यटन | सूर्योदय नगरपालिका, इलाम धनकुटा नगरपालिका, धनकुटा | २४ | ६ | स्थानीय जनप्रतिनिधि, पर्यटन व्यवसायी र अन्य पर्यटन सम्बद्ध सरोकारवालाहरू |
| | | **जम्मा** | **२००** | **७२** | |

परामर्श बैठक तथा केन्द्रित समूह छलफलबाट आएका विषयबस्तुको थप पुष्टिकरणका लागि विभिन्न क्षेत्रका सरोकारवालाहरूसँग जानिफकार अन्तर्वार्ता गरिएको थियो भने कतिपय क्षेत्रमा केन्द्रित समूह छलफलको विकल्पका रूपमा समेत जानिफकार अन्तर्वार्ता गरिएको थियो । जानिफकार अन्तर्वार्ताको सङ्ख्या र क्षेत्रको विवरण तलको तालिकामा प्रस्तुत छ ।

| विषय | अन्तर्वार्ता सङ्ख्या | | अन्तर्वार्ता गरिएका पक्ष र स्थान |
|---|---|---|---|
| | **पु.** | **म.** | |
| खाद्य प्रशोधन उद्योग | २ | - | खाद्य उद्योग महाप्रबन्धक, सुनसरी |
| टेक्स्टाइल उद्योग | २ | - | टेक्स्टायल उद्योग व्यवस्थापक, मोरङ रेश्म विकास केन्द्र, सुनसरी |
| कोदो | ३ | - | कृषि ज्ञान केन्द्र, कोदो उत्पादक तथा कृषक, कृषि शाखा प्रतिनिधि, खोटाङ |
| तरकारी | ३ | - | कृषक तथा सहकारी अभियन्ता, पाँचथर तरकारी व्यवसायी, मोरङ |
| अलैंची | १ | - | कृषि ज्ञान केन्द्र, ताप्लेजुङ |
| कृषि क्षेत्र (समग्र) | १० | ३ | कृषि ज्ञान केन्द्र, पाँचथर, तापलेजुङ, झापा, धनकुटा कृषि मन्त्रालय, विराटनगर, मोरङ पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, मोरङ, धनकुटा कृषि निर्देशनालय, मोरङ, धनकुटा |

| विषय | अन्तर्वार्ता सङ्ख्या | | अन्तर्वार्ता गरिएका पक्ष र स्थान |
|---|---|---|---|
| | पु. | म. | |
| केरा | २ | - | व्यवसायिक केरा उत्पादक, मोरङ |
| तेलहन (तोरी) | ३ | | |
| पर्यटन | ६ | १ | पर्यटन तथा संस्कृति मन्त्रालय, ट्राभल एण्ड टुर्स एजेन्सी प्रतिनिधि, होटेल तथा होमस्टे व्यवसायी, मोरङ, सुनसरी, धनकुटा |
| कृषिजन्य थोक व्यवसाय | १ | - | कृषिजन्य थोक व्यापार, बिर्तामोड |
| दुग्ध उत्पादन (डेरी) | ४ | - | डेरी उद्योग सञ्चालक, उत्पादन प्रमुख तथा व्यवस्थापक, झापा, मोरङ |
| **जम्मा** | **३७** | **४** | |

सहभागिता, एउटै क्षेत्रमा एउटै बस्तुका धेरै उत्पादक तथा सरोकारवालाको उपस्थिति नभएको जस्ता कारणले केन्द्रित समूह छलफल हुन नसकेको अवस्थामा जानिफकार अन्तर्वार्तालाई विकल्पका रूपमा प्रयोग गरिएको थियो भने संस्थागत तथा नीतिगत सन्दर्भको स्पष्टताका लागि साझा विषयमा समेत जानिफकार अन्तर्वार्ता गरिएको थियो ।

केन्द्रित समूह छलफल जानिफकार अन्तर्वार्ताका क्रममा व्यक्त धारणालाई गुणात्मक सूचनाको रूपमा तल क्रमशः प्रस्तुत गरिएको छ। सङ्कलित गुणात्मक सूचनालाई बस्तु तथा सेवाका आधारमा क्रमशः प्रस्तुत गरिएको छ भने एक भन्दा बढी बस्तुसँग सम्बन्धित सवाललाई अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत प्रस्तुत गरिएको छ।

बस्तु तथा सेवा विशेषमा रहेर गरिएको केन्द्रित समूह छलफल र जानिफकार अन्तर्वार्ता बस्तु उत्पादन, प्रशोधन, बजारीकरण एवं सेवा व्यापारका विभिन्न पक्ष तथा आयाममा केन्द्रित गरिएको थियो । छलफललाई व्यवस्थित बनाउन कृषि बालीतर्फ १३, पशुपालनतर्फ १२ र सेवा क्षेत्रका ९ वटा प्रश्न र जानिफकार अन्तर्वार्ताका लागि ७ वटा प्रश्न रहेको जाँच तालिका प्रयोग गरिएको थियो। यद्यपि छलफलका क्रममा आवश्यकता अनुसार कम वा बढी प्रश्नमा छलफल गरिएको थियो। यसरी केन्द्रित समूह छलफल र जानिफकर अन्तर्वार्ताका क्रममा प्राप्त गुणात्मक सूचनालाई केही मुल शीर्षकमा संश्लेषण गरी क्रमशः प्रस्तुत गरिएको छ।

### ३.३.१. कृषि क्षेत्र

#### १. सरकारको प्राथमिकता

कोशी प्रदेशका जिल्लाहरूमा कृषि ज्ञान केन्द्र तथा स्रोत केन्द्र स्थापना भएसँगै प्रदेश सरकार मार्फत् कृषि लक्षित विभिन्न कार्यक्रम सञ्चालनमा आएका छन् । संघीय सरकारको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका विभिन्न ब्लक विकास कार्यक्रम कृषि उत्पादन प्रवर्द्धनमा प्रदेश सरकार संलग्न छ। प्रदेशमा धान तथा मकैको राम्रो सम्भावना रहेकाले चैते धान, वर्षे धान तथा मकै सम्बन्धी प्रवर्द्धन कार्यक्रम सञ्चालित छन्। अलैंची तथा अदुवा जस्ता मसलाजन्य बस्तुको प्रवर्द्धनका लागि लक्षित जिल्लाहरूमा कार्यक्रम सञ्चालन भइरहका छन्। ड्रागोन फल, किवी, एभोकाडो जस्ता नयाँ जातका फलफूल तथा अमिलो जातको फलफूल प्रवर्द्धन कार्यक्रम पनि सञ्चालनमा आएको छ भने मौरीपालन प्रवर्द्धन कार्यक्रमको पनि विकास भई रहेको छ।

हालमा कोशी प्रदेशको १४ वटै जिल्लाहरूमा बृहत्तर बाखा उत्पादन कार्यक्रम सञ्चालन भइरहेको छ। कार्यक्रमले छानिएका प्रत्येक किसानलाई ५ माउ बाखा अनुदान दिएको छ । हाल सरकारको प्राथमिकता बाखापालन तथा खसीको मासु उत्पादन रहेको छ। त्यसैगरी भैंसी, बाखाको प्रजनन सुधार अनुसन्धान कार्यक्रम तथा घाँस काट्ने मेशिन अनुदान कार्यक्रम पनि सञ्चालनमा छन्।

## २. उत्पादन, बजारीकरण र मूल्य अभिवृद्धि

कृषि क्षेत्रमा गरिने लगानीको सुरक्षाको प्रत्याभूति नरहेकाले किसान तथा कृषि लगानीकर्ता व्यवसायिक कृषितर्फ आकर्षित हुन नसकेको सरोकारवालाहरूको धारणा रहेको पाइन्छ । कृषि बिमाको प्रावधान भएता पनि बिमा कम्पनीहरू कृषि बिमा गर्न उत्सुक नदेखिएको र वैकल्पिक लगानी सुरक्षाको प्रबन्ध नभएकाले पनि कृषिमा ठुला लगानीकर्ताको आकर्षण छैन । बीउ, बिजन तथा रासायनिक मल व्यवस्थापन कृषि क्षेत्रको सबैभन्दा चुनौतिपूर्ण समस्या रहेको छ । रासायनिक मलको खरिद गर्ने अनुमति संघीय सरकारलाई मात्रै भएको र प्रदेश सरकारले मल व्यवस्थापनमा भूमिका निर्वाह गर्न सक्ने अवस्था छैन । कृषि उपजको ह्याण्डलिङ्ग, प्याकेजिङ्ग तथा संरक्षण अभावका कारण ठूलो मात्रामा कृषि उत्पादनको क्षति हुने भएकाले खाद्य आपूर्ति श्रृंखलामा आवद्ध कृषक, बिक्रेता, प्रशोधनकर्ता तथा अन्य सरोकारवालालाई उचित तालिम तथा प्रशिक्षणको व्यवस्था गर्नु आवश्यक देखिएको छ । बीउ, बिजन तथा उत्पादित कृषिजन्य बस्तुको भण्डारणका लागि चिस्यान केन्द्रको स्थापना आवश्यक छ । यसका साथै चक्लाबन्दी खेती, उत्पादनको ग्रेडिङ, ब्राण्डिङ तथा लेबलिङ्ग, कृषि यान्त्रिकीकरण जस्ता क्षेत्रमा तालिम तथा सबै चरणमा प्रोत्साहन अनुदानले कृषि उत्पादन र बजारीकरणमा योगदान हुनसक्ने देखिन्छ ।

कृषि उपजको प्रशोधनले कृषिलाई उद्योगसँग जोड्न र अर्थतन्त्रमा उद्योगको योगदान बढाउन सकिन्छ । कोशी प्रदेशमा कृषि प्रशोधनका विभिन्न विकल्प तथा सम्भावना रहेका छन् । यसका लागि सरकारले निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राख्नु आवश्यक छ ।

पशुपालन क्षेत्रमा घाँस, दाना तथा आहाराको मूल्य र उपलब्धता जटिल भएको किसानको गुनासो रहेको छ । साथै पशुपन्छी सम्बन्धी रोग उपचार तथा नियन्त्रणका लागि आवश्यक पशु चिकित्सकको कमीले गर्दा पशुपालन क्षेत्रमा लगानीकर्ताको आकर्षण बढ्न सकिरहेको छैन । पशु उपचारका लागि चिकित्सक सम्बन्धित पशुपालन केन्द्र वा फर्ममा उपलब्ध हुनुपर्ने हुँदा पशु चिकित्सा सेवाको लागत पनि उच्च रहेको छ । पशुपालनमा प्रतिफल प्राप्त गर्न लामो समय लाग्ने भएकाले पनि पशुपालनतर्फ आकर्षण कम छ । यद्यपि व्यवसायिक पशुपालनको अभ्यास भने बढिरहेको छ । नश्ल सुधार कार्यक्रम सरकारको प्राथमिकतामा रहेता पनि यसको उचित कार्यान्वयन भने हुन सकेको छैन । मासुको प्रशोधन तथा स्थानीय परिकारका मासुको प्रचारप्रसारमा आवश्यक पहल हुन सके पशुपालन क्षेत्रको विकासमा सहयोग पुग्ने देखिन्छ । साना किसानलाई सहकारीसँग आबद्ध गरी उत्पादन र बिक्री वितरणमा सहकारीका तर्फबाट सहायता गर्न सके पशुपालन व्यवसाय विस्तार र लाभदायक हुने देखिन्छ ।

## ३. संस्थागत र नीतिगत प्रबन्ध

सरकारले कृषि तथा पशुपालन क्षेत्रलाई समेटेर विभिन्न अनुदानका कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ । यद्यपि, यस्ता अनुदानका कार्यक्रमको उपलब्धी भने अपेक्षित भन्दा निकै कम रहने गरेको पाइन्छ । अनुदानका लागि समावेश गर्नुपर्ने कागजात तथा प्रक्रिया किसानका लागि असहज र झन्झटिलो हुने हुँदा वास्तविक किसानले अनुदान प्राप्तिको प्रक्रियामा सहभागी हुन नसक्ने र कागजात पुऱ्याएर अनुदानका लागि छनोट हुने व्यक्तिले अनुदानको दुरूपयोग गर्ने गरेको सरोकारवालाहरूको धारणा रहेको छ । नगद अनुदानका कार्यक्रममा सहभागी हुन फर्जी कागजात पेश गर्ने प्रवृत्तिले जोखिम बढाएको छ । अनुदानका कार्यक्रमलाई लगानीका रूपमा नलिई आम्दानीका रूपमा लिने प्रवृत्तिले अनुदानको प्रभावकारितामा प्रश्न उठेको छ । त्यसैले अवस्था अनुसार अनुदानको विकल्पका रूपमा सहुलियतपूर्ण कर्जाको प्रबन्ध गर्नुपर्ने सरोकारवालाहरूको सुझाव रहेको छ । अनुदान प्राप्त गर्ने किसानले पाएको अनुदानको उपयोग र त्यसको निरन्तरताको लेखाजोखा एवं प्राविधिक सहायताले कार्यक्रम अवधिपछि निरन्तरता नपाउँदा पनि अनुदान उपलब्धीमुलक बन्न सकेको छैन ।

कृषि र पशुपालन हेर्ने जिम्मेवार निकायमा कर्मचारी तथा प्राविधिक जनशक्ति व्यवस्थापन सरकारको प्राथमिकतामा रहनुपर्दछ । माथिल्लो तहका पद रिक्त हुँदा वा कार्यालयमा अनुपस्थित हुदाँ तोकिएको जिम्मेवारी तल्लो तहका कर्मचारीले सम्हाल्नुपर्ने अवस्थाले प्रभावकारी सेवा प्रवाह हुन सकिरहेको छैन । कृषि तथा पशुपन्छी क्षेत्र लक्षित

नीति, नियम तथा कार्यक्रमको कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कनको अभ्यासमा सुधार आवश्यक छ। कृषि बस्तुको आपूर्ति श्रृंखलामा आवद्ध सरकार, व्यापारी, उद्योगी, किसान, नागरिक तथा अन्य सरोकारवालाको जिम्मेवारीमा स्पष्टता र अभ्यासमा सुशासन कायम गर्न सके यस प्रदेशमा कृषि तथा पशुपालन क्षेत्रको विकासको गति बढ्ने सरोकारवालाहरूको साझा धारणा रहेको पाइन्छ।

कोशी प्रदेशको आर्थिक वृद्धि सम्भाव्य विशिष्ठ कृषि उपजमा आधारित रहेर गरिएका केन्द्रित समूह छलफल र जानिफकार अन्तर्वार्ताको सारसंक्षेप क्रमशः प्रस्तुत गरिएको छ।

## क. धान

### १. उत्पादन

उन्नत बीउ, सिँचाइको अवस्थामा भएको केही सुधार र आधुनिक औजार र उपकरणको उपलब्धतामा भएको सुधारका कारण धानको उत्पादन पछिल्लो दशकमा बढेको छ। सहकारी र व्यक्तिगत तवरबाट जग्गा भाडामा लिएर धानको व्यवसायिक खेतीको अभ्यास पनि सीमित रूपमा सुरू भएको छ। संघीय सरकारले निर्धारण गरेका सुपरजोन तथा जोनहरूमा धान खेतीतर्फ किसान आकर्षित भएका छन्। चैते धान उत्पादन हुने क्षेत्र विस्तारले धानको समग्र उत्पादनमा वृद्धि भएको छ। यसका बाबजुद रासायनिक मलको उपलब्धता समयमा नहुने, कामदार प्राप्तिमा कठिनाई र उच्च ज्याला, उत्पादनको भण्डारण र बिक्री वितरणमा रहेका समस्या र न्यून मूल्य आदिका कारण अपेक्षित रूपमा धानको उत्पादन र उत्पादकत्व बढ्न सकेको छैन। कम उत्पादकत्व रहेका पहाडी भेगमा समेत धानको विकल्प नहुँदा प्रति हेक्टर औसत उत्पादकत्व कम छ। छिमेकी मुलुक भारतमा भइरहेको चक्लाबन्दी खेती, कृषि अनुदान तथा सुविधा, प्राविधिक सेवा, मल, बीउ, प्रविधि र उपकरण आदिका कारण नेपाली उत्पादनको प्रतिस्पर्धी क्षमता पनि न्यून रहेका कारण धानखेतीको दिगोपनामा चुनौती छ।

### २. बजारीकरण

बजारीकरण धानको सबैभन्दा ठूलो समस्या हो। भारतीय धान उत्पादकले पाउने अनुदान तथा सुविधाका कारण कोशी प्रदेशमा उत्पादन हुने धानको भारतीय धानसँग मूल्य प्रतिस्पर्धा गर्ने क्षमता छैन। त्यसैले स्वदेशी बजारको सीमित हिस्सा मात्र धानको बजार हो। बजारमा माग भएका धानका उत्पादन र उद्योगहरूले चाहेको परिमाणमा धान उपलब्ध हुन नसक्दा यहाँ उत्पादित धानले बजार र उचित मूल्य पाउन समस्या भइरहेको छ। भारतीय धानको मूल्य केही सस्तो भएता पनि ढुवानी लगायत खर्चका कारण लगतमा तात्विक भिन्नता नहुने भएपनि स्थानीय उत्पदकले आवस्यक परिमाणमा उद्योगलाई धान दिन नसक्दा स्थानीय उत्पादनले बजार नपाउने र स्वदेशी राइस मिलहरू भने भारतीय धानमा निर्भर हुने अवस्था छ।

चैते धान भित्र्याउने, सुकाउने र भण्डारण गर्ने समस्याले गुणस्तर कायम राख्न असहज हुँदा कम मूल्यमा बेच्नुपर्ने अवस्था छ। दुबै सिजनको धानको बजार सुनिश्चित छैन। धेरै परिमाणमा, मिलहरूले खोजे अनुसारको भारतीय धान पाइने हुनाले मिलहरूको प्राथमिकतामा भारतीय धान पर्ने गरेकाले स्थानीय धानको माग पक्ष कमजोर छ। बजारमा माग भएका जातहरू नहुँदा तथा पर्याप्त परिमाणमा नपाइने हुँदा मध्यस्थकर्ता व्यापारीहरूलाई उनीहरूले चाहेको मूल्यमा किसानले धान बेच्नुपर्ने अवस्था छ। धानको बढी उत्पादन हुने झापा मोरङ र सुनसरीमा उत्पादन केन्द्र नजिक ठूला धान मिल नभएको र भएका मिलको भण्डारण क्षमता समेत कमजोर हुँदा आवश्यक परिमाणमा धानको बिक्री गर्नसक्ने अवस्था रहेको छैन।

कृषि सहकारीहरूले मल वितरण, कृषि औजारको व्यवस्थित उपयोगमा सहजीकरण आदि काम गरिरहेको भए पनि बजारीकरणमा योगदान गर्न सकेका छैनन्। तराईमा हुने धानलाई पहाडी जिल्लाको मागसँग पनि जोड्न सकिएको छैन। पहाडका जिल्लामा तराईमा उत्पादित चामल जाने र स्थानीय धानले मूल्य नपाउने अवस्था विद्यमान छ। अनौपचारिक रूपमा धान खरिद र बिक्रीमा संलग्न मध्यस्थ नै उत्पादकका लागि प्राथमिक बजारका रूपमा रहेका छन्।

### ३. उद्योगसँगको सम्बन्ध

सामान्यतया धानको खुद्रा व्यापार हुने गरेको छैन । चामल, पिठो, ढुटो, भुस आदि धानबाट उत्पादन हुने औद्योगिक बस्तु हुन् । धानको मूल्य अभिवृद्धिको पहिलो चरण नै चामल उत्पादन वा मिलिङ हो । धानको जात र ग्रेडका आधारमा धान मिलले उत्पादन गर्ने चामलको ब्राण्डिङ, प्याकेजिङ आदि मूल्य अभिवृद्धिका माध्यम हुन् । धान खेती हुने प्रमुख क्षेत्रबाट नजिकमा मझौला तथा ठूला धान मिल नहुँदा मूल्य अभिवृद्धि न्यून मात्रामा रहेको छ । गुणस्तर प्रमाणीकरण, ब्राण्डिङ र प्याकेजिङ विना धानलाई चामलमा रूपान्तरणबाट स्थानीय बजारमा बिक्री गरिने चामलमा मूल्य अभिवृद्धि न्यून छ । चामल र पिठो बाहेक धानबाट हुनसक्ने खाद्य उद्योगका लागि स्थानीय धानको उपयोग सीमित देखिन्छ ।

### ४. सहायक पूर्वाधार र सेवा

धान उत्पादन बढी हुने तराई भेगको प्रमुख सिँचाइको माध्यम स्यालो ट्युबेल बन्ने गरेको छ । चैते धान उत्पादनको ठूलो सम्भाव्यता भएका तराईका जिल्लाहरूमा तत्काललाई स्यालो ट्युबेल र दीर्घकालका लागि नहर सिँचाइको विकास आवश्यक देखिएको छ । विद्युत आपूर्तिमा रहेका समस्या र खेतसम्म प्रसारण लाइनको अभावका कारण डिजल पेट्रोलबाट स्यालो ट्युबेलको मेसिन चलाउँदा प्रयोगको लागत धेरै बढी हुने गरेको छ ।

संघ, प्रदेश र स्थानीय सरकारहरूले कृषि आधुनिकीकरण परियोजना मार्फत् ट्याक्टर, ट्युबेल, धान झार्ने र सुकाउने मेशिन आदिमा दिएको अनुदानले किसानहरू लाभान्वित भइरहेको भए पनि यस्तो अनुदान सबैतिर छैन । सरकारको सुपरजोन, जोन, ब्लक र पकेट अन्तर्गत नसमेटिएका क्षेत्रमा सिँचाइको पूर्वाधार र प्रविधिको उपलब्धता कमजोर छ । धानको भण्डारणका लागि पूर्वाधारको अपर्याप्तता रहेको छ । अनुदानमा उपलब्ध गराइएको ड्रायरको पहुँच सीमित छ भने अनुदान प्राप्त गर्नेले पनि अनुदान अपर्याप्त भएको महशुस गरेका छन् ।

मल आपूर्ति र वितरणको अभ्यासमा आमुल परिवर्तन आवश्यक देखिएको छ । भारतबाट लुकिछिपी मल ल्याउने गरेको पाइएको छ भने यसरी ल्याइने मलको गुणस्तरमा पनि समस्या रहेको छ । धान कृषकमा प्राविधिक ज्ञान र सीपको कमी रहनु तथा स्थानीय तहबाट प्राविधिक सहयोगको सीमितता पनि समस्याका रूपमा रहेका छन् ।

### ५. संस्थागत र नीतिगत प्रवन्ध

जिल्ला स्थित कृषि ज्ञान केन्द्रहरूमा सीमित रूपमा रहेका कर्मचारीहरूको भूमिका पनि अनुदान वितरणको प्रशासनिक कार्यमा धेरै रहेको छ भने स्थानीय तहमा पर्याप्त रूपमा कृषि प्राविधिकको उपलब्धता छैन । अनुदानको सङ्ख्या सीमित र अनुदान प्राप्तिको प्रक्रिया जटिल हुँदा सहजीकरण आवश्यक पर्ने किसानले अनुदान प्राप्तिका लागि प्रतिष्पर्धा गर्न नसक्ने अवस्था छ । कमजोर संस्थागत क्षमताका कारण कृषि ज्ञान केन्द्र र स्थानीय सरकारहरूले अनुदान उपयोगको अनुगमन गर्न पनि नसक्ने हुँदा गलत व्यक्तिले अनुदान पाउने वा अनुदानको दुरूपयोग हुने जोखिम उच्च छ । त्यसले अनुदान वितरणको वर्तमान नीति र अभ्यासमा तत्काल सुधारको आवश्यकता देखिएको छ ।

सहुलियतपूर्ण कर्जा साना किसानको पहुँचमा छैन । व्यवसायिक कृषिमा संलग्न हुन चाहने व्यक्तिले पर्याप्त जग्गा एकमुष्ठ रूपमा लिनसक्ने गरी संस्थागत सहजीकरणको अभाव छ । कृषि सहकारीहरूले चामल उद्योग सञ्चालन गर्ने तथा बजारीकरणमा भूमिका निर्वाह गर्नसक्ने गरी आफ्नो क्षमता विकास गरेका छैनन् । धान खेतीमा निजी क्षेत्रको प्रवेश हुन नसकेको र चक्लाबन्दी खेती प्रवर्द्धन हुन नसक्दा उत्पादनको लागत उच्च भई प्रतिस्पर्धी क्षमता कम रहेको छ ।

## ख. मकै

### १. उत्पादन

सरकारले सूचीकरण गरेका बढी उत्पादकत्व भएका बीउको उपलब्धता, आधुनिक कृषि प्रणालीका बारेमा बढ्दो सचेतना, विभिन्न कार्यक्रम मार्फत् सञ्चालित साना सिँचाइका कार्यक्रम, संघ, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम मार्फत् अनुदानमा उपलब्ध गराएका कृषि औजार तथा उपकरणको पहुँचमा भएको सुधार तथा नजिकै भारतमा भएको मकै खेती विस्तार आदिका कारण हिउँदे मकैको क्षेत्रफल र उत्पादन बढिरहेको पाइयो । लामो र छोटो अवधिमा पाक्ने मकैको बीउ उपलब्ध हुने, धानखेती पछि तोरी वा आलुपछि र धानअघि रोप्न सकिने हुनाले तीन सिजन कमाई गर्न पनि सहज हुने हुनाले कोशी प्रदेशका तराईका जिल्लामा मकै खेती किसानहरूको लागि उपयुक्त नगदे बालीको रूपमा रहेको पाइयो ।

भारतका उन्नत जातका मकैको बीउ नेपालमा सूचीकृत भए पनि सहज उपलब्ध नभएको र महँगो भएको र नेपालमा सिफारिस र उत्पादन भएका सूचीकृत मकैको उत्पादकत्व औसत मात्र रहेकाले किसानले पर्याप्त उत्पादन गर्न सकेका छैनन् । मकै खेतीका लागि मल हाल्नुपर्ने समय निश्चित हुने भएकाले समयमा रासायनिक मल उपलब्ध नहुने हुँदा मकै खेती नराम्ररी प्रभावित हुने गरेका पाइयो । मकै सुकाउने प्रविधि सबैतिर उपलब्ध नभएको, व्यवसायिक खेतीका लागि जग्गा प्राप्ति र श्रमिकको उच्च लागतले आफ्नै खेतीमा किसान स्वयंले श्रम गर्ने अवस्था बाहेक परम्परागत मकै उत्पादन लाभदायक नहुने हुँदा तराईका केही जिल्लाहरू बाहेक व्यवसायिक मकै खेती बिस्तार हुन नसकेको किसानको अनुभव छ । विभिन्न अनुदान तथा सुविधा तथा बीउ, मल र प्रविधिको सहज पहुँचका कारण भारतीय मकैको उत्पादन र उत्पादकत्व अधिक र सस्तो हुने भएकाले भारतीय मकै सहज रूपमा नेपाल आउने अवस्था रहँदा नेपालमा परम्परागत मकै खेती लाभदायक नहुने देखिएको छ ।

### २. बजारीकरण

मकैको प्रशोधन, ग्रेडिङ, ब्राण्डिङ, प्याकेजिङ र बजार प्रवर्द्धन जस्ता व्यवस्थित बजारीकरणको अभ्यास छैन । दाना उद्योग लगायत प्रशोधन उद्योगमा सीमित परिमाणका कारण किसानले मकै बेच्ने अवस्था नरहेको र मकैको खरिद बिक्री गर्ने औपचारिक व्यवसायसँग पनि किसान प्रत्यक्ष सम्बन्ध रहेकाले मकै बिक्रीका लागि अनौपचारिक बजार मध्यस्थमा निर्भर हुनुपर्ने अवस्था छ । सानो परिमाणको उत्पादन र मकैमा रहेको आद्रताको मात्रालाई देखाएर बजार मध्यस्थकर्ताहरूले न्यून मूल्यमा मकै लिने गरेका छन् भने पछि तौल लिँदा नै ह्रास कट्टी गरेर हिसाब गर्ने अभ्यास छ । पशुपालनको अभ्यास बढिरहेकाले दानाको बढ्दो माग, दाना उद्योगहरू भारतीय मकैमा निर्भर रहेकाले आयात प्रतिस्थापनका लागि मकैको बजार विस्तारको सम्भावना भने छ । चिनी रोगका विरामीले चामलको विकल्पका रूपमा मकैको पिठो र च्याँख्लाको प्रयोग गर्ने भएकाले खाद्यान्नका रूपमा पनि मकैको बजार वृद्धि हुने अपेक्षा गरिएको छ । तर, ठूला दाना उद्योगका लागि भारतीय मकैको विकल्प बनाउनु नै बजार सिर्जना गर्ने मुख्य आधार हो ।

### ३. उद्योगसँगको सम्बन्ध

मकैको च्याँख्ला र पिठो, कर्नफ्लेक्स, पशु दाना आदि मकैमा आधारित प्रमुख औद्योगिक उत्पादन हुन् । कोशी प्रदेशका पहाडी जिल्लारूमा मकै मुलतः पिठो बनाउने र घरायसी प्रयोजनमा उपयोग हुने गरेको छ । तराई भेगमा भने घरायसी प्रयोजनबाहेक दाना उद्योगका लागि पनि मकै बिक्री हुने गरेको छ । यद्यपि मकैको व्यवसायिक खेती गरी दाना उद्योगको कच्चा पदार्थको प्राथमिक स्रोतको रूपमा मकै उपलब्ध गराउन सकेको अवस्था छैन । दाना उद्योगले मुलतः भारत र भारत हुँदै आउने बंगलादेशको मकैलाई कच्चा पदार्थका रूपमा प्रयोग गर्ने गरेका छन् । एउटै कृषकले ठूलो परिमाणमा मकै उत्पादन गर्न नसक्ने, परम्परागत तरिकाले मकै उत्पादन गर्दा उत्पादित मकैको उच्च लागतका कारण सस्तो दरमा उपलब्ध गराउन नसक्ने, उद्योगलाई आवश्यक परिमाणमा आन्तरिक उत्पादन उपलब्ध हुन नसक्ने जस्ता कारणले मकैको प्रशोधन उद्योगसँगको सम्बन्ध कमजोर पाइएको छ ।

## ४. सहायक पूर्वाधार र सेवा

झापा, मोरङ र सुनसरी जस्ता जिल्लाहरूमा जमिनमुनिको पानी तान्ने प्रविधि हालसम्म सिँचाइको उपयुक्त प्रविधि रहेको देखिन्छ। विद्युत आपूर्ति नियमित नहुने तथा कृषिलाई ध्यानमा राखेर प्रशारण लाइनको विकास नभएका कारण सबै खेतमा सिँचाइ सुविधा पुऱ्याउन कठिन छ। पहाडी भेगमा मकै खेती आकासे पानीमा निर्भर रहेको वा परम्परागत कुलोको मर्मत सम्भार र स्तरोन्नति स्थानीय तह मार्फत् गरी उत्पादनलाई निरन्तरता दिइरहेको देखिन्छ। जानिफकार अन्तर्वार्ता र केन्द्रित समूह छलफलमा पहाडमा सिँचाइका ठूला पूर्वाधारमा लगानी गर्नु अघि व्यवसायिक खेतीको सम्भावना र बसाइँसराइको अवस्थालाई ध्यान दिनुपर्ने धारणा व्यक्त भयो भने साना पूर्वाधार उत्पादनको वर्तमान र भावी अवस्था मूल्याङ्कन गरी स्थानीय सरकारले त्यसको जिम्मेवारी लिनुपर्ने आवश्यकता औंल्याइयो । तराईका जिल्लामा भने विद्युत आपूर्ति सुधार तात्कालिक प्राथमिकता र नहर सिँचाइ दीर्घकालीन आवश्यकता हुनुपर्ने धारणा उत्पादक तथा अन्य सरोकारवालाहरूको रहेको छ ।

व्यवसायिक मकै खेती र भारतीय बजारसँग प्रतिस्पर्धी क्षमता विकासका लागि भने मकै सुकाउने सुविधा तथा कम्तीमा ७५ प्रतिशत अनुदानमा मकै सुकाउने मेशिन सहकारी मार्फत् किसानलाई उपलब्ध गराउनु उपयुक्त हुने देखिन्छ। नेपाल सरकारको कृषि आधुनिकीकरण परियोजनामा समावेश ५० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर, मकै रोप्ने, छोडाउने, सुकाउने औजारको उपलब्धता रहेको भए पनि विभिन्न तहका सरकारको कार्यक्रमले नसमेटेका क्षेत्रमा यस्तो सुविधा छैन। औजार उपकरणमा दिइने अनुदानले समेटिने क्षेत्र विस्तार गर्ने बढी मूल्य पर्ने मकै सुकाउने मेशिन (ड्रायर) लाई कस्टम हायरिङको विधिबाट सञ्चालन हुने गरी न्यून लागत सहभागितामा समुदायस्तरमा उपलब्ध गराउनु आवश्यक देखिएको छ ।

## ५. संस्थागत र नीतिगत प्रबन्ध

कृषि ज्ञान केन्द्रबाट किसानले प्राविधिक सहयोग तथा परामर्श प्राप्त गर्न सक्ने अवस्था जनशक्तिको अभावले सहज नरहेको मकै उत्पादकहरूको अनुभव छ । मकै उत्पादन र मूल्य अभिवृद्धिको स्थानीय तहगत तथ्याङ्क सहित कृषि ज्ञान केन्द्रलाई कृषि सूचना सहितको सबल निकायको रूपमा विकास गरी अनुदान लगायतका सहायता स्थानीय तहबाट परिचालित हुने व्यवस्था गर्नुपर्ने आवश्यकता छ।

अन्य कृषि उत्पादन जस्तै मकै उत्पादक तथा सहकारीलाई दिइने अनुदान वितरणको वर्तमान अभ्यास पारदर्शी र प्रभावकारी नभएको सरोकारवालाहरूको ठम्याइ रहेकाले अनुदान सम्बन्धित नीति, कानुन र अभ्यासमा रहेका कमी कमजोरीको लेखाजोखा र सुधार आवश्यक देखिएको छ । स्थानीय तहमा रहेका कृषि प्राविधिकलाई पूर्ण रूपमा किसानलाई परामर्श, कृषि व्यवसायको सुपरिवेक्षण, अनुदानको प्रभावकारिता अनुगमन जस्ता कार्यमा लगाई अनुदान सम्बन्धी प्रशासनिक कार्यमा प्राविधिक जनशक्तिको संलग्नतालाई सीमित गरिनुपर्छ । स्थानीय तहको कृषि शाखा, जिल्लास्थित कृषि ज्ञान केन्द्र र प्रदेश सरकारका मन्त्रालय र विभागहरूको बिचमा संस्थागत समन्वय र सहकार्य प्रभावकारी बनाउनु पर्छ। बाली बिमा गर्ने र बिमा भुक्तानी पाउने विधि सरल बनाउन र बिमा सहभागिता बढाउन प्रत्येक स्थानीय तहमा बिमा सेवा उपलब्ध हुनु आवश्यक छ ।

भाडामा जग्गा लिएर व्यवसायिक मकै खेतीका लागि सहजीकरण स्थानीय तहबाट हुनुपर्छ। हाल स्थानीय तहहरूबाट भैरहेको रासायनिक मल वितरण कोटा र वितरण गर्ने अभ्यासले मलको उपलब्धता प्रयाप्त र सहज छैन । त्यसैले रासायनिक मल वितरण गर्दा उत्पादन हुने क्षेत्रफल र उत्पादन परिमाणमा आधारित बनाई कोटा निर्धारण गरेर स्थानीय तह, वडा तथा कृषि क्षेत्रका आधारमा वितरण गर्नुपर्छ।

## ग. गहुँ

### १. उत्पादन

कोशी प्रदेशमा गहुँको उत्पादन क्रमशः घटिरहेको छ । उत्पादनका लागि लाग्ने समय लामो भएका कारण दुई भन्दा बढी कमाई हुन नसक्ने, चैते धानको भन्दा कम उत्पादकत्व, रासायनिक मलको अत्याधिक आवश्यकता, धेरै नाइट्रोजन आवश्यक पर्ने कारणले माटोको उर्वरा शक्तिमा आउने गिरावट जस्ता कारणले गहुँ खेतीमा आकर्षण कम भइरहेको छ। त्यही सिजनमा हुने तोरी र हिउँदे मकैको तुलनामा कम लाभदायक देखिँदा गहुँको उत्पादनतर्फ आकर्षण कम भएको किसान र अन्य सरोकारावालाहरूको ठम्याई रहेको छ । यद्यपि भारतले गहुँको निर्यातमा बेलाबखत गर्ने नियन्त्रण, गहुँमा आधारित उद्योगका लागि कच्चा पदार्थ उपलब्धता तथा गहुँका परिकारको बढ्दो उपयोगलाई दृष्टिगत गरी गहुँको उत्पादन बढाउनेतर्फ सरकारले ध्यान दिनुपर्ने देखिन्छ ।

### २. बजारीकरण

चामलको विकल्पका रूपमा गहुँको प्रयोग बढिरहेकाले यसको आन्तरिक बजार बढिरहेको छ । गहुँको बिक्री अन्य अन्नबालीको तुलनामा सहज रहेको किसानको धारणा छ। यद्यपि उत्पादनका लागि लाग्ने समय, रासायनिक मलको बढी आवश्यकता र माटोको उर्वरा शक्ति कायम राख्न गर्नुपर्ने अरिरिक्त लागतका कारण गहुँ उत्पादनको लागत उच्च हुँदा चलन चल्तीको मूल्यमा गहुँ बिक्री गर्न लाभदायक देखिएको छैन । गहुँबाट उत्पादित चाउचाउ, पास्ता लगायतका औद्योगिक उत्पादन निर्यात समेत भइरहेको सन्दर्भमा गहुँको बजार विस्तारको सम्भावना भने उच्च छ।

### ३. उद्योगसँगको सम्बन्ध

आँटा, मैदा, चोकर, नुडल, पास्ता, बिस्कुट लगायत गहुँमा आधारित धेरै किसिमका साना, मझौला र ठूला उद्योग कोशी प्रदेशभित्र सञ्चलनमा रहेका छन् । गहुँमा आधारित यस्ता औद्योगिक उत्पादनको निर्यात समेत भइरहेको सन्दर्भमा गहुँको उद्योगसँगको अन्तरसम्बन्ध हुनसक्ने अवस्था विद्यमान छ । तर, गहुँमा आधारित मझौला र ठूला उद्योग आन्तरिक भन्दा भारतीय गहुँमा निर्भर हुँदा एकातिर गहुँ किसानले विकल्प खोज्ने र अर्कोतिर भारतले गहुँ निर्यातमा गर्ने कडाईका कारण औद्योगिक कच्चा पदार्थको अभाव हुने अवस्था विद्यमान छ । गहुँको उत्पादन लाभदायक नभएको अनुभूति सहित गहुँ किसान तोरी, हिउँदे मकै, धान जस्ता वैकल्पिक खेतीतर्फ आकर्षित भइरहेको अवस्थामा लाभदायक परिमाणमा गहुँको उत्पालन गरी उद्योगसँग आवद्ध गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ४. पूर्वाधार र सेवा

गहुँ खेतीका लागि बढी उत्पादकत्व भएका बीउको उपलब्धता, माटोको उर्बरता कायम राखी राख्न आवश्यक चुन तथा अन्य खनिज पदार्थ तथा कृषि औजारको उपलब्धता गहुँका लागि आवश्यक सेवा तथा सुविधा प्रदेश र स्थानीय सरकारले उपलब्ध गराउनु पर्दछ। गहुँ खेतीका लागि पनि परम्परागत कुलोको संरक्षण, तराई भेगका लागि विद्युतमा आधारित पम्पको सहुलियत मूल्यमा उपलब्धता र उत्पादन क्षेत्र निर्धारण र विद्युत, भण्डारगृह लगायतका पूर्वाधार निर्माणमा लगानी गर्नुपर्छ।

### ५. संस्थागत र नीतिगत प्रबन्ध

प्रदेश सरकारले गहुँलाई उद्योगसँग आवद्ध गरी प्रदेशभित्र उत्पादन हुने गहुँलाई औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग हुने वातावरण बनाउनु प्रदेश सरकारको नीतिगत प्राथमिकता हुनुपर्ने देखिन्छ । गहुँमा दिइने अनुदान तथा सुविधा गहुँ उत्पादनको आवश्यकता र लागतमा आधारित र विशिष्ठ बनाउनु पर्छ। उत्पादन परिमाणका आधारमा अनुदान दिने, कृषि औजार न्यून लागत सहभागितमा उपलब्ध गराउने र गहुँ खेती हुने क्षेत्रको माटोको पिएच आधारभूत स्तरमा कायम राख्न विशेष कार्यक्रम तय गरी लागु गरिनुपर्छ। जिल्ला स्थित कृषि ज्ञान केन्द्र र स्थानीय सरकार अन्तर्गतका कृषि शाखाको भूमिका स्पष्ट बनाई दुई एक अर्काको परिपुरकका रूपमा अघि बढाउनु पर्छ । प्राविधिक जनशक्तिको प्रशासनिक जिम्मेवारी सीमित गरिनुपर्छ ।

## घ. कोदो

### १. उत्पादन

प्रदेशका पहाडी जिल्लाहरू खोटाङ, धनकुटा, सङखुवासभा, ओखलढुङ्गा, भोजपुर र पाँचथर कोदो उत्पादन हुने प्रमुख जिल्ला हुन् । कोदो उत्पादन सबैभन्दा बढी खोटाङमा हुने गरेको छ । परम्परागत प्रविधिबाट घरायसी प्रयोगका लागि मात्र खेती गर्ने गरिएकोमा पछिल्लो समय उन्नत जातको कोदोको बीउ प्रयोग गरी

व्यवसायिक खेती पनि केही मात्रामा हुन थालेको छ । सामान्यतया परम्परागत प्रविधिबाट नै कोदो खेती गर्ने चलन अन्य कृषि बालीहरूमा जस्तो आधुनिक प्रविधिको विकास नहुनु, जनशक्तिको अभाव र खेती गर्ने अभ्यास कम हुँदै गएकाले कोदो खेती हुने जग्गा बाँझो रहने क्रम बढ्दो छ । यसकारण कोदो बालीको उत्पादन क्षेत्र र उत्पादन दुबै घटेको देखिन्छ । त्यसैगरी टनेलको प्रयोग गरी व्यवसायिक तरकारी खेती गर्ने क्रम बढिरहेकाले पनि कोदो लगायत अन्य रैथाने बालीहरूको खेती गर्ने क्रम घटिरहेको छ । संघ र प्रदेशका कृषि मन्त्रालय तथा कृषि सम्बन्धी अन्य सरोकारवालाहरूले कोदोको उन्नत जातका बीउहरूको विकास र आधुनिक प्रविधि प्रवर्द्धन गरी कृषि बालीमा जस्तै अनुदान लगायतका सुविधा उपलब्ध गराउन सकेमा कोदो उत्पादन बढ्न सक्ने देखिन्छ ।

### २. बजारीकरण

सीमित मात्रामा ढिँडो र रोटीका लागि प्रयोग भए पनि मुलतः घरेलु मदिरा बनाउन प्रयोग हुने हुँदा घर घरमा नै कोदोको खपत हुने गरेकाले धेरैजसो किसानहरूले बढी उत्पादन हुँदा मात्र नजिकको बजार लैजाने गरेको पाइन्छ । कोदो बिक्री गर्न सहज रहेको भए पनि तर लागत अनुसार मूल्य न्यून हुँदा बिक्रीबाट लाभ नरहेको किसानको अनुभव छ । पहाडी बस्तीहरूमा मकै, कोदो बिक्री गरेर चामल खरिद गर्ने चलन अझै पनि रहेको छ । नेपाली समाजमा कोदोको उपयोग गर्नेलाई गरिबीको प्रतीक मान्ने कुप्रचलन छ । कोदोको गुण अपहेलित हुँदा उपभोगमा वृद्धि हुन सकेको छैन । आइरनको महत्वपूर्ण स्रोत रहेको कोदोको उपयोगिताको प्रचार प्रसार हुन नसक्दा आन्तरिक बजार विस्तार र मूल्य वृद्धि नहुँदा अन्य अन्नबालीको जस्तो बजार माग छैन ।

### ३. उद्योगसँगको सम्बन्ध

सामान्यतया पहाडी भेगमा परम्परागत प्रविधिबाट घुसुवा (मकै बाली भित्र लगाउने) बालीको रूपमा लगाइने हुँदा व्यवसायिक कोदो खेतीको अभ्यास नगन्य छ । मानिसहरूले कोदोलाई अन्य खाद्यहरू जसरी रुचाउँदैनन् त्यसकारण औद्योगिक बस्तुको रूपमा धेरै कम प्रयोग हुने गरेको छ । कोदोको मूल्य अभिवृद्धिको माध्यम सफाई र पिठो तयारी हो भने घरेलु मदिरा निर्माण र बिक्री प्रशोधन अर्को माध्यमका रूपमा रहेको छ । पिठो, घरेलु मदिरा आदि कोदोबाट उत्पादन हुने औद्योगिक बस्तु हुन् । मिलले उत्पादन गर्ने कोदोको पिठोको ब्राण्डिङ, प्याकेजिङ आदि गरी साथै यसबाट बन्ने घरेलु मदिराहरू तुङ्बा र अन्य बेकरी आइटमहरू आदि मूल्य अभिवृद्धिका माध्यम हुन् । कोशी प्रदेशमा कोदोको लोकल रक्सीको व्यवस्थित उत्पादन र बिक्री वितरणका लागि पहल भए पनि हालसम्म यसमा उल्लेख्य प्रगति नभई बिक्री वितरण समेत बन्द रहेको छ । रक्सीको आधारभूत मापदण्ड पूरा गर्ने गरी साना तथा मझौला उद्योगको रूपमा रक्सी उत्पादन, ब्राण्डिङ, प्याकेजिङ र बिक्री वितरण गर्न सके यसबाट कोशी प्रदेशको आर्थिक विकासमा योगदान हुन्छ । त्यसका लागि परम्परागत सीप र आधुनिक प्रविधिको सन्तुलित उपयोग गर्नु आवश्यक छ ।

### ४. सहायक पूर्वाधार र सेवा

कोदो घरमै नै परम्परागत तरिकाले भण्डारण गर्ने चलन रहेको छ । पिठो र कोदोको रक्सीलाई मुल प्राथमिकतामा राखेर औद्योगिक उत्पादन विकास प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ । पिठोका सन्दर्भमा स्थानीय सहकारीहरूले सङ्कलन, प्रशोधन र प्याकेजिङ गरी बजारसम्म पठाउन सक्छन् । त्यसका लागि सहकारीको क्षमता विकास र पूर्वाधार निर्माणमा सहयोग गर्नु उपयुक्त हुन्छ । कोदोको रक्सी होटल तथा रेष्टुरामा बिक्री हुनका लागि त्यसको गुणस्तर मापदण्ड पुगेको हुनु अपरिहार्य छ । त्यसैले गुणस्तर मापन र बोटलिङका लागि अन्तर्राष्ट्रिय मापदण्डको पालना

आवश्यक छ। त्यसैले समुदायले रोजगारी तथा लाभमा हिस्सा पाउने गरी निजी क्षेत्रको लगानीमा रक्सी उद्योग खोल्नका लागि सरकारले सहजीकरण गर्नुपर्ने हुन्छ। त्यस्तो पूर्वाधारमा सार्वजनिक निजी साझेदारीको विधि अवलम्बन गर्नु उपयुक्त हुन्छ। कोदो यातायातको पहुँच नपुगेका क्षेत्रमा उत्पादन हुने गरेकाले कोदोको पकेट निर्धारण गरी त्यहाँसम्म कृषि सडकको पहुँच विस्तारका लागि विभिन्न तहका सरकारको सहकार्य आवश्यक छ। कोदोको उत्पादनलाई व्यवसायिक बनाउने बीउ र प्रविधिमा सुधारलाई पनि प्राथमिकता दिइनु पर्छ।

### ५. संस्थागत र नीतिगत प्रबन्ध

संघीय, प्रदेश र स्थानीय सरकारले रैथाने बाली प्रवर्द्धनको रूपमा कोदो खेतीलाई प्रोत्साहन गर्ने केही कार्यक्रम अघि बढाएका छन्। कोदोको उपभोग बढाउन स्थानीय सरकारहरूले पनि प्रवर्द्धनात्मक कार्यक्रम अघि बढाउनु पर्छ। कोदो खेती, रक्सी उत्पादन तथा अन्य प्रशोधन उद्योग आदिका सन्दर्भमा समुदाय, निजी क्षेत्र र सहकारीको भूमिका सहित प्रदेश सरकारको नीति स्पष्ट गरी औद्योगिक माग बमोजिम कोदोको व्यवसायिक उत्पादन प्रवर्द्धनका कार्यक्रम अघि बढाउनु आवश्यक छ।

जिल्लास्थित कृषि ज्ञान केन्द्रको भूमिका अनुदान वितरणको प्रशासनिक कार्यमा सीमित रहेको छ भने स्थानीय तहमा पर्याप्त रूपमा अन्नबाली विज्ञ तथा अन्य कृषि प्राविधिकको अभाव रहेको छ। यसमा सुधार आवश्यक छ। कोदोको लागि जोन, ब्लक, पकेट निर्धारण र सहयोग सहितको कार्यक्रमले कोदोको उत्पादन र उत्पादन क्षेत्र बढ्न सक्ने देखिन्छ। उन्नत जातको कोदोको बीउ विकास र कोदो खेतीको अभ्यासमा सुधार र आधुनिकीकरणका लागि सबै तहका सरकारको समन्वयात्मक प्रयास आवश्यक छ।

## ङ. अलैंची

### १. उत्पादन

अलैंची कोशी प्रदेश र नेपालकै सबैभन्दा महत्वपूर्ण मसला बालीको रूपमा रहेको छ। प्रदेशका ताप्लेजुङ, पाँचथर र सङ्खुवासभा अलैंची उत्पादन हुने प्रमुख जिल्ला हुन्। अलैंचीको उत्पादन कोशी प्रदेशमा हरेक वर्ष बढिरहेको छ। अलैंची खेती हुने क्षेत्र पनि विस्तार भइरहेको छ। आफ्नै जग्गामा अलैंची खेती गर्ने र अर्काको जग्गा अधियाँ वा भाडामा लिएर खेती गर्ने अभ्यास पनि रहेको छ। आधा आम्दानी वा उत्पादन जग्गाधनीलाई दिने शर्तमा खेती गर्ने किसानका लागि अलैंची सामान्य जीविकोपार्जनको माध्यम र अन्यका लागि भने राम्रो आम्दानीको विकल्प रहेको पाइएको छ।

पछिल्लो समय कतिपय क्षेत्रमा बोट डढ्ने र सुक्ने, सलह किराको प्रकोप, डाक्ला खाने किराको समस्या, गानो कुहिने जस्ता रोगका कारण उत्पादन नहुने वा भएको उत्पादन भित्र्याउन नपाउँदै नष्ट हुने अवस्थाले अलैंची किसान निरुत्साहित भएका छन्। बाँदर, भालु आदिले पनि अलैंची खाने वा नष्ट गर्ने गरेको पाइएको छ। रोगको कारण पहिचान र उपचार गर्ने प्राविधिक क्षमता सम्बन्धित निकायमा पनि नभएकाले अलैंची उत्पादनको दिगोपनलाई सम्बन्धित सरोकारवालाहरू चिन्तित रहेको पाइएको छ। समुन्द्री सतहबाट खेती गरिने स्थानको उचाईका आधारमा उपयुक्त जातको छनोट तथा अलैंचीको दिगोपनका सन्दर्भमा जोखिम रहेका र नरहेका क्षेत्र निर्धारण गरी सोही अनुसार अलैंची खेतीलाई प्रोत्साहन गर्नु आवश्यक देखिएको छ।

अलैंचीमा लाग्ने रोग फैलिन नदिन सम्बन्धित क्षेत्रमा अलैंची पूर्ण रूपमा नष्ट गरी केही समयपछि नयाँ बिरुवा रोप्नु आवश्यक रहेको किसानको अनुभव रहेको छ तर यस सन्दर्भमा थप अध्ययन गर्नुपर्ने देखिन्छ। एकपटक अलैंची रोपेपछि सामान्यतया तीन वर्षपछि मात्र उत्पादन दिन थाल्ने भएकाले रोग लागेका अलैंची रहेको क्षेत्र नष्ट गर्न किसान तयार छैनन्। अन्य उत्पादन सम्पूर्ण रूपमा हटाएर अलैंची मात्र खेती गरेका किसानले रोग लागेको अलैंची हटाउँदा जीविकोपार्जनको समस्या हुने हुनाले रोगी बालीलाई निरन्तरता दिनु परेको बताएका छन्। त्यसैले अलैंचीमा देखिएको रोग निर्मुल पार्ने र नयाँ बेर्ना रोपेदेखि फल उत्पादन सुरू हुने समयसम्मका लागि किसानको वैकल्पिक आयको विकल्प खोजी गर्ने विषयलाई समान प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

## २. बजारीकरण

अलैंची निर्यातमा आधारित उत्पादन हो । सबैजसो अलैंची भारत निर्यात हुने गरेको छ । भारत, बंगलादेश तथा खाडी मुलकहरू नेपाली अलैंचीका प्रमुख बजार रहेको भए पनि विना ट्रेड मार्क बोरामा राखेर भारत निर्यात हुने अलैंचीले भारत प्रवेशपछि नेपाली पहिचान गुमाउने अवस्था छ । नेपाली अलैंचीको ट्रेडमार्क लिन र निर्यात हुने देशमा दर्ता गराउने प्रक्रिया जटिल र खर्चिलो हुँदा समेत सरकारका तर्फबाट आवश्यक सहजीकरण नहुनुले अलैंची निर्यातबाट प्रयाप्त लाभ लिन नसकिएको सम्बन्धित सरोकारवालाहरूको धारणा रहेको छ। उदाहरणका लागि नेपालको अलैंचीको भारतमा दर्ता गर्न सम्भव भइरहेको छैन । नेपालबाट बोरामा राखेर भारत निर्यात हुने र भारतीय व्यापारीले नेपाली अलैंचीलाई भारतीय अलैंचीका रूपमा बिक्री गर्ने अवस्था विद्यमान हुँदा भारत बाहेकका देशले अलैंचीको माग भारतीय व्यापारीसँग गर्ने अवस्थाले सोझै तेस्रो देशमा निर्यात गर्ने अवसरबाट बञ्चित हुनु परेको अवस्था देखिन्छ।

स्वदेशमा अलैंचीको उपभोग न्यून रहेको, भारत बाहेक अन्यत्र सोझै निर्यात हुन नसकेको कारणले अलैंचीको बजार जोखिमयुक्त रहेको छ । यद्यपि भारत र भुटानमा विगतमा अलैंची खेती हुने क्षेत्रमा अलैंची खेती हुन छोडेकाले अलैंचीमा विश्व बजारमा एकाधिकार कायम गर्न सक्ने अवसर नेपालका लागि छ। त्यसैले स्वदेशी उपभोग बढाउने र अलैंचीको ट्रेडमार्क विभिन्न देशमा दर्ता गरी नेपाली पहिचान स्थापित गरेर आन्तरिक र बाह्य बजार विस्तार गर्न सकिन्छ ।

भारत निर्यात पनि मेची भन्सारबाट मात्र हुँदा ढुवानीको लागतका कारण बिक्रीको लागत बढी हुने अवस्था छ। त्यसले पशुपतिनगर नाका पनि निर्यातका लागि खुला गर्नुपर्ने सरोकारवालाहरूको ठम्याई छ । अलैंचीको मूल्य विगतको तुलनामा आधा भन्दा कम भइसकेको छ। नेपाल र भारतका बजार मध्यस्थहरूले बढी नाफा लिँदा किसानले पाउने मूल्य कम भएको अलैंची उत्पादकहरूको धारणा रहेको छ। पछिल्लो समय अलैंचीको मूल्यमा गिरावट आएको भए पनि अन्य उत्पादनको तुलनामा अलैंची अहिले पनि लाभदायक नै रहेको सरोकारवालाहरूको धारणा छ।

## ३. उद्योगसँगको सम्बन्ध

अलैंचीमा आधारित चिया उत्पादन गर्ने साना तथा घरेलु उद्योगको सुरूवात भएको भए पनि अलैंची उद्योगसँगको सम्बन्ध कमजोर रहेको छ । नेपालमा सञ्चालनमा रहेका विभिन्न स्तरका मसाला उद्योगले अलैंचीलाई महत्वपूर्ण मसलाका रूपमा प्रयोग गरेका छैनन् । अर्कातिर सुकाउने बाहेक मूल्य अभिवृद्धिका अन्य काम भएको छैन। अलैंचीको आन्तरिक बजार प्रवर्द्धनका लागि मसला उद्योगमा उपयोग, तेल, मधु, मिठाई, चिया बनाउने गरी प्रशोधन उद्योग विस्तार गर्ने जस्ता विकल्पको खोजी गर्नुपर्ने देखिन्छ । भारतमा नेपाली अलैंचीको प्रयोग गरी उत्पादन गरिएका बस्तुलाई उदाहरणका रूपमा लिएर नेपालमा प्रशोधन गर्न सकिने सरोकारवालाहरूको धारणा छ ।

## ४. आवश्यक पूर्वाधार र सेवा

अलैंची खेती मुलतः कोशी प्रदेशका उच्च पहाडी भेगमा हुने गरेको छ । कृषि औजार र उपकरण खेतसम्म लैजान तथा उत्पादनलाई सङ्कलन केन्द्रसम्म ल्याउन पनि सहज यातायातको सुविधा नहुनु प्रमुख पूर्वाधारजन्य समस्या हो । अझैसम्म परम्परागत भट्टीको प्रयोग गरी अलैंची सुकाउनु परेको र सरकारले सहुलियतमा उपलब्ध गराउने इलेक्ट्रिक भट्टीका लागि ५० प्रतिशत लागत ब्यहोर्नु पर्ने भनिए पनि त्यसको ढुवानी, स्थापना गर्दाको ज्याला आदिका कारण किसानको लागत सहभागिता ७५ प्रतिशतसम्म भएकाले एकातिर अनुदानको उपयोग नहुने र पराम्परागत भट्टीको प्रयोगले निरन्तरता पाइरहने अवस्था विद्यमान छ । त्यसैले पराम्परागत भट्टीलाई इलेक्ट्रिक भट्टीले विस्थापित गर्ने विकल्प अघि सार्नु आवश्यक छ ।

अलैंचीमा देखिएका विभिन्न रोगको कारण पहिचान र निवारण अहिलेको प्रमुख चुनौती हो । अलैंचीमा लाग्ने रोगको निदानका लागि किसानले प्राविधिक सहायता पाउन नसकेको र अहिले उपलब्ध गराइएका परामर्श र प्राविधिक सेवा अर्थपूर्ण बन्न नसकेकाले प्राविधिक सेवाको स्तर बढाउनु आवश्यक देखिएको छ ।

## ५. संस्थागत र नीतिगत प्रबन्ध

अलैंची खेती हुने सबै जिल्लामा कृषि वैज्ञानिक सहितको ज्ञान केन्द्र र स्थानीय तहहरूमा बाली विशेषको जानकारी रहेका दक्ष प्राविधिक हुनु आवश्यक छ । भारत र भुटानमा जस्तै अलैंची खेती हराउने अवस्था आउन नदिन ती स्थानको अनुभवका आधारमा समयमा नै जोखिम न्यूनिकरणका कार्यक्रम अघि सार्नुपर्छ ।

अनुदानको विद्युतीय भट्टी कसैले दोहोऱ्याएर पाउने र कसैले नपाउने अवस्था रहेको किसानको गुनासो रहेको छ । सरकारको कार्यक्रम अन्तर्गत गठित समितिको अनुभवमा अनुदानमा पाउने किसानले लागत ब्यहोर्न तयार नहुँदा इच्छुकलाई दिनुपर्ने अवस्था छ। त्यसैले कृषि अनुदान वितरणको वर्तमान अभ्यासमा सुधार आवश्यक छ। अनुदानलाई उत्पादनमा आधारित र पुँजीगत अनुदानमा वर्गीकरण गरी प्रभावकारिता बढाउन सकिने सरोकारवालाहरूको राय छ ।

निर्यातमा पाइने अनुदान वास्तविक किसानले नपाउने र असम्बन्धित एकाध व्यवसायीले मात्र पाउने अवस्थाले अलैंची उत्पादनमा उत्प्रेरणा नहुने भएकाले सरोकारवाला परामर्शका आधारमा वर्तमान विधि र अभ्यासमा परिवर्तन ल्याउनु पर्छ । कोशी प्रदेशको प्रमुख निर्यातयोग्य बाली भएकाले अलैंची उत्पादन, भण्डारण, ढुवानी, निर्यात आदिका कार्यक्रमलाई कोशी प्रदेशको उच्च प्राथकिताका कार्यक्रमका रूपमा अघि बढाउनु पर्ने अलैंची उत्पादन तथा व्यवसायीहरूको धारणा रहेको छ ।

## च. अदुवा

### १. उत्पादन

अदुवा नेपालको प्रमुख मसलाबाली अन्तर्गत पर्दछ । कोशी प्रदेशका सन्दर्भमा अलैंचीपछि दोस्रो महत्वपूर्ण मसला बालीका रूपमा रहेको छ । विशेषगरी मध्यपहाडी जिल्लाहरूमा अदुवा खेती व्यवसायिक रूपमा हुँदै आएको छ । अदुवा खेतीतर्फ धेरै किसान आकर्षित भएको र अदुवा उत्पादन निरन्तर बढिरहेको छ। नेपालमा अदुवा उत्पादन सबै बालीहरू मध्ये सहज उत्पादन हुने बालीभित्र पर्दछ । यो एकल बाली मात्र नभएर मिश्रित र घुसुवा बालीको रूपमा पनि लगाउन र उत्पादन लिन सकिन्छ जस्तै सुन्तला, जुनार खेतीमा फलफूलको बोटसँगै लगाउन सकिन्छ । मकै बालीमा पनि मिश्रित बालीका रूपमा लगाउन सकिने हुनाले पनि यसको उत्पादन राम्रो रहेको छ ।

तर, अदुवाको बजार मूल्यमा हुने उतारचढावका कारण अदुवा कृषक निरुत्साहित हुँदै गएको पाइएको छ। उत्पादनको बजार मूल्य निर्धारण नभएको र लागत भन्दा पनि कम मूल्यमा अदुवा बेच्नु पर्ने अवस्था भएको किसानहरूबाट गुनासो आएको छ। कतिपय अवस्थामा तयार भइसकेको अदुवा उठाउनु, भण्डारण र बिक्री गर्नुभन्दा बारीमा त्यत्तिकै नष्ट हुन दिनु कम नोक्सानको विकल्प बन्ने गरेको अनुभव किसानको छ । गाना कुहिने रोग, मल, बीउ, औषधी आदि समयमा उपलब्ध हुन नसक्नु उत्पादनसँग सम्बन्धित समस्याका रूपमा रहेको भए पनि बजारको समस्याले उत्पादन बढी प्रभावित भइरहेको छ ।

### २. उत्पादनको बजारीकरण

कोशी प्रदेशको अदुवा आन्तरिक र भारतीय बजारमा बिक्री हुने गरेको छ । आन्तरिक बजारको माग र मूल्य पूर्वानुमान योग्य छैन भने भारत निर्यातको सुनिश्चितता पनि नहुँदा अदुवा खेती कुनै वर्ष लाभदायक हुने गरेको छ भने कुनै वर्ष घाटा समेत हुने गरेको किसान र अन्य सरोकारवालाहरूको अनुभव छ। अदुवा प्रशोधन गरी क्याण्डी, जुस र सूठो बनाई बिक्री गर्ने प्रयास भइरहे पनि यस्तो प्रयासले व्यवसायिक सफलता पाउन नसेको छैन । अदुवा भण्डारण र सफाइको भरपर्दो व्यवस्थामार्फत् बिक्रीका लागि समय कुर्ने र गुणस्तर सुनिश्चित गर्न सकेमा बजार अनिश्चितता कम हुनसक्ने देखिन्छ। नेपाली अदुवाको सबैभन्दा ठूलो बजार भारत भएकाले अदुवाको निकासीमा संघ र प्रदेश सरकारले आवश्यक प्रक्रिया पूरा गरी निर्यातको वातावरण निर्माण गर्नु पनि आवश्यक छ ।

### ३. उद्योगसँगको सम्बन्ध

अदुवा सफाइका लागि पूर्वाधार निर्माण भएको भए पनि किसानको उत्पादन सङ्कलन गरी सफाई गर्ने र सुकाउने कार्य व्यवस्थित नहुँदा अदुवाको गुणस्तरलाई लिएर निर्यातमा अवरोधको सामाना गर्नु परिरहेको छ। मूल्य अभिवृद्धिका लागि सफाई पहिलो शर्त रहेको छ। सुठो, धुलो अदुवा तथा अदुवा मिश्रित क्यान्डी लगायतको औद्योगिक उत्पादनलाई बजारीकरणसँग आवद्ध गरी अदुवाबाट कृषि र उद्योग क्षेत्रको आर्थिक वृद्धिमा योगदान बढाउन सकिन्छ।

### ४. सहायक पूर्वाधार र सेवा

अदुवा बालीमा लाग्ने रोग किराको नियन्त्रण, उन्नत जातका बीउ र मलको सहज आपूर्ति र व्यवस्थापन, किसानमा उत्पादन, व्यवस्थापन तथा भण्डारण जस्ता सीपको विकास, व्यवसायिक खेतीका लागि जमिनको प्राप्तिमा सहजीकरण, सहुलियतपूर्ण कर्जा प्राप्तिमा आवश्यक सहजीकरण र सहयोग जस्ता सेवा अदुवा उत्पादन वृद्धिका लागि अपरिहार्य रहेको छ। सफाईका लागि उपलब्ध पूर्वाधारको सदुपयोग र थप पूर्वाधार विकास एवं अन्य उत्पादन समेतलाई लाभ हुने गरी प्रमुख बजार केन्द्रमा आधारभूत मापदण्डयुक्त शीत भण्डारको निर्माण पनि आवश्यक रहेको छ।

### ५. संस्थागत र नीतिगत प्रबन्ध

अदुवा खेतीको विकास र विस्तारका लागि संघ, प्रदेश र स्थानीय सरकारले आफ्ना वार्षिक नीति तथा कार्यक्रम मार्फत् विविध कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ। यद्यपि अदुवा उत्पादन र बजार व्यवस्थापनमा उपलब्ध संस्थागत र नीतिगत प्रबन्ध अप्रयाप्त र अस्पष्ट रहेको सरोकारवालाहरूको धारणा छ। मुलतः अदुवाको निर्वाध भारत निर्यात र आन्तरिक खपत प्रवर्द्धनका लागि प्रदेश सरकारले संघीय सरकारसँग समन्वय र सहकार्य बढाउनु पर्ने देखिएको छ। अदुवा खेती बढी हुने जिल्ला र स्थानीय तहमा अदुवाको उत्पादन र सम्बन्धित रोगव्याधी लगायतका समस्या र समाधानको उपायका सन्दर्भमा प्राविधिक ज्ञान तथा सीप भएका जनशक्तिको उपलब्धता आवश्यक छ।

## छ. आलु

### १. उत्पादन

आलु खेती कोशी प्रदेशका १४ वटै जिल्लाहरूमा हुने गरेको छ। विशेषगरी झापा, मोरङ, इलाम, सोलुखुम्बु र सुनसरी जिल्लाहरूमा धेरै उत्पादन हुने गरेको छ। आलु खेतीको लागि कोशी प्रदेशका तराईदेखि पहाडी जिल्लाहरू उर्वर भूमि मानिन्छन्। पाँचथर, इलाम, ताप्लेजुङ लगायत अन्य पहाडी जिल्लाहरूमा २,२०० देखि २,८०० भन्दा माथिको उचाईमा बिते, ल्वाङ झुनी, एमएस, झ्याले लगायत स्थानीय प्रजातिका उत्पादन हुने गरेको छ। झ्याले प्रजातिको आलुको माग भारतीय बजारमा समेत रहेको छ।

स्थानीय प्रजातीका आलुको उत्पादनको प्रमुख समस्या बीउमा शुद्धता रहेको छ। अन्य आलुका सन्दर्भमा पनि बीउमा शुद्धताले उत्पादनमा सकारात्मक प्रभाव पार्छन्। उत्पादन क्षेत्रमा भण्डारण अभाव र रासायनिक मल समयमा नै उपलब्ध नहुनु, उत्पादनको समयमा बजार मूल्य नपाइनु र भण्डारण गरी उचित मूल्य पाइने समयसम्म पर्खन शीत भण्डारणको उपलब्धता नहुनु आलु उत्पादनको विस्तारका चुनौती रहेका छन्। धेरै आलु उत्पादन भएको वर्ष खपत नभई नष्ट भएर जाने गरेको आलु किसानहरूको अनुभव छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जोन तथा ब्लक क्षेभमा उन्नत बीउ, सिँचाइको व्यवस्थापन, आधुनिक औजार र उपकरणको उपलब्धताका कारण पछिल्लो समय आलु उत्पादनमा वृद्धि भएको छ। आलु उत्पादनपछि मकै र धान रोप्न सकिने तथा आलुका कारण बाटोको उर्बरा शक्ति अझ विस्तार हुने कारणले पनि किसानहरू आलु खेतीतर्फ आकर्षित भएको पाइएको छ।

## २. बजारीकरण

भारतीय सस्तो आलुका कारण नेपाली आलुले बजार पाउन समस्या पर्ने गरेको छ । त्यसैगरी आधुनिक प्रविधियुक्त शीत भन्डारको उपलब्धता नहुँदा आलुले बजारमा उचित मूल्य पाउन सकेको छैन । भारतीय आलु किसानले पाउने अनुदान र अन्य सुविधाका कारण कोशी प्रदेशमा उत्पादन हुने आलुले भारतीय आलुसँग मूल्य प्रतिस्पर्धा गर्न कठिनाई भइरहेको छ । पहाडी जिल्लाहरूको हरेक ठाँउमा स्थानीय उत्पादन भन्दा कम मूल्यमा भारतीय आलुले बजार लिने गरेको छ ।

पहाडी जिल्लाहरूमा उत्पादन हुने रैथाने आलु जुन उच्च गुणस्तरका कारण छिमेकी देशहरूमा समेत माग रहेको छ । तर भण्डारको अभावका कारण उचित समयमा राम्रो मूल्यमा बिक्री गर्न सकिरहेको छैन । भण्डारणको लागि पहाडी जिल्लाहरूमा उत्पादन भएको आलु दमक, बिर्तामोडमा लगेर भण्डारण गर्नुपर्ने र भण्डारण केन्द्रहरूले पनि उत्पादनको सुरक्षाको प्रत्याभूति नदिने तथा ढुवानी र भण्डारण ख़र्च पनि महङ्गो हुने गरेको छ । पहाडी भेगमा उत्पादन हुने आलुको प्रचारप्रसार, ब्राण्डिङ, प्याकेजिङको अभ्यास नहुँदा त्यसबाट पर्याप्त लाभ लिनसक्ने अवस्था छैन । आलुको भण्डारण र बजारीकरणमा सहकारीहरूको भूमिका विस्तार गर्न सकिने सरोकारवालाहरूको अनुभव पाइन्छ ।

## ३. उद्योगसँगको सम्बन्ध

आलुलाई लाभदायक बनाउनका लागि आलुको उत्पादकत्व बढाउन, भण्डारण क्षमता विस्तार गर्न र मूल्य अभिवृद्धिमा नै जोड दिनुपर्छ । आलुमा आधारित प्रशोधन उद्योगलाई साना उद्योगका रूपमा अघि बढाउन आवश्यक देखिन्छ । देशका विभिन्न क्षेत्रमा विकास भइरहेका आलुमा आधारित उद्योगहरूले सम्भावनाका ढोकाहरू खोल्दैछन् । तर तिनीहरूसँग जोडिनको लागि उद्योगले खोजेका जातहरूको उत्पादन र उत्पादित आलुको स्तर बढाउन जरुरी छ । आलु चिप्स, तितौरा, मस्यौरा आदि आलुबाट उत्पादन हुने औद्योगिक बस्तु हुन् । नगदेबालीका रूपमा ग्रेडिङ, ब्राण्डिङ र प्याकेजिङमार्फत् थप लाभदायक बनाउने र नेपाली आलुमा आधारित चिप्स, तितौरा, मस्यौरा लगायतलाई घरेलु, साना र मझौला उद्योगमार्फत् औद्योगिक उत्पादनका रूपमा प्रयोग गर्न सकेमा कोशी प्रदेशको अर्थतन्त्रमा आलुको योगदान अझ बढ्ने देखिन्छ ।

## ४. सहायक पूर्वाधार र सेवा

कोशी प्रदेशमा आलु भण्डारणको लागि आवश्यक पर्ने शीत भण्डार र रष्ट्रिक स्टोर गृहहरू रहेका छन् । प्रदेशको ८ वटा जिल्लाहरूमा १५ वटा रष्टिक स्टोर गृहहरू रहेका छन् । ती मध्ये ५ वटा प्रयोगमा आएका छैनन् । यसैगरी यस प्रदेशमा ठूलो क्षमताका शीत भण्डार निर्माण भएका छन् । यस्ता शीत भण्डार झापा, मोरङ र सुनसरीमा रहेका छन् । यद्यपि आलु जस्ता छिटो बिग्रिने कृषि उपज भण्डारणका लागि ती शीत भण्डारको प्राविधिक क्षमता कमजोर रहेको र बिगतमा भण्डार गृहको कमजोरीका कारण आलु कुहिएर किसानले ठूलो नोक्सान ब्यहोर्नु परेको पाइएको छ । अर्कातिर पहाडका जिल्लामा उत्पादन हुने आलु भण्डारणका लागि दमक, बिर्तामोड, इटहरी वा विराटनगर ल्याउन ढुवानीको लागत उच्च भएकाले पनि आलु उत्पादनमा कृषकहरू उत्साहित नहुने अवस्था छ । त्यसैले यातायातका पूर्वाधार सुधार, शीत भण्डारण गृहको निर्माण र स्तरोन्नती तथा भण्डारण सेवाको गुणस्तर वृद्धिमा प्राथमिकता दिनुपर्ने देखिएको छ ।

आलुको बीउ शुद्धतामा प्राविधिक ज्ञान बढाउन सके आलु उत्पादनमा वृद्धि हुने देखिन्छ । आलु खेतीमा यान्त्रीकरणमा भइरहेको सहयोग विस्तार, आलुको ग्रेडिङ गर्ने सीप तथा प्रविधि, घरेलु तथा साना उद्योगका लागि चिप्स बनाउने मेसिनहरू सहयोग र ब्राण्डिङ, प्याकेजिङ र अन्य प्राविधिक सहयोगहरू आलु उत्पादन र मूल्य अभिवृद्धिका लागि आवश्यक सेवा रहेका छन् । संघ, प्रदेश र स्थानीय सरकारहरूले कृषि आधुनिकीकरण परियोजना मार्फत् विभिन्न प्राविधिक सहयोग र अनुदानले किसानहरू लाभान्वित भइरहेको भए पनि यस्तो अनुदान सबैतिर छैन । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट अन्तर्गत नसमेटिएका क्षेत्रमा सिँचाइको

पूर्वाधार र प्रविधिको उपलब्धता कमजोर छ। त्यसैले सिँचाइको सेवा सुधारलाई उत्पादन क्षेत्र र स्थानीय प्राथमिकताका आधारमा सहयोग गर्नु आवश्यक देखिन्छ । आलु छिटो नाश हुने मात्र नभई बढी चिसो भएको अवस्थामा बिरुवा उत्पादन नहुँदै बाली नष्ट हुने जोखिम भएकाले बाली बिमाको प्रभावकारी कार्यान्वयन पनि आलु खेतीका सन्दर्भमा प्राथमिकताको सेवा रहेको देखिन्छ ।

## ५. संस्थागत र नीतिगत प्रबन्ध

स्थानीय तहका कृषि शाखा, जिल्लामा रहेका कृषि ज्ञान केन्द्रहरूमा आवश्यक दरबन्दी अनुसार कृषि प्राविधिक र कृषि वैज्ञानिक लगायत जनशक्तिको प्रयाप्त उपलब्धता छैन । उपलब्धता भएका र हाल कार्यरत प्राविधिकहरू पनि प्रशासनिक कार्यमा व्यस्त रहँदा किसानलाई परामर्श तथा प्राविधिक सेवा उपलब्ध गराउन समय नपाउने सम्बन्धित कर्मचारीहरूको अनुभव रहेको छ । उचित प्रोत्साहन र प्रशासनिक जिम्मेवारी घटाएर कृषि प्राविधिकलाई उत्पादन क्षेत्रमा नै परिचालित हुने वातावरण बनाउनु अपरिहार्य देखिएको छ ।

आलु खेती संबेदनशील बाली भए पनि आलु बालीको बिमाको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । बिमा गर्न र बिमा भुक्तानी लिन किसान टाढा जानुपर्ने र प्रक्रियागत झञ्झटका कारण बिमा कार्यक्रममा सहभागिता कमजोर पाइएको छ । आलु लगायत बाली बिमामा सहभागिताका लागि सरकारले प्रवर्द्धनात्मक कार्यक्रम अघि सार्नुपर्ने देखिएको छ । सरकारी सहयोगहरू, अनुदानहरू वितरणमा पारदर्शिता र प्रभावकारिता नभएको आलु किसानहरूको बुझाई रहेको पाइएको छ । त्यसैगरी सहुलियतपूर्ण कर्जा साना किसानको पहुँचमा नभएको सम्बन्धित किसानहरूको अनुभव छ । कृषि आधुनिकीकरण परियोजना अन्तर्गत उत्पादन सम्भव्यता र क्षमताको आधारमा उदयपुर र ओखलढुङ्गालाई आलु जोनको रूपमा विकास गर्ने भएको छ । आलु जोन, ब्लक तथा पकेट क्षेत्रका किसानले परियोजना अवधिपछि उत्पादनलाई निरन्तरता नदिने अवस्था रहेको देखिन्छ । त्यसैले त्यस्ता कार्यक्रम विस्तार गर्दा दिगोपनको पक्षलाई पनि ध्यान दिनुपर्ने देखिन्छ ।

पहाडी जिल्लाहरूमा सिँचाइको ठूलो समस्या रहेको छ । राष्ट्रिय भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन नभई रहेको स्थिति तथा खेतीयोग्य जग्गाहरू घडेरीमा परिणत हुँदै जाँदा अन्य बालीझैं आलु बालीको पनि क्षेत्र विस्तार गरी उत्पादन बढाउन चुनौती रहेको छ। स्थानीय र प्रदेश सरकारले पहाडी जिल्लाहरूमा धेरै उचाईमा हुने भ्याले प्रजातिको आलु पाँचथर र ताप्लेजुङमा पहिचान भएको हुँदा ब्राण्डिङ गरी अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिने तथा पर्यटनलाई मध्यनजर गरी स्थानीय बजारमा नै बिक्री गर्न सकिने हुनाले आलुलाई पर्यटनसँग समेत जोड्ने नीति लिनु आवश्यक छ ।

## ज. तेलहन (तोरी)

### १. उत्पादन

प्रदेशका १४ वटै जिल्लाहरूमा तोरी खेती हुने गरेको छ । सातवटा प्रदेश मध्ये लुम्बिनी प्रदेश सबैभन्दा धेरै तोरी उत्पादन हुने प्रदेश हो भने कोशी प्रदेश दोस्रोमा रहेको छ । प्रदेशका १४ वटा जिल्लाहरू मध्ये सुनसरी, मोरङ, उदयपुर, झापा, खोटाङ, इलाममा तोरीको राम्रो उत्पादन हुने गरेको छ । प्रदेशमा तोरीको उत्पादकत्व १.१९ मे.ट./प्राहे। रहेको आ.व.२०७७/०७८ को कृषि तथ्याङ्कमा उल्लेख छ । यस आधारमा कोशी प्रदेश तोरीको उत्पादकत्व सबैभन्दा बढी रहेको प्रदेश हो । प्रदेशको कृषि अर्थतन्त्रमा तेलहनको योगदान २ प्रतिशत वा सो भन्दा बढी रहँदै आएको छ । तेलहन अन्तर्गत मुख्य उत्पादन तोरी रहेको छ ।

अन्य प्रदेशको तुलनामा दोस्रो धेरै उत्पादन रहेको तथा सबैभन्दा बढी उत्पादकत्व रहेको प्रदेश भएता पनि परम्परागत रूपमा घरायसी प्रयोगको उद्देश्यले मात्र उत्पादन हुने गरेको छ । व्यवसायिक तोरी खेतीको अभ्यास सामान्यतया छैन । उन्नत जातको बीउ उपलब्ध नहुनु, रोग किराको समस्या पहिचान र निदान समयमा नहुनु, मल समयवद्ध रूपमा प्राप्त हुन नसक्नु, तोरी खेतीको क्षेत्र निर्धारण तथा उत्पादन प्रवर्द्धनका कार्यक्रम सरकारको तर्फबाट नहुनु जस्ता कारणले तोरीको उत्पादन सम्भाव्यताको सीमित उपयोग भइरहेको छ ।

## २. बजारीकरण

कोशी प्रदेशमा उत्पादन हुने तोरीको ठूलो हिस्सा उत्पादकको आन्तरिक खपतमा जाने गरेको छ। त्यसबाहेक स्थानीय तोरी मिलले पनि खपत गर्ने गरेका छन्। तोरीको मुख्य बजार आन्तरिक नै हो। तोरीको तेलको मूल्य उच्च भए पनि तोरीको दानाले उचित मूल्य पाउन नसकेको उत्पादकहरूको अनुभव छ। यद्यपि विगत केही वर्षदेखि तोरीको मूल्य राम्रो रहेको तथा यसको क्षेत्रफल निरन्तर बढिरहेको अन्य सरोकारवालाहरूको धारणा रहेको छ। त्यसैले तोरीलाई उद्योगसँग प्रत्यक्ष जोड्दै एउटा वैकल्पिक नगदे बालीको रूपमा अघि बढाउन सक्ने देखिएको छ।

## ३. उद्योगसँग सम्बन्ध

तोरी प्रशोधन उद्योगसँग सोझो सम्बन्ध रहेको उत्पादन हो। साना तथा मझौलास्तरका तोरी मिलले तोरीको तेल उत्पादन गर्ने गरेका छन्। प्रदेशमा उत्पादन हुने तोरीको तेलको बेग्लै प्याकेजिङ र ब्राण्डिङको अभ्यास नहुँदा खुला रूपमा बेचबिखन हुने गरेको छ। केही मझौला तेल उत्पादक कम्पनीहरूले स्थानीय तोरी प्रयोग गर्ने गरेका छन्। स्थानीय तोरीको उत्पादन औद्योगिक कच्चा पदार्थका रूपमा प्रयोग हुने गरी ठूलो परिमाणमा गर्न सकेमा कृषि र उद्योग दुबै क्षेत्रबाट प्रादेशिक अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुग्न सक्छ।

## ४. पूर्वाधार र सेवा

तोरी उत्पादन प्रवर्द्धनका लागि उत्पादन लक्षित सिँचाइका पूर्वाधारको अपर्याप्तता देखिएको छ। पहाडी भेगमा साना सिँचाइ कुलोको मर्मत सम्भार, संरक्षण र सुधार विकल्प हुन सक्ने देखिन्छ भने तराई क्षेत्रमा तोरी उत्पादन ब्लक निर्धारण गरी सहुलियतमा आवश्यक स्थानमा स्यालो ट्युबेल स्थापना गर्नु उपयुक्त देखिन्छ। स्थानीय स्तरबाट पर्याप्त प्राविधिक सहयोग आवश्यक छ। उत्पादनको नवीन विधि, रोग किराको पहिचान र निदान, ग्रेडिङ र बजारीकरणमा किसानलाई प्राविधिक सहायता आवश्यक रहेको छ।

## ५. नीतिगत र संस्थागत प्रबन्ध

तोरी बालीको उत्पादन विभिन्न तहका सरकारको प्राथमिकतामा राखेर अगाडि बढाई रहेका छन । तर हालका कार्यक्रमहरू मात्र प्रयाप्त छैनन्। प्रदेशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको र उद्योगसँग प्रत्यक्ष सम्बन्ध रहेको तोरी उत्पादन र उत्पादकत्व वृद्धिका लागि उत्पादन क्षेत्र निर्धारण र सो क्षेत्र लक्षित गरी उन्नत बीउको विकास, बजारीकरण र मूल्य अभिवृद्धिलाई प्रदेश सरकारले कृषि क्षेत्रको नीतिगत प्राथमिकता बनाउनु आवश्यक छ।

## झ. सुन्तला र अमिलो जातका फलफूल

## १. उत्पादन

कोशी प्रदेशमा उत्पादन हुने अमिलो जातका फलफूल अन्तर्गत सुन्तला, कागती र जुनार पर्दछन्। पराम्परागत रूपमा अमिलो वा सुन्तला जातका फलफूल उत्पादन कोशी प्रदेशका पहाडी जिल्लामा हुने गरेको भए पनि पछिल्लो समय तराईका जिल्लाहरूमा व्यवसायिक कागती खेती गर्न थालिएको छ।

सुन्तला खेतीमा व्यवस्थापकीय कमजोरीका साथै रोग किराको समस्या प्रमुख समस्याका रूपमा रहेको पाइएको छ। दानामा किरा लाग्ने समस्या बढ्दै गएको छ। सुन्तला जस्तै जुनार खेती पनि रोग किराबाट प्रभावित भएको देखिन्छ। रोगको कारण पहिचान गरी निदान हुन नसकेको र सुन्तला तथा जुनार खेती भइरहेको स्थानको माटो परीक्षण र बगैचा व्यवस्थापनमा सुधारका काम हुन नसकेकाले यस्तो समस्या निरन्तर बढिरहेको छ। उत्पादन सुरक्षा, जोखिम व्यवस्थापन तथा प्राविधिक सहयोग, भण्डारण सुविधा आदिको अपर्याप्तता आदि सुन्तला र जुनार उत्पादनका अवरोधका रूपमा रहेका छन्। यद्यपि एकपटक रोपेको सुन्तला तथा जुनारको बोटले वर्षौंसम्म धेरै मेहनत विना नै उत्पादन दिइरहने हुनाले यसको उत्पादनमा ठूलो गिरावट आएको छैन।

सुन्तलाको उत्पादन बढाउनका लागि विभिन्न तहका सरकारले उत्पादन वृद्धि लक्षित कार्यक्रम सञ्चालन गरिरहेको भए पनि अमिलो जातका फलफूल उत्पादनको दिगोपनका चुनौती सामना गर्नमा ती कार्यक्रम प्रभावकारी हुन नसकेको देखिन्छ । यसका कारण सुन्तला किसानले अन्य विकल्प रोज्न थालेको पाइएको छ । सुन्तलाको उन्नत जातका बिरुवाले पूरानो बिरुवा विस्थापन गर्ने र सुन्तला खेतीलाई निरन्तरता दिने भन्दा उत्पादन नदिने वा रोग किराको प्रभाव भएको बगैचा नष्ट गरी वैकल्पिक खेतीतर्फ किसान आकर्षित भएको देखिएको छ ।

पहाडका भिरालो जमिनदेखि खोचसम्मको पानी नजम्ने जमिनमा खेती गर्न सकिने, कम लागतमा बढी आम्दानी लिन सकिने, रोपेको तीन वर्षबाट आम्दानी लिन सकिने तथा एउटा बिरुवाले २५ देखि ३० वर्षसम्म आम्दानी दिने हुनाले कागती खेती किसानको प्राथमिकतामा रहेको पाइएको छ । पछिल्ला वर्षहरूमा पहाडी जिल्लाका कतिपय क्षेत्रमा कागतीको बोट संरक्षण र उत्पादन सङ्कलन र बजारसम्म लैजाने जनशक्तिको अभाव हुन थालेकाले पहाडी भेगमा कागती उत्पादन कम हुँदै गएको पाइएको छ भने तराईका जिल्लामा व्यवसायिक कागती खेती भइरहेकाले कोशी प्रदेशमा कागती उत्पादन बढिरहेको छ । पहाडमा पुराना कागतीको बोट संरक्षण वा नयाँ बिरुवाले विस्थापन एवं बाँझो जग्गामा बिरुवा रोपण गरी कागतीलाई आयमुलक उत्पादनका रूपमा विस्तार गर्नु उपयुक्त हुने सरोकारवालाहरूको सुझाव छ ।

## २. बजारीकरण

अमिलो जातका फलफूल उत्पादनको विकास, विस्तार बजारीकरणका लागि विगतदेखि संघीय सरकारको तर्फबाट प्रयासहरू हुँदै आएको छ । सुन्तला तथा जुनारको मुख्य बजार आन्तरिक नै हो । सुन्तला, जुनार र कागतीमा आधारित जुस लगायतका पेयपदार्थ आन्तरिक तथा बाह्य बजारमा पनि बिक्री वितरण भइरहेको छ ।

यद्यपि सुन्तला, जुनार, कागती जस्ता उत्पादनको व्यवस्थापन, भण्डारण, ग्रेडिङ, प्याकेजिङ लगायत व्यवस्थित बजारीकरणका विधि कार्यान्वयनमा आएको छैन । किसान तथा व्यापारीमा यस्तो ज्ञान र सीपको अभाव हुनु तथा उपभोक्तामा पनि ब्राण्ड सचेतना विकास भइनसक्ने जस्ता कारणले उत्पादन बिक्रीकै क्रममा मूल्य अभिवृद्धिका अवसर उपयोग भएको देखिँदैन ।

## ३. उद्योगसँग सम्बन्ध

सुन्तला र जुनार एक सिजनमा मात्र उत्पादन हुने र नाशवान भएकाले लामो समय भण्डारण गरी बिक्री वितरण गर्नु भन्दा जुस उत्पादन गरेर औद्योगिक उत्पादनको बिक्री वितरण लाभदायक हुन्छ । यसका लागि जुस उद्योगले स्थानीय उत्पादनलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने र कम लाभ भएका अन्नबालीको विकल्पमा सुन्तला र जुनारको खेती गरी प्रशोधन उद्योगको कच्चा पदार्थका रूपमा प्रयोग गर्नु आवश्यक छ । यसले देशमा निर्यात वृद्धिमा समेत योगदान गर्न सक्छ ।

## ४. पूर्वाधार र सेवा

अमिलो जातका फलफूल उत्पादनका लागि, आवश्यक सिँचाइ सुविधाको विकास, उत्पादित वस्तुको बजारीकरणका लागि सडक पूर्वाधारको विकास र उत्पादनको भण्डारण जस्ता क्षेत्रमा पूर्वाधारको कमी रहेको छ । विकास भइरहेका पूर्वाधारलाई पनि उत्पादन अभिवृद्धिको प्राथमिकतासँग आवद्ध गर्न सकिएको छैन । उत्पादनको वृद्धि र विकासका लागि दक्ष प्राविधिक जनशक्तिको व्यवस्थापन, बालीमा लाग्ने विभिन्न प्रकारका रोग किराको समयमा नै रोकथाम जस्ता सेवाहरू किसानले समयमा नै पाउन नसकी उत्पादनमा उचित प्रतिफल प्राप्त गर्न सकेको देखिँदैन । संघ, प्रदेश र स्थानीय सरकारहरूले कृषि आधुनिकीकरण परियोजना मार्फत् सिँचाइ पोखरीको निर्माणका लागि आवश्यक सामाग्री सहयोग, आधुनिक जातका बिरुवा खरिद आदिका लागि दिएको अनुदानले किसानहरू लाभान्वित भइरहेको भए पनि यस्तो अनुदान सबैतिर छैन ।

## ५. संस्थागत र नीतिगत प्रबन्ध

सुन्तला तथा अमिलो जातको फलफूललाई आर्थिक वृद्धिको महत्वपूर्ण आधारका रूपमा अघि बढाउन परामपरागत रूपमा सुन्तला तथा जुनार खेती भइरहेका जग्गामा त्यसको निरन्तरताका लागि उपयुक्त बिरुवाले विस्थापन गर्ने, अनुसन्धान र विकासमा लगानी गरी माटोको अवस्था र बिरुवाको आवश्यकताका बिचमा रहेका भिन्नता पहिचान गरी रोगव्याधीको दिगो समाधान गर्ने गरी नीति तथा कार्यक्रम अघि बढाउनु पर्छ। उत्पादनलाई जुस तथा पेयपदार्थ उद्योगको कच्चा पदार्थका रूपमा विकास र विस्तार गर्न सार्वजनिक, निजी साझेदारीका विकल्प प्रयोग गर्नुपर्छ। सुन्तला, जुनार र कागती उत्पादनका प्रमुख क्षेत्र लक्षित गरी कृषि ज्ञान केन्द्र तथा स्थानीय सरकारमार्फत् गुणस्तरीय प्राविधिक सेवा तथा किसान तालिमको व्यवस्था गरिनुपर्छ।

## ञ. केरा

### १. उत्पादन

कोशी प्रदेश नेपालको सबैभन्दा बढी केरा उत्पादन गर्ने प्रदेश रहेको छ। कोशी प्रदेशमा केरा उत्पादनको केन्द्र मोरङ, सुनसरी र झापा जिल्ला रहेको पाइन्छ। तराई क्षेत्रका साथसाथै भित्री मधेस र पहाडका बेसीहरू केरा खेतीको लागि अनुकुल स्थान हुन्। घरायसी प्रयोजनका लागि प्रदेशमा धेरै पहिलेदेखि नै केरा खेती गर्ने गरिएता पनि पछिल्लो समय व्यवसायिक केरा खेती प्रति कृषकहरूको आकर्षण बढ्दै गएको पाइन्छ। केरा रोप्ने र फल लाग्ने समय छोटो हुने र एक वर्षमा तयार हुने भएकाले अन्य बालीको तुलनामा केरा लाभदायक हुँदा केरा खेतीतर्फ आकर्षण बढेको सरोकारवालाहरूको धारणा छ।

यद्यपि प्रदेशमा केराको उत्पादकत्व र गुणस्तर कमजोर रहेको छ। विषादी र रसायनको बढी प्रयोगले केरा उत्पादनमा समस्या, उपयुक्त सिँचाइ र मलखादको अभाव, औषधी उपचारको कमी, हावाहुरीको प्रकोप र विभिन्न नवजात तथा जटिल रोगका कारण केराको उत्पादन अपेक्षा अनुसार हुन सकिरहेको छैन।

### २. बजारीकरण

धानलगायतका खाद्यान्न बालीबाट भन्दा केराखेतीबाट बढी आम्दानी हुने भएता पनि भारतबाट आयातीत केराले नेपाली केरा बजारलाई असर पार्दै आएको छ। भारतीय केरा सस्तो भएकाले नेपाली ब्यापारी र उपभोक्ताको रोजाईमा भारतीय केरा बढी हुने गरेको छ। भारतबाट आउने केराको भन्सार दर असाध्यै कम रहेकाले नेपाली केराको बजार सुनिश्चितताको लागि केरामा लगाउँदै आएको भन्सार शुल्क बढाउनु पर्ने केरा किसानको माग छ। त्यसको विकल्पका रूपमा केराको उत्पादन लागत कम गर्न सीप, प्रविधि तथा अनुदान लगायतका सुविधा दिनुपर्ने देखिन्छ। सरकारले केराको बजार विस्तार एवं सुधारको लागि केराको ब्राण्डिङ र प्याकेजिङ, केराबाट उच्च गुणस्तरको बस्तु उत्पादन, वैज्ञानिक तवरले खेती तथा ढुवानी र भण्डारण गर्ने विधिमा आधारित तालिम, सेवा र प्रविधि उपलब्ध गराउनु पर्छ। केराको आन्तरिक बजार विस्तारका लागि सरकारी सहयोग र सहजीकरण आवश्यक छ।

### ३. उद्योगसँगको सम्बन्ध

केरालाई विभिन्न स्वरूपमा प्रयोग गर्न सकिन्छ। काँचो फलबाट तरकारी र पाकेको फलबाट जुस आदिका साथै वियर एवं उच्च गुणस्तरको वाइन पनि बनाई प्रयोग गर्न सकिन्छ। केराको थाम वा पातबाट निस्कने रेशाहरूबाट कपडा, टिस्यु पेपर, कार्ड कप तथा प्लेटहरू बनाउन सकिन्छ। केराजन्य बस्तुको मूल्य अभिवृद्धिका लागि प्रदेशमा केरा खेती विस्तार, तालिम, प्याकेजिङ, ब्राण्डिङ, केराबाट उच्च गुणस्तरको बस्तु उत्पादनको सम्भाव्यता अध्ययन वैज्ञानिक केरा खेती अभ्यास प्रवर्द्धन तथा प्रशोधनका विभिन्न उपकरण तथा प्रविधिको उपलब्धता सुनश्चित गर्नमा उत्पादक, सहरकारी संस्था तथा सरकारको सहकार्य हुनसक्छ। केरामा आधारित प्रशोधन उद्योग निजी लगानीको सम्भाव्य क्षेत्र पनि हुन सक्ने देखिन्छ। साथै केरामा आधारित औद्योगिक उत्पादनको आन्तरिक र बाह्य बजार प्रवर्द्धनमा प्रदेश सरकारले आवश्यक समन्वय र सहजीकरण गर्नु आवश्यक छ।

## ४. सहायक पूर्वाधार र सेवा

सर्वप्रथम केराको ढुवानी परम्परागत हुँदा माथिल्लो सतहमा रहेको केराले तल रहेको केरामाथि भार दिई अत्याधिक क्षति भइरहेको, परिपक्व भइसकेको केरा ढुवानी गर्दा ताप बढेर क्षति भइरहेको, आधुनिक एवं वैज्ञानिक केरा भण्डारण अभ्यास र प्रविधिको अभाव रहेको छ । छिटो पाक्ने भएकाले लामो समयसम्म जोगाउनका लागि व्यवस्थापन र भण्डारणका पूर्वाधारमा ध्यान दिनु आवश्यक छ । केरा ढुवानीका साधनको पनि मापदड निर्धारण र उपलब्धता सुनिश्चित गर्नुपर्छ ।

केराको आन्तरिक र बाह्य खपत बढाउनुका साथै केराबाट थप प्रशोधित बस्तु उत्पादन र प्रवर्द्धन प्रमुख प्राथमिकता हुन् । केराको फलबाट जुस, वियर एवं उच्च गुणस्तरको वाइन आदि उत्पादनका लागि आधुनिक उद्योगको विकास जरुरी देखिन्छ । त्यसैगरी केराको थाम वा पातबाट निस्कने रेशाहरूबाट कपडा, कागज, धागो, डोरी, टिस्यु पेपर, कार्ड कप तथा प्लेट लगायतका बस्तुको उत्पादनको घरेलु तथा साना उद्योग मार्फत् गर्ने गरी उपयुक्त प्रविधि र सीप विकासमा लगानी गर्नु आवश्यक हुन्छ । केरामा प्रविधि र अनुकूलको जात अनुसन्धानमा जोड दिन आवश्यक देखिन्छ । केरा खेतीको नर्सरी विकास र टिस्युकल्चर प्रविधिमा आधारित केरा खेती विस्तार पनि महत्वपूर्ण सवाल हो । हाल केरा व्यवसायमा प्रयोग भएको थोपा सिँचाइ प्रविधिमा प्रयोग हुने पानीमा घुलनशील मलको सहज आपूर्तिको व्यवस्थामा पनि ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

## ५. संस्थागत र नीतिगत प्रबन्ध

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत केरा खेती प्रवर्द्धनको लागि प्रदेशको विभिन्न जिल्लामा जोन, ब्लक तथा पकेट कार्यक्रम सञ्चालन भइरहेका छन् । साथै सरकारी कोटामा स्थानीय कृषि सहकारी संस्था मार्फत् कृषि सम्बन्धी ज्ञान र केरा सम्बन्धी सीप र प्रविधिको तालिम र अध्ययन केही अवसर पनि उपलब्ध छन् । सीमित रूपमा भए पनि नेपालमा NARC र यस अन्तर्गतका केन्द्रहरू, कृषि तथा वन विज्ञान विश्व विद्यालय (AFU) त्रिभुवन विश्व विद्यालय (TU) लगायतका शैक्षिक संस्थाहरूबाट केरामा आधारित केही अध्ययन र अनुसन्धान भइरहेको छ ।

व्यवसायिक केरा खेती कार्यक्रम सञ्चालन कार्यविधि लगायतका केरा खेती र व्यवसायलाई टेवा पुऱ्याउने र आधुनिकीकरण गर्ने प्रादेशिक नीति नियमको आवश्यकता पर्दछ । त्यस्तै अनुदान जस्ता सहयोगी कार्यक्रम सञ्चालन भइरहेको भए पनि त्यस्तो सहयोग र सुविधामा सहभागी हुने विधि र प्रक्रियाबारे तल्लो तहसम्म जानकारी नहुने तथा साना किसानको पहुँच नहुने गुनासो पाइन्छ । केराखेतीमा सम्भावना धेरै देखिएता पनि यसतर्फ नयाँ लगानीकर्ता आकर्षित गर्ने गरी सरकारको तर्फबाट नीतिगत प्रयास नभएको सरोकारवालाहरूको धारणा छ ।

केरा खेती, व्यवस्थापन, भण्डारण, ढुवानी लगायमा किसानलाई, तालिम, परामर्श र प्राविधिक सहायता उपलब्ध गराउन सक्ने गरी केरा खेती सम्भाव्य क्षेत्रका स्थानीय तह तथा ज्ञान केन्द्रमा जनशक्तिको उपलब्धता सुनिश्चित गर्नु आवश्यक छ । व्यवसायिक केरा खेतीका लागि सशुल्क सेवाको विकल्प पनि प्रयोग गर्ने अवस्था रहने भएकाले प्राविधिक शिक्षालयसँगको समन्वयमा त्यस्तो जनशक्ति उत्पादन गर्ने र तिनलाई सेवा व्यवसाय सञ्चालनका लागि सहजीकरण गर्ने प्रदेश र स्थानीय सरकारको कार्यक्रम हुनु आवश्यक छ । अनुदानलाई उत्पादनमा आधारित र पुँजीगत अनुदानमा वर्गीकरण गरी थप पारदर्शी बनाउने र सुहलियतपूर्ण कर्जामा किसानको पहुँच बढाउनेतर्फ सरकारले आवश्यक संस्थागत सहयोग गर्नुपर्ने औंल्याइएको छ ।

## ट. तरकारी

### १. उत्पादन

तरकारी उत्पादनका लागि हावा पानी र माटोका हिसाबले कोशी प्रदेशको हिमाली भाग, पहाडी र तराई भाग उपयुक्त मानिन्छ। उन्नत जातका बीउको विकास र विस्तार, शीत भण्डारको अवस्थामा भएका केही सुधार, तरकारी सङ्कलन केन्द्र, थोक तथा खुद्रा व्यापार केन्द्र जस्ता पूर्वाधारको सहजता बढ्दै जानु जस्ता कारणले तरकारी उत्पादन पछिल्लो समय वृद्धि हुँदै गएको छ। पहाडी भागहरूमा टनेल प्रविधिको विकासको कारण बेमौसमी तरकारी उत्पादनमा लगानी बढ्न थालेको छ। संघीय सरकारले निर्धारण गरेका जोन, ब्लक, पकेटहरूमा तरकारी खेतीतर्फ किसान आकर्षित हुन थालेका छन्। तीन दशक अघि धरान-बसन्तपुर राजमार्ग अन्तर्गत पर्ने भेडेटार, सिधुवा, बसन्तपुर र धनकुटालाई कार्यक्षेत्र बनाई स्थानीय सरकार र विभिन्न संस्थाहरूको सहयोग र सहकार्यमा बेमौसमी तरकारी उत्पादनका लागि प्राविधिक कर्मचारी सहितको टोलीले दक्ष प्राविधिक ज्ञानसहितको आर्थिक सहयोग गरेको देखिन्छ। जसले गर्दा अहिले पनि तरकारी उत्पादनको नमूना केन्द्रका रूपमा धनकुटाको सिधुवाले कार्य गर्दै आइरहेको छ भने गोलभेंडा खेतीतर्फ पाँचथरको दोरुम्बा क्षेत्रमा ठूलो परिमाणमा गोलभेंडा तथा अकबरे खुर्सानी उत्पादन हुने गरेको छ। तराईका जिल्लाहरूमा व्यवसायिक तरकारी खेती गर्ने क्रम बढेको छ।

अर्कोतर्फ व्यवसायिक तरकारी कृषकहरूले धेरै उत्पादन लिन अत्याधिक रूपमा विषादी र रसायनको मात्रा प्रयोग गर्दा माटो बिग्रन गई उत्पादन र गुणस्तरमा भने ह्रास आउन थालेकामा सरोकारवालाहरूले चिन्ता जाहेर गरेका छन्। निजी क्षेत्रबाट धेरै जग्गा लिजमा लिएर तरकारी खेती गर्नका लागि जग्गा प्राप्ति, उत्पादनमा हुन सक्ने क्षतिको जोखिम व्यवस्थापनका समस्या तथा पुँजी र प्रविधिमा उपलब्ध सार्वजनिक सेवाको पहुँचमा रहेको सीमितता अवरोधका रूपमा रहेको पाइन्छ। उत्पादन क्षेत्र र बजार बिचको दुरी र कमजोर यातायात सञ्जालले गर्दा पहाडका जिल्लाको उत्पादन सोचेअनुसार लाभदायक नभएको पाइएको छ।

### २. बजारीकरण

पहाडमा उत्पादन हुने तरकारीले तराईको तरकारीसँग प्रतिस्पर्धा गर्न नसक्ने, पहाडमा जनसङ्ख्याको घट्दो दर र पर्यटक आगमनमा विस्तार हुन नसक्दा पहाडमा तरकारीको बजार साँघुरिनुले आन्तरिक बजार प्रतिस्पर्धी बन्न नसकेको देखिन्छ। अर्कातिर आयातीत तरकारीको बजार मूल्यसँग प्रतिस्पर्धा गर्नु नेपाली तरकारीका लागि असम्भव जस्तै हुने गरेको छ। नेपालको छरिएर रहेको बजार र उत्पादनदेखि बजारसम्मको असहज पहुँचका कारण स्वदेशी उत्पादन भन्दा पनि भारतीय उत्पादनले सहज बजार पहुँच पाएको देखिन्छ। बजारका कारण तरकारी खेतीमा अपेक्षित लगानी बढ्न सकेको छैन।

नेपाली तरकारीको प्रमुख बजार आन्तरिक बजार हो। कृषि हाट, कृषि थोक बजार तथा अनौपचारिक व्यवसायीहरू किसानाको तरकारी प्रदेशभित्र बिक्री तथा अन्यत्र निकासीमा योगदान गर्ने पक्षमा रहेका छन्। यद्यपि आन्तरिक बजारमा समेत भारतीय तरकारीसँग प्रतिस्पर्धा गरी सीमित बजार हिस्सा मात्र कोशी प्रदेशमा उत्पादित तरकारीले लिएको अवस्था छ। बन्दा र मुला बाहेकको तरकारीले भारत निकासीको अनुमति नपाएकाले अनौपचारिक माध्यमबाट बाहेक तरकारी भारत निर्यात हुन सकेको छैन। भारत, र बंलगादेशमा कोशी प्रदेशमा उत्पादित तरकारीको बजारको राम्रो सम्भावना रहेको भए पनि यो अवसर उपयोग गर्न नसकिएको किसान तथा व्यवसायीहरूको अनुभव छ।

उत्पादक र उपभोक्ताका बिचमा धेरैवटा तह रहेका कारण उत्पादित तरकारीको उपभोक्ता मूल्य अधिक हुने र उपभोग नबढ्ने हुनाले उत्पादकहरू निरुत्साहित हुने गरेको पाइन्छ। उत्पादित तरकारीको सहज बजारीकरणका लागि कृषि उत्पादन सङ्कलन केन्द्रको विकास र विस्तार, साना, मझौला तथा ठूला शीत भण्डार केन्द्रको स्थापना र सडक पूर्वाधारको विकास आवश्यक छ र यो तरकारी उत्पादन वृद्धिको आधारका रूपमा रहेको छ। नेपालका कृषि सहकारीहरूले मल वितरण, बीउ बिजन वितरण, अर्गानिक तरकारी उत्पादनका लागि टनेल वितरण र यान्त्रिकरण जस्ता कार्यमा सरकारी कार्यक्रम, सम्बन्धित सहकारीको सञ्जाल र क्षमताका आधारमा योगदान गरिरहेको भए पनि व्यवसायिक र बजारीकरण क्षमता भएका सहकारी अत्यन्त न्यून सङ्ख्यामा मात्र छन्। तरकारीको ग्रेडिङ र प्याकेजिङको ज्ञान र तालिम नहुँदा बजारमा राम्रो गुणस्तर नआउने गरेकाले पनि असमान मूल्य भएको देखिन्छ।

## ३. उद्योगसँगको सम्बन्ध

तरकारी उत्पादन र त्यसको प्रशोधनबाट मूल्य अभिवृद्धि गर्ने परिपाटीको विकास प्रभावकारी रूपमा अगाडि बढ्न सकेको छैन । सस, केचप, चिप्स, गुन्द्रुक, सिन्की, च्याउ तथा भेजिटेबल सुप आदि तरकारीबाट उत्पादन हुने औद्योगिक बस्तुहरू हुन । गोलभँडा औद्योगिक कच्चा पदार्थको रूपमा उपयोग हुनसक्ने प्रमुख तरकारी हो भने अन्य तरकारीको औद्योगिक उत्पादन सम्भव रहेको देखिन्छ । कतिपय तरकारी चाउचाउ उद्योगले पनि सहायक कच्चा पदार्थका रूपमा प्रयोग गर्न सक्ने देखिन्छ । अधिकांश तरकारी साना तथा घरेलु उद्योगका रूपमा प्रशोधन र बजारीकरणको सम्भावना छ । त्यसका लागि स्थानीय सरकार र सहकारीले उत्पादनका लागि सहजीकरण र प्रदेश सरकारले बजारीकरणमा सहयोग गर्नु उपयुक्त देखिन्छ । गोलभँडा लगायत मझौला तथा ठूला उद्योगको कच्चा पदार्थ बन्न सक्ने तरकारीका लागि सार्वजनिक निजी साझेदारीका विकल्प अघि बढाउनु उपयुक्त हुने सरोकारवालाहरूको सुझाव रहेको छ ।

## ४. सहायक पूर्वाधार र सेवा

तराई क्षेत्रमा ठूला सिँचाइ सुविधाको विकासका लागि सुरुवात भएता पनि पहाडी भेगमा त्यस्ता ठूला सिँचाइ सुविधाको कम सम्भावना भएका कारण साना सिँचाइ आयोजना र थोपा सिँचाइका लागि प्लाष्टिक पोखरी निर्माण कार्यका लागि संघ, प्रदेश र स्थानीय सरकारले समन्वयात्मक रूपमा उत्पादनमा आधारित रहेर सहयोग गर्नुपर्ने देखिन्छ । तरकारी उत्पादनका लागि उन्नत बीउ विजन वितरण, प्राविधिक सेवा, समयमा नै रोग किराको रोकथाम र नियन्त्रणका लागि आवश्यक सेवालाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

उत्पादित तरकारीको सहज बजार पहुँचका लागि आवश्यक सडक पूर्वाधारको विकास हुन सकेको छैन । हिउँदमा सडकको पहुँच सहज देखिएता पनि वर्षातमा अधिकांश किसानहरूले कमजोर सडकका कारण उत्पादनलाई बजारसम्म पुऱ्याउन निकै सास्ती व्यहोर्दै आएका छन् । शीत भण्डार, तरकारी सङ्कलन केन्द्र र थोक तथा खुद्रा व्यापार केन्द्र जस्ता पूर्वाधारको विकास र विस्तार पर्याप्त मात्रामा हुन सकेको छैन । उन्नत बीउ, मल, किटनाशक औषधीको उपलब्धता र आवश्यक मात्रामा मात्र प्रयोगका लागि किसानलाई आधारभूत ज्ञान तथा निरन्तर प्राविधिक सहायता आवश्यक देखिएको छ ।

## ५. संस्थागत र नीतिगत प्रबन्ध

सरकारले तरकारी उत्पादनको वृद्धि र विकासका लागि प्रदान गर्ने अनुदानको सीमित सङ्ख्याका साथै अनुदान प्राप्तिमा अपनाउनु प्रक्रिया आम किसानका लागि झण्झटिलो भएकाले औसत तरकारी किसानले अनुदान प्राप्तिका लागि प्रतिस्पर्धा गर्न नसक्ने अवस्था छ । अनुदान वितरण र मूल्याङ्कनको कमजोर संस्थागत क्षमताका कारण कृषि ज्ञान केन्द्र र स्थानीय सरकारहरूले प्रदान गर्ने अनुदान गलत व्यक्तिको हातमा पर्ने र अनुदानप्रतिको आमधारणा नकारात्मक बन्ने गरेको पाइन्छ । त्यसले अनुदान वितरणको वर्तमान नीति र अभ्यासमा तत्काल सुधारको आवश्यकता देखिएको छ ।

स्थानीय तहका कृषि शाखा, जिल्लामा रहेका कृषि ज्ञान केन्द्रहरूमा आवश्यक दरबन्दी अनुसार जनशक्ति पूरा हुन नसकेकेको र दरबन्दी पनि आवश्यकता भन्दा निकै कम रहेको किसान, सम्बन्धित निकाय र सरोकारवालाहरूको अनुभव छ । तरकारी उत्पादक किसानलाई सहुलियत पूर्ण कर्जामा सहज पहुँच पुऱ्याउन सरारकाको तर्फबाट संस्थागत सहायता उपलब्ध गराउने अभ्यास छैन । भारतबाट अवैध र वैध माध्यमबाट गुणस्तरहीन तरकारी आयात रोक्न गुणस्तर मापन लगायत दीर्घकालीन उपायको खोजी र कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ । हाल आयातीत सस्तो र गुणस्तरहीन तरकारीले एकातिर स्वदेशी उत्पादकहरू निरुत्साहित हुने र अर्कातिर उपभोक्ताको स्वास्थ्यमा समेत जोखिम सिर्जना हुने अवस्था छ । यसलाई रोक्न संस्थागत क्षमता सुदृढिकरण आवश्यक छ ।

## ठ. अन्य कृषि उत्पादन

विभिन्न चरणमा भएका केन्द्रित समूह छलफल तथा जानिफकार अन्तर्वार्ताका क्रममा कोशी प्रदेशका सम्भाव्य कृषि उत्पादनका सम्बन्धमा सरोकारवालाहरूले पूरक सुझाव प्रस्तुत गरेका थिए। द्वितीयक तथ्याङ्कको विश्लेषणका क्रममा तुलनात्मक लाभ भएका उत्पादनमा नसमेटिएका कतिपय क्षेत्रलाई हाल अर्थतन्त्रमा सीमित योगदान गरिरहेको भए पनि भविष्यमा महत्वपूर्ण बन्न सक्ने बस्तुहरूलाई प्रदेश र स्थानीय सरकारले प्राथमिकतामा राख्नुपर्ने सुझाव प्राप्त भएका छन्। जसमा फलफूलतर्फ एभोकाडो, ड्रागन फ्रुट्स र किवी भविष्यमा लाभदायक बन्न सक्ने भएकाले अमिलो जातको फलफूलको साथै नयाँ विकल्पका रूपमा यी फलफूल आउन सक्ने सरोकारवालाहरूको धारणा छ।

धनकुटा जिल्ला एभोकाडो खेतीका लागि प्रमुख जिल्ला हो। धनकुटा नगरपालिकाले २०७५ सालमा नगरलाई एभोकाडोको राजधानी घोषणा गरेर यसको व्यवसायिक खेतीलाई प्रोत्साहन गरेको छ। धनकुटा नगरपालिका भित्र मात्र हालसम्म १ लाख ३० हजार बढी एभोकाडोको बिरुवा रोपिएको, १२ हजार बिरुवाले फल दिइरहेको र १४ हजार बिरुवा फल दिने अवस्थामा पुगेको नगरपालिकाले जनाएको छ। एभोकाडोको प्रभाव अन्य जिल्लामा पनि परेकाले केही वर्षभित्रमा एभोकाडोले प्रदेशको अर्थतन्त्रमा देखिने गरी उपस्थिति देखाउने दाबी सरोकारवालाहरूले गरेका छन्। एउटै बोटबाट १ लाख रूपैयाँ भन्दा बढी आय भएको विगतको उदाहरणका आधारमा मूल्यमा गिरावट आउँदा पनि यो उत्पादन लाभदायक हुने देखिन्छ। संघ तथा प्रदेश सरकारले पनि एभोकाडो उत्पादन वृद्धिका लागि सहयोगी कार्यक्रम सञ्चालन गरिरहेका छन्।

नेपालमा केही महिना मात्र एभोकाडो रहने र नेपाली उत्पादनले माग धान्न पनि नसक्ने कारणले आयात उच्च रहेको हुँदा यसको आन्तरिक बजार पनि ठूलो देखिन्छ। व्यवसायीहरूले एभोकाडो भारत निर्यात गर्न सकिने भए पनि त्यसका लागि सरकारले सहयोग गर्नुपर्ने बताएका छन्।

किवी तथा ड्रागन फ्रुट्सको व्यवसायिक खेती विभिन्न जिल्लामा सुरू भएको छ। किवीको व्यवसायिक उत्पादन तथा बिक्री वितरण पनि भइरहेको छ। कफी अर्को वैकल्पिक बालीका रूपमा अघि बढाइएको छ। विगतमा पश्चिम नेपालमा मात्र कफी हुने गरेकोमा पछिल्लो समय कोशी प्रदेशका जिल्लाहरूमा पनि कफीको सम्भावना देखिएकाले व्यवसायिक खेती भइरहेको छ।

निरन्तर अध्ययनका आधारमा परम्परागत रूपमा गरिँदै आएको खेतीबाट कम लाभ हुने अवस्थामा विकल्पका रूपमा यी बालीतर्फ प्रोत्साहन गर्न सके गुजाराको विकल्पबाट आर्थिक सम्भाव्य विकल्पतर्फ नागरिकलाई लैजानु आवश्यक छ। त्यसैले भिरालो, सिँचाइका लागि धेरै लगानी गर्नुपर्ने जमिनमा उत्पादकत्व कम भएको बालीको विकल्पका रूपमा उल्लिखित बालीको विकास र उत्पादनको बजारीकरण एवं उद्योगसँगको सम्बन्ध वृद्धिमा सरकारले ध्यान दिनुपर्ने देखिन्छ।

## ड. मासु

### १. उत्पादन

पशु विकासका लागि प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत ब्लक, जोन र पकेट पहिचान गरी विभिन्न प्याकेजका कार्यक्रम सञ्चालनमा आएकाले मासुको उत्पादन बढेको छ। तराईका जिल्लाहरू झापा, मोरङ र सुनसरीमा तथा पहाडी जिल्ला उदयपुरमा बाख्रापालन व्यवसाय विस्तार भइरहेको छ। पछिल्ला वर्षहरूमा मासुको उत्पादन बढेकाले भारतबाट आउने मासुको आयात कम भएको छ। नेपाल सरकारले दिएको सिमेन (वीर्य) उच्च गुणस्तरको नहुँदा पनि नेपाल सरकारले विदेशी सिमेनमा प्रतिबन्ध लगाउनाले उत्पादनमा समस्या रहेको किसानहरूको गुनासो छ। पशुपालनमा लाग्ने विभिन्न खालका रोगको सहज उपचारका लागि दक्ष प्राविधिकको

अभाव हुनु, अध्ययन र विज्ञको अभाव फर्मदेखि बजारसम्म हुनुले उत्पादनमा नेपाल सरकारले दिएको सिमेन (वीर्य) उच्च गुणस्तरको नहुँदा पनि नेपाल सरकारले विदेशी सिमेनमा प्रतिबन्ध लगाउनाले उत्पादनमा समस्या रहेको किसानहरूको गुनासो छ । पशुपालनमा लाग्ने विभिन्न खालका रोगको सहज उपचारका लागि दक्ष प्राविधिकको अभाव हुनु, अध्ययन र विज्ञको अभाव फर्मदेखि बजारसम्म हुनुले उत्पादनमा प्रभावित भएको छ। पशु ढुवानी गर्दा प्रहरी प्रशासनले अनावश्यक चेकजाँच र जरिवाना लगाउने गरेका कारण खसीबाखालाई बजारसम्म लैजान समस्या हुने गरेको किसान तथा व्यवसायीहरूको अनुभव छ । भेटेरिनरीको सिफारिस नभएका, नागरिकता नभएका, बिल विजक नभएका जस्ता कारण देखाउँदै वजन अन्दाज गरेर पनि जरिवाना वा गलत तरिकाले रकम लिने गरेको हुनाले कृषक तथा व्यवसायी निरुत्साहित पाइएका छन् । पशुहरूमा नयाँ किसिमका रोगहरू देखा पर्ने गरेकाले पनि उत्पादन प्रभावित हुने गरेको देखिएको छ ।

स्थानीय जातका बाखाले धेरै उत्पादन नदिने र उन्नत जातका खसी बाखामा निर्भर हुँदा गुणस्तरीय मासुको पहुँचबाट उपभोक्ता वञ्चित हुने अवस्था पनि रहेको छ । उन्नत जातका खसी बाखा उत्पादनका लागि प्राविधिक सहायता बढी चाहिने हुनाले पनि परम्परागत रूपमा बाखापालनले निरन्तरता पाएको छ । भेडा च्याङ्ग्रा पालन कम हुँदै गएको देखिएको छ । यद्यपि केही स्थानमा व्यवसायिक भेडापालन पनि भइरहेको भए पनि सरकारको प्राविधिक तथा अन्य सहायताको पहुँचबाट भने टाढा रहेको पाइएको छ ।

## २. बजारीकरण

नेपालमा उत्पादित मासुलाई विदेश निर्यात गर्न सकिएको छैन । स्वदेशी बजारमा भने नेपाली खसीबोका तथा भेडाको मासुको माग उच्च रहेको छ । त्यसैले आन्तरिक बजारमा नेपाली खसीबाखाको बजार समस्या छैन । यद्यपि भारतमा सरकारले कृषकलाई धेरै अनुदान र सुविधाहरू दिएको छ जसले गर्दा नेपाली कृषकले भारतीय कृषकसँग मूल्य प्रतिस्पर्धा गर्नु पर्दा लागतको तुलनामा खसीबाखा तथा मासुको उत्पादन र बिक्री लाभदायक हुन नसकेको कृषक तथा सम्बन्धित अन्य सरोकारवालाहरूको अनुभव छ । कृषकले मासु अनौपचारिक बजार मध्यस्थमार्फत् मात्र बजारमा लैजान सक्ने भएकाले उत्पादनको मूल्य उपभोक्ता मूल्यको तुलनामा निकै कम रहेको छ । कृषकले धरान कृषि थोक बजार र सिधुवा खसी बजार जस्ता बजारमा लैजाँदा राम्रो मूल्य पाउने भए पनि ठूलो संख्यामा व्यवसायिक उत्पादन नहुँदा सोझै बजार लैजान नसकिएको तथा यातायातका पूर्वाधारको कमी र पशु ढुवानी, उपयुक्त ढुवानी सेवाको अभाव तथा आवश्यक संस्थागत र प्राविधिक सहायता विना चेकजाँचको झण्झटिलो प्रावधानले उत्पादकले लाभ नपाउने अवस्था छ । त्यसैले स्थानीयस्तरमा कृषि खसीबाखा सङ्कलन र बिक्री वितरणमा सहजीकरण गर्न सकेमा उत्पादन अभिवृद्धिका लागि वातावरण बन्ने देखिन्छ । नेपाली स्थानीय खसी, भेडा तथा च्याङ्ग्राको मासुको ब्राण्डिङ गरी निर्यात गर्न सकिने सम्भावना भएता पनि त्यसतर्फ सरकारको प्रयास आवश्यक पर्ने सरोकारवालाहरूको भनाई रहेको छ ।

## ३. उद्योगसँगको सम्बन्ध

मासुलाई सुकुटी, साँसेज, सलामी र पिक्कल्स् आदि बनाएर ब्राण्डिङ र प्याकेजिङ गर्न सकिन्छ । जुन देश बाहिर निर्यात गर्न पनि सकिन्छ । यद्यपि हालसम्म कोशी प्रदेशमा मासुको औद्योगिक उत्पादन र बजारीकरणको अभ्यास सीमित मात्रामा पाइएको छ । स्थानीय खसी, बोका, भेडा तथा च्याङ्ग्राको मासुको व्यवसायिक उत्पादनका लागि पुँजी र पूर्वाधारमा आवश्यक सहयोग गरी निजी क्षेत्रलाई प्रोत्साहन गर्नु आवश्यक छ ।

## ४. सहायक पूर्वाधार र सेवा

खसीबाखा सङ्कलन र बिक्रीका लागि केही कृषि बजारको उपलब्धता रहेको भए पनि सबै भेग समेटिने गरी पूर्वाधार र आवश्यक सेवासहितको उपलब्धता नगण्य पाइएको छ । धरान कृषि थोक बजार भने कोशी प्रदेशमा बजारको पूर्वाधार र सेवाको दृष्टिकोणले अनुकरणीय पाइएको छ। त्यसैले धरानलाई थप सुधार र खसी बाखा उत्पादन पकेट वा समेट्ने क्षेत्रलाई आधार बनाएर पहाडी जिल्लामा केही साना र प्रमुख बजारलाई केन्द्रित गरेर व्यवस्थित पशु सङ्कलन

तथा बिक्री केन्द्रको विकास आवश्यक छ । यातायातका साधनको मापदण्ड तथा त्यस्ता साधन खरिद तथा सञ्चालनका लागि सहुलियतको व्यवस्था गरी ढुवानीको लागत कम गर्नु आवश्यक छ ।

चरन क्षेत्रको अभाव भएकाले बाखा पाल्दा डाले घाँस विशेष गरेर हिँउदको सिजनमा अभाव हुने गरेको छ । घाँसपात सङ्कलनका लागि टाढा जानुपर्ने बाध्यता छ । त्यसैले बाखापालनसँगै घाँसको व्यवस्थापनलाई पनि प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । बाखापालन पकेट निर्धारण गरी सो क्षेत्रमा विशेषज्ञ पशु चिकित्सकसहितको जनशक्तिको पर्याप्त व्यवस्था तथा उपयुक्त पशु ब्रिड प्राप्ति तथा पालनलाई सहजीकरण गर्नु आवश्यक देखिएको छ । पशु ढुवानीसँग सम्बन्धित समस्याको समाधान तात्कालीक प्राथमिकता हुनुपर्ने देखिन्छ ।

उन्नत जातका घाँसको खेती सम्बन्धी तालिम, घाँसका बीउको सहज उपलब्ध गराउनु पर्ने र दाना उद्योग स्थापना गर्न सहयोग गर्नुपर्ने माग किसानको रहेको छ । व्यवसाय विस्तार गर्न प्रशस्त सम्भावना रहँदा पनि सहुलियतपूर्ण ऋणमा पशुपालक किसानको सहज पहुँच नपुगेको, आधुनिक तरिकाको खोर व्यवस्थापन गरेर पशुपालन गर्दा उत्पादन लागत बढी हुने गरेको तथा बाखापालनसँगै गुणस्तरीय मल उत्पादन र बिक्री वितरणको सीप नहुँदा द्वितीयक उत्पादनबाट लाभ लिन नसकिएको अवस्था छ ।

### ५. संस्थागत र नीतिगत प्रबन्ध

सरकारले दिने सहयोग सबै वास्तविक पशुपालक किसानको पहुँचमा नरहेको आम गुनासो छ । अनुदानका लागि पशुपालन गर्नेले अनुदानको सिद्धान्तमा नै प्रश्न उठ्ने अवस्था ल्याएको र धेरै वास्तविक किसान सरकारले उपलब्ध गराउने अनुदान तथा सुविधाको पहुँच बाहिर रहेको सारोकारवालाहरूको बुझाई रहेको छ । अनुदान लिएका किसानलाई नियमित रूपमा निगरानी र अनुगमनको कार्यक्रम गर्न जरुरी देखिएको छ भने अनुदान वितरणलाई उत्पादन तथा गोठ सुधार लगायत पूर्वाधार लगानीमा आधारित पुँजीगत अनुदानमा वर्गीकरण गर्नु उपयुक्त हुने देखिएको छ ।

## ढ. बंगुर पालन

### १. उत्पादन

सुनसरी जिल्लामा सुंगुर उत्पादन बढाउन नेपाल सरकारले कार्यान्वयन गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा सुनसरीलाई सुँगुर जोन निर्धारण गरिएको छ । कोशी प्रदेशमा पहाडका जिल्ला भन्दा तराईका जिल्लाहरूमा बंगुरको उत्पादन राम्रो छ । पहाडी जिल्लाहरूमा स्थानीय बजार लक्षित गरी बंगुर पालन भइरहेको छ । परम्परागत सुँगुरपालनले पारिवारिक खपतका लागि योगदान गरेको भए पनि अर्थतन्त्रमा योगदान गर्न सक्ने गरी ठूलो परिमाणमा उत्पादन हुन सकेको छैन । बंगुरको मासु खसी बोकाको तुलनामा निकै सस्तो भएको तथा बंगुरपालनका लागि बस्ती भन्दा टाढा जानुपर्ने बाध्यता तथा बंगुरका उपभोक्ता सीमित रहेकाले बंगुरपालनमा आकर्षण अपेक्षित रूपमा नबढेको सरोकारवालाहरूको धारणा रहेको छ । यद्यपि बंगुरमा धेरै मासु हुने भएको र यसको उपभोक्ता क्रमशः विस्तार भइरहेकाले बंगुरपालन लाभदायक रहेको किसानहरूको निष्कर्ष छ ।

बंगुरपालक किसानले उचित मूल्य नपाउने तर किसानको मूल्य र बजारमा बंगुरको मासुको मूल्यको बिचमा ठूलो अन्तर रहेकाले किसानले पर्याप्त लाभ नपाउने गुनासो रहेको छ । बंगुरको उचित र पौष्टिक तत्वयुक्त आहारको व्यवस्थापन नहुँदा हुनुपर्ने भन्दा निकै कम मात्र तौल हुने भएकाले पर्याप्त उत्पादन र आय हुन सकेको छैन । लगानी अनुसारको उत्पादनमा कमी भएको छ । रोग लागेका बंगुरको समयमा नै उपचार गर्न नपाउने र दक्ष प्राविधिकको पनि अभाव हुने हुनाले समस्यामा परेको किसानको अनुभव छ । बंगुर फर्म सञ्चालन गर्ने गरिएको भए पनि निश्चित मापदण्डसहित व्यवसायिक बंगुरपालनको अभ्यास नगण्य रहेको सरोकारवालाहरूको धारणा पाइएको छ । त्यसैले गर्दा उत्पादन र उत्पादकत्व कम रहेको छ ।

## २. बजारीकरण

धरानको कालो बंगुर नेपालभरि नै प्रख्यात छ । धराने कालो बंगुरलाई ब्राण्ड बनाएर विदेशमा समेत निर्यात गर्न सकिने सम्बन्धित सरोकारवालाहरूको धारणा रहेको छ । किसानहरूले बंगुर पालनमा बजार व्यवस्थापनको समस्या रहेको गुनासो गरेका छन् । कोशी प्रदेशका पहाडी जिल्लाहरूमा उत्पादन हुने बंगुरको मासुका लागि तराई क्षेत्रको बजारको पहुँच सहज नरहेकाले ठूलो परिमाणमा बंगुरपालन र मासु उत्पादन हुन नसकेको पाइएको छ । त्यसैले आन्तरिक बजारसँग र उत्पादनका बिचको बजार सञ्जाल कायम गर्ने र स्थानीय जातको सुँगुरको ब्राण्डिङ गरी निर्यातका लागि बाह्य बजार खोज्ने बजारीकरणका लागि प्रमुख दुई प्राथमिकता रहेको देखिन्छ ।

बंगुरको पाठापाठी बेच्दा घाटा सहनु परेको सम्बन्धित कृषकहरूको अनुभव छ । उत्पादन लागत कम रहेका पाठापाठी भारतबाट कम मूल्यमा आउने हुनाले यस्तो भएको सम्बन्धित किसानको धारणा रहेको छ । समयमै बेच्न नसक्दा पाठापाठीलाई दाना खुवाउँदा मूल्य बढ्ने र घाटा अझ बढ्ने गरेको अनुभव पनि किसानको छ । यी समस्याका बावजुद कोशी प्रदेश नेपालकै मुख्य बंगुर तथा पाठापाठी उत्पादन क्षेत्र हो । यहाँका बंगुर पाठापाठीहरू देशभरि नै जाने गरेका छन् । तर धेरैजसो ठूला उत्पादकहरू पाठापाठी उत्पादनमा मात्र केन्द्रित हुँदा पाठापाठी समय समयमा मागभन्दा धेरै उत्पादन भई बजार पाउन समस्या देखिने गरेको छ ।

## ३. उद्योगसँगको सम्बन्ध

बंगुरको मासुबाट सुकुटी बनाउन सकिन्छ भने फ्रिजिङ र प्याकेजिङ गरी लामो समयसम्म राख्न र आन्तरिक र बाह्य बजारमा बेच्न सकिन्छ । बंगुरको सुकुटीको भारत र युरोपियन मुलुकहरूमा समेत माग रहेकाले किसान र व्यवसायीले ब्राण्डिङ र लेबलिङमा सहयोग र निर्यातमा सहजीकरणको आवश्यकता औंल्याएका छन् । बंगुरको मासु प्रशोधन उद्योग स्थापना गर्नुपर्ने किसानहरूको माग रहेको छ । त्यसका लागि निजी क्षेत्र आकर्षित गर्नुपर्ने सरोकारवालाहरूको सुझाव रहेको छ ।

## ४. सहायक पूर्वाधार र सेवा

उन्नत जातको पाठाको लागि सरकारले अनुदान दिएको तर त्यसको लागि गोठ व्यवस्थापन र उचित आहारा सम्बन्धी तालिमको व्यवस्था नगरेको सरोकारवालाहरूले बताएका छन् । किसान स्वयंले गरेको गोठ व्यवस्थापन सम्बन्धमा निरीक्षण र पृष्ठपोषणको अभ्यास नभएको तथा प्रजनन, वृद्धिको अवस्था, पोषण, रोग ब्याधी लगायतका सबै चरणमा आवश्यक परामर्श र प्राविधिक सहायता उपलब्ध नभएको किसानको अनुभव छ । त्यसैले बंगुर पालनका सन्दर्भमा गोठ सुधारमा सहयोग र प्राविधिक सेवाको पहुँच सुदृढिकरण प्रमुख प्राथमिकता हुनुपर्ने देखिन्छ ।

सहुलियतपूर्ण ऋणको व्यवस्था गर्नुपर्ने, दक्ष प्राविधिकको व्यवस्था हुनुपर्ने, बंगुरको दाना उत्पादनमा अनुदान दिनुपर्ने, आन्तरिक र बाह्य बजार व्यवस्थापनमा स्थानीय सरकारबाट सहजीकरण हुनुपर्ने तथा बंगुर पालन र मासु उद्योगमा निजी लगानी बढाउन सरकारले सहयोगी भूमिका निर्वाह गर्नुपर्ने किसान तथा निजी क्षेत्रका प्रतिनिधिहरूको माग रहेको छ ।

## ५. संस्थागत र नीतिगत प्रबन्ध

अहिलेसम्म बंगुरको मासुको थोक मूल्य निर्धारण हुन नसकेकाले बंगुरपालक किसानको सहभागितामा बंगुरको मासुको खुद्रा तथा थोक मूल्य निर्धारण गर्नुपर्ने किसानहरूको माग रहेको छ । बंगुर पालनलाई आधुनिक रूपमा विकास गर्नका लागि प्राविधिक ज्ञान, सीप र दक्षता अभिवृद्धि कार्यक्रम तथा तालिम किसानलाई आवश्यक रहेको महशुस गरिएको छ । बंगुरको विभिन्न तहमा तयारी तथा प्रशोधन गरिएको मासुको निर्यातमा सहज हुने गरी आवश्यक नीतिगत र संस्थागत सहजीकरणको आवश्यकता औंल्याइएको छ ।

अनुदान लिएका किसानलाई नियमित अनुगमन गरेर अनुदान उचित सदुपयोग भए नभएको यकिन गर्ने अभ्यास नभएको सरोकारवालाहरूको गुनासो छ । अनुदान दुरूपयोगलाई कानुनी दायरामा ल्याएर कारवाही गर्न सके गलत व्यक्तिले अनुदानका लागि आवेदन नदिने र अनुदान पाउनेले अर्थतन्त्रमा योगदान गर्ने हुनाले अनुदान वितरणमा रहेका समस्या समाधान गर्ने र वितरणपश्चात्को अनुगमनलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिएको

छ । बंगुरपालन, बजारीकरण र प्रशोधनका विभिन्न चरणमा प्राविधिक सहायता तथा सहजीकरण गर्न सक्नेगरी स्थानीय तहका पशुसेवा शाखा तथा जिल्लास्थित निकायको संस्थागत संरचना र जनशक्ति व्यवस्थापन नभएको किसानको अनुभव रहेकाले त्यसमा सुधारका लागि स्थानीय र प्रदेश सरकारले आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

### ३.३.२. उद्योग

द्वितीयक तथ्याङ्क अनुसार उद्योग क्षेत्रमा उत्पादनमूलक उद्योग आर्थिक वृद्धि सम्भाव्य क्षेत्र देखिएको छ । उत्पादनमूलक क्षेत्रमध्ये कोशी प्रदेश कृषि क्षेत्रसँग प्रत्यक्ष जोडिएका र कृषि उत्पादनको मूल्य अभिवृद्धिमा बढी योगदान गर्न सक्ने क्षेत्रमध्ये खाद्य प्रशोधन र टेक्स्टाइललाई प्रमुख सम्भावनाका क्षेत्रको रूपमा लिएर जानिफकार अन्तर्वार्ताहरू सञ्चालन गरिएको थियो । कृषि क्षेत्रको केन्द्रित समूह छलफल तथा परामर्श बैठकमा पनि उद्योग क्षेत्रका सवालमा छलफल भएकाले खाद्य प्रशोधन र टेक्स्टाइल उद्योगसँग सम्बन्धित सरोकारवालासँग जानिफकार अन्तर्वार्ता मात्र सञ्चालन गरिएको थियो ।

### क. खाद्य प्रशोधन उद्योग

### १. उद्योगको वर्तमान अवस्था

कोशी प्रदेश र नेपालभर नै प्रशोधित खाद्यान्नको चर्को माग रहेको छ । तर खाद्य प्रशोधन उद्योगले स्थानीय माग पूरा गर्न नसक्दा चामल, पिठो लगायत आधारभूत खाद्यान्न तथा अन्य प्रशोधित औद्योगिक बस्तुको आयात उच्च छ । खाद्य प्रशोधन कृषिसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएकाले कृषि उत्पादन र उत्पादकत्वसँग सम्बन्धित समस्याबाट यो उद्योग समेत प्रभावित भएको छ । कोशी प्रदेशमा खाद्य प्रशोधन उद्योगलाई आवश्यक कच्चा पदार्थको करिब २५ % जति मात्र स्थानीयस्तरमा उपलब्ध रहेको र बाँकी ७५% भारतमा निर्भर रहेको सम्बन्धित सरोकारवालाहरूको अनुमान छ । वनस्पति घ्युको ६०% माग आयातले धान्ने गरेको, गहुँको पिठो ६५% स्थानीय उत्पादनले आपूर्ति गर्ने गरेको तथा करिब ३५% आयात गरिने गरेको र चिनी लगभग ९०% आयातमा निर्भर रहेको अनुमान छ ।

अदुवा, गाँजर र अन्य केही मौसमी तरकारी बाहेक उद्योगले कच्चा पदार्थको रूपमा प्रयोग गर्ने तरकारी तथा फलफूल भारत तथा अन्य देशबाट आयात गरिन्छ । स्वदेशी तरकारी तथा फलफूलको मूल्य उच्च रहेकाले भारतबाट आयात गर्दा उक्त बस्तुको मूल्य तुलनात्मक रूपमा कम पर्दछ । स्वदेशी तरकारी तथा फलफूलको उचित व्यवस्थापन, वितरण, बजारीकरण र भण्डारणको अभावले गर्दा ठूलो परिमाणमा खेर जाने गरेको छ । यसले गर्दा फलफूल तथा तरकारी (जस्तैः टमाटर) लाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने प्रशोधन उद्योगलाई आवश्यक समयमा कच्चा पदार्थको उपलब्धता नभएको देखिन्छ । त्यसैगरी व्यवसायिक खेती कम हुने र ठूलो परिमाणमा सीमित उत्पादकले उद्योगका लागि कच्चा पदार्थको प्रत्याभूति दिन नसक्ने भएकाले पनि बाह्य कच्चा पदार्थमा निर्भर हुनु परेको देखिन्छ ।

कृषिजन्य बस्तुका लागि ठूला गोदाम तथा शीत भण्डारको अभावका कारणले पनि खाद्य उद्योगलाई बेमौसममा आन्तरिकस्तरमा कच्चा पदार्थ सङ्कलन गर्न कठिनाई रहेको छ । समग्र कृषि क्षेत्रमा रहेको बीउ, विजन, मल तथा सिँचाइको समस्याले गर्दा खाद्य प्रसोधन उद्योगले आवश्यक कच्चा पदार्थ स्थानीय उत्पादनबाट आपूर्ति गर्न सकेको छैन ।

स्थानीयस्तरमा दक्ष कामदार पाउन नसकिने तथा सबै किसिमका कामदारको ज्याला उच्च रहेकाले स्थानीयलाई रोजगारी दिने गरी ठूला उद्योग सञ्चालन पनि लाभदायक नहुने गरेको उद्योगीहरूको अनुभव छ ।

### २. बजारीकरण

भारतसँगको खुला सीमा नाकालाई खाद्यान्न प्रशोधन उद्योगका सरोकारवालाहरूले समस्याको रूपमा लिएको देखिन्छ । अनियन्त्रित सीमापार व्यापारले गर्दा भारतीय खाद्य प्रशोधित बस्तुहरूको अनौपचारिक आयातमा वृद्धि र प्रदेशको उत्पादनलाई भारतीय आयातसँग अस्वस्थ प्रतिस्पर्धाको सामना गर्नु परेको छ । त्यसैगरी अन्तर्राष्ट्रियस्तरको प्रशोधित खाद्यान्नको प्रकारमा आएको विविधतासँग प्रतिस्पर्धा गर्न नसक्नु र उच्च लागतका कारणले मूल्य उच्च हुँदा यहाँका खाद्य उद्योगले स्थानीय बजार प्राप्त गर्न सक्ने अवस्था छैन ।

खाद्य बस्तुको आकर्षक प्याकेजिङका कारणले पनि आयातीत प्रशोधित खाद्यान्नप्रति उपभोक्ताको बढ्दो आर्कषण देखिन्छ। तयारी चाउचाउ तथा चाउमिनको सन्दर्भमा भने ९५% बजार हिस्सा नेपालकै रहेको छ । वाई वाई, रारा, रमपम तथा अन्य तयारी चाउचाउका साथै चाउमिनमा कोशी प्रदेशले राम्रो बजार पाएको छ। यद्यपि, एकै प्रकारका खाद्यान्न प्रशोधन गर्ने उद्योगको सङ्ख्या बढी भएकाले यस्ता उद्योगहरू बिच चर्को आन्तरिक प्रतिस्पर्धा रहने गर्दछ। उपभोग क्षमता अनुसार उद्योग दर्ता र सञ्चालनमा नियन्त्रण गरी खाद्य प्रशोधनमा विविधता ल्याउने र साथै अवैधानिक सीमापार व्यापारलाई रोक्न सके खाद्य प्रशोधन उद्योगले भोगिरहेको बजारीकरणको समस्यालाई न्यूनिकरण गर्न सकिने देखिन्छ। नेपाली उत्पादकले ब्राण्डिङ, लेभलिङ र प्याकेजिङमार्फत् प्रतिस्पर्धी क्षमता बढाउनु पनि आवश्यक छ।

## ४. सहायक पूर्वाधार र सेवा

अन्तर्राष्ट्रिय व्यापारमा गुणस्तर नियन्त्रण एक अपरिहार्य प्रतिस्पर्धात्मक तत्व भएता पनि, खाद्य सुरक्षा, खाद्य निर्यात निरीक्षण र प्रमाणीकरण प्रणालीको उचित कार्यान्वयन नहुँदा कोशी प्रदेशमा प्रशोधित बस्तुले अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सकेको छैनन् भने विदेशी उत्पादनसँग स्थानीय बजारमा समेत प्रतिस्पर्धा गर्न नसकेको अवस्था छ। खाद्य बस्तुको ब्राण्डिङ तथा प्रचारप्रसारका लागि निजी क्षेत्रले पर्याप्त लगानी गर्न सकेको छैन भने सरकार र निजी क्षेत्रको सहकार्य पनि कमजोर छ । त्यसैले कोशी प्रदेशमा साना, मझौला तथा ठूला उद्योगबाट उत्पादित खाद्य पदार्थले बजार पाउन सकेको छैन। भटमासको तेल, सूर्यमुखी फूलको तेल जस्ता बाह्य कच्चा पदार्थमा आधारित र न्यून मूल्य अभिवृद्धि भएका उत्पादनले भने बाह्य बजार पाएका छन्। तर यी उद्योगको दिगोपनमा प्रशस्त चुनौती रहेका छन् । त्यसैले स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगका लागि पूर्वाधार र सहायक सेवाको विस्तार गरी लाभदायक बनाउनु आवश्यक छ।

विद्युत सेवाको उपलब्धता पहिलेको तुलनामा सुधार भएको भए पनि उद्योग सञ्चालनका लागि विद्युतको आपूर्ति अझै पनि पर्याप्त छैन। सडक पूर्वाधार सजिलो र फराकिलो नभएका कारणले पनि औद्योगिक कच्चा पदार्थ तथा प्रशोधित बस्तुको ओसारपसारमा जटिलता देखिन्छ। ढुवानीको लागत उच्च हुँदा उत्पादनको लागत र मूल्य दुबै बढ्ने अवस्था छ। सरकारले कृषिसँग प्रत्यक्ष जोडिएका उद्योगको पूर्वाधार विस्तार र सुधारका लागि सहुलियत तथा सुविधा उपलब्ध नगराउँदा कृषि क्षेत्रमा गरिएको लगानी पनि प्रभावकारी हुन सकेको छैन।

स्वदेशी दक्ष जनशक्तिको कमीले उद्योग सञ्चालनलाई आवश्यक जनशक्ति भारत लगायतका देशबाट आपूर्ति गरिन्छ, जसका कारण स्थानीय रोजगारी तथा श्रम परिचालन व्यवस्थापनमा कठिनाई रहेको छ। उद्योग सञ्चालन सम्बन्धी पाठ्यक्रमको विकास तथा सीपमूलक तालिमको व्यवस्था गर्न सके स्वदेशी रोजगारी प्रवर्द्धन, स्थानीय आयस्रोतमा सुधार तथा वैदेशिक रोजगारीको प्रवृत्तिमा न्यूनिकरण गर्न सकिने देखिन्छ।

## ५. संस्थागत र नीतिगत प्रबन्ध

स्वदेशी खाद्य प्रशोधन उद्योगहरूले प्रोत्साहन नपाउँदा प्रायःजसो उद्योगहरू विस्थापित हुने र आयातमुखी व्यापारहरू बढ्दै गएको देखिन्छ । भारतसँगको अनियन्त्रित खुला सीमा नाका तथा अवैधानिक कारोबार खाद्य प्रशोधन उद्योगको आधारभूत समस्या रहेको छ। खुला सीमाका कारण भारतीय प्रशोधित बस्तु सहज रूपमा नेपाल भित्रिँदा स्वदेशी खाद्यबस्तुले भारतीय खाद्यबस्तुसँग प्रतिस्पर्धा गर्न नसक्ने र उद्योगी व्यवसायी मारमा परेका छन्। त्यसैले, सीमापारीबाट अनाधिकृत रूपमा आउने खाद्यबस्तुको नियन्त्रण, गुणस्तर परीक्षण तथा आन्तरिक उत्पादनको प्रतिस्पर्धी क्षमता विस्तारमा केन्द्रित नीति तथा कार्यक्रम अघि बढाउनु आवश्यक छ।

उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थदेखि औद्योगिक उपकरण तथा मेशिन आयातमा उच्च भन्सार शुल्कका कारण स्वदेशी खाद्य बस्तुको मूल्य आकासिएको छ । यसको नियन्त्रणका लागि औद्योगिक बस्तु तथा उपकरणको आयातमा लाग्ने भन्सार शुल्क न्यूनिकरण गर्न जरुरी रहेको छ । यसमा प्रदेश सरकारले सघीय सरकारसँग आवश्यक पहल गर्नुपर्ने हुन्छ। सहुलियत कर्जाको व्यवस्थापनले पनि खाद्य उद्योग सञ्चालन र विस्तरमा ठूलो टेवा पुग्ने देखिन्छ।

## ख. टेक्सटाइल

### १. उद्योगको वर्तमान अवस्था

कपडाजन्य उद्योगको सम्भावना प्रचुर रहे पनि नेपालका अधिकांश टेक्सटाइल उद्योग विस्थापित भएका छन् । कुल मागको १०% मात्र स्थानीय टेक्सटाइल उद्योगले आपूर्ति गर्न सकेको उद्योगीहरू बताउँछन् । बाँकीको माग आयात तथा अवैधानिक पैठारीबाट पूर्ति गरिएको छ । झुल बनाउने धागो लगायतका केही कच्चा पदार्थ भारत तथा अन्य मुलुकबाट आयात गरिन्छ भने टेक्सटाइल उद्योगलाई आवश्यक अन्य कच्चा पदार्थ ९०% स्वदेशमै उपलब्ध छन् । कच्चा पदार्थको उपलब्धता बाबजुत पनि टेक्सटाइल क्षेत्रको उत्पादकत्व भने कमजोर रहेको छ ।

विगतमा प्रसिद्ध रहेको ढाका तथा पश्मिनाको उत्पादन पनि घट्दै गएको छ । साथै, जनावरबाट बनेका कपडाहरू जस्तैः ऊन र रेशमको उत्पादन पनि विगतको तुलनामा खस्किएको पाइन्छ । कपडा उत्पादनका लागि चाहिने धागो कारखाना तथा स्पिनिङ्ग मिल प्रदेशमा नै सञ्चालनमा रहेता पनि टेक्सटाइल उद्योगको विकास अपेक्षित रूपमा हुन सकेको छैन । भारतीय नाका हुँदै व्यक्तिगत र व्यवसायिक दृष्टिकोणले ल्याइने कपडासँग प्रतिस्पर्धा गर्ने क्षमता नहुँदा टेक्सटाइल उद्योग धरासायी भएको छ ।

अल्लो, केराको बोट, सिस्नु, ढाका, रेसम, ऊन आदि कच्चा पदार्थको उपलब्धता रहने र विस्तारको पनि सम्भावना भएकाले सरकारले यसलाई प्राथमिकीकरण गरी कपडा उत्पादनको क्षेत्रमा सुधारको प्रयास गर्न सक्छ । तर, ठूलो लगानीको कपडा उद्योग विस्तार भने जोखिमयुक्त रहेको छ ।

### २. बजारीकरण

भन्सार नाकाबाट हुने अवैध कपडाको कारोबारले गर्दा स्थानीय कपडाजन्य उद्योगले कठिनाई भोग्न परेको छ । आधाभन्दा बढी कपडा भन्सार नतिरी अनाधिकृत रूपमा आयात हुने गरेकाले स्थानीय टेक्सटाइल उद्योगले चर्को प्रतिस्पर्धा सामना गर्नु परेको छ भने राज्यले ठूलो मात्रामा राजस्व गुमाउन परेको छ । यसरी तयारी पोशाक अवैध बाटोबाट कोशी प्रदेशमा आयात भइरहँदा स्थानीय व्यवसायीले उचित बजार मूल्य नपाएका र धेरै जस्तो टेक्सटाइल उद्योग बन्द गर्नु परेको छ । सरकारले अवैध र अनौपचारिक आयातमा मात्र नियन्त्रण गर्नसके स्थानीय बजारमा स्वदेशी कपडाको बजार बढाउन सकिने सम्भावना भने विद्यमान छ ।

### ३. सहायक पूर्वाधार र सेवा

ठूला स्पिनिङ्ग मिल तथा टेक्सटाइल उद्योगमा बिजुली गइरहँदा धागो तथा कच्चा पदार्थ बिग्रिने हुनाले उद्योग सञ्चालनका लागि चाहिने विद्युतको पर्याप्त आपूर्ति अत्यावश्यक रहेको छ । साथै, थ्रिफेज लाइन जडान गर्नका लागि आवश्यक प्रक्रिया सरल गराउनु पर्ने आवश्यकता देखिन्छ । रेशम, अल्लो, तथा सुती जस्ता कच्चा पदार्थ प्रवर्द्धन तथा प्रोत्साहनका कार्यक्रम सञ्चालनमा नभएकाले हालमा यसको उत्पादनमा ह्रास आएको छ, त्यसतर्फ ध्यान दिनुपर्छ । टेक्सटाइल सम्बन्धी प्राविधिक जनशक्ति जस्तैः टेक्सटाइल इन्जिनियर तथा सफ्टवेयर सञ्चालक स्वदेशमा अभाव भएकाले कयौं सङ्ख्यामा यस्ता जनशक्ति भारत तथा अन्य मुलुकबाट आपूर्ति गर्नु परेको छ । यस्ता दक्ष जनशक्ति स्वदेशमा नै विकास गर्न सके स्थानीय रोजगारी तथा आयमा पनि योगदान पुग्न सक्छ ।

### ४. संस्थागत र नीतिगत प्रबन्ध र सुधारका क्षेत्र

"सरकारको केही पनि नीति, नियम तथा कार्यक्रम टेक्सटाइल उद्योगमा केन्द्रित छैन् । यस क्षेत्रको प्रवर्द्धनका लागि बजेट विनियोजितसम्म भएको पाइन्न । मुलुकमा संघीयताको विकास भएता पनि उद्योगको सन्दर्भमा आर्थिक संघीयता देखिँदैन ।" - प्रदीप निरौला (व्यवस्थापक, प्रगति टेक्सटाइल उद्योग-विराटनगर) खुला सिमानाका तथा अवैध कपडा कारोबार टेक्सटाइल उद्योगले सामना गर्नु परेको प्रमुख समस्या हो । यस्ता कारोबारलाई राज्यले निगरानी तथा नियन्त्रणमा ल्याउनु अपरिहार्य देखिन्छ । अनाधिकृत रूपमा आयात हुने कपडा कारोबारलाई अनुगमन

तथा नियन्त्रण गर्न सके टेक्सटाइल उद्योगलाई सहयोग पुग्ने देखिन्छ । साथै, औद्योगिक उपकरणको आयातमा लाग्ने भन्सार शुल्क घटाउने, हटाउने तथा कच्चा पदार्थमा लाग्ने भ्याट छुट तथा सहुलियतपूर्वक कर्जाको व्यवस्था गराउन सके टेक्सटाइल उद्योगीलाई ठूलो राहत हुने देखिन्छ ।

### ३.३.३. सेवा क्षेत्र

द्वितीयक तथ्याङ्क विश्लेषणका आधारमा पर्यटन र कृषि उपजको थोक तथा खुद्रा व्यापार कोशी प्रदेशको आर्थिक वृद्धिमा बढी योगदान गर्न सक्ने सेवा क्षेत्र रहेको देखियो । यसका आधार यी क्षेत्रमा रहेर गरिएका केन्द्रित समूह छलफल तथा जानिफकार अन्तर्वार्ताको आधारमा प्राप्त गुणात्मक सूचनाको सारसंक्षेप तल प्रस्तुत छ ।

### क. पर्यटन

#### १. वर्तमान अवस्था

संसारको सर्वोच्च शिखर सगरमाथादेखि देशकै होचो भूभाग झापाको केचनासम्म रहेको कोशी प्रदेशमा पर्यटनको प्रचुर सम्भावना रहेका धेरै स्थानहरू छन् । मोरङका मिक्लाजुङ डाँडा, जेफाले डाँडा र बेतेना सिमसार, झापाको केचनाकवल, जामुनखाडी सिमसार र अर्जुनधारा, इलामका अन्तुडाँडा र कन्याम, पाँचथरको जोरपोखरी, ताप्लेजुङको पाथीभरा र कञ्चनजंघा हिम शृङ्खला क्षेत्र, सुनसरीको बराहक्षेत्र र कोशी टप्पु वन्यजन्तु आरक्ष क्षेत्र, धनकुटाका भेडेटार र नाम्जे, भोजपुरका ट्याम्के र मैयुङ डाँडा, तेह्रथुमको गुराँसको राजधानी तीनजुरे, मिल्के र जलजले क्षेत्र, संखुवासभाको सभा पोखरी, मत्स्य पोखरी र जौबारी महादेव गुफा, सोलुखुम्बुका सगरमाथा, ल्होत्से र चोयु हिमाल, खोटाङका हलेसी महादेव स्थान, बराह पोखरी र ट्याम्के डाँडा, उदयपुरका जाल्पादेवी, लिम्पाटार र रौता पोखरी तथा ओखलढुंगाको सतासी धामजस्ता पर्यटन क्षेत्र प्रचुर सम्भावना बोकेका क्षेत्र हुन् ।

देशकै प्रमुख पहिचानका रूपमा रहेको विश्वको सर्वोच्च शिखर सगरमाथा कोशी प्रदेशमा पर्दछ। कञ्चनजङ्घा र मकालुलगायतका थुप्रै उच्च हिम शृङ्खलाको अवलोकन गर्न र साहसिक यात्रा गर्न अहिले पनि हजारौं विदेशी पर्यटक यहाँ आउने गरेका छन् । यसको साथै कोशी प्रदेश भारत, बंगलादेश, चीन र भुटान गरी चार मुलुकको प्रवेश बिन्दुका रूपमा समेत अवस्थित छ । नेपालको सबैभन्दा पूरानो उद्योग रहेको विराटनगर र यो क्षेत्र औद्योगिक पर्यटनको सम्भावना पनि प्रशस्त रहेको क्षेत्र हो ।

यी विभिन्न सम्भावना भएको यस प्रदेशले पर्यटन क्षेत्रबाट आर्थिक विकास र रोजगारीमा भने अपेक्षित प्रगति गर्न सकेको छैन । हिमाल आरोहण लगायत साहसी पर्यटनका लागि आउने पर्यटकबाट कोशी प्रदेशको अर्थतन्त्रमा ठूलो योगदान हुन नसकेको अवस्था विद्यमान छ । भारतीय पर्यटकका लागि सम्मानपूर्ण बसाई र मनोरञ्जन लगायतको वातावरण नहुँदा लाखौं भारतीय पर्यटक आउने र खर्च गर्ने सम्भावनाको उपयोग हुन सकेको छैन । इलाम तथा भेडेटार आन्तरिक पर्यटन गन्तव्यका रूपमा रहेका छन् भने बराह क्षेत्र र पाथीभरा आउने आन्तरिक र केही बाह्य पर्यटकले अन्य पर्यटकीय गन्तव्यसम्म लैजान सकिएको छैन । अधिकांश पर्यटन गन्तव्यमा आउने, घुम्ने र खर्च गर्ने अवस्थाको निर्माण गर्न नै सकिएको छैन । आँखा अस्पताल भारतीय नागरिकको महत्वपूर्ण गन्तव्य बनिरहेको भए पनि स्वास्थ्यलाई पर्यटनसँग जोड्न आवश्यक प्रयास हुन सकेको छैन । प्रदेशका विमानस्थलहरूको राम्रो सञ्चालन नभएको तथा तिनमा काठमाडौंबाट मात्र उडान हुने हुँदा कोशी प्रदेशभित्रको आन्तरिक पर्यटन र जोगबनी, मेची र पशुपतिनगर हुँदै आउने भारतीय पर्यटकलाई पहाडी जिल्लासम्म लैजाने हवाई मार्गको प्रयोग हुन सकेको छैन ।

पर्यटन गन्तव्यसम्मको सडक सञ्जाल कमजोर हुनु र होटल लगायतका पर्यटन सेवा गुणस्तरीय नहुनु जस्ता कारणले यातायात, खाना तथा आवास लगायतमा पर्यटकले खर्च गर्ने विकल्प नै सीमित छ । त्यसैले पर्यटन अर्थतन्त्रको आधार बन्न सकेको छैन ।

## २. प्रवर्द्धन र बिस्तार

कोशी प्रदेशको विकास र समृद्धिको लागि पर्यटन क्षेत्रमा सरकार, निजी क्षेत्र र समुदायका बिचमा आपसी सहकार्यको आवश्यकता रहेको देखिन्छ। पर्यटन प्रवर्द्धनको नीति नहुनु र पर्यटनसँग सम्बधित सरकारी संयन्त्रहरू तल्लो तहसम्म नहुनुले पर्यटनको विकासमा सरकारको संस्थागत पहल नै कमजोर रहने अवस्था छ।

कोशी प्रदेशमा पर्यटन प्रोडक्ट र ब्रान्ड तयार गर्न नसक्दा पनि यो क्षेत्र पछि परिरहेको छ। पर्यटनको ब्रान्डिङ गर्ने र लक्षित समूहसम्म प्रवर्द्धन गर्ने स्पष्ट खाका नहुँदा पनि कोशी प्रदेशको पर्यटन विकास सुस्त गतिमा भएको पाइन्छ। भारतीय पर्यटक, तेस्रो देशका पर्यटक तथा आन्तरिक पर्यटकका लागि बेग्लाबेग्लै पर्यटन प्याकेज तयार गरी प्रचारप्रसार गर्नु आवश्यक देखिएको छ। एउटा गन्तव्यमा आउने पर्यटकलाई नजिकका अन्य गन्तव्यसम्म लैजानका लागि अन्तर गन्तव्य सम्बन्ध र सहकार्य पनि पर्यटन बजारीकरणका आधार हुन्।

प्रदेश राजधानी तथा पूर्व पश्चिम राजमार्गदेखि कोशी प्रदेशका पर्यटकीय गन्तव्यसम्मको पहुँच मार्ग सुधार आवश्यक छ। सबै पर्यटन गन्तव्यमा आधारभूत पर्यटक सेवा र सुविधाको उपलब्धता तथा पर्यटकमैत्री व्यवहारबाट पर्यटक पुनः आउने तथा एकपटक आउने पर्यटकले नै बजार सिर्जना गर्ने वातावरण तयार हुनसक्छ। एक जिल्ला बहुगन्तव्य, एक गन्तव्य बहुआकर्षण, एक गाउँः एक लगानीको अवधारणा अपनाउँदै कोशी प्रदेशको पर्यटन गन्तव्यलाई प्राथमिकताको आधारमा प्रवर्द्धन र विकास गर्न आवश्यक छ।

एउटा पर्यटन गन्तव्यमा आउने पर्यटकलाई अर्को गन्तव्यमा जान प्रोत्साहन गर्ने संस्कृतिको विकास नहुँदा पर्यटन व्यवसायभित्र नै अस्वस्थ प्रतिष्पर्धा समेत देखिएको छ। कला, संस्कृति विशेष प्रदर्शनी र बजार प्रर्वद्धनको लागि साँस्कृतिक कार्यक्रम Digital Hoarding Board, पर्यटक सूचना केन्द्र जस्ता आधारभूत प्रवर्द्धनात्मक क्रियाकलाप पनि सञ्चालन भएको पाइएको छैन।

## ३. अग्र र पृष्ठ सम्बन्ध

पर्यटन घुमफिर र मनोरञ्जनमा मात्र आधारित गतिविधि नभई अन्य धेरै क्षेत्रसँग अन्तरसम्बन्धित बृहत् उद्योग हो। तसर्थ पर्यटनले कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, व्यवसाय, धर्म, संस्कृति, खेल, प्रकृति, वातावरण जस्ता क्षेत्रहरूसँग प्रत्यक्ष सरोकार र सम्बन्ध राख्दछ। तसर्थ स्थानीय प्रादेशिक आर्थिक समाजिक विकासका लागि पर्यटन क्षेत्रबाट दिन सकिने लाभको विभिन्न आयामहरूको यथेष्ठ विष्लेषण गर्नु आवस्यक छ। सामान्य भाषामा व्याख्या गर्दा उल्लेखित क्षेत्रहरूको विस्तार र विकास हुँदा यसले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पर्यटन क्षेत्रलाई टेवा पुयाउँछ। कोशी प्रदेशमा पनि पर्यटन क्षेत्रसँग कृषि, उद्योग र अन्य सेवा क्षेत्रको अन्तरसम्बन्ध रहेको छ।

शिक्षा र स्वास्थ्य क्षेत्रमा कोशी प्रदेशमा रहेका पूर्वाधार र सेवाले शिक्षा र स्वास्थ्यका लागि अन्य प्रदेश तथा भारतबाट पनि नागरिक आउने गरेका छन्। यसले शैक्षिक पर्यटन र स्वास्थ्य पर्यटनको विकासमा टेवा पुगिरहेको छ। झापा, मोरङ, सुनसरीमा रहेका आँखा अस्पतालमा भारतीय बिरामीको चाप निकै उच्च रहने गरेको छ। काठमाडौंपछि शैक्षिक हबका रूपमा विकास भइरहेको कोशी प्रदेशमा भारत, पाकिस्तान, बंगलादेश आदि देशबाट पढ्न आउने विद्यार्थी बढ्दै जानुले पनि पर्यटन विकासमा योगदान गरिरहेको छ।

कृषि पर्यटन, धार्मिक पर्यटन, औद्योगिक तथा साँस्कृतिक पर्यटन आदिको प्रदेशमा सम्भावना देखिएको छ। इलामको मौलिक कृषि गतिविधि अर्थात् चिया बगान हेर्न वार्षिक हजारौं पर्यटक आउने गरेका छन्। मोरङ, सुनसरी र झापाका उद्योग, कलकारखाना, व्यापार, व्यवसायको कारण पनि यस प्रदेशमा भ्रमण गर्नेहरूको सङ्ख्या उल्लेख्य छ। कोशी प्रदेशका प्रमुख धार्मिक स्थलहरू रहेका जिल्लाहरूमा प्रत्येक वर्ष लाखौंको सङ्ख्यामा धार्मिक पर्यटकको आगमन हुने गरेको छ।

कृषिलाई पर्यटन क्षेत्रसँग यसतर्फ समुदाय, स्थानीय सरकार र पर्यटन व्यवसायी बिचमा प्रभावकारी समन्वय र सम्बन्ध हुन नसक्दा पर्यटन क्षेत्रबाट कृषि क्षेत्रले लाभ लिन सकेको पाइँदैन। स्थानीय उत्पादन बिक्री नहुने तर होटल

तथा रेस्टुराँहरूले आयातीत खाद्यान्न तथा तरकारी प्रयोग गर्ने अवस्था विद्यमान छ। विराटनगर जुट मिल लगायत औद्योगिक क्षेत्रको विशिष्ट पहिचानलाई उद्योगसँग जोड्न सकिएको छैन । यहाँको होटल तथा रिसोर्टहरूमा कृषि तथा पशुपालनमा आधारित परिकार प्रयोग गर्ने अभ्यास बढाउन सकेमा कृषि उत्पादन प्रवर्द्धन हुनसक्छ। इलामको चिया, चौंरीको दूधबाट बनेको चिज, धराने बंगुर तथा स्थानीय जातका खसीको मासु, सागपात, तरकारी, फलफूल आदिलाई पर्यटक सेवामा प्रयोग गर्नु आवश्यक छ। आँखा अस्पतालमा सेवा लिन आउने विरामी र आफन्तले स्वास्थ्य उपचारपछि नजिकको वैकल्पिक गन्तव्यसम्म जाने गरी लक्षित कार्यक्रम तथा पर्यटन प्याकेज निर्माण गर्नु आवश्यक छ। यसका लागि निजी क्षेत्रको अग्रसरता तथा प्रदेश र स्थानीय सरकारको सहकार्य आवश्यक छ।

## ४. सहायक पूर्वाधार र सेवा

प्रदेशमा पर्यटनको प्रचुर सम्भावना बोकेका धेरै स्थान रहेता पनि उपयुक्त र गुणस्तरीय पूर्वाधार र सेवाको व्यवस्था नहुँदा यस क्षेत्रबाट आर्थिक रोजगारी र आर्थिक विकासमा पर्याप्त योगदान हुन सकेको छैन । प्रमुख पर्यटन गन्तव्यसँग मुख्य राजमार्ग तथा प्रदेश राजधानीबाट भरपर्दो यातायात सञ्जाल र ती गन्तव्यबाट अन्य गन्व्यसम्मको स्थानीय यातायातका पूर्वाधार र सेवाको विस्तार सुदृढिकरण कोशी प्रदेशको प्रमुख प्राथमिकता हुनुपर्ने देखिन्छ। कोशी, मध्यपहाडी र हुलाकी लोकमार्गमा संघीय सरकारबाट लगानी भइरहेकाले प्रमुख पर्यटकीय गन्तव्यसम्मको सडक सञ्जाल सुधार हुन गइरहेकाले यी राजमार्गबाट प्रमुख र सहायक गन्तव्य जोड्ने सडकका लागि प्रदेश सरकारको लगानी तथा पर्यटन सेवा विस्तारमा सार्वजनिक, निजी र समुदाय साझेदारीका विकल्प अघि बढाउनु पर्ने आवश्यकता सरोकारवालाहरूले औंल्याएका छन्।

गन्तव्यसम्मको कमजोर पहुँच मार्ग, पर्यटन सेवामा व्यवसायिकताको अभाव, पर्यटकमैत्री व्यवहार नहुनु, असुरक्षित सडक तथा यातायात आदिका कारण पर्यटन क्षेत्र लाभदायक हुन सकेको छैन। वित्तीय साक्षरता र पहुँचको कमी, विद्युत तथा इन्टरनेट सेवाको अनियमितता तथा कतिपय अवस्थामा भुक्तानी सेवा प्रदायकले प्रदान गर्ने सेवाको कमजोर गुणस्तर आदिका कारण नगद बोकेर नै हिँड्नुपर्ने आवस्थाले जोखिम महशुस हुने गरेको छ। पर्यटकको रुचि/माग अनुसारको खाद्यान्नका परिकारका लागि आवश्यक पर्ने खाद्य सामाग्री, तरकारी तथा फलफूल आदिको स्थानीयस्तरमा नै उपलब्ध हुने अवस्था छैन। प्रमुख धार्मिक स्थलको धार्मिक तथा साँस्कृतिक महत्वका सम्बन्धमा स्वदेश तथा विदेशमा रहेका धार्मिक अनुयायी तथा श्रद्धालु भक्तजनसम्म प्रचारप्रसार हुन सकेको छैन । पर्यटक प्रहरीको व्यवस्था, पर्यटकलाई आवश्यक खाना, बसोबास एवं सेवा सुबिधा र सुरक्षा मापदण्ड निर्धारण र कार्यान्वयन आदि सेवातर्फका महत्वपूर्ण प्राथमिकता हुन्। पूर्वाधार र सेवाका कार्यक्रम निर्धारण गर्नु अघि पर्याप्त मात्रामा पर्यटन गन्तव्य, बजार, पर्यटक आगमन आदिसँग सम्बन्धित तथ्याङ्कको व्यवस्थापन आवश्यक छ।

## ५. संस्थागत र नीतिगत प्रबन्ध

पर्यटन प्रवर्द्धनमा काम गर्ने पर्यटन मन्त्रालय, प्रदेश पर्यटन बोर्ड आदिबाट सरकारी प्रयास कोशी प्रदेशमा भएको छ । त्यसैगरी विराट क्षेत्र विकास पर्यटन प्रवर्द्धन समिति, मेची पहाडी पर्यटन विकास प्रवर्द्धन समिति, हलेसी विकास समिति, बराह क्षेत्र विकास समिति र पाथिभरा क्षेत्र विकास समिति लगायत समितिले पनि पर्यटन क्षेत्रको व्यवस्थापन, विकास र पर्यटन विकासका गतिविधि सञ्चालन गर्दै आएका छन्। यसका बाबजुत पर्यटन क्षेत्रको अध्ययन, प्रवर्द्धन र विकासमा सरकारी प्रयास नगण्य रहेको सरोकारवालाहरूको बुझाई रहेको छ।

कोशी प्रदेशको पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको अग्रसरता रहँदै आएको छ। होटल, लज, यातायात सेवा लगायत क्षेत्रमा समेत निजी क्षेत्रबाट लगानी भइरहेको छ। निजी क्षेत्रले होटल एशोसिएसन, ट्राभल एन्ड टुर्स एसोसिएसन लगायत विभिन्न स्थानीय समिति मार्फत् पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याइरहेको छ। पर्यटन क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र तयारी लगायत लगानी प्रवर्द्धन, पर्यटकीय गन्तव्य र सेवाको प्रचार प्रसार आदि सबै कार्यमा सरकार र निजी क्षेत्रको प्रभावकारी समन्वय र सहकार्य आवश्यक छ।

प्रदेश सरकारले पर्यटन प्रवर्द्धन नीति मार्फत् पर्यटन क्षेत्रको विकासका लागि प्रदेश, स्थानीय तह, निजी क्षेत्र र समुदायको भूमिका निर्धारण गर्नु आवश्यक देखिएको छ । पर्यटन क्षेत्रको विशिष्ठताका आधारमा सेवाका मापदण्ड निर्धारण सेवाको प्रकृति अनुसार प्रदेश र स्थानीय तहबाट अनुगमन र सुपरिवेक्षण गर्नुपर्छ । पर्यटन क्षेत्र हेर्ने संयन्त्र वा शाखा पर्यटनलाई प्राथमिकतामा राख्ने सबै स्थानीय तहमा पनि हुनु आवश्यक छ ।

## ख. कृषि उत्पादनको थोक तथा खुद्रा व्यापार

### १. वर्तमान अवस्था

कोशी प्रदेशमा कृषि उपजको व्यापार व्यवसाय महत्वपूर्ण सेवा व्यवसायको रूपमा रहिआएको छ । सुनसरीको धरान, झापाको बिर्तामोड र मोरङको विराटनगरमा प्रमुख कृषि थोक बजार सञ्चालनमा रहेका छन् । तरकारी र फलफूलमा आधारित सयौंको सङ्ख्यामा थोक तथा खुद्रा पसल पनि कोशी प्रदेशमा रहेका छन् । त्यसैगरी मध्य पहाडी भेगमा कृषि उपज सङ्कलन तथा बिक्री केन्द्र, दुग्ध सङ्कलन केन्द्र आदि सञ्चालनमा छन् । तराईका जिल्लाहरूमा कृषि हाट पनि कृषि तथा पशुमा आधारित उत्पादनको व्यापारको महत्वपूर्ण माध्यमका रूपमा रहेका छन् । यसबाहेक अनौपचारिक रूपमा कृषकहरूबाट खसी बाखा, तरकारी, फलफूल, अन्न, मसलाजन्य उत्पादन आदिको सङ्कलन र व्यापार गर्ने व्यवसाय पनि उल्लेख्य आर्थिक गतिविधिका रूपमा रहेको छ ।

प्रमुख कृषि थोक बजारहरूले अनौपचारिक बजार मध्यस्थहरू मार्फत् कृषकको उत्पादन लिएर उपभोक्तासम्म पुऱ्याउन योगदान गरिरहेका छन् । सङ्कलन केन्द्रहरूले साना किसानका उत्पादन सङ्कलन गरेर बजारसम्म लैजाने कार्य गर्दा गाउँका साना किसानले गरेको थोरै उत्पादन पनि शहर बजारका उपभोक्तासम्म पुग्न सकेको छ । हाट बजारले पनि स्थानीय उत्पादनलाई बजारमा लैजानमा महत्वपूर्ण योगदान गरिरहेका छन् । कृषि सहकारीहरूले पनि फलफूल र तरकारीको बजार पहुँच सुनिश्चित गर्नमा महत्वपूर्ण योगदान गरिरहेका छन् ।

कृषि उत्पादन खरिद बिक्रीमा संलग्न अनौपचारिक व्यवसायीप्रतिको दृष्टिकोण सकारात्मक नपाइने भए पनि कृषि पेशामा संलग्न साना किसानका लागि भने उत्पादनलाई बजारसम्म जोड्ने भरपर्दो माध्यम तिनै व्यवसायी रहेका छन् । कृषिलाई सेवा क्षेत्रसँग जोडेर दुबै तर्फबाट आर्थिक वृद्धिमा योगदान बढाउनमा त्यस्ता व्यवसायीको पनि महत्वपूर्ण योगदान रहेको सबैजसो किसान र कृषि क्षेत्रका सरोकारवालाहरूको बुझाई रहेको पाइयो । निर्यात व्यवसाय पनि धेरै हदसम्म अनौपचारिक व्यवसायको रूपमा रहेको छ । विशेषगरी अलैंची, अदुवा, अम्रिसो जस्ता कृषि उत्पादनको व्यापार पनि एक भन्दा बढी चरणसम्म अनौपचारिक रूपमा नै हुने गरेको देखिन्छ । अनौपचारिक व्यवसायीहरूले पनि सोझै थोक बजार वा उपभोक्तासम्म लैजान नसक्ने भएकाले किसान र उपभोक्ताका बिचमा धेरै तहका व्यापारी रहने र अनौपचारिक रूपमा सञ्चालन हुने त्यस्तो व्यापारको नियमन पनि नहुने हुनाले उत्पादक र उपभोक्ता मूल्यका बिचमा धेरै अन्तर रहने गरेको देखिन्छ ।

फलफूल र तरकारीको आधारभूत तहको ग्रेडिङ उत्पादन बिन्दुमा नै नहुने र सबै गुणस्तरका उत्पादन एकै ठाउँमा मिसाइने तथा प्याकेजिङ अभ्यास पनि नभएकाले भारतबाट आउने फलफूल र तरकारीसँग स्थानीय उत्पादनले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था रहेको छ । शीत भण्डारको उपलब्ध नहुँदा आलु, तरकारी लगायतका नाशवान बस्तु भण्डारण गरेर बिक्री गर्न नसक्ने तथा थोक व्यपारीले पनि किसानबाट ठूलो परिमाणमा उत्पादन लिएर भण्डारण गर्न नसक्ने भएकाले कृषि उत्पादन र कृषिमा आधारित थोक तथा खुद्रा व्यापार दुबैले घाटा व्यहोर्नु पर्ने अवस्था विद्यमान छ ।

धरान, बिर्तामोड र विराटनगरमा कृषि बजारको पूर्वाधार विकासमा संघ तथा प्रदेश सरकारले योगदान गरिरहेको भए पनि धरान बाहेकका बजारको पूर्वाधार कमजोर रहेको छ भने धरानको अपर्याप्त रहेको छ । स्थानीयस्तरमा सञ्चालित कृषि बजारहरूको व्यवस्थापन कमजोर रहेको छ भने निजी क्षेत्रलाई सञ्चालन गर्न दिंदा स्थानीय तहले राजस्व उठाउने बाहेकमा आवश्यक ध्यान दिन नसकेको सरोकारवालाहरूको धारणा छ । बंगुर, खसी बाखा आदिको व्यापारमा संलग्न व्यवसायीहरूलाई पशु स्वास्थ्य जाँच प्रतिवेदन तथा खरिदको बिल विजक सुरक्षाकर्मीले खोज्ने

तर दुर्गम गाउँमा धेरै स्थानबाट खसी बोका सङ्कलन गरिने हुनाले दुबै सम्भावना नहुने, पशु ढुवानीका लागि मापदण्डयुक्त सवारी साधन ग्रामीण भेगमा उपलब्ध हुन नसक्ने र ढुवानीका अन्य साधन प्रयोग गर्न नपाइने जस्ता व्यवस्थाले सवारी साधन छुटाउन अतिरिक्त खर्च गर्नुपर्ने अवस्था छ । यसबाट उत्पादक र उपभोक्ता मूल्यमा ठूलो अन्तर पर्ने र त्यसको सम्पूर्ण दोष बिचौलियाको नाममा व्यापारीलाई दिइने गरेको सम्बन्धित व्यापारीहरूको बुझाइ रहेको छ ।

## २. कृषि र पशुपालनसँगको सम्बन्ध

कृषि उपजको व्यापार स्थानीय कृषि उत्पादनसँग प्रत्यक्ष जोडिएको छ । कोशी प्रदेशका फलफूल, तरकारी, अन्नबाली, नगदेबाली तथा निर्यातयोग्य कृषिमा आधारित उत्पादनको बिक्री वितरणमा यो क्षेत्रले काम गर्ने भएकाले कृषि र सेवा क्षेत्रको कुल गार्हस्थ्य उत्पादन अभिवृद्धिमा यो क्षेत्रले योगदान गरिरहेको देखिन्छ । यद्यपि यहाँका कृषि उपजमा आधारित व्यवसायीलाई स्थानीय उत्पादनसँग जोड्नका लागि शीत भण्डार स्थापना, कृषि क्षेत्र र व्यापारिक क्षेत्रबिचको राम्रो यातायात सञ्जाल विकास गर्नु आवश्यक देखिएको छ । त्यस अतिरिक्त अनौपचारिक तवरमा भइरहेका कृषि उपजको व्यापारलाई औपचारिक जानकारीमा आउने प्रबन्ध गरी कृषि र व्यापारको बिचमा अन्तरसम्बन्ध कायम गर्नमा रहेका कमी कमजोरी पहिचान र सुधार गर्नु आवश्यक देखिएको छ ।

## ३. पूर्वाधार र सेवा

फलफूल तथा तरकारी सङ्कलन र बिक्री केन्द्र स्थापनाका लागि स्थानीय सरकारले निजी क्षेत्रसँग सहकार्य बढाउनु पर्ने आवश्यकता सारोकारवालाहरूले औंल्याएका छन् । कृषि सडकको निर्माणले उत्पादकको मूल्य बढाउन र उपभोक्ता मूल्य घटाउनमा योगदान गर्नसक्ने हुनाले यातायातका पूर्वाधार विकास र सुधार गर्दा कृषि उपजलाई बजारसँग जोड्ने विषयलाई ध्यान दिइनुपर्छ । हाल कोशी प्रदेशमा विकसित निर्माण भएका प्रमुख थोक बजारलाई पूवार्धारयुक्त बनाउने र सम्बन्धित बजारभित्र वा सँगै निश्चित मापदण्ड, पूर्वाधार र सेवासहितको शीत भण्डार स्थापना र सञ्चालनका लागि आवश्यकता अनुसार सार्वजनिक निजी साझेदारीको विकल्प अघि बढाउनु पर्ने हुन्छ । सङ्कलन केन्द्रको सञ्चालन र बजार व्यवस्थापनको सेवा सञ्चालनमा सहकारीहरूलाई सक्षम र जिम्मेवार बनाउनु आवश्यक छ । हाट बजार, कृषि उपज सङ्कलन केन्द्र र स्थानीय कृषि बजारको नियमन र व्यवस्थापनमा स्थानीय सरकारले ध्यान दिनुपर्ने देखिन्छ । अनौपचारिक व्यवसायलाई करको अतिरिक्त भार विना नै औपचारिक व्यवसायको दायरामा ल्याउन स्थानीय सरकारहरूले योगदान गर्नुपर्ने अवस्था छ ।

## ४. नीतिगत र संस्थागत प्रबन्ध

सबै तहका सरकारको प्राथमिकमा उत्पादन अभिवृद्धि रहेको भए पनि त्यसको व्यापारले नीतिगत प्राथमिकता र संस्थागत सहजीकरण नपाएको सरोकारवालाहरूको अनुभव रहेको छ । कृषक तथा सङ्कलन केन्द्रहरूलाई बाली भित्र्याउने, ग्रेडिङ गर्ने, प्याकेजिङ गर्ने र सुरक्षित ढुवानी गर्ने जस्ता विषयको तालिम दिइनुपर्छ । त्यसका लागि स्थानीय तहले संस्थागत क्षमता निर्माण गर्नु आवश्यक छ भने सरकार, व्यवसायी तथा सहकारीका बिचमा सहकार्य गर्नुपर्छ । सहकारीलाई व्यवसाय तालिम दिई बजार विश्लेषण र मूल्य निर्धारण गर्नसक्ने क्षमतामा पुऱ्याउनु पर्छ । कृषि उत्पादनको व्यापारमा योगदान गर्ने निजी र सहकारी क्षेत्रबाट सञ्चालित सङ्कलन तथा बिक्री केन्द्रको पूर्वाधार विकासमा सरकारको तर्फबाट सहयोग गर्ने नीति लिइनु पर्छ । कृषि सामग्रीको व्यापारलाई सरकारको पुँजीगत अनुदान तथा सहुलियतपूर्ण कर्जा सुविधा प्राप्तिमा सहजीकरण गर्नुपर्छ । स्थानीय तहस्तरमा व्यापार व्यवसाय हेर्ने जिम्मेवार शाखा वा इकाई निर्धारण गर्नुपर्छ । विशिष्टिकृत उत्पादन प्रवर्द्धनको नीति लिने स्थानीय सरकारले उत्पादनको बजार सुनिश्चित गरी किसान र व्यवसायी बिचको प्रभावकारी सम्बन्धका लागि सहजीकरण गर्नुपर्छ ।

# अध्याय ४

# कोशी प्रदेशको आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवा

## सबल र कमजोर पक्ष तथा अवसर र चुनौती विश्लेषण

### ४.१. परिचय

उपलब्ध द्वितीयक तथ्याङ्क विश्लेषणबाट कोशी प्रदेशका आर्थिक वृद्धि सम्भाव्य क्षेत्र, उपक्षेत्र, बस्तु तथा सेवा पहिचान गरियो । पहिचान भएका बस्तु तथा सेवालाई आर्थिक वृद्धिमा थप योगदान गर्नसक्ने बनाउनमा रहेका समस्या पहिचान गरी सुधारका क्षेत्र पहिल्याउनका लागि सम्बन्धित बस्तु तथा सेवामा आधारित रहेर गरिएका परामर्श बैठक, केन्द्रित समूह छलफल तथा जानिफकार अन्तर्वार्ता गरिएको छ । त्यसक्रममा संकलित गुणात्मक तथ्याङ्क विश्लेषण अध्याय ३ मा गरिएको छ । दुबै स्रोतबाट प्राप्त तथ्याङ्कका आधारमा क्षेत्र तथा बस्तु तथा सेवामा आधारित अवस्था विश्लेषण गरिएको छ ।

### ४.२. कृषि क्षेत्र

#### वर्तमान अवस्था

नेपालको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा मध्ये कृषि क्षेत्रले एक तिहाई भन्दा बढी योगदान गर्दै आएको छ । नेपालको औसत भन्दा यो करिब ८ प्रतिशतले बढी हो । त्यसैले कृषि क्षेत्र कोशी प्रदेशको अर्थतन्त्रको महत्वपूर्ण आधार स्तम्भ रहेको छ । समग्र नेपालको अर्थतन्त्र भन्दा कोशी प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको बढी योगदान हुनुमा धान र मकै जस्ता अन्नबालीको तुलनात्मक रूपमा बढी उत्पादन हुनु, अलैंची, अदुवा, अम्रिसो, सुपारी, आलु र तरकारी लगायतको उत्पादन राम्रो हुनु र ती मध्ये कतिपय बस्तु भारतलगायतका मुलुकमा निर्यात हुनुले ती उत्पादन लाभदायक हुनु जस्ता कारण रहेका छन् । दूध तथा मासु उत्पादनमा भइरहेको वृद्धि र विस्तारले पनि प्रदेश अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान अन्यत्रभन्दा बढी रहेको छ ।

कोशी प्रदेश खाद्य पर्याप्तता रहेको प्रदेश हो । यस प्रदेशमा प्रतिव्यक्ति खाद्य उपलब्धता ४५८.६५ किलोग्राम रहेको छ । भौगोलिक विविधता र सोही अनुरूप विभिन्न किसिमका उत्पादन हुने प्रदेश भएकाले प्रदेशको वर्तमान जनसङ्ख्याका लागि खानाको दिगो स्रोत बन्न वर्तमान उत्पादन नै पर्याप्त हुने देखिन्छ । प्रदेशमा १ भित्री मधेस, ३ तराई र १० मध्य तथा र उच्च पहाडी जिल्ला पर्छन् । धान, मकै, गहुँ, जुट, सुपारी आदि तराईका प्रमुख उत्पादन हुन् भने आलु, तरकारी, अलैंची, अदुवा, अमिलो जातका फलफूल आदि पहाडी क्षेत्रका प्रमुख उत्पादन तथा आयस्रोत हुन् । दुग्धजन्य पदार्थ, बंगुर, मासु, चिकेन आदि प्रमुख पशुपालनमा आधारित उत्पादन हुन् ।

अन्नबाली, मकै, आलु, तेलहन, सुपारी जस्ता नगदेबाली, कागती, केरा लगायतका फलफूल र तरकारीका लागि उपयुक्त माटो र हावापानी तराई भेगमा हुनु र अदुवा, अलैंची, चिया, तरकारी, सुन्तला, जुनार लगायतका कृषि उत्पादनका लागि पहाडी भेगको हावापानी अनुकुल हुँदा तराई र पहाड दुबै क्षेत्रबाट कृषिमा योगदान भएको तथा हुनसक्ने अवस्था छ ।

कृषि क्षेत्रमा समस्या पनि प्रशस्त रहेका छन् । निर्यात योग्य बस्तुको बजार विस्तार र विविधिकरण हुन नसक्नु, सबैजसो कृषि उत्पादनको लागत उच्च हुनु तथा सरकारका कार्यक्रमले उत्पादन लागत न्यूनिकरण र उत्पादकत्व अभिवृद्धिमा अपेक्षित योगदान गर्न नसक्नु, रासायनिक मलको उपलब्धता कमजोर हुनु तथा प्राङ्गारिक मल प्रयोगको अभ्यास कम हुँदै जानु, भारतबाट सस्तो मूल्यमा आयात हुने कृषि बस्तुका कारण नेपाली उत्पादनले आन्तरिक बजार पनि नपाउनु, अन्नबाली लगायत परम्परागत उत्पादनलाई वैकल्पिक उत्पादनले विस्थापित गर्न नसक्नु, उत्पादन र बजारको बिचको यातायात सञ्जाल र बजार श्रृंखला कमजोर हुँदा उत्पादन उपभोक्तासम्म पुग्न नसक्नु र कृषिमा व्यवसायीकरण तथा आधुनिक खेती प्रणालीको प्रयोग सीमित हुनु कृषि क्षेत्रका प्रमुख समस्या रहेका छन् ।

### अवसर तथा चुनौतीहरू

संघीय सरकारले कार्यान्वयन गरिरहेको कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जोन, ब्लक र पकेट निर्धारण गरी प्रदेशमा बढी उत्पादन हुने धान, मकै, गहुँ, अलैंची, आलु, सुपारी, चिया, फलफूल, तरकारी लगायत कृषि बाली र दूध, मासु, माछा आदिको उत्पादन, प्रशोधन तथा व्यापारीकरणमा केही सहयोग भइरहेको छ । कार्यक्रमका सबल पक्षलाई प्रदेश र स्थानीय सरकारको कार्यक्रममा समावेश गरी कृषि क्षेत्रलाई थप लाभदायक बनाउन सकिने अवस्था विद्यमान छ । कृषि प्रशोधन उद्योगमा आधारित औद्योगिक उत्पादनको आन्तरिक तथा बाह्य बजार सम्भावना उच्च रहेकाले प्रदेशभित्र उत्पादन हुने कृषि उपजको मूल्य अभिवृद्धि गरी आय र रोजगारी बढाउने अवसर छ । त्यसैगरी अलैंची, अदुवा, चिया, सुपारी, तरकारी, छुर्पी मध्ये कतिपय उत्पादनको भारत र बंगलादेश तथा अन्यको त्यस बाहेकका देशहरूमा समेत माग भइरहेको सन्दर्भमा त्यसको सदुपयोग गर्ने गरी निजी क्षेत्र र समुदायले कृषि उत्पादन वृद्धिमा लगानी गर्न सक्ने अवसर छ । भारतमा कृषि आधुनिकीकरणमा भएका प्रयासको अनुकरण गरी सीमावर्ती भारतीय जिल्लाहरूसँग वातावरण तथा माटोको विशेषता मिल्ने नेपालका झापा, मोरङ, सुनसरी, इलाम लगायतका जिल्लामा प्रयोग गरी कृषिमा व्यवसायीकरण, उत्पादन र उत्पादकत्व बढाउने अवसर कोशी प्रदेशमा छ ।

भारतीय किसानले पाउने मल, बीउ, कृषि औजार लगायतमा अनुदान तथा सुविधाका कारण भारतमा कृषिको उत्पादन लागत न्यून रहेकाले भारतीय उत्पादनसँग यहाँको कृषि उत्पादनलाई प्रतिस्पर्धी बनाउने चुनौती कोशी प्रदेशलाई छ । सिँचाइ, भण्डारण, ढुवानी जस्ता पूर्वाधार, सीमित प्राविधिक जनशक्तिको अवस्थामा सुधार गरी कृषि क्षेत्रको उत्पादन र बजारीकरणको लागत न्यूनिकरण गर्ने चुनौती पनि रहेको छ । त्यसैगरी पहाडबाट तराईतर्फ बसाइँसराइ गर्ने प्रवृतिका कारण कृषियोग्य जमिन क्रमशः आवासीय क्षेत्रमा परिवर्तन हुँदै जाने जोखिमका बिच आवश्यक जग्गा भाडामा लिएर ठूलो क्षेत्रफलमा खेती गर्ने गरी कृषिमा व्यवसायीकरण र निजी क्षेत्रको लगानी बढाउनु पनि चुनौतीपूर्ण छ । सीमित स्रोतबाट प्राविधिक जनशक्तिको उपलब्धता र सेवाको पहुँच योग्यता बढाउने चुनौती पनि प्रदेश र स्थानीय सरकारलाई छ ।


कृषि क्षेत्र अन्तर्गत विभिन्न बस्तुसँग सम्बन्धित सबल र कमजोर पक्ष तथा अवसर र चुनौती क्रमशः प्रस्तुत गरिएको छ ।

### ४.२.१. धान

### परिचय

धान नेपालको मुख्य खाद्यान्न बाली हो । कोशी प्रदेशको अर्थतन्त्रमा धानको पनि ठूलो योगदान रहेको छ । आर्थिक वर्ष २०७३/०७४ देखि २०७७/०७८ सम्मको तथ्याङ्कलाई आधार मान्दा कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा मध्ये १४.६ प्रतिशत हिस्सा धानको रहेको छ । उल्लिखित आर्थिक वर्षमा धानको स्थिर मूल्यमा वार्षिक औसत मूल्य अभिवृद्धि दर २.५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७७/०७८ को प्रतिवेदन अनुसार कोशी प्रदेशमा नेपालमा हुने धान उत्पादनको २२.६९ प्रतिशत कोशी प्रदेशमा भएको देखिन्छ । प्रदेशमा कुल ३ लाख ३० हजार ४ शय ३९ हेक्टर जमिनमा धान खेती भएको देखिन्छ । यो प्रदेशको कुल क्षेत्रफलको १३.१७ प्रतिशत हो । यो आर्थिक वर्षमा प्रदेशमा प्रति हेक्टर औसत ३.८६ मेट्रिक टन धान उत्पादन भएको देखिन्छ । प्रदेशका झापा, मोरङ र सुनसरीमा धानको उत्पादकत्व प्रतिहेक्टर ४ मेट्रिक टन भन्दा बढी रहेको छ भने उदयपुर, धनकुटा र इलाममा ३

देखि ४ मेट्रिक टन र अन्यत्र ३ मेट्रिक टनभन्दा कम रहेको देखिन्छ। झापा जिल्लामा प्रदेशकै सबैभन्दा धेरै क्षेत्रफलमा धान खेती हुने गरेको छ भने झापा, मोरङ र सुनसरीले मात्र धान उत्पादन हुने कुल क्षेत्रफलको करिब ७१ प्रतिशत र उत्पादनको करिब ७८ प्रतिशत हिस्सा ओगटेको पाइन्छ। धानको उत्पादन र उत्पादकत्व बढाउन नेपाल सरकारले कार्यान्वयन गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत् झापा, मोरङ र सुनसरीका विभिन्न धान उत्पादन क्षेत्रलाई धान जोन र सुपरजोन (सम्भाग) मार्फत् उत्पादन र प्रशोधन सहितका कार्यक्रमलाई एकीकृत रूपमा अघि बढाउने लगायतका विभिन्न तहबाट सञ्चालन भइरहेका कृषि कार्यक्रमहरूबाट धान उत्पादन र उत्पादकत्व वृद्धिमा सहयोग भइरहेको अवस्था विद्यमान छ।




माथिको नक्सामा आर्थिक वर्ष २०७६/०७७ मा कोशी प्रदेशका विभिन्न जिल्लामा धान उत्पादनको अवस्था प्रस्तुत गरिएको छ। जसले तराईका तीन जिल्लामा सबैभन्दा धेरै परिमाणमा धान उत्पादन भइरहेको देखाउँछ।

## वर्तमान अवस्था

प्रदेश सरकारको पहिलो आवधिक योजना २०७५/०७६ देखि ०८०/०८१ ले कृषि उत्पादन र उत्पादकत्व बढाउन कृषि क्षेत्रको व्यवसायीकरणमा निजी क्षेत्र र सहकारी तथा अन्तरसरकार समन्वय र सहकार्य, कृषक र कृषि सम्बद्ध निकायको क्षमता विकास र प्रविधि हस्तान्तरण, उत्पादित बस्तुको बजारीकरण, कृषि सम्बद्ध उद्योगहरूको संरक्षण, विकास र विस्तार, भूमिको चक्लाबन्दी गरी यान्त्रिकरण मार्फत् व्यवसायिक कृषि प्रवर्द्धन गर्ने जस्ता रणनीति अघि सारेको छ। प्रदेश सरकारले जिल्लास्थित कृषि ज्ञान केन्द्रमार्फत् कृषि उत्पादन अभिवृद्धिमा सहयोग उपलब्ध गराई रहेको छ भने स्थानीय सरकारहरूले पनि प्राविधिक सहयोग, कृषि औजार, बीउ विजन आदि किसानलाई सहुलियतमा उपलब्ध गराइरहेका छन्। धान लगायतका कृषि उत्पादन प्रवर्द्धनका लागि प्रतिस्पर्धाका आधारमा सहकारीलाई दिइने अनुदान, कृषकलाई दिइने विभिन्न किसिमका अनुदान तथा सहायताले पनि सकारात्मक योगदान गरिरहेको सम्बन्धित निकायहरूको अनुभव रहेको छ। विभिन्न तहको सरकारका कार्यक्रम मार्फत् तराई क्षेत्रमा स्यालो ट्युबेल र अन्य क्षेत्रमा सिँचाइ कुलोको विकासले धान उत्पादनका लागि तुलनात्मक रूपमा सहज वातावरण भइहरेको छ।साना तथा मझौलास्तरका धान मिलहरूको स्थापना र सञ्चालन, सीमित रूपमा चक्लाबन्दी खेतीको अभ्यास, सहकारी मार्फत् मल, बीउ र औजार उपकरण वितरणको अभ्यास आदिले धान उत्पादनमा सकारात्मक योगदान पुगिरहेको देखिन्छ।

समयमा रासायनिक मल उपलब्ध नहुनु र भए पनि पर्याप्त मात्रामा नहुनु, धानको उत्पादन र उत्पादकत्वमा सकारात्मक परिवर्तन भइरहेको भए पनि ठूलो स्तरमा उत्पादन र व्यवसायिक उत्पादन हुन सकेको छैन । चैते धान उत्पादन हुने क्षेत्रमा भएको उत्पादन भित्र्याउने, सुकाउने र भण्डारण गर्ने जस्ता सुविधा नहुनु, साना किसानले थोरै जग्गामा गर्ने उत्पादन लाभदायक परिमाणमा हुन नसक्नु र सहकारी मार्फत् साना किसानका उत्पादनलाई एकीकृत गरी बजारसँग जोड्न सक्ने क्षमता नहुनु, निजी क्षेत्रबाट सञ्चालित धान मिलहरूको पनि भण्डारण क्षमता र बजार पहुँच सीमित हुनु जस्ता कारणले एकातिर उत्पादक उत्प्रेरित हुन समस्या हुनु, उत्पादित धानले समयमा बजार र उचित मूल्य नपाउने अवस्था विद्यमान छ । सिँचाइको सुविधा भएका भण्डारण क्षमताको अभावका कारण मूल्य पाइने समयसम्म प्रतीक्षा गर्न नसकिने र तत्काल बिक्री गर्दा मूल्य नपाइने अवस्थाले धान खेतीका लागि किसान उत्प्रेरित हुन नसक्ने अवस्था विद्यमान छ ।

कृषि ज्ञान केन्द्रको कमजोर संस्थागत क्षमता तथा स्थानीय तहमा समेत जनशक्तिको अपर्याप्तताले प्राविधिक सहायता अपर्याप्त रहँदै आएको छ भने साना किसानमा उत्पादन चक्रको समग्र विषयमा ज्ञान र सीपको कमीले पनि उत्पादन अपेक्षित रूपमा हुन सकेको छैन । धान उत्पादन बढी हुने तराई क्षेत्रमा समेत धानखेती अझै पनि वर्षातको पानीमा निर्भर हुने अवस्थाले धान उत्पालन लाभदायक हुनसक्ने स्थानमा समेत रोपाई नै हुन नसक्ने वा सिँचाइ अभावमा धान उत्पादन नहुने अवस्था अझै विद्यमान छ । विभिन्न तहका सरकारले उपलब्ध गराउँदै आएको कृषि अनुदानमा साना किसानको पहुँच नहुने वा लक्षित कृषक अनुदान लगायतका कार्यक्रमबाट लाभान्वित हुन नसकेको धेरै किसानको अनुभव रहेको छ । कृषि बिमामा सहभागिता कमजोर रहेको छ भने उत्पादनमा गिरावट वा असिना लगायतका प्रकोपबाट हुने धान नष्ट हुने जोखिम व्यवस्थापनका अन्य विकल्प उपलब्ध नहुँदा उत्प्रेरणा अझै कम रहेको अवस्था छ । धानको बिक्री र मूल्य सीमित व्यक्तिको चाहना र क्षमतामा निर्भर हुने तथा औपचारिक बजार सञ्जाल निर्माण नहुँदा किसान र उपभोक्ता बिचको धेरै रहेको छ ।

### अवसरहरू

- मेची र विराटनगर भन्सार बिन्दुबाट करोडौं मूल्यको धान र चामल आयात भइरहेको सन्दर्भमा उत्पादन बढाएर आन्तरिक बजार हिस्सा विस्तार गर्ने ।
- सीमावर्ती भारतीय क्षेत्रमा धान उत्पादनका लागि प्रयोग गरिएको विधि र प्रक्रिया, सरकारी कार्यक्रम, उत्पादन संगठनको अभ्यास, उपकरण र प्रविधि आदिको अनुकरण गरी धानको उत्पादन र उत्पादकत्व बढाउने ।
- लामो समयदेखि अवलम्वन गरिँदै आएको कृषि अनुदान तथा सहायताको प्रभावकारिताको लेखाजोखा गरी आफ्नै अनुभवका आधारमा सरकारी कार्यक्रमलाई उत्पादन वृद्धि केन्द्रित गर्ने ।
- संघीय सरकारको कृषि आधुनिकिकरण परियोजना अन्तर्गत विभिन्न तहबाट कार्यान्वयनमा रहेका सुपरजोन, जोन, ब्लक र पकेट कार्यक्रमको अनुभवका आधारमा सबल पक्षलाई प्रदेश र स्थानीय तहको कार्यक्रममा प्रतिबिम्बित गर्ने ।
- सिँचाइका सफल विकल्पलाई निरन्तरता दिने, कोशी प्रदेशका केही स्थानीय सरकारले सुरू गरेका उत्पादनमा आधारित अनुदानको सफल अभ्यासलाई कृषक प्रोत्साहन कार्यक्रमको रूपमा बढाउने ।
- कृषि अनुदान र सहुलियतपूर्ण ऋणलाई स्वदेशी धानमा आधारित निजी क्षेत्रबाट सञ्चालित मिलको स्तरोन्नतिका लागि लगाउने जस्ता विधि मार्फत् हाल सञ्चालनमा रहेका कार्यक्रमहरूलाई उत्पादन, उत्पादकत्व र मूल्य अभिवृद्धिसँग आवद्ध गर्ने ।
- कृषि ज्ञान केन्द्रलाई कृषि अनुसान्धान तथा प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धिको जिम्मेवारी दिई स्थानीयस्तरबाट प्रवाह भइरहेको कृषि परामर्श र प्राविधिक सेवालाई थप व्यवस्थित गर्ने ।

## चुनौतीहरू

- उच्च अनुदान तथा कृषि क्षेत्रको आधुनिकीकरणका कारणले न्यून उत्पादन लागत रहेको भारतीय धानसँग स्वदेशी बजारमा प्रतिस्पर्धा गर्ने गरी उत्पादन लागत घटाउने र उत्पादकत्व बढाउने ।
- अनौपचारिक रूपमा भइरहेको धानको खरिद बिक्रीको अभ्यासलाई औपचारिक व्यवसायको दायरामा ल्याउने, बजार सञ्जाल र मूल्य श्रृंखलालाई व्यवस्थित र पारदर्शी बनाउने र उत्पादक र उपभोक्ता मूल्य बिचको अन्तर घटाउने ।
- कृषि सहकारीहरूको भूमिका सीमित र क्षमता कमजोर रहेको अवस्थामा सुधार गर्दै उनीहरूको सेवाको दायरा विस्तार गर्ने र उत्पादन र बजारीकरणको भूमिका निर्वाह गर्नसक्ने प्रतिस्पर्धी संस्थाका रूपमा विकास गर्ने ।
- न्यून उत्पादकत्व रहेका पहाडी जिल्लामा धानको विकल्प तयार गरी परम्परागत खेती अभ्यासबाट किसानलाई लाभदायक नयाँ विकल्पमा संलग्न गराउने ।
- भू-स्वामित्वको वर्तमान अवस्था भित्रैबाट साँध, आली जस्ता जग्गासँग जोडिएका मनोवैज्ञानिक र साँस्कृतिक जटिलता हटाउँदै व्यवसायिक रूपमा चक्लाबन्दी खेती प्रवर्द्धन गर्ने ।
- सिँचाइ लगायत पूर्वाधार विकासको लागत कम गर्ने, मल, बीउ, प्रविधि, प्राविधिक सहायता र बजारको प्रत्याभूति दिलाई कृषकलाई धान खेतीमा उत्प्रेरित गर्ने ।
- रासानिक मलको उपलब्धता सहज गराउने तथा प्राङ्गारिक मलको प्रयोग बढाउँदै र रासायनिक मलको सन्तुलन कायम गरी माटोको ऊर्बराशक्ति कायम राख्ने ।
- मझौला र ठूला धान मिलको विकास तथा चामलको ब्राण्डिङ र प्याकेजिङमार्फत् धान उत्पादनलाई उद्योगसँग आवद्ध गर्ने र मूल्य अभिवृद्धि हाँसिल गर्ने ।
- सिँचाइको सुविधामा सुधार, चैते धानको उत्पादन बढी हुने बीउको विकास र बजार नपाउने अवस्था हटाउने र तराई भेगमा दुई बाली धानको सहज उत्पादन हुने वातावरण निर्माण गर्ने ।

## ४.२.२. मकै

### परिचय

मकै नेपालको दोस्रो मुख्य खाद्यान्न बाली हो । कोशी प्रदेशको कृषितर्फको कुल गार्हस्थ्य उत्पादनमा मकैको महत्वपूर्ण हिस्सा रहँदै आएको छ । आर्थिक वर्ष २०७३/०७४ देखि २०७७/०७८ सम्मको तथ्याङ्कलाई आधार मान्दा कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा मध्ये मकैले ११.३ प्रतिशत हिस्सा ओगटेको छ । उल्लिखित आर्थिक वर्षमा मकैको स्थिर मूल्यमा वार्षिक औसत मूल्य अभिवृद्धि दर ४.९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७७/०७८ को प्रतिवेदन अनुसार कोशी प्रदेशमा नेपालमा हुने मकै उत्पादनको २९.५१ प्रतिशत कोशी प्रदेशमा भएको देखिन्छ । यसरी, मकै उत्पादनमा कोशी प्रदेश सबैभन्दा अग्रस्थानमा रहेको छ । प्रदेशमा कुल २ लाख ८९ हजार ७ शय १४ हेक्टर जमिनमा मकै खेती भएको देखिन्छ । यो प्रदेशको कुल क्षेत्रफलको ११.५४ प्रतिशत हो । सो आर्थिक वर्षमा प्रदेशमा प्रतिहेक्टर औसत ३.०५ मेट्रिक टन मकै उत्पादन भएको देखिन्छ । प्रदेशका झापा, मोरङ, सुनसरी र इलाममा मकैको उत्पादकत्व अन्य क्षेत्रभन्दा बढी रहेको छ । यी जिल्लाहरूमा मकैको उत्पादकत्व १२ टन प्रति हेक्टरसम्म पनि पाइएको छ । खोटाङमा प्रदेशको सबैभन्दा धेरै क्षेत्रफलमा मकै खेती हुने गरेको भए पनि उत्पादकत्व भने सबैभन्दा कम रहेको छ । मकैको उत्पादन र उत्पादकत्व बढाउन तथा व्यवसायीकरण र प्रशोधन उद्योग मार्फत् मूल्य अभिवृद्धि समेतको लक्ष्यसहित नेपाल सरकारले कार्यान्वयन गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत् झापा, उदयपुर र खोटाङमा मकै उत्पादन सम्भाग (जोन) मार्फत् मकै उत्पादन, भण्डारण बजारीकरण आदिमा सहयोग भइरहेको छ भने प्रदेश र स्थानीय सरकारहरू मार्फत् ब्लक र पकेट कार्यक्रम पनि विभिन्न जिल्लामा सञ्चालित छन् ।

आर्थिक वर्ष २०७३/०७४ देखि २०७७/०७८ को अवधिमा मेची र विराटनगर भन्सार बिन्दुबाट मात्र वार्षिक औसत ४ अर्ब ३६ करोडको मकै भित्रिएको देखिन्छ । यो अवस्थाले मकैको उत्पादनमा उल्लेख्य विकास गर्दा पनि पर्याप्त आन्तरिक बजार रहेको छ। राम्रो बजार मूल्य र उच्च उत्पादन सम्भावनाले गर्दा यो बाली एउटा मुख्य नगदे बालीको रूपमा स्थापित भइरहेको छ । यसमा मकैमा आधारित प्रशोधित बस्तु समावेश छैन । नेपालबाट भारततर्फ आर्थिक वर्ष २०७४/०७५ पछि मकै गएको छैन ।

## वर्तमान अवस्था

प्रदेश सरकारको पहिलो आवधिक योजना २०७५/०७६ देखि ०८०/०८१ ले कृषि उत्पादन र उत्पादकत्व बढाउन कृषि क्षेत्रको व्यवसायीकरणमा निजी क्षेत्र र सहकारी तथा अन्तरसरकार समन्वय र सहकार्य, कृषक र कृषि सम्बद्ध निकायको क्षमता विकास र प्रविधि हस्तान्तरण, उत्पादित बस्तुको बजारीकरण, कृषि सम्वद्ध उद्योगकको संरक्षण, विकास र विस्तार, भूमिको चक्लाबन्दी गरी यान्त्रिकरण मार्फत् व्यवसायिक कृषि प्रवर्द्धन गर्ने जस्ता रणनीति अघि सारेको छ । प्रदेश सरकारले जिल्लास्थित कृषि ज्ञान केन्द्र मार्फत् कृषि उत्पादन अभिवृद्धिमा सहयोग उपलब्ध गराइरहेको छ भने स्थानीय सरकारहरूले पनि प्राविधिक सहयोग, कृषि औजार, बीउ विजन आदि सहुलियतमा किसानलाई उपलब्ध गराइरहेका छन् । मकै लगायतका कृषि उत्पादन प्रवर्द्धनका लागि सहकारी र कृषकलाई दिइने विभिन्न किसिमका अनुदान तथा सहायताले पनि मकै उत्पादन वृद्धिमा सकारात्मक योगदान गरिरहेको सम्बन्धित निकायहरूको अनुभव रहेको छ । विभिन्न तहको सरकारका कार्यक्रम मार्फत् स्यालो ट्युबेल तथा अन्य वैकल्पिक सिँचाइ कार्यक्रम, मकै रोप्ने, गोड्ने, छोडाउने तथा सुकाउने लगायतका औजार तथा उपकरणमा अनुदान वा सहुलियत आदिले मकै उत्पादनलाई उत्प्रेरित गरेको छ । सीमित रूपमा चक्लाबन्दी खेतीको अभ्यास, सहकारी मार्फत् मल, बीउ र औजार उपकरण वितरणको अभ्यास आदिले पनि मकै उत्पादनमा सहयोग पुगिरहेको देखिन्छ । विद्युत महशुलमा सहुलियत तथा सूचीकृत उन्नत बीउको उपलब्धता, छोटो र लामो अवधिका फरक-फरक बीउको उपलब्धता, रोप्ने, गोड्ने, पानी लगाउने, मल हाल्ने आदि समय बाहेक अन्य समयमा मकैलाई धेरै समय दिनु नपर्ने भएकाले मकै खेती तुलनात्मक रूपमा सहज पनि देखिएको छ ।

समयमा रासायनिक मल उपलब्ध नहुनु र भए पनि पर्याप्त मात्रामा नहुनु, बढी उत्पादन हुने भारतीय बीउ नेपालमा सूचीकृत नहुनु र सूचीकृत बीउबाट तुलनात्मक रूपमा कम उत्पादन हुनु, भारतबाट बीउ ल्याउने र रोप्ने अभ्यासले जोखिम बढी हुनु जस्ता मकै उत्पादनसँग सम्बन्धित समस्या रहेका छन् । पहाडमा सिँचाइको असुविधा र खेतको नजिक विद्युतको प्रशारण लाइन नहुनु, तराई भेगमा स्यालो ट्युबेल सञ्चालनमा असहजता पनि मकै उत्पादनसँग सम्बन्धित समस्याका रूपमा रहेका छन् । उत्पादनको उचित व्यवस्थापन र भण्डारण तथा र बजारीकरणमा समस्या रहेको छ । गुणस्तर वा मकैमा रहने पानीको मात्रा देखाएर नेपाली मकैले मूल्य नपाउने, मकैमा आधारित प्रशोधन उद्योग कोशी प्रदेशमा न्यून हुनु तथा भएका उद्योगले स्थानीय उत्पादनलाई गुणस्तर र परिमाणका लागि कच्चा पदार्थको विश्वसनीय स्रोत नमान्नु जस्ता कारणले पनि मकैले पर्याप्त बजार पाएको छैन । ग्रेडिङको अभ्यास नहुनु, उत्पादकको बिचमा सहकार्यको अभ्यास कमजोर हुनु र स-साना क्षेत्रफलमा हुने उत्पादनको एकीकृत बजारीकरणको सम्भावना न्यून देखिनु पनि समस्याका रूपमा रहेका छन् । विभिन्न तहबाट प्रवाह भइरहेका अनुदान तथा सुविधाको वितरणमा पारदर्शिता र प्रभावकारितामा रहेका समस्या तथा कृषि प्राविधिकको अपर्याप्तता जस्ता साझा समस्या मकैमा समेत रहेको छ ।

## अवसरहरू

- सिँचाइ लगायत सहयोगी पूर्वाधारको विकास तथा मल, बीउ, प्रविधि, प्राविधिक सहायताको वर्तमान अभ्यास र अनुभवका आधारमा आवश्यक सुधार मार्फत् व्यवसायिक मकै खती प्रवर्द्धन गर्ने ।
- प्राङ्गारिक मलको उत्पादन बढाई मकैका लागि आवश्यक रासायनिक मलको सन्तुलन कायम गरी रासायनिक मल माथिको निर्भरता कम गर्ने ।

- दूध र मासुका लागि पशुपालनको बढ्दो अभ्याससँग आवद्ध हुने गरी मकैलाई दाना उद्योगसँग आवद्ध गर्दै मकैको आन्तरिक बजार विस्तार गर्ने ।
- मकै सुख्खा बनाउने प्रविधिको उपलब्धता र पहुँच चरल बनाउन यसका लागि दिइएको अनुदानको स्वरूप र दायरा विस्तार गरी स्थानीय मकैको गुणस्तर र प्रतिस्पर्धी क्षमता बढाउने ।
- कृषि सहाकारीको सङ्ख्या र सञ्जाल प्रयोग गरी मकैको उत्पादन र व्यवस्थापन समबन्धी कृषि औजारलाई कस्टम हार्भेस्टिङको अभ्यास प्रवर्द्धन गर्ने तथा चक्लाबन्दी खेती र बजारीकरणमा सहकारीको भूमिका अभिवृद्धि गर्ने ।
- भारतबाट मकैको उच्च आयात भइरहेको सन्दर्भमा माग र उपभोगको प्रवृत्ति विश्लेषण गरी स्थानीय उत्पादनलाई कोशी प्रदेशभित्र र बाहिरको बजारसँग जोड्ने ।
- सीमावर्ती भारतीय जिल्लामा प्रयोग भइरहेको मकैको बीउ, उत्पादन पद्दति, अनुदान वितरणको विधि व्यवस्थापन तथा मकै सुकाउने पद्दतिको अधिकतम अनुशरण गर्दै मकै नस्ट भएर जाने जोखिम कम गर्ने तथा लागत न्यूनिकरण एवं गुणस्तर प्रवर्द्धन गर्ने ।
- लामो समयदेखि अवलम्वन गरिँदै आएको मल, बीउ र कृषि औजारमा रहेको सहुलियत तथा नगद अनुदान तथा सहायताको प्रभावकारिताको लेखाजोखा गरी अनुदानका कार्यक्रमको प्रभावकारिता बढाउने ।
- स्थानीय तहगत मकै उत्पादनको खण्डीकृत तथ्याङ्क तयार गरी उत्पादनमा आधारित अनुदान तथा मल, बीउ लगायतका सुविधालाई व्यवस्थित बनाउने ।

### चुनौतीहरू

- समयमा नै रासानिक मलको उपलब्धतामा रहेका समस्या समाधान गर्ने, सूचीकृत बीउको उत्पादकत्व कम र अन्य बीउमा रहने उच्च जोखिमको समस्या समाधान र अनुदान र सहुलियतका कार्यक्रमको प्रभावकारिता वृद्धि गरी मकै उत्पादनलाई लाभदायक बनाउने ।
- मल बीउ र प्रविधिमा सरल पहुँच तथा उत्पादनका साधनको सुलभ उपलब्धताका कारण न्यून लागत र बढी सुख्खापन रहेका भारतीय मकैसँग बजार प्रतिस्पर्धा गर्नुपर्ने ।
- मकैमा आधारित दाना उद्योगका लागि ठूलो परिमाण र प्रतिस्पर्धी मूल्यमा कोशी प्रदेशको मकै प्राप्त हुन नसकिरहेको सन्दर्भमा मकै उत्पादनलाई उद्योगसँग आवद्ध गरी मूल्य अभिवृद्धि हाँसिल गर्ने ।
- छरिएर रहेको उत्पादनलाई एकीकृत गर्ने तथा साना किसानको संलग्नतामा सानो परिमाणमा भइरहेको उत्पादनको अवस्थामा परिवर्तन ल्याई परिमाणात्मक लाभ हाँसिल गर्ने ।
- सीमित आर्थिक स्रोत, अनुदान सङ्ख्या एवं जनशक्तिका आधारमा अनुदान तथा सहुलियतका कार्यक्रमको विस्तार एवं प्रभावकारिता प्रवर्द्धन गर्ने ।

## ४.२.३. गहुँ

### परिचय

कोशी प्रदेशको कृषितर्फको कुल गार्हस्थ्य उत्पादनको आधारमा गहुँ तेस्रो प्रमुख खाद्यान्न बाली हो । आर्थिक वर्ष २०७३/०७४ देखि २०७७/०७८ सम्मको तथ्याङ्कलाई आधार मान्दा कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा मध्ये गहुँले २.२ प्रतिशत हिस्सा ओगटेको छ। उल्लिखित आर्थिक वर्षमा गहुँको स्थिर मूल्यमा वार्षिक औसत मूल्य अभिवृद्धि दर ऋणात्मक अर्थात् -१.९ प्रतिशत रहेको छ। गहुँ र गहुँमा आधारित औद्योगिक उत्पादनको

माग निरन्तर बढिरहेको तथा गहुँबाट आँटा, मैदा, नुडल, पास्ता, बिस्कुट लगायत विभिन्न खाद्य प्रशोधन उद्योगमा आधारित उत्पादन हुने सन्दर्भमा गहुँको उत्पादन घट्नुका कारण पहिचान गरी उपयुक्त कदम चाल्नुपर्ने र यसलाई प्राथमिकता प्राप्त उत्पादनको सूचीभित्रै राख्नुपर्ने आवश्यकता छ। खाद्य सुरक्षा तथा पोषणको दृष्टिकोण तथा भारतले बेलाबखत गहुँ निर्यातमा गर्ने कडाई समेतलाई दृष्टिगत गरी यसलाई लाभदायक बनाउनु पर्ने आवश्यकता देखिएको छ। आर्थिक वर्ष २०७७/०७८ को प्रतिवेदन अनुसार नेपालमा उत्पादन हुने गहुँ ८.१० प्रतिशत हिस्सा कोशी प्रदेशमा भएको देखिन्छ। यसरी, मकै उत्पादनमा कोशी प्रदेश सबैभन्दा अग्रस्थानमा रहेको छ। प्रदेशमा कुल ६२ हजार २ शय १८ हेक्टर जमिनमा गहुँ खेती भएको देखिन्छ। यो प्रदेशको कुल क्षेत्रफलको २.४७ प्रतिशत हो। सो आर्थिक वर्षमा प्रदेशमा प्रति हेक्टर औसत २.७७ मेट्रिक टन गहुँ उत्पादन भएको देखिन्छ। प्रदेशका झापा, मोरङ र सुनसरीमा गहुँ उत्पादन हुने क्षेत्रफल, उत्पादन र उत्पादकत्व अन्य जिल्लामा भन्दा बढी रहेको छ।

## वर्तमान अवस्था

पछिल्लो समय गहुँको उत्पादन कम भइरहेको छ। अत्याधिक नाइट्रोजन चाहिने हुनाले माटो रुखो बनाउने तर माटो सुधारका लागि राज्यको सहयोग नरहने, गहुँ फल्ने समय केही लामो हुने हुनाले गहुँ लगाउँदा मकै रोप्न नभ्याइने, गहुँको लागि रासायनिक मलको बढी आवश्यकता हुने भए पनि नपाइने, हिउँदे मकै, चैते धान तथा तोरी खेती गहुँ भन्दा लाभदायक देखिँदा क्रमशः गहुँ खेतीप्रतिको आकर्षण घटेको देखिन्छ। गहुँ उत्पादन प्रति किसानमा उत्साह कम हुँदा सरकारको तर्फबाट गहुँ केन्द्रित जोन, ब्लक र पकेट भएका स्थान बाहेक अन्यत्र गहुँ खेती क्रमशः कम हुँदै गएको छ। गहुँको गुणस्तर र लाभका कारण गहुँमा आधारित प्रशोधन उद्योगले पनि स्वदेशी गहुँलाई प्राथमिकता नदिँदा किसानले अपेक्षित लाभ पाउन सकेका छैनन्। उत्पादित गहुँको व्यवस्थापन र भण्डारणमा पनि समस्या रहेको छ। जसबाट गहुँको गुणस्तर कम हुने अवस्था छ। यसका बाबजुद गहुँ बिक्री गर्न कठिन नहुनु यसको प्रमुख सबल पक्ष रहेको छ। कोशी प्रदेशका झापा, मोरङ र सुनसरीमा अन्यत्रको तुलनामा गहुँको उत्पादकत्व बढी अर्थात् प्रति हेक्टर ३ मेट्रिक टन भन्दा बढी रहेको छ। पछिल्लो समय उपलब्ध भएका केही जातका बीउले गहुँको उत्पादन राम्रो पनि भएको छ .

विराटनगर र मेची भन्सार बिन्दुबाट मात्र वार्षिक औसत १ अर्ब ३९ करोडको गहुँ र जौ आयात भएको देखिन्छ। यी दुई भन्सार बिन्दुबाट आयात हुने हजारौं बस्तु मध्ये गहुँ र जौ २६ औं बढी आयात हुने बस्तुमा पर्छन्। गहुँको बीउ केही मात्रामा भारत निकासी हुने गरेको छ। गहुँबाट बन्ने नुडल, पास्ता लगायतका औद्योगिक उत्पादन भने विदेश निर्यात हुने गरेको छ।

## अवसरहरू

- भारतबाट औद्योगिक कच्चा पदार्थको रूपमा गहुँ तथा उपभोग्य बस्तुका रूपमा आधारित उत्पादन आयात भइरहेकाले गहुँको उत्पादन र उत्पादकत्व बढाउनमा लगानी गरी गुहुँको आन्तरिक बजार हिस्सा विस्तार गर्ने।
- कोशी प्रदेशमा उत्पादन हुने गहुँको बीउ अन्य प्रदेश तथा भारतमा समेत निर्यात भइरहेको सन्दर्भमा गहुँको बीउ उत्पादनमा लगानी गरी बजार विविधिकरण गर्ने।
- गहुँमा आधारित धेरै प्रकारका प्रशोधन उद्योग हाल सञ्चालनमा रहेका र पास्ता, नुडल आदि निर्यात समेत भइरहेको सन्दर्भमा गहुँलाई अन्नबालीका रूपमा मात्र नभई औद्योगिक कच्चा पदार्थका रूपमा उत्पादन र मूल्य अभिवृद्धि गरी आर्थिक प्रदेशको अर्थतन्त्रमा गहुँमा आधारित उद्योगको योगदान बढाउने।
- भारतले गहुँ निर्यातमा नियन्त्रण गरिरहेको सन्दर्भमा आन्तरिक खपतका लागि गहुँको बजार स्वतः विस्तार हुने अवस्थाको उपयोग गरी उत्पादन र रोजगारी बढाउने।

### चुनौतीहरू

- भारतले गहुँ निर्यातमा नियन्त्रण गरिरहेको सन्दर्भमा आन्तरिक खपतका लागि गहुँको बजार स्वतः विस्तार हुने अवस्थाको उपयोग गरी उत्पादन र रोजगारी बढाउने । गहुँ किसानमा रहेको अनिश्चितता हटाई गहुँ उत्पादनको निरन्तरता र विस्तारको वातावरण बनाउँदै खाद्य सुरक्षा बढाउने ।
- भारतले गहुँ निर्यातमा नियन्त्रण गरिरहेको सन्दर्भमा आन्तरिक खपतका लागि गहुँको बजार स्वतः विस्तार हुने अवस्थाको उपयोग गरी उत्पादन र रोजगारी बढाउने । गहुँको उत्पादनमा गिरावट आइरहेको सन्दर्भमा समयमा पर्याप्त मात्रामा रासायनिक मलको आपूर्ति तथा उन्नत बीउ, औजार र उपकरण तथा प्रविधिक सहायता लगायतका सुविधा तथा बजार सञ्जाल सुधार मार्फत् गहुँ खेतीलाई लाभदायक बनाउने र गहुँलाई प्रतिस्पर्धी बालीका रूपमा विकास गर्ने ।
- भारतले गहुँ निर्यातमा नियन्त्रण गरिरहेको सन्दर्भमा आन्तरिक खपतका लागि गहुँको बजार स्वतः विस्तार हुने अवस्थाको उपयोग गरी उत्पादन र रोजगारी बढाउने । प्रतिस्पर्धी मूल्य र पर्याप्त मात्रामा स्थानीय गहुँको उपलब्धता सुनिश्चित गरी प्रदेशभित्रका उद्योगहरूले स्थानीय गहुँलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने वातावरण बनाउने र मूल्य अभिवृद्धि हाँसिल गर्ने ।

## ४.२.४. कोदो

### परिचय

कोदो परम्परागत रूपमा खेती गरिने पहाडको एक महत्वपूर्ण बाली हो । नेपालमा तराईदेखि ३,००० मिटरसम्मको उचाईका बारी र भिराला पाखाहरूमा वर्षे बालीको रूपमा कोदोको खेती गरिएको पाइन्छ । नेपालको मध्ये पहाड कोदो उत्पादन हुने प्रमुख क्षेत्र हो । भण्डारमा सहजता, राम्ररी भण्डारण गर्दा कोदोको बीउको उमारशक्ति लामो समयसम्म रहने, अन्य बालीको तुलनामा कम र रोप्ने समयमा माटोमा चिसोपन चाहिने बाहेक सिँचाइ सुविधा नचाहिने, रासायनिक मल तथा विभिन्न किसिमका रासायनिक औषधीको प्रयोग गर्नु नपर्ने वा अन्य बालीमा भन्दा निकै कम प्रयोग गर्दा हुने, मकै बालीभित्र नै घुसवाबालीको रूपमा खेती गर्न सकिने जस्ता सहजता यस बालीमा पाइन्छ । कोदो खेतीमा रासायनिक मल एकदमै कम प्रयोग हुने र अन्य रासायनिक औषधीहरूको प्रयोग नहुने हुँदा स्वास्थ्यको हिसाबले यो खाद्यान्नलाई स्वस्थ्यकर मानिन्छ ।

कोशी प्रदेश कोदो खेतीको लागि ऊर्बर भूमि मानिन्छ । प्रदेशका १४ वटै जिल्लाहरूमा कोदो खेती हुने गरेको छ । बारी र भिराला पाखाहरूमा वर्षे बालीको रूपमा हुने र बढी सुख्खा सहन सक्ने बाली भएकाले प्रदेशका पहाडी जिल्लाहरू खोटाङ, धनकुटा, सङखुवासभा, ओखलढुङ्गा, भोजपुर र पाँचथरमा कोदोको तुलनात्मक रूपमा राम्रो उत्पादन हुने गरेको छ । विगत ४ वर्षदेखिको नेपालको तथ्याङ्क हेर्ने हो भने गण्डकी प्रदेश कोदो उत्पादनमा पहिलो र कोशी प्रदेश दोस्रो नम्बरमा रहेको देखिन्छ । आर्थिक वर्ष २०७७/०७८ मा कोशी प्रदेशमा मात्र कुल ७०,८१३ हेक्टर क्षेत्रफलमा करिब ९६,८२८ मे.ट कोदो उत्पादन भएको देखिन्छ भने उत्पादकत्व १.३७ मे.ट/हेक्टर रहेको छ ।

विगत ४ वर्षको तथ्याङ्कलाई विश्लेषण गर्दा इलाम र खोटाङ बाहेकका सबै जिल्लामा कोदोको उत्पादन क्षेत्र घटेको छ । ताप्लेजुङ, इलाम, तेह्रथुम, धनकुटा र खोटाङमा आ.व.२०७४/०७५ को तुलनामा आ.व. २०७७/०७८ मा कोदो उत्पादन बढेको देखिन्छ भने समग्र प्रदेशको कोदो बालीको उत्पादन क्षेत्र र उत्पादन दुबै घटेको देखिन्छ । कोदो उत्पादनमा सबैभन्दा बढी खोटाङ र सबैभन्दा कम सुनसरी देखिन्छ । आ.व. २०७४/०७५ को तुलनामा आ.व. २०७७/०७८ मा उत्पादन घटेको देखिन्छ । विगत चार आर्थिक वर्षमा कोशी प्रदेशमा कृषिको कुल गार्हस्थ्य उत्पादनमा अन्नबाली अन्तर्गत धान, मकै, गहुँ पछि कोदोको योगदान रहेको छ । जसमा कोदोको योगदान आ.व २०७४/०७५, २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ हरूमा क्रमशः १.५९%, १.५२%, १.४१% र १.५३% रहेको छ । नेपालको मेची र विराटनगर भन्सारबाट कोशी प्रदेश बाट आ.व २०७७/७८ मा मात्र १९,०९,३७० केजी आयात र १,८२० केजीको निर्यात भएको देखिन्छ । अर्थात् कोदोको माग स्थानीय उत्पादनले धान्न सकेको अवस्था छैन ।

## २. वर्तमान अवस्था

खाद्य सुरक्षाका लागि उत्पादन र उत्पादकत्व बढाउन उन्नत बीउ विजनमा कृषकको पहुँच अभिवृद्धि गर्न बीउ प्रशोधन तथा भण्डारणको पूर्वाधार निर्माण, उन्नत प्रविधि प्रयोग गरी धान, मकै, दलहन, तेलहन र रैथाने बाली (कोदो पनि) उत्पादन कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकारले वार्षिक बजेट विनियोजन गर्ने गरेको छ। बारी र भिराला पाखाहरूमा वर्षे बालीको रूपमा र बढी सुख्खा सहन सक्ने बाली भएकाले प्रदेशका पहाडी जिल्लाहरू खोटाङ, धनकुटा, सङखुवासभा, ओखलढुङ्गा, भोजपुर र पाँचथरमा कोदो बालीका लागि ऊर्वर भूमिको रूपमा रहेका छन्। कोदो उत्पादनमा दोस्रो स्थानमा रहेको यो प्रदेशमा कोदोमा आधारित मदिरा उत्पादन प्रवर्द्धनको नीति लिएको छ। यद्यपि हालसम्म यसले मूर्तरूप पाउन सकेको छैन। परम्परागत प्रविधिबाट घरायसी प्रयोगका लागि मात्र खेती गर्ने गरिएको भए पनि हिजोआज उन्नत जातको कोदोको प्रयोग गरी व्यवसायिक कोदो खेतीको अभ्यास पनि प्रारम्भ भएको छ। कोदो बिक्रीका लागि बजारको ठूलो समस्या देखिएको छैन।

नेपाली समाजमा कोदोको उपयोग गर्नेलाई गरिबीको प्रतीकका रूपमा मान्ने परम्परा बसेको हुँदा यसको गुण अपहेलित भइरहेको, संघ, प्रदेश र स्थानीय तहका नीति तथा कार्यक्रममा कोदो खेती प्रवर्द्धनले प्राथमिकता नपाएको, प्रदेश सरकारको रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत कोदोमा केही बजेट विनियोजन भएको भए पनि कोदोकै लागि विशेष कार्यक्रम नरहेको जस्ता समस्या किसानले महशुस गरेका छन्। कोदो बालीको उत्पादन क्षेत्र र उत्पादन दुबै घटिरहेको छ। धेरै जसो किसानहरूले परम्परागत प्रविधिबाट नै कोदो खेती गर्ने गरेको, मकैभित्र घुसवा बालीका रूपमा खेती गर्ने हुँदा अपेक्षित उत्पादन नहुने गरेको, उन्नत जातको कोदोको बीउको प्रवर्द्धन हुन नसकेको तथा कोदोको व्यवसायिक खेती नगण्य मात्रामा भएको अवस्था छ। कोदोमा लाभ नदेख्दा तथा जनशक्ति अभावका कारण अधिकांश कोदो हुने कारी बाँझो रहने गरेको छ। किसानहरूलाई कोदो खेतीमा लाग्ने विभिन्न रोगहरू तथा किफायती उत्पादन विधिको ज्ञान सीप नहुनु तथा त्यसका लागि सरकारले पनि ध्यान दिन नसक्नु, घरेलु मदिरा बनाउन बढी प्रयोग हुने र यसको गुणस्तर यकिन नहुनु र कारोवार वैधानिक नहुनुले कोदो सामाजिक रूपमा समेत आवश्यक उत्पादन नमानिएको अवस्था छ। चामल प्रतिको आकर्षणले पहाडी बस्तीहरूमा कोदो खेती विस्थापित हुँदै गएको अवस्था छ।

### अवसरहरू

- कोदो उत्पादनको परम्परागत सीप र अनुभवको प्रयोग गरी न्यूनतम प्राविधिक सहायता र सहयोगबाट पनि अन्य बाली नहुने क्षेत्रमा व्यवसायिक कोदो खती प्रवर्द्धन मार्फत् खाद्य असुरक्षा न्यूनिकरण गर्ने सकिने
- कोदोमा आधारित गुणस्तरीय मदिरा लगायतका औद्योगिक उत्पादन मार्फत् प्रदेशको अर्थतन्त्रमा कृषि र खाद्य प्रशोधन उद्योगको योगदान बढाउन सकिने।
- अन्य अन्नबालीमा प्रयोग गरिएको उन्नत बीउ, प्रविधि र बजारीकरण लगायतका सहयोग आदि मार्फत् कोदो उत्पादनलाई लाभदायक बनाई जग्गा बाँझो राख्ने प्रवृत्ति कम गर्न सकिने।
- कोदो र कोदोमा आधारित मापदण्डयुक्त मदिरा नेपालको आन्तरिक बजार र भारत तथा भुटानमा समेत निर्यात गर्न सकिने।

### चुनौतीहरू

- कोदो खेती पहाडी भेगको बारी र भिरालो जमिनमा खेती गरिने हुँदा कोदोको लागि आवश्यक सिँचाइ व्यवस्थापन गर्नु।
- बढ्दो बसाइँसराइ र वैदेशिक रोजगारीका लागि बाहिर जाने प्रवृत्तिमा सुधार गरी कोदो खेती गर्ने जनशक्ति प्राप्त गर्नु।
- भू-उपयोग नीति तथा योजनामा कोदो खेती हुने जग्गालाई खेतीयोग्य जग्गाको रूपमा नलिने स्थानीय सरकारको मानसिकताका कारण कोदो खेती हुने जग्गा संरक्षण गर्नु।

- परम्परागत प्रविधि र कम उत्पादन दिने बीउको विकल्प तयार नभइसकेको तथा कोदोलाई अपहेलित बालीका रूपमा लिने सामाजिक संस्कारका बिच कोदो खेतीलाई व्यवसायिक बनाउनु ।
- घरेलु मदिरा उत्पादनलाई साना तथा घरेलु उद्योगको रूपमा समुदायले नै उत्पादन गर्ने वा गुणस्तर र प्रतिस्पर्धी क्षमतायुक्त ब्राण्डका रूपमा निजी क्षेत्रले मझौला वा ठूला उद्योगको रूपमा उत्पादन गर्ने भन्ने निरूपण नभइसकेको अवस्थामा साझा प्रादेशिक प्राथमिकता निर्धारण गरी कृषिलाई उद्योगसँग आवद्ध गर्नु ।

### ४.२.५. आलु

#### परिचय

आलु खेती कोशी प्रदेशको १४ वटै जिल्लाहरूमा हुने गरेको छ भने विशेषगरी झापा, मोरङ, इलाम, सोलुखुम्बु र सुनसरीमा जिल्लाहरूमा धेरै उत्पादन हुने गरेको छ । यस प्रदेशमा आ.व २०७७/०७८ मा ५८,२७३ हेक्टरमा करिब ९,८५,६८२ मे.ट. आलु उत्पादन भएको र उत्पादकत्व १६.९१ मे.ट. प्रति हेक्टर रहेको छ । संघीय कृषि मन्त्रालयले प्रकाशित गर्ने नेपाल कृषि तथ्याङ्क अनुसार विगत चार वर्षको अवधिमा आलु उत्पादनममा ७ प्रदेशहरू मध्ये कोशी प्रदेश सबैभन्दा अघि रहेको देखिन्छ । कृषि विकास मन्त्रालयको अनुसार राष्ट्रिय उत्पादनमा कोशी प्रदेशको आलुको योगदान ३३.१ रहेको छ ।

नेपालको मेची र विराटनगर भन्सारबाट कोशी प्रदेशबाट आ.व २०७३/०७४ देखि र २०७७/०७८ को बिचमा वार्षिक औसत २३,४११.६ केजी आयात हुने गरेको छ । आर्थिक वर्ष २०७३/०७४ देखि २०७७/०७८ को बिचमा भने आयात १० गुणा बढेकाले पछिल्लो समय कोशी प्रदेशको उत्पादन वृद्धिदर मागमा भएको वृद्धिदर भन्दा कम देखिन्छ । भन्सार विभागको आ.वा २०७७/०७८ को तथ्याङ्क अनुसार नेपालमा आ.वा २०७७/०७८ मा आलु आयात ८ अर्ब ९२ करोड ५६ लाख ७७ हजार भएको देखिन्छ । यसले नेपालमा आलुको उच्च बजार माग दर्शाउँछ । विगत चार आर्थिक वर्षमा कोशी प्रदेशको कृषिको कुल गार्हस्थ्य उत्पादनमा नगदेबाली अन्तर्गत कृषि क्षेत्रको उत्पादनमा आलु सबैभन्दा ठूलो योगदान भएको बस्तुका रूपमा रहेको छ । आर्थिक वर्ष २०७४/०७५ देखि २०७७/०७८ को अवधिमा कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा आलुको योगदान औसत ८ प्रतिशत भन्दा केही बढी रहेको देखिन्छ ।

आलुबाली विवरण पुस्तिका (आ.व.२०७३/०७४) अनुसार कोशी प्रदेशको १४ वटा जिल्लामा जम्मा २० वटा आलु पकेट क्षेत्र रहेको छ । त्यसैगरी, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत उत्पादन सम्भाव्यता र क्षमताको आधारमा उदयपुर र ओखलढुंगालाई आलु जोनको रूपमा विकास गर्ने योजना रहेको छ । परियोजना अन्तर्गत प्रदेशका जिल्लाहरूमा आलु पकेट र ब्लकहरू समेत सञ्चालनमा छन् ।

तराईका जिल्लाहरूमा आधुनिक आलुका प्रजाति रोप्ने गरिएको छ भने पहाड र हिमाली भेगमा रैथाने जातको आलु खेती हुने गरेको छ । भ्याले प्रजातीको आलु यसै प्रदेशका ताप्लेजुङ, पाँचथर जिल्लामा पाइने परम्परागत बाली हो जुन धेरै उचाईमा हुने हुँदा गुणस्तर र स्वादको हिसाबले राम्रो मानिन्छ । जसलाई यी जिल्लाहरूको पहिचान समेत मानिन्छ । यो आलुको अन्तर्राष्ट्रिय बजारमा पनि माग रहेको छ । त्यसैगरी पाँचथर, इलाम, ताप्लेजुङ लगायत अन्य पहाडी जिल्लाहरूमा २,२०० देखि २,८०० भन्दा माथिको उचाईमा विते, ल्वाङ झुनि, एमएस, भ्याले लगायत स्थानीय प्रजातिका आलु रासायनिक मल र अन्य रासायनिक औषधीको प्रयोग विना नै वर्षको दुई बाली राम्रो उत्पादन हुने गरेको छ । यी ठाँउहरूमा उत्पादन भएका आलु ६ देखि ८ महिनासम्म सामान्य भण्डार गर्न सकिन्छ भने स्वाद र गुणस्तरको हिसाबले निकै राम्रो मानिन्छ ।

## वर्तमान अवस्था

प्रदेश सरकारकले आलु उत्पादन प्रवर्द्धनका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । आलु बालीको विकास र विस्तारका लागि आलुबाली पकेट क्षेत्र निर्धारण गरी थप अनुदानको व्यवस्था गरिएको छ । आलु भण्डारणका लागि प्रदेशका ८ वटा जिल्लाहरूमा १५ वटा रष्ट्रिक स्टोरहरू रहेका छन् भने झापा, मोरङ र सुनसरीमा निजी क्षेत्रबाट सञ्चालित ७०० देखि २७०० मेट्रिक टनसम्म क्षमताका भण्डार गृह सञ्चालित छन् । यसरी सरकार र निजी क्षेत्र दुबैका तर्फबाट आलु उत्पादनका लागि सहयोगी कार्यक्रम र पूर्वाधार व्यवस्थापन भएको देखिन्छ ।

खाद्यान्न बाली भन्दा आलु छोटो समयमा नै उत्पादन हुने र उत्पादकत्व पनि उच्च हुने भएकाले आलुखेतीमा कोशी प्रदेशका किसान आकर्षित भएका छन् । एउटै जमिनमा तीन पटकसम्म आलु खेती गर्न सकिने भएकाले थोरै जमिनमा पनि धेरै उत्पादन लिन सकिने, मिश्रित बाली (तरकारी आदि) का रूपमा समेत खेती गर्न मिल्ने तथा आलु खेतीका कारणले मकै र धान उत्पादनका लागि समय अभाव नहुने भएकाले पनि झापा लगायत तराईका जिल्लाहरूमा आलु खेतीमा आकर्षण देखिएको छ । पाँचथर, इलाम, ताप्लेजुङ लगायत अन्य पहाडी जिल्लाहरूमा २,२०० देखि २,८०० भन्दा माथिको उचाईमा विते, ल्वाङ झुनि, एमएस, झ्याले लगायत स्थानीय प्रजातिका आलु रासायनिक मल तथा औषधीको प्रयोग विना नै वर्षको दुई बाली राम्रो उत्पादन हुने गरेको छ । यी ठाँउहरूमा उत्पादित आलु ६ देखि ८ महिनासम्म सामान्य भण्डारमा पनि राख्न सकिने भएकाले यी आलुको उत्पादन पनि लाभदायक देखिएको छ । झ्याले प्रजातिको आलुको माग भारतीय बजारमा समेत रहेको पाइएको छ ।

प्रदेश र स्थानीय सरकारका कार्यक्रमले सबै आलु किसानलाई समेट्न नसक्दा अनुदान तथा सेवाको पहुँच बाहिर रहेका किसान निरुत्साहित हुनु, अनुदान तथा अन्य सहयोग प्राप्तिको प्रक्रियागत असहजताका कारण आलु उत्पादक साना किसानहरूले सरकारी अनुदान तथा सहयोग प्राप्तिका लागि प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा नरहेको पाइएको छ । समयमा नै पर्याप्त रासायनिक मल उपलब्ध नहुनु, गुणस्तरीय आलुको बीउ र आलु बियाँ उत्पादन गराउन TPS (True Potato Seed/Hybrid Potato Seed) का नयाँ जात/लाइनहरूको अभाव रहनु, आलुका स्थानीय प्रजातिहरूका क्रमशः लोप हुँदै जानु र आधुनिक बीउबाट उत्पादन धेरै हुने भएता पनि रोग किराको प्रकोप बढी हुनु तथा लामो समय जोगाउन समस्या हनु जस्ता समस्या आलुमा रहेका छन् । आलुबालीको उत्पादनको आधारमा सञ्चालनमा रहेका रष्ट्रिक भण्डारहरूको सङ्ख्या कम हुनु तथा आधुनिक प्रविधिको भण्डारण केन्द्रको अभाव तथा उपलब्ध मध्यमस्तरका शीत भण्डार तराईका जिल्लाहरूमा केन्द्रित रहँदा ढुवानी लगायतका करणले पहुँचयोग्य र सुलभ नहनु जस्ता आलुसँग सम्बन्धित प्रमुख समस्या हुन् ।

आलुमा आधारित साना तथा घरेलु उद्योग स्थापनाको सीमित अभ्यास भएको भए पनि ठूलो परिमाणमा आलु खपत गर्ने उद्योग स्थापना नभएका कारण मूल्य अभिवृद्धि हुन सकेको छैन भने उपभोगका लागि बजार सीमित हुँदा आलु उत्पादनमा उत्प्रेरणा कम रहेको छ । आलु जोन, ब्लक तथा पकेट क्षेत्रहरू सरकारी कार्यक्रमको अवधिसम्म मात्र रहने हुँदा यसका किसानले अनुदान तथा प्रोत्साहन नपाउने अवस्थामा उत्पादन समेत प्रभावित हुने देखिएको छ । कोशी प्रदेशमा उत्पादन हुने आलुको तुलनामा भारतीय आलु सस्तो भएका कारण भने नेपाली आलु पनि कम मूल्यमा बेच्नुपर्ने अवस्था छ । उत्पादन, व्यवस्थापन, भण्डारण, बजार तथा उद्योगसँको कमजोर आवद्धता जस्ता समस्याले लाभदायक भएर पनि आलु उत्पादनमा किसान आकर्षित हुन सकेका छैनन् ।

## अवसरहरू

- कोशी प्रदेशको हावा, पानी, माटो, मौसम लगायतको अनुकुलताका आधारमा आलुको प्रवर्द्धन गरी कोशी प्रदेश, अन्य प्रदेशरूको माग पूरा गरी आयात प्रतिस्थापनमा योगदान गर्न सकिने ।
- आलु चिप्स लगायत आलुमा आधारित प्रशोधन उद्योगको प्रवर्द्धन मार्फत् आलु तथा आलुमा आधारित उद्योगको प्रदेश अर्थतन्त्रमा योगदान बढाउन सकिने ।

- स्थानीय प्रजातिका आलुको उत्पादन, भण्डारण तथा बजारीकरणमा सहजीकरण गरी निर्यात प्रवर्द्धनमा योगदान दिन सकिने ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कार्यान्वयन भइरहेका आलु जोन, ब्लक र पकेट आदिका कार्यक्रमका अनुभवलाई आलु उत्पादन सम्भाव्य अन्य क्षेत्रमा विस्तार र सुधार गर्न सकिने ।
- ग्रेडिङ, प्याकेजिङ, उचित भण्डारण आदिका माध्यमबाट सस्तो भारतीय आलुसँग गुणस्तरमा प्रतिस्पर्धा गर्न सकिने ।

### चुनौतीहरू

- सीमित जनशक्ति तथा आर्थिक स्रोतका बिच आलु खेतीका लागि आवश्यक मल, बीउ, औजार र प्राविधिक सहायता सुनिश्चित गरी आलु उत्पादन प्रवर्द्धन गर्नु ।
- कमजोर सडक सञ्जाल तथा सहयोगी पूर्वाधारमा सुधार गरी पहाड र हिमाली भेगका विशिष्ठ स्वादका आलुलाई प्रदेशका शहरी क्षेत्र तथा अन्य बजारमा लैजानका लागि आवश्यक सुरक्षित भण्डारण तथा सुलभ ढुवानीको वातावरण तयार पार्नु ।
- रोग प्रतिरोधात्मक क्षमता बढी भएका रैथाने जातका बीउ नेपालभित्र र बाहिर पनि माग रहेकाले रैथाने जातका आलुको बीउ संरक्षण गर्नु ।
- हिमाल, पहाड र तराईमा छरिएर हुने आलु उत्पादनलाई एक ठाँउमा ल्याएर आलुमा आधारित सम्भाव्य उद्योगका लागि भरपर्दो कच्चा पदार्थ बनाउनु, मूल्य अभिवृद्धि हाँसिल गर्नु र प्रदेश अर्थतन्त्रमा योगदान बढाउनु ।

## ४.२.६. तोरी

### परिचय

नेपालका ७७ वटा जिल्लाहरूमा तोरी खेती हुने गरेको छ । नेपालमा धेरै तोरी उत्पादन हुने जिल्लाहरूमा कैलाली, दाङ, चितवन, सर्लाही, मोरङ, सुनसरी, बाँके, सुर्खेत रहेका छन् । आर्थिक वर्ष २०७७/०७८ को नेपाल कृषि तथ्याङ्क अनुसार नेपालमा कुल १,९८,१९७ हेक्टर क्षेत्रफलमा २,२०,२५० मे.ट. तोरी उत्पादन भएको थियो । यस आधारमा तोरीको उत्पादकत्व १.११ मे.ट./हे। रहेको छ ।

प्रदेशका १४ वटै जिल्लाहरूमा तोरी खेती हुने गरेको छ । सातवटा प्रदेश मध्ये लुम्बिनी प्रदेश सबैभन्दा धेरै तोरी उत्पादन हुने प्रदेश हो भने कोशी प्रदेश दोस्रोमा रहेको छ । प्रदेशका १४ वटा जिल्लाहरू मध्ये सुनसरी, मोरङ, उदयपुर, झापा, खोटाङ, इलाममा तोरीको राम्रो उत्पादन हुने गरेको छ । आर्थिक वर्ष २०७७/०७८ मा कोशी प्रदेशमा मात्र कुल ३५,०८५ हेक्टर क्षेत्रफलमा करिब ४१,९१६ मे.ट. तोरी उत्पादन भएको देखिन्छ । उत्पादकत्व १.१९ मे.ट./हे रहेको छ ।

कोशी प्रदेशमा कृषिको कुल गार्हस्थ्य उत्पादनमा नगदेबाली अन्तर्गत तेलहन दोस्रो ठूलो उत्पादन रहेको छ । आ.व। २०७४/०७५ देखि २०७७/०७८ को अवधिमा प्रदेशको कृषि अर्थतन्त्रमा तेलहनको योगदान २ प्रतिशत देखि २.१३ प्रतिशतसम्म रहेको छ । यद्यपि तोरीको निर्यात भन्दा आयातको हिस्सा बढी देखिन्छ ।

### वर्तमान अवस्था

कोशी प्रदेश तोरी उत्पादनका आधारमा दोस्रो ठूलो प्रदेश हो । प्रदेशका सुनसरी, मोरङ, उदयपुर र झापा जिल्लामा तोरी खेतीका लागि उपयुक्त जमिन रहेको छ । ९० देखि १०० दिनमै उत्पादन लिन सकिने बाली भएको मकै र धान उत्पादनका लागि तोरी रोप्नु अघि र पछिको समय पर्याप्त हुने हुँदा गहुँको प्रतिस्थापन बालीको रूपमा पनि तोरीको खेती हुने गरेको देखिन्छ । यसले तोरी उत्पादन हुने क्षेत्र पछिल्ला आर्थिक वर्षहरूमा विस्तार हुँदै गएको देखिन्छ । तोरी

औद्योगिक कच्चा पदार्थको रूपमा सहजै प्रयोग हुने र स्थानीयस्तरमा नै पर्याप्त हुने भएकाले बजार प्राप्ति सहज छ। भण्डारण सहजता, उत्पादन चक्रमा एकाध पटक मात्र सिँचाइ सुविधा भए पुग्ने, कम रासायनिक मल भए पुग्ने जस्ता कारणले उत्पादन लागत केही कम हुने हुँदा कोशी प्रदेशका तराईका जिल्लामा तोरी खेती विस्तार भएको देखिन्छ।

रैथाने बाली संरक्षण अन्तर्गत तेलहन पनि प्रदेश सरकारको नीतिगत प्राथमिकतामा रहेको देखिएता पनि तोरीको व्यवसायिक उत्पादन प्रवर्द्धनलाई कुनै पनि तहका सरकारले पर्याप्त प्राथमिकता दिएको देखिँदैन । सरकारका कार्यक्रममा तोरी खेतीले प्राथमिकता नपाउँदा तोरीको व्यवसायिक उत्पादन हुन सकेको छैन। तोरीको उत्पादन क्षेत्र विस्तार भए पनि उत्पादकत्व स्थिर रहँदा लागत उच्च हुँदै गएको छ। उन्नत जातको बीउको विकास हुन नसक्नु उत्पादकत्व बढ्न नसक्नुको प्रमुख कारणका रूपमा रहेको छ। तोरीमा लाग्ने रोग किराको पहिचान तथा उपचार लगायत प्राविधिक ज्ञान सीपको कमी र प्राविधिक सहयोगको सीमितता रहेको छ।

### अवसरहरू

- उन्नत बीउको विकास तथा व्यवसायिक तोरी खेती प्रवर्द्धनका कायक्रम मार्फत् तोरीको उत्पादन र उत्पादकत्व बढाई उत्पादकत्व कम हुँदै गएका बाली प्रतिस्थापन गर्ने।
- कोशी प्रदेशभित्र सञ्चालित खाद्य प्रशोधन उद्योग मध्ये तेल उत्पादन मुलतः बाह्य कच्चा पदार्थमा आधारित रहेको सन्दर्भमा तोरीको उत्पादन बढाई तेल उद्योगका लागि औद्योगिक कच्चा पदार्थ उपलब्ध गराउन सकिने तथा तोरीको तेल तथा दाना सहज रूपमा भारत निर्यात गर्न सकिने।
- तराईका जिल्लामा स्यालो ट्युबेल जस्ता साना सिँचाइका कार्यक्रम मार्फत् पर्याप्त सिँचाइ सुविधा उपलब्ध गराउनका लागि लागत सहभागिताको विधि अवलम्वन गर्न सकिने।
- स्थानीय तहबाट तोरी उत्पादन र तोरीमा आधारित साना उद्योगको प्रवर्द्धन मार्फत् मूल्य अभिवृद्धि हाँसिल हुनसक्ने।
- आधारमा तोरी खेतीको जोन, ब्लक र पकेट निर्धारण र विस्तार मार्फत् तोरी उत्पादन, बजारीकरण र मूल्य अभिवृद्धि हाँसिल गर्नमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको अनुभवको उपयोग गर्न सकिने।

### चुनौतीहरू

- नेपालको सबैभन्दा बढी उत्पादकत्व रहेको कोशी प्रदेशको उत्पादकत्व नै १.१९ मे.ट./प्राहे। मा सीमित रहेको सन्दर्भमा उन्नत जातका बीउको विकास लगायत उत्पादकत्व वृद्धिका उपाय पहिचान र कार्यान्वयन गर्नु।
- उच्च श्रम लागत र न्यून उत्पादनको अवस्थामा सुधार ल्याई उद्योग क्षेत्रलाई प्रतिस्पर्धी मूल्य र आवश्यक परिमाणमा स्थानीय तोरी उपलब्ध गराई कृषि र उद्योगका बिच भरपर्दो सम्बन्ध स्थापित गर्नु।
- तरकारी, आलु जस्ता उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्था सिर्जना गरी तोरी खेतीको अभ्यासलाई निरन्तरता दिनु वा बढाउनु।

## ४.२.७. अलैंची

### परिचय

अलैंचीको व्यावसायिक रूपमा नेपालको पूर्वी पहाडी जिल्लाहरूमा खेती गर्ने गरिन्छ। अलैंची बाली समुद्र सतहबाट ८०० देखि १८०० मिटर उचाईमा राम्रो उत्पादन गर्न सकिन्छ। यसलाई शितोष्ण आद्र जलवायु चाहिन्छ। प्रशस्त प्राङ्गारिक पदार्थ भएको दोमट बलौटे माटो राम्रो हुन्छ । नेपालको नगदे बालीको रूपमा यसको खेती पहाडी जिल्लाहरूमा गरिएको पाइन्छ। हाल यो करिब ५१ जिल्लाहरूमा उत्पादन गरिन्छ, मुख्यतः पूर्वी पहाडी क्षेत्रहरू र क्रमशः पश्चिमी भागहरूमा विस्तार हुँदैछ।

नेपालको सबैभन्दा धेरै मात्रामा निर्यात हुने बाली पर्दछ । विशेषगरी नेपालबाट भारत, पाकिस्तान र खाडी मुलुक निर्यात हुन्छ । नेपाल विश्वमा सबैभन्दा धेरै अलैंची उत्पादन गर्ने देश हो जसको बजार हिस्सा ६८ प्रतिशत छ । नेपालमा उत्पादित अलैंचीको ९०% भन्दा बढी विदेश निर्यात हुने गरेको छ ।

कोशी प्रदेश अलैंची उत्पादन हुने मुख्य क्षेत्र हो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत प्रदेश सरकारले पाँचथर, ताप्लेजुङ, तेह्रथुम, भोजपुर र संखुवासभालाई अलैंचीको जोनका घोषणा गरेको छ। कोशी प्रदेशका ताप्लेजुङ, पाँचथर, संखुवासभा र इलामले मात्र नेपालको कुल राष्ट्रिय उत्पादनको लगभग ८०% उत्पादन गर्छन् भने कोशी प्रदेशले अलैंची उत्पादनको करिब ९० प्रतिशत हिस्सा ओगट्छ । विगत चार आर्थिक वर्षमा कोशी प्रदेशमा कृषिको कुल गार्हस्थ्य उत्पादनमा मसला बाली अन्तर्गत अलैंचीको सबैभन्दा बढी अर्थात् करिब १० प्रतिशत योगदान रहेको छ । अलैंची खेतीमा आवद्ध र व्यापार व्यवसायमा संलग्न सङ्ख्या ६० हजार भन्दा बढी यो प्रदेशमा रहेकाले रोजगारीमा समेत यसको उल्लेख्य योगदान रहेको देखिन्छ ।

## वर्तमान अवस्था

कृषि मन्त्रालयको आ.व। २०७७/०७८ को तथ्याङ्क अनुसार नेपालको कुल अलैंची खेती गरिएको १८७९२ हेक्टर जमिन मध्ये ८३.७४% अर्थात् १५७३७ हेक्टर जमिन कोशी प्रदेशमा नै रहनु साथै उत्पादन ८२८९ मेट्रिक टनमा ९०.१६% अर्थात् ७४७४ मेट्रिक टन कोशी प्रदेशमा उत्पादन हुनुले उत्पादन क्षमता उच्च रहेको देखिन्छ । प्रदेश सरकारले तुलनात्मक लाभका बस्तु तथा सेवाको पहिचान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बजारीकरण गर्ने र चिया, अलैंची जस्ता उच्च मूल्ययुक्त कृषि उपजको उत्पादन, भण्डारण, प्रशोधन र निर्यात लगायतको मूल्य श्रृंखलाका विविध पक्षमा अध्ययन गरी सुधारका कार्य अघि बढाउने नीति लिएको तथा प्रधानमन्त्री कषि आधुनिकीरण परियोजना अन्तर्गत पाँचथर, ताप्लेजुङ, तेह्रथुम, भोजपुर र संखुवासभा अलैंचीको जोनको रूपमा लिएर उत्पादन, बजारीकरण एवं मूल्य अभिवृद्धिका विभिन्न पक्षमा सहयोग भइरहेको, प्रदेश सरकारबाट रोगी अलैंचीको व्यवस्थापन र नमूना अलैंची बगान व्यवस्थापन कार्यक्रमहरू सुरूवात गर्नु, आधुनिक अलैंची भट्टीहरू विस्तार हुनु आदि अलैंची खेतीका सबल पक्ष हुन् । नेपालका झण्डै ६७ हजार किसानहरू अलैंची खेतीमा आवद्ध भएकोमा ५३६०० किसान कोशी प्रदेशबाट मात्र अलैंची खेतीमा आवद्ध हुनुले कोशी प्रदेशमा अलैंचीले रोजगारीको महत्वपूर्ण अवसर समेत दिएको देखाउँछ ।

अलैंची निर्यात प्रवर्द्धनका लागि सरकारले प्रोत्साहन दिएको भए पनि त्यसको लाभ सीमित व्यवसायीले मात्र पाउने र उत्पादनमा संलग्न किसान र बजारीकरणमा संलग्न व्यवसायीले त्यसको लाभ नपाउने अवस्था छ । विभिन्न तहबाट अलैंची उत्पादन प्रवर्द्धन कार्यक्रमा सहयोग भइरहेको भए पनि ती कार्यक्रमको पारदर्शिता तथा अनुगमन एवं सुपरीवेक्षणको अभावमा प्रभावकारिता नभएको सरोकारवालाहरूको अनुभव छ। भारत बाहेकका बजारमा निर्यात गर्दा अलैंचीले स्वदेशी पहिचान गुमाउने र भारतीय उत्पादनका रूपमा बाहिर जाने अवस्था विद्यमान छ। स्थानीय बजारले अलैंची उपभोग गर्ने गरेको छैन । जमिन अनुसारको अलैंची बालीका लागि किसानलाई आवश्यक ज्ञान र प्राविधिक सहयोग पुऱ्याउन नसक्दा रोग किराको प्रभावले विभिन्न स्थानमा अलैंची उत्पादन कम हुँदै गएको छ । जङ्गली जनावरबाट बालीको संरक्षण गर्न नसक्नु, आधुनिक प्रविधिबाट अलैंची सुकाउने कार्यहरू प्रभावकारी रूपमा अगाडी बढाउन नसक्नु, अलैंची भट्टी तथा भण्डारण गृहहरूको अभाव रहनु, कृषि ज्ञान केन्द्रहरू प्रशासनिक काममा व्यस्त रहनु र प्राविधिक सहयोगमा समय दिन नसक्नु आदि अलैंची उत्पादनसँग सम्बन्धित अन्य समस्याहरू हुन् ।

अलँचीले आम्दानी दिन तीन वर्ष लाग्ने भएकाले पूरानो बगान मासेर नयाँ लगाउनका लागि किसानलाई वैकल्पिक आम्दानीको स्रोत नहुँदा उत्पादन ह्रास भए पनि निरन्तरता दिइरहनु पर्दा लाभ नहनु जस्ता कमजोर पक्षहरू पनि रहेका छन्

### अवसरहरू

- उपयुक्त बजारीकरण गरी भारत बाहेक पाकिस्तान तथा खाडी मुलुकहरूमा नेपाली ब्राण्डका रूपमा अलैँची निर्यात गरी उत्पादन, आय र रोजगारी बढाउन सकिने ।
- मसला उद्योगको खपत वृद्धि तथा चिया, मिठाई लगायतमा सहायक कच्चा पदार्थको रूपमा प्रयोग गरी अलैंचीको मूल्य अभिवृद्धि हाँसिल हुनसक्ने ।
- विद्युतीय भट्टीको प्रयोग, उचित भण्डारण, ब्राण्डिङ र प्याकेजिङको माध्यमबाट बढी मूल्यमा बाह्य बजारमा नेपाली अलैंची बिक्री गर्न सकिने ।
- निश्चित समयपछि माटो परीक्षण र उपचार तथा नयाँ बिरुवामार्फत् पूरानो बिरुवा विस्थापित गर्ने अभ्यास बढाएर रोग किराको जोखिम गर्न र अलैंचीको दिगोपन सम्बन्धी समस्या हटाउन सकिने ।
- पर्यटकीय क्षेत्र र अलैंची खेती हुने क्षेत्र नजिक रहेकाले अलैंचीलाई कृषि पर्यटनको क्षेत्रका रूपमा पनि अघि बढाउन सकिने ।

### चुनौतीहरू

- ब्राण्डिङ र प्याकेजिङ विना भारत निकासी भइरहेको र भारतभित्र र बाहिर भारतीय उत्पादनका रूपमा बिक्री वितरण भइरहेको अलैंचीको नेपाली ट्रेड मार्कसहित बाह्य बजार विविधिकरण गर्नु ।
- बिरुवा डढ्ने, गानो कुहिने लगायतका समस्याको दिगो समाधान गर्नु भारत, भुटान लगायतका देशमा जस्तै अलैंची उत्पादन बन्द हुने अवस्था आउनु नदिनु ।
- प्रमुख निर्यातयोग्य बस्तुका रूपमा अलैंचीले पाउँदै आएको निर्यात अनुदान तथा अन्य सुविधा अलैंची उत्पादक किसानले पनि पाउने अवस्थाको सिर्जना गर्नु ।
- अलैंची उपभोगको अभ्यास बढाई यसको आन्तरिक बजार विस्तार गर्नु ।
- अलैंचीमा आधारित उद्योग स्थापना र औद्योगिक उत्पादन प्रवर्द्धन गरी मूल्य अभिवृद्धि हाँसिल गर्नु ।

## ४.२.८. अदुवा

### परिचय

नेपालमा विशेष गरी मध्यपहाडी जिल्लाहरूमा अदुवा खेती व्यवसायिक रूपमा हुँदै आएको छ। यस मसलालाई ताजा सुठो वा धुलोका रूपमा विभिन्न परिकारमा स्वाद प्रदान गर्न प्रयोग गरिन्छ । अन्य बालीको तुलनामा उत्पादकत्व अत्याधिक भएका कारण यस बालीबाट राम्रो आम्दानी गर्न सकिन्छ। यसलाई एकल बाली, घुसुवा बाली वा अन्तर बालीको रूपमा मकै, दाल, तरकारी आदिसँग पनि लगाउन सकिन्छ । अदुवा खेती समुद्र सतहदेखि १५०० मिटर उचाईसम्मको क्षेत्रहरूमा गर्न सकिन्छ । न्यानो तथा आद्रता भएको जलवायु अदुवा उत्पादनका लागि अनुकुल मानिन्छ। अदुवा रोप्ने समयदेखि गानो टुसाउने बेलासम्म हल्का वर्षा हुने, बाली अवधिमा धेरै तर राम्रोसँग वितरित वर्षा हुने ठाउँमा अदुवाको सफल खेती गर्न सकिन्छ । अदुवा स्याहार्ने बेला भन्दा करिब एक महिना अगाडिदेखि सुख्खा हुने ठाउँ अदुवाको लागि राम्रो मानिन्छ। प्राङ्गारिक पदार्थ प्रशस्त भएको र पानीको राम्रो निकास भएको माटो अदुवा खेतीका लागि उपयुक्त हुन्छ ।

कोशी प्रदेशमा अलैंचीपछि महत्वपूर्ण मसला बालीको रूपमा अदुवा उत्पादन हुने गरेको छ । विगत ४ वर्षको तथ्याङ्कलाई विश्लेषण गर्दा आ.व। २०७४/०७५ को तुलनामा आ.व। २०७७/०७८ मा पाँचथर र मोरङमा उत्पादन क्षेत्रफल र उत्पादन दुबै घटेको देखिन्छ। सबैभन्दा बढी उत्पादन बढेको उदयपुरमा देखिन्छ। आ.व। २०७४/०७५ मा

तीन हजार मेट्रिक टनबाट आ.व. २०७७/०७८ मा १२३३१ मेट्रिक पुगेको देखिन्छ । विगत चार वर्षमा ईलाममा सबैभन्दा बढी अदुवा उत्पादन भएको देखिन्छ भने पाँचथर, उदयपुर र मोरङ त्यसपछिको क्रममा रहेका छन् । अदुवा महत्वपूर्ण निर्यातयोग्य बालीको रूपमा समेत रहेको छ । नेपालमा अदुवा आयात भने सीमित मात्र रहेको छ ।

## २. वर्तमान अवस्था

कोशी प्रदेश अन्तर्गतका मध्य पहाडी जिल्ला अदुवा उत्पादनका लागि ऊर्बर भूमि भएका कारण अदुवा उत्पादनको सम्भावना प्रशस्त देखिन्छ । अदुवाको आयात भन्दा निर्यात बढी भएका कारण यो आय र रोजगारीको सम्भाव्य क्षेत्रका रूपमा रहेको छ । आन्तरिक बजारमा पनि अदुवाको राम्रो माग छ । मसला उद्योगको माग पनि स्थानीय अदुवाले नै धानेको अवस्था छ भने उपभोक्ता बजारमा पनि स्थानीय अदुवाको माग रहेको छ । सरकारले मसला बाली अन्तर्गत अदुवा बालीको विकास र विस्तारको विषय नीति तथा कार्यक्रममा प्राथमिकताका साथ अघि बढाई रहेको छ । अदुवाको सफाई र भण्डारणका लागि पूर्वाधार विकासका कामले पनि प्राथमिकता पाएको छ ।

अदुवाको बजार मूल्यमा निरन्तर गिरावट आउनु र बजार मागमा उत्तार चढाव आउनु यसका प्रमुख समस्या रहेका छन् । भारत निर्यातको लक्ष्यसहित उत्पादन हुने अदुवा विभिन्न कारण देखाई भारतले गर्ने पैठारी नियन्त्रणका कारण बिक्री हुन नसक्दा किसानले ठूलो घाटा ब्यहोर्नु पर्ने अवस्था छ । अदुवाको निकासी व्यापार सीमित व्यक्तिको नियन्त्रणमा हुँदा किसानको प्रयासमा अदुवा भारत वा अन्य देशमा बिक्री हुने अवस्था छैन भने संघ र प्रदेश सरकारबाट पनि त्यसका लागि सहजीकरण हुन सकेको छैन । भण्डारण सुविधा कमजोर र उपलब्ध भण्डारको पहुँच योग्यता समेत सीमित हुँदा बजार नपाएको अवस्थामा अदुवा बारीमा नै कुहिने गरेको किसानको अनुभव छ । अदुवामा आधारित केही उत्पादन सुरू भएको भए पनि तिनको लाभदायक स्तरमा उत्पादन र बजारीकरण नहुँदा सफलता नपाएको स्थानीय सरोकारवालाहरूको अनुभव छ ।

### अवसरहरू

- केही समयको चिस्यान पर्याप्त हुने तथा भिरालो जमिनमा पनि खेती गर्न सकिने भएकाले कोशी प्रदेश का पहाडी जिल्लामा अदुवा उत्पादन क्षेत्र उत्पादन बढाई आय र रोजगारी प्रवर्द्धन गर्ने
- एकल बालीको रूपमा मात्र नभई मिश्रित बाली वा घुसुवा बालीको रूपमा पनि खेती गर्न सकिने भएकाले एकै समयमा अदुवासँगै अन्य बाली समेत लगाउन मिल्ने भएकाले यसलाई सहायक बालीका रूपमा पनि प्रवर्द्धन गर्न सकिने
- अदुवालाई प्रमुख र सहायक कच्चा पदार्थको रूपमा प्रयोग गरी उद्योगसँग आवद्ध गर्दै मूल्य अभिवृद्धि गर्न र बजार माग बढाउन सकिने

### चुनौतीहरू

- निर्यात व्यापारमा सीमित व्यक्ति तथा फर्म माथिको निर्भरता हटाई अदुवाको निर्यातलाई नियमित, व्यवस्थित र पारदर्शी बनाउने ।
- उत्पादनको व्यवस्थापन सुधार, सफाई, भण्डारण, ग्रेडिङ, प्याकेजिङ लगायतमा सुधार गरी निर्यातमा हुने अवरोधको सम्भावना घटाउने वा हटाउने ।
- उत्पादन, बजारीकरण र मूल्य अभिवृद्धि लगायतका सबै चरणमा प्राविधिक सहायता, परामर्श तथा सहजीकरणको माध्यमबाट अदुवा उत्पादक किसानलाई प्रोत्साहन गरी अदुवा उत्पादन बढाउनु ।
- उन्नत बीउ, प्राविधिक सहायता, भण्डारण व्यवस्था, ढुवानी सेवा सुधार आदिका माध्यमबाट उत्पादन र बजारीकरणको लागत न्यूनिकरण गरी अदुवा उत्पादनलाई लाभदायक बनाउनु ।

### ४.२.९. सुन्तला र अमिलो जातका फलफूल

#### परिचय

अमिलो जातका फलफूलहरूलाई समेट्ने एक अंग्रेजी शब्द सिट्रस (citrus) हो । सिट्रस अन्तर्गत सुन्तला, मुन्तला, जुनार, कागती मौसम, निबुवा, ज्यामिर, भोगटे, विमिरो फलफूलका जात समावेश हुन्छन् । सिट्रसको फल कलिलोमा प्रायः अमिलो छिप्पिएपछि अमिलो, गुलियो वा तितो हुने हुन्छ । सुन्तला (मन्डारिन ओरेन्ज) नेपालको रैथाने जात हो । नेपालमा कयौं वर्ष पुराना सुन्तलाका रुखहरू पाइन्छन् । सुन्तला जात फलफूल प्रायः उपोष्ण फल भए पनि उष्ण हावापानीमा पनि हुने जातहरू विकास भइसकेका छन् । नेपालमा मध्यवर्ती पहाडी क्षेत्रमा सबै जातका सिट्रस खेती सम्भव छ । साथै तराईमा पनि धेरै जातहरू जस्तैः कागती, विमिरो, भोगटे रोप्ने प्रचलन छ । नेपालमा पहाडी तथा हिमाली जिल्लागरी कुल ४२ जिल्लामा सुन्तला जात फलफूलहरूको व्यवसायिक खेती भइरहेको छ । कोशी प्रदेशमा मुलतः सुन्तला, जुनार र कागती अमिलो जातका प्रमुख फलफूल हुन् ।

सुन्तला खेती कोशी प्रदेशका १४ जिल्ला मध्ये १० वटा पहाडी र हिमाली जिल्लामा खेती गरेको पाइन्छ भने भित्री मधेस उदयपुर अनि तराईका जिल्ला झापा र सुनसरीका उच्च भागमा न्यून मात्रामा खेती गरेको र उत्पादन पनि न्यून देखिन्छ । खोटाङ, धनकुटा, उदयपुर, भोजपुर र इलाम सुन्तला खेती हुने प्रमुख कोशी प्रदेशका जिल्लाहरू हुन् ।

जुनार खेती कोशी प्रदेशका १४ जिल्ला मध्ये झापा र मोरङ बाहेकका जिल्लामा उत्पादन भएको पाइन्छ । जम्मा ५९९६ हेक्टरमा खेती गरेकोमा ३६०३ हेक्टरले उत्पादन दिन थालेको देखिन्छ । ३६०३ हेक्टरबाट आ.व। २०७६/०७७ मा ३९ हजार ३६९ मेट्रिक टन जुनार उत्पादन भएको देखिन्छ । पाँचथर, भोजपुर, खोटाङ, धनकुटा, तेह्रथुम र इलाम जुनार खेती हुने कोशी प्रदेशका प्रमुख जिल्लाहरू हुन् ।

राष्ट्रिय फलफूल विकास केन्द्रका अनुसार कागती खेती कोशी प्रदेश अन्तर्गतका १४ जिल्ला मध्ये ७ वटा जिल्लामा आ.व। २०७६/०७७ मा ५०२ हेक्टरमा गरेको पाइन्छ भने उत्पादन सुरू भएको क्षेत्रफल ३०१ हेक्टर र उत्पादन २१८८ मेट्रिन भएको देखिन्छ । खोटाङ कागती उत्पादन हुने प्रमुख जिल्ला रहेको छ भने झापा र सुनसरीमा पनि कागती उत्पादन उल्लेख्य मात्रमा भएको पाइन्छ ।

#### वर्तमान अवस्था

कोशी प्रदेशका १४ जिल्ला मध्ये सबैजसो पहाडी जिल्लाहरूमा सुन्तलाको व्यवसायिक खेती प्रारम्भ हुनु, सुन्तला उत्पादनका लागि प्रदेशको ८३७ हेक्टरमा व्यवसायिक खेती सुरू भई ६४९ हेक्टरमा उत्पादन सुरू भएको, नेपालमा पाइने सुन्तलाको पूरानो जातमा धनकुटा (खोकु) जात बागवानी केन्द्रमा नामाकरण हुनु, सुन्तला लगायत फलफूल उत्पादनका वृद्धि र विकासका कार्यक्रम प्रदेश सरकारको कृषि मन्त्रालय तथा स्थानीय तहहरूको प्राथमिकतामा रहनु आदि उत्पादनसँग सम्बन्धित सबल पक्ष रहेका छन् । सुन्तला तथा जुनार प्रशोधन गरी उत्पादन हुने जुसको आन्तरिक र बाह्य बजार समेत रहनु, कागतीको आन्तरिक बजार माग उच्च रहनु आदि अमिलो जातका फलफूलका अन्य सबल पक्ष रहेका छन् ।

पर्याप्त सिँचाइ सुविधाको अभाव, समयमा नै सुन्तला र जुनारमा लाग्ने विभिन्न प्रकारका रोग किराको पहिचान र त्यसको निराकरण नहुनु, कृषि प्राविधिक परामर्श तथा उपचारात्मक सेवाको कमी, किसानमा परम्परागत सुन्तलाको विकल्पमा आधुनिक र बढी उत्पादन दिने विकल्प लगाउने तत्परताको कमी, पर्यावरण परिवर्तनका कारण सुन्तलाको स्थानीय जातमा उत्पादन कम हुने र रोग किराको समस्या धेरै हुने जस्ता कारणले सुन्तला तथा जुनारको विकल्प खोज्ने क्रम बढ्नु, पहाडमा उत्पादन हुने कागती संरक्षण र बजारसम्म लैजाने जनशक्ति र अभ्यासको कमी, किसानले पाकेको सुन्तला महङ्गो भाउका लागि बोटमै राख्ने गरेको जसका कारण अर्को वर्षको सुन्तला उत्पादनमा नकारात्मक असर पर्नु र उत्पादन घट्नु आदि उत्पादनसँग सम्बन्धित समस्या रहेका छन् । शीत भण्डार मात्रामा चिस्यान केन्द्रको उपलब्धता र पहुँच कमजोर भएकाले लामो समय भण्डारण गर्न नसकिनु, सहुलियतपूर्ण कर्जामा

किसानको पहुँच कमजोर हुनु, कमजोर सडक पूर्वाधारका कारणले फलफूल ढुवानीको लागत उच्च हुनु तथा छोटो समयमा बेचिसक्नु पर्ने कारणले बजार मूल्य नपाउनु जस्ता समस्या पनि अमिलो जातका फलफूल किसानले भोगेका प्रमुख समस्या रहेका छन् ।

### अवसरहरू

- नेपाल सरकारले बागवानी विकास केन्द्र अन्तर्गत विभिन्न जातका फलफूलहरू लगायत सुन्तला बालीमा विशेष अनुसन्धान गरेको हुँदा सुन्तला बालीको विकास र विस्तार व्यवस्थित र कम जोखिमयुक्त हुनसक्ने
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सुन्तला तथा कागतीको उत्पादनका प्रमुख क्षेत्र पहिचान र सहयोग भइरहेकाले यसको विस्तार तथा दिगोपनमा केन्द्रित रहेर प्रदेश र स्थानीय सरकारले कार्यक्रम अघि बढाउन सक्ने ।
- नेपालमा सुन्तला र कागतीको आयात उच्च रहेकोले यस क्षेत्रलाई विस्तार गरी आन्तरिक बजार वृद्धि गर्न सकिने ।
- सुन्तला तथा जुनारलाई जुस उद्योगसँग आवद्ध गरी मूल्य अभिवृद्धि हाँसिल गर्दै कृषि र उद्योग दुबैतर्फको आर्थिक वृद्धिदर फराकिलो बनाउन सकिने ।
- सुन्तला तथा कागती खेती भइरहेको क्षेत्रको जस्तै हावापानी र माटो भएका कोशी प्रदेशका पहाडी जिल्लाका बाँझो जग्गालाई यसमा प्रयोग गर्न सकिने ।

### चुनातीहरू

- रैथाने सुन्तला तथा जुनारमा रोग किराको समस्या तथा उत्पादनमा ह्रास भइरहेको तथा नयाँ र बढी उत्पादन दिने बिरुवाले पूराना बिरुवा विस्थापित गरी फल लाग्न लामो समय कुर्नुपर्ने हुँदा त्यसमा किसानको रुचि कम देखिएको सन्दर्भमा सुन्तला र जुनार उत्पादनलाई निरन्तरता दिनु ।
- परम्परागत रूपमा सुन्तला तथा जुनार उत्पादन भइरहेका क्षेत्रको माटो तथा पूराना सुन्तलाको बोटमा रहेका समस्या पहिचान र उपचार गरी उत्पादनलाई पूर्ववत् अवस्थामा फर्काउनु ।
- कागतीको पूराना बिरुवाको संरक्षण, उत्पादन व्यवस्थापन र उत्पादन क्षेत्र तथा कोशी प्रदेशका प्रमुख बजार बिचको सम्बन्ध पुनःस्थापित गर्नु ।
- विभिन्न जिल्लामा उत्पादन हुने र छिटो कुहिने सुन्तला र जुनारलाई उचित व्यवस्थापन, ढुवानी र भण्डारण र एकीकरण गरी ठूला जुस उत्पादन हुने उद्योगको कच्चा पदार्थका रूपमा प्रयोग हुने वातावरण बनाउनु ।

## ४.२.१०. केरा

### १. परिचय

राष्ट्रिय फलफूल विकास केन्द्रको आ.व.२०७६/०७७ मा प्रकाशित केरा खेती प्राविधिक पुस्तिका अनुसार नेपालमा मुख्यतया तराई क्षेत्रका साथ साथै भित्री मधेस र पहाडका बेसीहरूमा केरा खेती गरिन्छ । घरायसी प्रयोजनका लागि नेपालमा धेरै पहिलेदेखि नै केरा खेती गर्ने गरिएता पनि हाल आएर व्यवसायिक केरा खेतीप्रति कृषकहरूको आकर्षण बढ्दै गएको पाइन्छ । हाल नेपालमा चितवन, नवलपरासी, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर, झापा, दाङ, रूपन्देही, बारा, सर्लाही, मोरङ, सुनसरी, झापा लगायतका जिल्लाहरूमा व्यवसायिक रूपमा केरा खेती भइरहेको छ । नेपालमा क्षेत्रफलका हिसाबले आँप र सुन्तला जात फलफूलपछि केरा तेश्रो स्थानमा पर्दछ भने उत्पादनका हिसाबले आँपपछि दोश्रो स्थानमा पर्दछ ।

कोशी प्रदेशमा केरा उत्पादनको केन्द्र मोरङ, सुनसरी र झापा जिल्ला रहेको पाइन्छ । राष्ट्रिय फलफूल विकास केन्द्रको आ.व.२०७५/०७६ मा केरा उत्पादनको तथ्याङ्क अनुसार कोशी प्रदेशको ५,२६८ हेक्टर क्षेत्रफलमा

८५,४४८ टन केरा उत्पादन भयो जस्मा केराको उत्पादकत्व १६.२२ टन प्रति हेक्टर रह्यो । नेपालको कुल केरा उत्पादनमा कोशी प्रदेशको हिस्सा करिब ३३ प्रतिशत रहेको छ, जुन अन्य प्रदेशहरूको तुलनामा सबैभन्दा बढी हो ।

## वर्तमान अवस्था

कोशी प्रदेश नेपालको सबैभन्दा बढी केरा उत्पादन गर्ने प्रदेश हो । धानलगायतका खाद्यान्न बालीबाट भन्दा केराखेतीबाट बढी आम्दानी हुने हुनाले कोशी प्रदेशमा केराखेतीतर्फ आकर्षण बढिरहेको छ । टिस्यु कल्चर गरेको बिरुवा रोपेर केराको उत्पादन बढ्दै गइरहेको छ । केरामा उत्पादनमा आधारित बीमालेख जारी भई बीमाको व्यवस्था गरिएकाले जोखिम न्यूनिकरणको सरकारी प्रयास पनि भएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत केराखेती प्रवर्द्धनको लागि विभिन्न जिल्लामा जोन, ब्लक तथा पकेट कार्यक्रम सञ्चालन भइरहेको छ । संघीय तहका विभिन्न निकायले केरा सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान पनि गरिरहेको सन्दर्भमा यसको नतिजाले केरा खेतीलाई थप उत्पादनमूलक तथा कम जोखिमयुक्त बनाउने सम्भावना छ । केरा पनि बाली बिमाको दायरामा समावेश भएको छ ।

प्रदेशमा केराको कम उत्पादकत्वका कारण आयातीत केरासँग मूल्य प्रतिस्पर्धा गर्न कठिन हुनु, केराखेती प्रवर्द्धनमा केन्द्रित प्रादेशिक नीति नियम नहुनु र केन्द्रको नीतिले कोशी प्रदेशको परिवेश समेट्न नसक्नु, केराको ढुवानी परम्परागत हुँदा ढुवानीको समयमा केरा क्षति हुने हुँदा अतिरिक्त लागत बढ्नु, आधुनिक एवं वैज्ञानिक केरा भण्डार तथा प्रविधिको उपलब्धता नहुँदा छोटो अवधिमा नै नष्ट हुने र बजारको पहुँच पाउन कठिन हुनु, अन्य उत्पादनमा प्रयोग हुने मल तथा औषधीको नकारात्मक प्रभावका कारण उत्पादनमा समस्या आउनु, केरा पकाउन प्रयोग गरिने रसायनका कारण उपभोक्तामा केरा उपभोग गर्न हिचकिचाउँदा केराको माग सङ्कुचन हुनु, केरामा प्रविधि र अनुकूलको जात अनुसन्धानमा पर्याप्त काम नहुनु केरा खेतीका प्रमुख दुर्बल पक्ष हुन् ।

## अवसरहरू

- नेपाल र कोशी प्रदेशमा भारत, लगायतबाट केरा आयात भइरहेको सन्दर्भमा केराको ठूलो बजार रहेकाले उत्पादन र उत्पादकत्व बढाई बजार हिस्सा विस्तार गर्न सकिने ।
- पाकेको केराबाट, बियर, वाइन आदि काँचो फलबाट चिप्स आदि तथा केराको थाम वा पातबाट निस्कने रेशाहरूबाट कपडा, टिस्यू पेपर, कार्ड कप तथा प्लेटहरू बनाउन सकिने हुनाले केरालाई प्रशोधन उद्योगसँग आवद्ध गराई माग बढाउन तथा कृषि र उद्योग दुवै तर्फबाट आर्थिक वृद्धिमा टेवा दिन सकिने ।
- संघीय सरकारको कृषि अनुसन्धान निकायबाट भइरहेको अध्ययनको निष्कर्ष तथा सुझावलाई प्रदेश सापेक्ष प्रयोग गरी केरा उत्पादनलाई कम जोखिमयुक्त र लाभदायक बनाउन सकिने ।
- कृषि आधुनिकीकरण परियोजना अन्तर्गत केरा ब्लक तथा प्रदेश र स्थानीय तहका कार्यक्रमका अनुभवमा आधारमा कार्यक्रम विस्तार र परिमार्जन गरी प्रभावकारी बनाउन सकिने ।

## चुनौतीहरू

- भारतबाट आयातीत सस्तो मूल्यका केरासँग मूल्य प्रतिस्पर्धा गरी बजार हिस्सा कायम राख्ने वा विस्तार गर्ने ।
- केरामा देखिने विभिन्न किसिमका रोगको पहिचान र निदान गरी केरा खेतीतर्फ नयाँ लगानीकर्ता तथा उत्पादक आकर्षित गर्नु ।
- केराको लाभदायक परिमाणमा उत्पादनको सुनिश्चितता सहित र औद्योगिक कच्चा पदार्थका रूपमा प्रयोगको वातावरण बनाउनु ।
- पहाडी भेगमा स-सानो परिमाणमा उत्पादन हुने स्थानीय जातका स्वादिष्ट केराको उत्पादन विस्तार र एकीकरण गरी मुख्य बजारमा बाह्य उत्पादनसँग गुणस्तर प्रतिस्पर्धा गर्न सक्ने अवस्था बनाउनु ।

## ४.२.११. तरकारी खेती

### परिचय

कोशी प्रदेशको अर्थतन्त्रमा तरकारीले महत्वपूर्ण योगदान गर्दै आएको छ। आर्थिक वर्ष २०७३/०७४ देखि २०७७/०७८ को अवधिमा कोशी प्रदेशको कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा तरकारीको औसत योगदान १२ प्रतिशत भन्दा बढी छ । यो कृषि बालीमा अन्नबाली पछि सबैभन्दा बढी उत्पादन र आय रहेको कृषिबाली हो । कोशी प्रदेशमा सबैभन्दा महत्वपूर्ण तरकारीबाली बन्दा हो भने गोलभैँडा, काउली र मुला त्यसपछिका महत्वपूर्ण तरकारी बाली हुन्। व्यवसायिक तरकारी खेतीको अभ्यास र सहकारीमार्फत् सङ्कलन र बिक्रीको व्यवस्थित अभ्यासका कारण तरकारी खेती कोशी प्रदेशको आकर्षक बाली रहेको छ। बन्दा, मुला, काउली लगायतका उत्पादन कोशी प्रदेशबाट भारततर्फ निकासी समेत हुने गरेको छ। तराई र पहाड दुबै भेगमा तरकारी उत्पादन हुने र पहाडमा हिउँद र वर्षा दुबै याममा खेती हुने भएकाले यसले आय र रोजगारीमा योगदान गरिरहेको छ । कृषि गणना २०७७/०७८ अनुसार तरकारी उत्पादनको सबैभन्दा बढी (१५.८१ प्रतिशत) हिस्सा कोशी प्रदेशको रहेको छ। कृषि थोक बजारहरू, स्थानीय कृषि बजार, कृषि हाट, कृषि सहकारी सङ्कलन केन्द्र आदि मार्फत् कोशी प्रदेशमा उत्पादन हुने तरकारी आन्तरिक र बाह्य बजारमा बिक्री वितरण हुने गरेको छ ।

### वर्तमान अवस्था

प्रदेश र स्थानीय तहमा तरकारी खेती सम्बन्धी विषय वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकतामा समावेश भइरहेको छ । सडक, चिस्यान केन्द्र, तरकारी सङ्कलन केन्द्र र थोक तथा खुद्रा व्यापार केन्द्र जस्ता पूर्वाधारको सहजता वृद्धि हुँदै जानु तथा तरकारी बजार व्यवस्थित गर्न आधारभूत कानुनी प्रबन्ध हुनु तरकारीका सबल पक्ष हुन् । तीन दशक अघि धरान, बसन्तपुर राजमार्ग अन्तर्गत पर्ने भेडेटार, सिधुवा, बसन्तपुर र धनकुटालाई कार्यक्षेत्र बनाई सिप्रेड नामक गैरसरकारी संस्थाले बेमौसमी तरकारी उत्पादनका लागि ९७ जना प्राविधिक कर्मचारीसहितको टोलीले दक्ष प्राविधिक ज्ञानसहितको बेमौसमी तरकारी उत्पादनमा आर्थिक सहयोग गरेकोमा त्यस कार्यक्रमले समुदायस्तरबाट निरन्तरता पाउँदा यो क्षेत्र प्रदेशको तरकारी हब बनेको छ । पाँचथरको दोरुम्बा सहकारी तथा स्थानीय सरकारको सहकार्यमा त्यस क्षेत्रमा गोलभैँडा तथा अकबरे खुर्सानी उत्पादन उल्लेख्य रूपमा हुने गरेको छ भने उत्पादनले प्रदेशको मुख्य बजारसम्म सहज पहुँच पाइरहेको छ । अनौपचारिक रूपमा तरकारीको किनबेचमा संलग्न व्यवसायीले पनि किसानको उत्पादनलाई औपचारिक बजारसम्म लैजानमा योगदान गरिरहेका छन्। तरकारी उत्पादनका लागि हावा, पानी र माटोका हिसाबले कोशी प्रदेशका केही हिमाली भाग, पहाडी र तराई भाग उपयुक्त रहेको छ । उन्नत जातका बीउ, आधुनिक प्रविधिका कारण तरकारी उत्पादन बढ्दै जानु, तरकारी उत्पादनमा व्यवसायीकरण हुँदै जानु, उपभोक्तामा तरकारी उपभोग सम्बन्धी ज्ञान बढ्दै गएका कारण तरकारीको आन्तरिक खपत बढ्नु, बेमौसमी तरकारी उत्पादनमा लगानी र नयाँ प्रविधि बढ्दै जानु, बन्दा, मुला जस्ता केही उत्पादनले भारत निर्यातको पनि अनुमति पाएकाले ती उत्पादन लाभदायक रहनु आदि तरकारी खेतीका थप सबल पक्ष हुन् ।

तरकारीको माग र मूल्यमा हुने उत्तारचढाव, छिटो कुहिने तरकारीले सडकमा आउने समस्या लगायतका कारणले भोग्नुपर्ने अवरोध, तराईको उत्पादन लागतको तुलनामा ढुवानीका कारण पहाडी तरकारीको मुख्य बजारसम्म आइपुग्दाको लागत बढी हुँदा प्रतिस्पर्धी क्षमता कम हुनु, रासायनिक मल र विषादी प्रयोग गर्ने किसान र नगर्नेका बिचमा प्रतिस्पर्धाको अवस्था रहनु र नियमनको अभाव हुनु, कम लागतका विषादीयुक्त भारतीय तरकारीले सहज प्रवेश पाउने हुँदा प्रदेश भित्रका उत्पादनले मूल्य नपाउनु, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत संघ प्रदेश र स्थानीय तहका कार्यक्रम दिगो नहुनु र किसानले त्यस्ता कार्यक्रमलाई निरन्तरता दिन नसक्नु एवं अनुदान तथा सहुलियत लगायतको सुविधामा असमान पहुँच रहनु तरकारी उत्पादनका अवरोधहरू हुन् । कृषि उत्पादन अन्तर्गत तरकारी बालीको विकास र विस्तारसँगै त्यसका लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति आवश्यक मात्रामा र समयमा नै उपलब्ध हुन नसक्नु, उन्नत बीउ, मल, किटनाशक औषधीको उपलब्धता र प्रयोगको सीपमा सीमितताका कारणले अपेक्षित उत्पादन हुन नसक्नु तथा भण्डारण र बजारीकरण क्षमताको अभावका कारण मूल्यमा

उत्पादकको नियन्त्रण शुन्य प्रायः हुनु तरकारी खेतीका अन्य दुर्बल पक्षहरू हुन् । भारतमा एकाध बाहेकका तरकारी आयात निषेधित हुनु र नेपालमा भने सबै किसिमका तरकारी निर्वाध आउने अवस्था हुनुले असमान व्यापारिक सम्बन्धको असर पनि स्थानीय तरकारीमा परेको छ ।

### अवसरहरू

- तरकारीको ग्रेडिङ, उचित भण्डारण, प्याकेजिङ लगायतका विधिको प्रयोग गरी गुणस्तर नियन्त्रण र सरकारको तर्फबाट सहजीकरण गरी कोशी प्रदेशमा उत्पादन हुने तरकारी भारत, बंगलादेश लगायत खाडी मुलुकसम्म निकासी गर्न सकिने ।
- यातायातका पूर्वाधार सुधार र ढुवानी सेवाको सहज पहुँच विस्तारमार्फत् तरकारी खेतीका लागि उपयुक्त पहाडी भेगका जमिनमा मौसमी र बेमौसमी तरकारी खेती प्रवर्द्धन विस्तार गर्न सकिने ।
- तरकारी प्रशोधन उद्योग स्थापना गरी प्रशोधित तरकारीको आन्तरिक खपत बढाउन तथा निर्यात अभिवृद्धि गर्न सकिने ।
- तरकारी खेतीको लागत न्यूनिकरण र प्रतिस्पर्धी क्षमता विस्तारमा लगानी बढाई भारतबाट आयातित तरकारीले ओगट्दै आएको बजार हिस्सा नेपाली उत्पादनले लिनसक्ने ।

### चुनौतीहरू

- विभिन्न तहका सरकारले तरकारी उत्पादन प्रवर्द्धनका लागि उपलब्ध गराउँदै आएको अनुदान तथा सहुलियत लगायतका कार्यक्रम कार्यान्वयनका समस्या हटाई अपनत्व, विश्वास र प्रभावकारिता बढाउनु ।
- पहाडी र केही हिमाली भेगमा हुँदै आएको तरकारी उत्पादनलाई स्थानीय बजार तथा प्रदेशका प्रमुख बजार केन्द्रसम्मको सहज पहुँच सुनिश्चित गर्ने गरी भण्डारण र ढुवानीका पूर्वाधार र सेवा सुनिश्चित गर्नु ।
- एकाध बाहेकको तरकारी निर्यातमा भारतको प्रतिबन्ध हटाई भारत तथा बंगलादेशमा माग रहेका तरकारीको निर्वाध निर्यात हुने वातावरण सिर्जना गर्नु ।
- भारतीय नाकाबाट वैध तथा अवैध तरिकाले आउने बढी विषादी प्रयोग भएका तरकारी आयातमा नियन्त्रण तथा नेपाली उत्पादनको लागत न्यूनिकरण गरी आन्तरिक बजारमा नेपाली तरकारीको प्रतिस्पर्धी क्षमता बढाउनु ।
- प्राविधिक जनशक्तिको सीमित उपलब्धताको अवस्थामा सुधार गरी समयवद्ध र निःशुल्क प्राविधिक सेवाका सरल र सहज पहुँच सुनिश्चित गर्नु ।

## ४.२.१२. दूध

### परिचय

पशुपालन र दूध उत्पादनको लागि कोशी प्रदेश राम्रो मानिन्छ । प्रदेशको १४ वटै जिल्लाहरूका दूध उत्पादन हुने गरेको छ । यसमध्ये मोरङ, सुनसरी, झापा, इलाम बढी दूध उत्पादन हुने जिल्लाहरू हुन् । नेपाल कृषि तथ्याङ्क अनुसार प्रदेशमा विगत चार आर्थिक वर्षहरू २०७४/०७५, २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ मा क्रमशः ४,१६,३३७ मे.ट., ४,३०,१८८ मे.ट., ४,७८,६८५ मे.ट. र ५१३,५३२ मे.ट. दूधको उत्पादन भएको देखिन्छ ।

कोशी प्रदेशमा केही ठूला डेरी उद्योगहरू र धेरै सङ्ख्यामा दुग्ध सङ्कलन तथा चिस्यान केन्द्रहरू रहेका छन् । दुग्ध विकास संस्थान अन्तर्गत विराटनगरमा रहेको विराटनगर मिल्क सप्लाई स्किम परियोजना, नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि। (एनएमसी) ले सञ्चालनले गरेको झापा जिल्लामा अवस्थित एनएमसी डेरी उद्योग, जीवन विकास डेरी उद्योग, कामधेनु डेरी उद्योग आदि प्रमुख दुग्ध उद्योग हुन् । पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी,

सप्तरी, धनकुटा र तेह्रथुम कार्यक्षेत्र रहेको विराटनगर मिल्क सप्लाई स्किमको प्रशोधन क्षमता ५,००० लिटर प्रतिघण्टा, धुलो दूध कारखाना क्षमता ६ मे.टन उत्पादन प्रतिदिन, दूध सङ्कलन प्रतिदिन लिन सिजनमा ३०,००० लिटर प्रतिदिन र फ्लस सिजनमा ४०,००० लिटर प्रतिदिन रहेको छ। यस परियोजनाबाट १३० वटा सहकारी/संस्था तथा फर्म र १४,६९८ घरधुरी लाभान्वित छन्। त्यसैगरी निजी तथा सहकारी क्षेत्रबाट सञ्चालित दुग्ध उद्योगले पनि सयौं सङ्ख्यामा सङ्कलन केन्द्रमार्फत् दूध सङ्कलन गर्दै आएका छन् । पहाडका जिल्लामा पनि दुग्ध उत्पादनको सम्भाव्यता पर्याप्त भएता पनि सीमित आन्तरिक बजार र शहरी क्षेत्रसँगको कमजोर यातायात सम्बन्ध र उच्च ढुवानी खर्चका कारण दुर्गम जिल्लाहरूमा दुग्ध उत्पादन सीमित रहेको छ ।

नेपालको मेची र विराटनगर भन्सारबाट कोशी प्रदेशबाट विगत चार वर्षमा वार्षिक औसत ३ करोड ७४ लाख मूल्य बाराबरको मिल्क पाउडर र अन्य दुग्धजन्य पदार्थ आयात भएको देखिन्छ। त्यसैगरी, विभिन्न दुग्धजन्य पदार्थ (Fats and oils derived from milk, milk and cream, Product consisting natural milk) चार वर्षमा वार्षिक औसत १३ लाख बराबरको निर्यात भएको देखिन्छ।

## वर्तमान अवस्था

नेपाल कृषि तथ्याङ्क अनुसार विगत ४ आर्थिक वर्षहरूमा नेपालमा दूध उत्पादनको हिसाबले ७ प्रदेशहरू मध्य पहिलो नम्बरमा कोशी प्रदेश रहेको छ । कोशी प्रदेशको दूधले नेपालको दुग्ध उत्पादनको २० प्रतिशत भन्दा बढी हिस्सा ओगट्दै आएको छ । आर्थिक वर्ष २०७३/०७४ देखि २०७७/०७८ को अवधिमा कोशी प्रदेशको कृषितर्फको कुल गार्हस्थ्य उत्पादनमा पशुपालन क्षेत्रको योगदान औसत २०.६ प्रतिशत रहेको छ भने दूध मात्रको ११.६ प्रतिशत रहेको छ। यस आधारमा दूधले प्रदेशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गरिरहेको देखिन्छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत इलामलाई गाई जोन घोषणा गरी गाईपालन, दुग्ध उत्पादन, प्रशोधन लगायतका विभिन्न पक्षमा सहयोग उपलब्ध गराउँदै आएको छ भने झापा लगायत विभिन्न जिल्लामा दूध उत्पादनका पकेट र ब्लक पनि निर्धारण भएका छन्। प्रदेश सरकारले पनि दुग्ध उत्पादन अभिवृद्धिका लागि पशु बिमा प्रवर्द्धन कार्यक्रम तथा दुग्ध उत्पादनमा आधारित अनुदान, पशु आहारको उपलब्धता प्रवर्द्धन लगायतका कार्यक्रम मार्फत् यो क्षेत्रलाई प्राथमिकतामा राखेको छ। दुग्ध विकास संस्थान, सहकारी तथा निजी क्षेत्रबाट कृषकको दूधको बजारीकरणमा सहयोग गरेका छन् भने दुग्ध प्रशोधन मार्फत् मूल्य अभिवृद्धिमा समेत महत्वपूर्ण योगदान गरिरहेका छन्। पाउडर दूध उत्पादनका लागि सञ्चालनमा आउँदै गरेको उद्योग पनि कोशी प्रदेशमा दुग्ध उत्पादनको सबल पक्ष रहेको छ।

नश्ल सुधारका कार्यक्रमले सोचेजति सफलता पाउन नसक्नु, दूधको माग र आपूर्तिका बिचमा देखापर्ने असमजस्यता, सरकारी र निजी क्षेत्रबाट सञ्चालित दुग्धमा आधारित उद्योगका बिच सहकार्यको अभाव, संघ, प्रदेश र स्थानीय निकायहरूले दुग्ध उत्पादनसँगै बजार पहुँचको विषयलाई पर्याप्त प्राथमिकता दिन नसक्नु, पाउडर प्लाण्ट लगायत अन्य दूध प्रशोधनका आधुनिक उपकरण तथा प्रविधिको अभाव, सरकारी मात्र नभई निजी क्षेत्रबाट समेत दक्ष चिकित्सक प्राप्त गर्न नसकिनु तथा कुनै मापदण्ड विना सेवाशुल्क बुझाउनु पर्ने अवस्था रहनु यो क्षेत्रका मुख्य समस्या हुन् । पशु स्वास्थ्य सेवा प्राप्त हुने स्थानसम्म बिरामी पशु लैजान नसकिने तथा पशु फर्ममा प्राविधिक समयमा झिकाउन नसकिने हुँदा समस्या उत्पन्न भइरहेको छ । बढी दुग्ध उत्पादन हुने सिजनको दूध भण्डारण गरी दूध उत्पादन कम हुने समयमा प्रयोग गर्ने अवस्था नहुँदा कुनै समयमा किसानको उत्पादनले बजार नपाउने तथा कुनै समयमा उपभोक्ता बजारमा दूधको अभाव हुने अवस्था छ । आधुनिक उपकरणको अभाव, उत्पादनको विविधिकरणमा कमी लगायतका कारणहरूले गर्दा दुग्ध व्यवसायको प्रतिस्पर्धात्मक क्षमता कम छ । चिज, छुर्पी, घ्यु लगायतका दुग्धजन्य उत्पादनहरू वैदेशिक बजारमा माग भएता पनि कुकुर र बिरालोको खानाका रूपमा केही मात्रामा छुर्पी निर्यात भएको बाहेक औपचारिक रूपमा अन्य दुग्धजन्य पदार्थ निर्यात हुन सकिरहेको छैन । स्वदेशी बजारमा उन्नत जातको गाई र भैंसीको जात विकास गर्न नसक्दा महँगो मूल्यमा गाई र भैंसी आयात गर्नुपर्ने अवस्था छ ।

## अवसरहरू

- आन्तरिक बजारमा दूधको माग उच्च रहेको तथा दूध र दूधजन्य पदार्थ उपभोगको संस्कृति बढ्दै गइरहकाले गाई, भैंसी पालन र दुग्ध उत्पादन विस्तार गरी आय र रोजगारी बढाउन सकिने ।
- दुग्ध पाउडर, छुर्पी, चिज लगायतका उत्पादन बाह्य बजारमा जान सुरू गरेको सन्दर्भमा व्यवस्थित बाह्य बजार प्रवर्द्धन गरी निर्यात बढाउन सकिने ।
- नश्ल सुधारमा भएका आन्तरिक प्रयास र त्यसमा रहेका कमजोरीको लेखाजोखा गरी गाईको जात, तौल तथा उपयुक्त विर्यको सन्तुलन मिलाई कार्यक्रमको प्रभावकारिता बढाउने ।
- कोशी प्रदेशमा उत्पादन हुने मकैमा आधारित दाना, स्थानीय घाँस, पराल आदिको प्रयोग गरी तयार गरिने साइलेज लगायतका उत्पादन मार्फत् पशुदानाको लागत कम गर्दै उत्पादकत्व बढाउन सकिने ।
- दुग्ध पाउडर प्लाण्टको अधिकतम उपयोग मार्फत् कोशी प्रदेशमा उत्पादित दूधलाई उद्योगले खपत गरी सुख्खायाममा बिक्री वितरण गर्ने गरी बजार माग बढाउन सकिने ।
- दूधको जोन, ब्लक तथा पकेटहरूमा उपलब्ध हुने सेवालाई दुग्ध उत्पादक सहकारी संस्था मार्फत् व्यवस्थित गरी दीर्घकालमा समुदायस्तरबाटै निरन्तरता दिन सकिने ।

## चुनौतीहरू

- नश्ल सुधार कार्यक्रममा प्रभावकारिता ल्याई स्थानीय वातावरणमा सहजै हुर्कने र उत्पादन दिने स्थानीय जातका गाई भैंसी प्रदेशभित्र नै उपलब्ध हुने अवस्था सिर्जना गर्नु ।
- कोशी प्रदेशमा उत्पादित दूध र दुग्धजन्य पदार्थको माग भएका देशमा निर्यातका लागि भएका अवरोध हटाई बाह्य बजार विस्तार गर्नु ।
- पशुपालन अनुदान लगायतका कार्यक्रमलाई प्रभावकारी बनाउनु तथा स्थानीय तहमा पशु चिकित्सा सेवाको उपलब्धता र पहुँचमा रहेका सीमितता हटाई पशुपालनमा रहेको जोखिम न्यूनिकरण गर्नु ।
- महामारी तथा प्राकृतिक प्रकोप लगायतका कारण दुग्ध ढुवानीमा हुने समस्या लगायतका कारणले समय समयमा उत्पन्न हुने अवरोधका कारण आपूर्ति व्यवस्था प्रभावित हुन नदिनु ।
- कम उत्पादकत्व भएका गाईभैंसी पालनको परम्परागत अभ्यासलाई उन्नत गाईभैंसीको जातले प्रतिस्थापन गर्नु तथा व्यवसायिक पशुपालन प्रवर्द्धन गर्नु ।
- चरन क्षेत्र तथा घाँसको उपलब्धता भएका पहाडी भेगमा उत्पादन हुने दूधलाई बजार केन्द्रसम्म सुरक्षित रूपमा आइपुग्ने गरी पूर्वाधार र सेवा सुनिश्चित गर्नु ।

## ४.२.१३. मासु उत्पादन


### परिचय

आर्थिक वर्ष २०७३/०७४ देखि २०७७/०७८ सम्मको तथ्याङ्कलाई आधार मान्दा राँगाको मासु (बफ), खसी बाखा र बंगुरको मासुले कोशी प्रदेशको कृषि तर्फको कुल गार्हस्थ्य उत्पादनमा करिब ८ प्रतिशत हिस्सा ओगटेको छ । नेपालमा मासुको उत्पादन राम्रो हुँदै गएकाले खसी बाखाको आयात क्रमशः घटिरहेको छ । मासुको प्रयोग विभिन्न जातजातिको संस्कृतिसँग पनि जोडिएकाले खसी बाखा, बंगुर, बफ आदिको उपभोग पनि सोही अनुसार फरक हुने गरेको छ । विभिन्न मासुको उत्पादन कोशी प्रदेशका विभिन्न जिल्लाको अवस्था तलको तालिकामा प्रस्तुत छ ।

### तालिकाः मासुको उत्पादनमा कोशी प्रदेशका विभिन्न जिल्लाको अवस्था

| जिल्ला | बफ | मटन | बाखा | सुंगुर | जम्मा मासु उत्पादन (मे.टन) |
|---|---|---|---|---|---|
| भोजपुर | १९२३ | २३ | ५३५ | ९५६ | ३४३७ |
| धनकुटा | ६८० | २ | ९८४ | ६४६ | २३१२ |
| इलाम | ८३७ | १ | ८९४ | ६२९ | २३६१ |
| झापा | २७३९ | ० | १६८४ | १४६५ | ५८८८ |
| खोटाङ | २२१५ | २३ | ७११ | ९६६ | ३९१५ |
| मोरङ | ३९१७ | २ | १९६० | ११८३ | ७०६२ |
| ओखलढुंगा | १८५९ | २९ | ७४४ | १२६७ | ३८९९ |
| पाँचथर | १५०९ | ५ | ७१६ | ९२० | ३१५० |
| संखुवासभा | १६०८ | ४८ | ९३० | ७२२ | ३३०८ |
| सोलुखुम्बु | १६१५ | ३३ | ५१९ | ४९५ | २६६२ |
| सुनसरी | ५८०२ | १२ | १४५५ | १२२९ | ८४९८ |
| ताप्लेजुङ | ६५२ | २१ | ४८१ | ४६४ | १६१८ |
| तेह्रथुम | ९०३ | १८ | ६५९ | ६२७ | २२०७ |
| उदयपुर | ३९०८ | ३ | १५७४ | ११२४ | ६६०९ |
| **जम्मा** | **३०१६७** | **०२२०** | **१३८४६** | **१२६९३** | **५६९२६** |

तराईका जिल्लाहरू झापा, मोरङ र सुनसरीमा र पहाडी जिल्ला उदयपुरमा बाखा र मटनको उत्पादन राम्रो भइरहेको छ । सुंगुरको उत्पादन झापा, मोरङ, ओखलढुंगा र उदयपुरमा राम्रो भइरहेको छ । मासु उत्पादनको हिसाबले तराईका जिल्ला पहाडका जिल्ला भन्दा अब्बल देखिएका छन् । नेपाल सरकारले कार्यान्वयन गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा सुनसरीलाई सुंगुर जोन भनरै छुट्याइएको छ ।



माथिको नक्सामा आर्थिक वर्ष २०७७/०७८ को अन्त्यसम्म कोशी प्रदेशका विभिन्न जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ब्लक र जोनको सङ्ख्या प्रस्तुत गरिएको छ। प्रदेश सरकार र संघ सरकारले पशु विकासका लागि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत ब्लक र जोन पहिचान गरी विभिन्न प्याकेजका कार्यक्रम सञ्चालन गरेको छ। स्थानीय सरकारलै पशु विकासका लागि पकेट श्रेत्र पहिचान गरी विभिन्न प्याकेजका कार्यक्रम सञ्चालन गरेको छ। सोलुखुम्बु, सुनसरी, मोरङ र झापाका स्थानीय सरकारले पशुपालन पकेट क्षेत्र निर्धारण गरेका छन्। सुनसरीमा बंगुरको उत्पादन बढाउन लागि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना बंगुर जोन निर्धारण गरिएको छ।

## वर्तमान अवस्था

सरकारले मासुको दैनिक दरभाउ तोक्नु, नेपालमा मासुको उत्पादन बढेकाले भारतबाट आउने मासु रोकिनु, धरान कृषि थोक र सिधुवा खसी बजार जस्तै बजार सङ्कलन तथा बिक्री २० भन्दा धेरै स्थानमा रहेकाले अनौपचारिक बजार मध्यस्थमाथिको निर्भरता घट्नु, सरकारले विभिन्न कार्यक्रम मार्फत् मासु उत्पादनमा केन्द्रित पशुपालन अनुदान दिनु आदि कोशी प्रदेशमा मासु उत्पादनका सकारात्मक पक्ष हुन्। त्यसैगरी खसीको मासुको माग प्रशस्तै छ उत्पादन गर्न सकेमा बजारको अभाव छैन। मासुबाट विभिन्न प्रशोधित परिकार जस्तैः साँसेज, सुकुटी, सलामी, आदि बन्ने तथा फ्रिजिङ गरेर औद्योगिक उत्पादनको रूपमा समेत बिक्री वितरण गर्न सकिने सम्भावना पनि यसका सबल पक्ष हुन्।

स्थानीय तहका प्राविधिक कर्मचारी प्रशासनिक कार्यमा समावेश हुने हुँदा पशुपालनका अभ्यास, वृद्धिको अवस्था, स्वास्थ्य आदि बुझ्ने र सुधारात्मक सेवा प्रवाह गर्ने अभ्यास छैन। उपचारात्मक सेवाको प्रवाह र पहुँच पनि कमजोर छ। निजी पशु चिकित्सक लगाउँदा उपचार र औषधी महङ्गो हुनु र कतिपय ठाँउमा पशु नै बोकेर लैजानुपर्ने अवस्था रहनु, सरकारका कार्यक्रम तथा सहयोगको जानकारी सबै किसानमा नहुनु, पशु ढुवानी र व्यापारका क्रममा विभिन्न किसिमका अवरोध हुनु, लगानी गरी उत्पादन गर्ने सोच भएका किसानलाई अनुदानका लागि बाख्रा, बंगुर आदि पालन गर्ने र छोड्ने किसानका कारण नकारात्मक प्रभाव पर्नु, स्थानीय जातका बाख्रा तथा सुँगुरले कम उत्पादन दिने तथा उन्नत जातका लागि उच्च लागत एवं रोगब्याधीको उच्च जोखिम रहनु आदि बाख्रा तथा बंगुर/सुँगुर पालनका समस्याहरू हुन्।

## अवसरहरू

- ब्राण्डिङ र लेबलिङ गरी बंगुरको सुकुटी, स्थानीय खसी तथा बंगुरको फ्रिजिङ गरिएको मासु भारत तथा युरोप लगायतका देशमा निर्यात गर्न सकिने।
- किसानलाई तालिम तथा सामुदायिक पशु स्वास्थ्य कार्यकर्ता तयार गरी पशुपालनमा सेवाको उपलब्धता र पहुँच विस्तार गर्न सकिने।
- प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत ब्लक र जोन पहिचान गरी विभिन्न प्याकेजका कार्यक्रम सञ्चालन गरेको सन्दर्भमा यसका सबल पक्षलाई प्रदेश र स्थानीय तहको कार्यक्रममा समावेश गरी बाख्रा र बंगुरको मासु उत्पादन अभिवृद्धि गर्न सकिने।
- कोशी प्रदेशका हिमाली भेगमा भेडा च्याङ्ग्रापालन व्यवसाय प्रवर्द्धन र बजारीकरणमा सहयोग गरी हिमाली उत्पादनलाई तराईको मागसँग आवद्ध गर्न सकिने।

## चुनौतीहरू

- अधिक अनुदान तथा सुविधाका कारण न्यून लागत र बढी तौल भएका भारतीय खसी, बाख्रा र पाठापाठी आयात सहज रहेको सन्दर्भमा लागत र गुणस्तर प्रतिस्पर्धा गरी स्थानीय उत्पादनको बजार हिस्सा विस्तार गर्नु।
- स्थानीय खसी बाख्रा सङ्कलन तथा बिक्री केन्द्रसम्म किसानका उत्पादन न्यून ढुवानी तथा मध्यस्थ लागतमा पुग्ने र बिक्री वितरणको अधिकतम् लाभ किसानले पाउने अवस्थाको सिर्जना गर्नु।

- अनौपचारिक बजार मध्यस्थ मार्फत् हुने सङ्कलन तथा बिक्रीलाई औपचारिक कारोबारको दायरामा ल्याई नियमन, व्यवस्थापन र सहजीकरण गर्नु ।
- पशु स्वास्थ्य जाँचसेवा सरल र विश्वसनीय बनाई उत्पादनको गुणस्तर सुनिश्चित गर्नु ।
- छरिएर थोरै सङ्ख्यामा हुने बाख्रा, सुँगुर तथा बंगुर पालक किसानलाई पशु स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नु ।

## ४.३. उद्योग

### क. परिचय

नेपालमा औद्योगिक विकासको उद्गम बिन्दुका रूपमा रहेका कोशी प्रदेशमा हालसम्म पनि अन्य प्रदेशको तुलनामा प्रादेशिक अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढी छ। नेपालको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान करिब १५ प्रतिशत रहेकोमा कोशी प्रदेशमा भने उद्योग क्षेत्रले २० प्रतिशतसम्म योगदान गरिरहेको छ। यद्यपि कोभिड-१९ को महामारीपछि भने उद्योग क्षेत्रको योगदान घटेर हाल सुधारात्मक अवस्थामा छ। उद्योग क्षेत्रमा उत्पादनमूलक उद्योग र निर्माण उद्योग प्रमुख रहेका छन्। त्यसबाहेक खानी, विद्युत लगायतका उद्योग क्षेत्र अन्तर्गतका प्रमुख आर्थिक गतिविधि हुन्।

### ख. वर्तमान अवस्था

समग्र मुलुकको अर्थतन्त्रको तुलनामा कोशी प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको बढी अर्थात् १५ देखि २० प्रतिशतसम्म योगदान रहेको छ। उद्योगको सङ्ख्याका आधारमा पनि बाग्मती पछि दोस्रो ठूलो प्रदेशका रूपमा कोशी प्रदेश रहेको छ। झापामा नयाँ औद्योगिक क्षेत्र स्थापनाको प्रक्रिया अघि बढेको छ। उच्च मूल्यका कृषि उत्पादनमा आकर्षण बढिरहेको र त्यसमा आधारित साना तथा मझौला उद्योग स्थापना हुन थालेका छन्। प्लास्टिकका सामान, सिमेन्ट, रड लगायतको उत्पादन लाभदायक भइरहेको छ। प्रदेश सरकारले उद्योग क्षेत्रलाई सहजीकरण गर्न र लगानी प्रवर्द्धन गर्न उद्योग मन्त्रालय, प्रदेश लगानी प्राधिकरण जस्ता निकायको स्थापना गरेको छ।

कोभिड-१९ को प्रभावका नयाँ उद्योग स्थापनामा आएको कमीमा अपेक्षित सुधार हुन सकेको छैन। तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्योगमा लगानीको संस्कृति विकास हुन सकेको छैन। निर्माण उद्योग निजी क्षेत्रले उत्पादन र व्यापार गर्ने क्षेत्रका रूपमा नभई सरकारी कार्यक्रम अन्तर्गत पूर्वाधार निर्माणका कार्यमा सीमित हुन पुगेको छ। कोभिड-१९ पछिका वर्षमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदानमा कमी आएको छ। कृषि र उद्योगका बिचमा भरपर्दो अन्तरसम्बन्ध स्थापना हुन सकेको छैन। उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि विभिन्न निकायमा धाउनु पर्ने र प्रशासनिक झञ्झट उद्योग स्थापनाका लागि नकारात्मक उत्प्रेरणा रहेको छ। विद्युतको आपूर्ति प्रभावकारी नहुँदा यसले उत्पादन लागत बढाएको छ। उद्योग स्थापना र सञ्चालनमा सार्वजनिक निजी साझेदारी अवधारणा विकास हुन सकेको छैन। प्रदेशमा बाह्य कच्चा पदार्थमा आधारित उद्योगको बाहुल्यता रहेको छ भने तत्कालीक लाभका लागि उद्योग स्थापना हुँदा जोखिम उच्च रहेको छ।

### ग. अवसरहरू

- उद्योगको सफलता र असफलताका पर्याप्त आन्तरिक अनुभवका आधारमा दिगो र लाभदायक क्षेत्रमा लगानी केन्द्रित गर्न सकिने ।
- विहारको निकटताको उपयोग गरी सहज श्रम आपूर्ति तथा औद्योगिक उत्पादनको सहज बाह्य बजार प्राप्त गर्न सकिने ।
- प्रदेशभित्र धेरै सङ्ख्यामा जलविद्युत आयोजना विकास भइरहेको र विद्युत आपूर्ति क्रमशः सहज बन्दै गएकाले ऊर्जामा न्यून लागतका कारण तुलनात्मक लाभ हाँसिल हुनसक्ने ।

- कृषि क्षेत्रको क्रमशः व्यवसायीकरण भइरहेकाले अन्नबाली, फलफूल, मसला लगायतमा आधारित नयाँ उद्योगले स्वदेशभित्र नै कच्चा पदार्थ प्राप्त गर्न सक्ने ।
- स्थापना भइसकेका औद्योगिक क्षेत्र र हाल विकासको क्रममा रहेका क्षेत्रका कारण उद्योग स्थापनाका लागि जग्गा लगायतमा गर्नुपर्ने लगानी कम हुनसक्ने ।
- भारतको विहार तथा बंगलादेशको जनसङ्ख्यालाई कोशी प्रदेशको औद्योगिक उत्पादनको बजार र त्यहाँको कृषि उत्पादनलाई कच्चा पदार्थको रूपमा उपयोग गरी उद्योग क्षेत्रलाई लाभदायक बनाउन सकिने ।

### ग. चुनौतीहरू

- कच्चा पदार्थ, प्रविधि र दक्ष जनशक्तिमा बाह्य निर्भरता कम गरी उत्पादनमूलक उद्योगको दिगोपन प्रवर्द्धन गर्ने ।
- यातायातको पहुँच भएका क्षेत्रमा उद्योग स्थापनाका लागि जग्गाको उच्च लागत र अन्यत्र पारवहन लगायतका सुविधा अभावका बिच ठूला उद्योग स्थापनाको वातावरण बनाउने ।
- उद्योग स्थापना र सञ्चालनको प्रशासनिक कार्य मुलतः संघीय सरकारका निकाय अन्तर्गत रहनु र उद्योगले धेरै सरकारी निकायसँग काम गर्नु परेका कारणले विद्यमान झण्झटको अवस्थामा परिवर्तन ल्याई उद्योगमैत्री नीतिगत वातावरण बनाउने ।
- भारत लगायतका मुलकमा न्यून लागत र लाभदायक परिमाणमा उत्पादन हुने औद्योगिक उत्पादनसँग प्रदेशमा सञ्चालन हुने उद्योगलाई प्रतिस्पर्धी बनाउने ।

यस प्रदेशमा सार्वजनिक निजी साझेदारीका आधारमा पूर्वाधार विकास र उद्योग स्थापनाका लागि लगानी, उत्पादन र रोजगारी बढाउने तुलनात्मक रूपमा बढी सम्भावना बोकेको उद्योग उत्पादनमूलक उद्योग हो । यसमा कृषि उत्पादनमा आधारित अर्थात् खाद्य प्रशोधन उद्योग तथा स्थानीय कच्चा पदार्थको तुलनात्मक रूपमा सहज उपलब्धता हुनसक्ने कपडा उद्योगलाई कोशी प्रदेशको बढी सम्भावना भएका उत्पादनमूलक उद्योग हुन् । तसर्थ उत्पादनमूलक उद्योग अन्तर्गत खाद्य प्रशोधन उद्योग र टेक्स्टाइल उद्योगका सबल तथा कमजोर पक्ष एवं अवसर र चुनौती तल प्रस्तुत छ ।

## ४.३.१. खाद्य प्रशोधन उद्योग

### परिचय

कृषिमा आधारित र विशेषगरी खाद्य प्रशोधन उद्योग कोशी प्रदेशको सबैभन्दा ठूलो औद्योगिक क्षेत्रको रूपमा रहेको छ । आर्थिक वृद्धि, शहरीकरण, महिलाको श्रमशक्ति सहभागिता आदिमा यो उद्योगको उल्लेख्य योगदान छ । कुटानी पिसानी उद्योग, तोरी मिल, चिनी मिल, चक्लेट कारखाना, अन्नका परिकार (बिस्कुट, चाउचाउ, बेकरी परिकार), तरकारी र फलफूलका परिकार (अचार, जाम, जुस, सस), खाद्यान्न प्रशोधन उद्योग (कुरमुरे, पापड, भुजिया, दालमोठ), खाद्यान्नका सह-उत्पादन उद्योग (पीना, भुस) उद्योगहरू समग्रमा खाद्य प्रशोधन उद्योगभित्र पर्दछन् ।

खाद्य प्रशोधन उद्योगले कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक क्षेत्रको सबैभन्दा ठूलो हिस्सा (४ वर्षको औसत २८.७%) ओगटेको छ । विगत चार वर्ष (आ.व.२०७४/०७५ देखि २०७७/०७८) को प्रवृत्तिलाई नियाँल्दा पनि खाद्य प्रशोधन क्षेत्रको वृद्धिदर औसत ८.६ प्रतिशत रहेको पाइन्छ । केन्द्रिय तथ्याङ्क विभागका अनुसार (CBS, 2018) नेपालमा खाद्य तथा पेयपदार्थ उद्योगको सङ्ख्या कुल २५,४९९ छन् । यसमध्ये कोशी प्रदेशमा खाद्यान्न उत्पादनका लागि ५,३५९ उद्योग छन् भने पेयपदार्थ उत्पादनका लागि १२६ उद्योग स्थापना भएका छन् । बागमती प्रदेशपछि खाद्य प्रशोधन उद्योगको स्थापना सङ्ख्याको आधारमा कोशी प्रदेश दोश्रो स्थानमा रहेको छ ।

विगत १२ वर्षमा नेपालको आयात तथ्याङ्कलाई हेर्दा खाद्य उद्योगको उत्पादन आयातमा वर्षेनी व्यापक वृद्धि भइरहेको देखिन्छ । यस अवधिमा औद्योगिक बस्तुहरूको आयातमा औसत वार्षिक वृद्धि करिब १४.४ प्रतिशत रहेको छ । वृद्धिदर मात्रै नभई आयातको परिमाण पनि उच्च छ । आर्थिक वर्ष २०७७/०७८ को तथ्याङ्क अनुसार कुल कृषि आयातमा तेलहनको अंश १५ प्रतिशत, चामल (१४ प्रतिशत) र खाद्य तेल (१२ प्रतिशत) रहेको छ । त्यसैगरी चिनी, माल्टको अर्क, दुग्धजन्य पदार्थ, माछा, चोकर, चक्लेट र अनाजको पिठो पनि उल्लेख्य मात्रामा आयात भइरहेको छ ।

## वर्तमान अवस्था

प्रशोधित खाद्यान्नको बढ्दो माग, प्रदेशमा उत्पादन हुने अन्नबाली, दलहन, तेलहन, मसलाबाली, तरकारी, फलफूल आदि कृषि बाली तथा दूध, मासु, अण्डा जस्ता पशुपालनमा आधारित उत्पादनसँग प्रत्यक्ष आवद्ध हुनसक्ने हुनाले खाद्य प्रशोधन उद्योग कोशी प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान गरिरहेको र गर्न सक्ने क्षेत्रका रूपमा छ । भारतसँग आयात-निर्यातका लागि भौगोलिक सहजता र छोटो दुरी हुनु, मुलुककै औद्योगिक राजधानी विराटनगर यसै प्रदेशमा रहनु अन्य उत्पादनमूलक क्षेत्रको तुलनामा यो क्षेत्रले उत्पादन र निर्यात दुबैमा महत्वपूर्ण योगदान गर्नु जस्ता सबल पक्ष देखिएका छन् ।

स्थानीयस्तरमा उपलब्ध कृषिजन्य उत्पादनको प्रशोधनको अभ्यास क्रमशः बढ्दै गइरहेको, न्यूनतम प्रशोधन र मूल्य अभिवृद्धि बारेको सचेतना कृषकमा समेत बढ्दै गएको, खाद्य प्रशोधन तथा मूल्य अभिवृद्धिमा टेवा दिने उद्देश्यले आयोजना गरिने सीप विकासका कार्यक्रमको सकारात्मक प्रभाव, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगरद्वारा फलफूल, तरकारी, खाद्यान्न, माछामासु र दुग्ध पदार्थमा आधारित प्रशोधन प्रविधिहरूको विकास एवं प्रसारका कार्यक्रम सञ्चालन हुनु, प्रधानन्त्री कृषि आधुनिकीकरण परियोजनाले विभिन्न कृषि उत्पादनका जोन र सुपरजोनमा उत्पादन र उद्योगको सम्बन्ध बढाई मूल्य अभिवृद्धि हाँसिल गर्नेसम्मको प्रक्रियामा सहयोग गरिरहेको कारणले खाद्य प्रशोधन उद्योग स्थापना र सञ्चालनका लागि तुलनात्मक रूपमा सहज वातावरण निर्माण भइरहेको छ ।

कोशी प्रदेशमा रहेका खाद्य प्रशोधन उद्योग मुलतः बाह्य कच्चा पदार्थमा आधारित छन् । खाद्य प्रशोधन उद्योगका लागि आवश्यक कच्चा पदार्थ प्रदेशभित्र वा स्वदेशमा उपलब्ध नभएको वा कृषि क्षेत्रबाट उद्योग क्षेत्रले सहज र पर्याप्त मात्रामा कच्चा पदार्थ पाउन सक्ने अवस्था नहुँदा आयातीत कच्चा पदार्थमा निर्भर हुनु परेको छ । बढी निर्यात हुने भटमासको तेलका लागि सीमित कच्चा पदार्थ उत्पादन हुने भए पनि स्वदेशी कच्चा पदार्थ प्रयोग हुने गरेको छैन भने सूर्यमुखी फूलको तेल, पाम तेलको कच्चा पदार्थ नेपालमा उत्पादन हुँदैन । त्यसैले कोशी प्रदेशमा यी बस्तु उत्पादन गर्ने उद्योग उच्च जोखिममा छन् । तरलता अभावका कारण बैंक तथा वित्तीय संस्थाबाट सहज कर्जा प्राप्त गर्न नसक्ने परिस्थितिले चालु पुँजीको समस्याबाट खाद्य प्रशोधन उद्योग पनि प्रभावित छन् ।

कच्चा पदार्थ आयातमा उच्च भन्सार मूल्य हुनु र स्वदेशी कच्चा पदार्थको उपलब्धता नहुनु, खाद्य पदार्थ प्याकेजिङ तथा लेबलिङ् सीमित उद्योगमा मात्र हुनु, प्याकेजिङको मात्र बेग्लै उद्योग सञ्चालनमा रहेका नियन्त्रण, बाह्य कच्चा पदार्थमा निर्भरता र अतिरिक्त शुल्कका कारण लागत बढी हुनु, कृषिमा व्यवसायीकरण नहुँदा ठूलास्तरका खाद्य प्रशोधन उद्योग सञ्चालन गर्न सक्ने अवस्था नहुनु र साना उद्योगबाट प्रतिस्पर्धी मूल्य र गुणस्तरमा बस्तु उत्पादन गर्न नसकिनु जस्ता समस्या यो क्षेत्रमा छन् । भारतबाट हुने सहज र अनौपचारिक निर्याततले पनि यो क्षेत्र प्रभावित छ । उद्योगका लागि चाहिने मेशिनरी तथा औजार आयातमा भन्सार शुल्क उच्च हुनुले पनि खाद्य उद्योगको प्रतिस्पर्धी क्षमता न्यून छ । विद्युत आपूर्तिमा रहेका समस्या, प्रदेशका विभिन्न जिल्ला तथा भारतबाट आयात हुने कच्चा पदार्थ ल्याउनका लागि ठूला मालबाहक सवारी प्रयोगका लागि सहज र फराकिलो सडक नहुँदा कच्चा पदार्थ ढुवानीको लागत पनि उच्च छ । स्थानीय कच्चा पदार्थमा आधारित औद्योगिक उत्पादनको बाह्य बजार सिर्जना हुन नसक्नु पनि यो क्षेत्रका समस्या हुन् ।

### अवसरहरू

- प्रशोधित खाद्यान्नहरूको माग निरन्तर बढिरहेको र माग पूर्तिका लागि आयत वृद्धिदर समेत उच्च रहेको सन्दर्भमा आन्तरिक उत्पादन बढाई स्वदेशी बजारमा सहजै बिक्री गर्न सकिने ।
- धान, मकै, फलफूल, तरकारी, दूध, मासु आदिको उत्पादनमा केन्द्रित व्यवसायिक खेतीतर्फ आकर्षण बढिरहेकाले प्रदेशभित्र हुने कृषि उत्पादनमा आधारित खाद्य प्रशोधन उद्योग स्थापना गरी लाभ हाँसिल गर्न सकिने ।
- साना तथा मझौला उद्योगमार्फत् साना किसानका कृषि उत्पादनको मूल्य अभिवृद्धि गरी कृषि र उद्योग दुबै क्षेत्रमा अतिरिक्त आय र रोजगारी सिर्जना गर्न तथा ग्रामीण अर्थतन्त्र सबलीकरण गर्न सकिने ।
- सहकारी संघ, संस्था मार्फत् धान मिल, आलु चिप्स उद्योग, सुन्तला तथा जुनारमा आधारित जुस, तेलहन, दलहनमा आधारित उद्योग तथा दूध पाउडर, छुर्पी लगायत दूधमा आधारित उद्योग आदि सञ्चालन गरी उद्योग क्षेत्रको लाभ समुदायस्तरमा समेत लैजान सकिने ।
- मध्ये पहाडी लोकमार्ग लगायत रणनीतिक महत्वका सडक पूर्वाधार निर्माणको कार्य अघि बढिरहेको सन्दर्भमा पहाडी क्षेत्रमा भएका कृषि उत्पादनलाई औद्योगिक क्षेत्रले कच्चा पदार्थका रूपमा प्राप्त गर्न सक्ने र घरेलु तथा साना उद्योग मार्फत् उत्पादित खाद्य बस्तुको बजार प्राप्तिमा सहजता आउन सक्ने ।

### चुनौतीहरू

- आयातमा आधारित र भन्सार शुल्कसहितका कच्चा पदार्थबाट उत्पादित खाद्य बस्तुले भारत तथा अन्य देशमा न्यून उत्पादन लागत भएका बस्तुको सहज आयात भइरहेको हुनाले प्रतिस्पर्धात्मक लाभ हाँसिल गर्नु ।
- खाद्य प्रविधि तथा औजार एवं उपकरणमा बाह्य निर्भरताका कारण स्वदेशी उद्योगबाट प्रतिस्पर्धी मूल्यमा गुणस्तरीय बस्तु उत्पादन गरी बजारमा ल्याउनु ।
- प्रदेशभित्र दक्ष कामदार उपलब्ध नभएकाले नयाँ खाद्य प्रशोधन उद्योग स्थापना गर्नु अघि कामदारको सहज आपूर्तिको स्रोत सुनिश्चित गर्नु ।
- संघ, प्रदेश र स्थानीय तहको भूमिकामा रहेका अस्पष्टता रहेको हुनाले उद्योग स्थापनाका लागि जग्गा प्राप्ति, उद्योग स्थापना र सञ्चालनका हरेक प्रक्रियामा रहेका झण्झटका बिच उद्योग स्थापनाका लागि ठूला लगानीकर्ता आकर्षित गर्नु ।
- घरेलु तथा साना उद्योग मार्फत् खाद्य प्रशोधनका कार्य गरी स्वरोजगारी प्रवर्द्धन गर्नुपर्ने आवश्यकता तथा आधुनिक प्रविधि र उपकरणको प्रयोग गरी खाद्य पदार्थको गुणस्तर सुनिश्चित गर्ने प्राथमिकताका बिच सन्तुलन कायम गर्नु ।
- बैंक तथा वित्तीय संस्थामा अक्सर रहने तरलता अभाव, सहुलियतपूर्ण कर्जाको प्राप्तिका सन्दर्भमा देखिएका विकृति एवं साना उद्यमीका लागि कर्जा प्राप्तिमा रहेका जोखिम हटाई उद्योग स्थापना र सञ्चालनका लागि आवश्यक पुँजीको उपलब्धता सुनिश्चित गर्नु ।

## ४.३.२. टेक्सटाइल (कपडा र तयारी पोशाक) उद्योग

### परिचय

टेक्सटाइल अर्थात् कपडा उद्योग नेपालको सबैभन्दा पूरानो उद्योग मध्ये एक हो । नेपालमा हालसम्म १९३२ वटा टेक्सटाइल उद्योग स्थापना भएका छन् र २६७६४ जनाले रोजगारी पाएका छन् । कपडा व्यवसायले विगत १२ वर्षको आयातमा १३.९९ प्रतिशत र निर्यातमा २.६९ प्रतिशतको औसत वार्षिक वृद्धिदर हाँसिल गर्दै उत्साहजनक

प्रवृत्ति देखाएको छ । नेपालको प्रमुख पाँच निर्यातयोग्य बस्तुहरूमध्ये एक रहेको कपडाजन्य बस्तु मुख्यतः अमेरिका र युरोपेली देशहरू समेत करिब ११० देशमा निर्यात हुन्छ ।

नेपालका कुल १९३२ टेक्सटाइल उद्योग मध्ये कोशी प्रदेशमा ४१६ उद्योगहरू छन् । आर्थिक वर्ष २०७७/०७८ मा टेक्सटाइल उद्योगले कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादन अन्तर्गत उत्पादनमूलक उद्योगमा १३.२ प्रतिशत योगदान गरेको थियो । जुन खाद्य प्रशोधन उद्योग पछिको दोस्रो ठूलो हिस्सा हो । आर्थिक वर्ष २०७६/०७७ मा भने कोभिड-१९ का कारण यो उद्योग नकारात्मक रूपमा प्रभावित भयो । यस क्षेत्रले रोजगारी सिर्जना गर्नुका साथै जीविकोपार्जन सुधारमा समेत ठूलो मद्दत पुऱ्याएको छ । कपडा उद्योगमा बोट बिरुवाबाट निस्कने कपास, जुट, अल्लो र हेम्पजस्ता कच्चा पदार्थमा आधारित कपडाहरू समावेश छन् । जनावरबाट बनेका कपडाहरूमा ऊन र रेशम जस्ता सामग्री प्रयोग भएका छन् । साथै, पोलिस्टर, एक्रिलिक र पोलीप्रोपाइलिन जस्ता सिंथेटिक कपडाहरू पनि उत्पादन हुने गरेको छ । कोशी प्रदेशमा उत्पादन हुने टेक्साइल उद्योगमा आधारित बस्तुहरूमा धागो, सिन्थेटिक कपडा, जुटका सामान, गार्मेन्ट आदि रहेका छन् ।

### वर्तमान अवस्था

नेपाली टेक्सटाइल उत्पादनको निर्यात बजार कायम रहनु र यसमा नेपालको आफ्नै अनुभव हुनु, यस क्षेत्रका लागि तुलनात्मक रूपमा श्रम शक्तिको सहज उपलब्धता एवं महिला तथा सीमान्तकृत समुदायको समेत सहभागिता, उच्च बजार माग, टेक्सटाइल उद्योगमा प्रयोग हुने सुती, रेशम, जुट, अल्लो, हेम्प जस्ता कच्चा पदार्थ कोशी प्रदेशमै उत्पादन गर्न सकिने, प्रदेशमा टेक्सटाइललाई चाहिने धागो कारखाना तथा स्पिनिङ्ग मिल सञ्चालनमा रहेकाले आवश्यकता अनुसार विस्तारको पनि सहजता हुनु, प्रदेशको आय र रोजगारीमा यसले उल्लेख्य योगदान गरेको तथा यसको सकारात्मक वृद्धिदर समेत रहेकाले यसलाई कोशी प्रदेशको तुलनात्मक लाभको क्षेत्रका रूपमा लिन सकिन्छ । कोशी प्रदेशका विभिन्न जिल्लामा अल्लोको कपडा, ढाकाका कपडा, गलैंचा, राडी, पाखी, साँस्कृतिक पोशाक आदि उत्पादन भइरहेको छ । यस्ता उत्पादनको आन्तरिक र बाह्य बजारमा माग समेत उच्च रहेको छ ।

टेक्सटाइल सम्बन्धी आवश्यक अनुसन्धान र विकासका कार्य हुन नसक्दा आयातीत कपडासँग गुणस्तर प्रतिस्पर्धा गर्न सक्ने गरी प्रविधि विकास हुन सकेको छैन । दक्ष कामदार तथा कालिगढ स्थानीयस्तरमा उपलब्ध नहुने हुँदा भारतीय श्रम बजारमा निर्भरता रहनु, खुला सीमाका कारण भारतीय उत्पादन सहजै आउने हुनाले स्थानीय उत्पादनले बजार नपाउनु, उद्योगलाई चाहिने सबै मेशिन तथा उपकरण विदेशबाट आयात गर्नुपर्ने र त्यसको मूल्य एवं भन्सार शुल्कका कारण उत्पादनको लागत उच्च हुनु, खुला नाकाका कारण भारतीय सामानको चोरी पैठारी तथा अवैध कारोवार हुनु र कृषिमा विषादीको प्रयोगले रेशम खेतीमा समस्या आउनु, जुट उत्पादन क्रमशः हराउँदै जानु, विद्युत आपूर्तिमा सुधार भए पनि उद्योग सञ्चालनलाई चाहिने विद्युत आपूर्ति सहज हुन नसक्नु, स्थानीय उत्पादनको प्रवर्द्धन हुन नसक्नु जस्ता समस्या यो उद्योग क्षेत्रमा विद्यमान छन् ।

### अवसरहरू

- अध्ययन र अनुसन्धानमा लगानी गरी परम्परागत प्रविधिमा सुधार गर्न सकेमा मार्फत् कोशी प्रदेशमा उत्पादन हुने कपडा उद्योगको उत्पादनको आन्तरिक र बाह्य बजार विस्तार गर्न सकिने ।

- निकट भविष्यमा विद्युतको अतिरिक्त उत्पादन हुने भएकाले सस्तो मूल्यमा विद्युत उपलब्ध हुँदा यसलाई प्रतिस्पर्धात्मक लाभको क्षेत्रका रूपमा लिएर स्थानीय कच्चा पदार्थको पहिचान र प्रवर्द्धन मार्फत् टेक्सटाइल उद्योगमा लगानी बढाउन तथा बाह्य लगानी आकर्षित गर्न सकिने ।

- घरेलु तथा साना उद्योग मार्फत् उत्पादित कपडाजन्य उत्पादनको बजारीकरणमा आवश्यक सहजीकरण मार्फत् यसतर्फ समुदायको आकर्षण बढाई आय र स्वरोजगारी बढाउन सकिने ।

- आन्तरिक उत्पादनले कपडाको बजार मागको नगण्य हिस्सा मात्र ओगटेको सन्दर्भमा यसको उत्पादनले सहजै बजार प्राप्त गर्न सक्ने ।

- सबै किसिमका धागो उत्पादन गर्न सक्षम उद्योग हाल सञ्चालनमा रहेकाले यसलाई सबल पक्षका रूपमा लिई टेक्सटाइल उद्योगमा विविधिकरण गर्न सकिने ।
- सरकारका तर्फबाट जनशक्ति तथा उद्यमशीलता विकासका कार्यक्रममा लगानी बढाई रोजगारी बढाउन, टेक्सटाइल उद्योगको उत्पादन लागत घटाउन र गुणस्तर बढाउन सकिने ।

### चुनौतीहरू

- भारतीय बजारबाट भन्सार छलेर हुने अवैध कारोवारमा नियन्त्रण गरी स्थानीय उत्पादनका लागि सहज वातावरण निर्माण गर्नु .
- टेक्सटाइल सम्बन्धी मेशिन तथा पार्टपूर्जाको स्वदेशमा उत्पादन तथा दक्ष जनशक्तिको आपूर्तिमा सुधार गरी उत्पादन लागत न्यूनिकरण र गुणस्तर प्रवर्द्धन गर्नु .
- कोभिड-१९ को प्रभावका कारण धेरै समय उद्योग बन्द रहेका कारण टुटेको श्रम-सम्बन्ध पुन:स्थापित गर्नु .
- उद्योग स्थापना र सञ्चालनका लागि जग्गा प्राप्ति सहज गराई लगानीकर्ताको जग्गा प्राप्तिको लागत घटाउनु
- बैंक तथा वित्तीय संस्थाबाट लगानी तथा चालु पुँजी प्राप्तिलाई सहज र भरपर्दो बनाउनु .
- लागत र गुणस्तर प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकासमा लगानी गरी हाल न्यून क्षमतामा सञ्चालित उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गरी परिमाणात्मक लाभ हाँसिल गर्नु .

## ४.४. सेवा क्षेत्र

सेवा क्षेत्र कोशी प्रदेशको अर्थतन्त्रको मुख्य आधार हो । आर्थिक वर्ष २०७३/०७४ देखि २०७७/०७८ को अवधिमा सेवा क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको अंशमध्ये औसत करिब ४८ प्रतिशत हिस्सा ओगटेको छ । सेवा क्षेत्र अन्तर्गत थोक तथा खुद्रा व्यापार प्रमुख उपक्षेत्र रहेको छ भने शिक्षा, यातायात तथा भण्डारण सेवा, स्वास्थ्य, खाना तथा आवास सेवा आदि अन्य महत्वपूर्ण सेवा उपक्षेत्र रहेका छन् । प्रदेश अर्थतन्त्रमा राज्य र निजी क्षेत्रको उपयुक्त सहकार्य र साझेदारी हुने, अन्तर क्षेत्र आर्थिक सम्बन्ध विस्तारमा योगदान गर्ने तथा प्रदेश अर्थतन्त्रमा बढी योगदान गर्न पनि सक्ने सेवाहरूमा भने मुलत: यातायात तथा आवास एवं खाना सेवा अर्थात् पर्यटन र कृषि बस्तुको थोक तथा खुद्रा व्यापार बढी सम्भावना रहेका क्षेत्र देखिएका छन् । त्यसैले यी क्षेत्रका समस्या, सबल पक्ष, अवसर र चुनौतीलाई क्रमश: प्रस्तुत गरिएको छ ।

### ४.४.१. कृषि उत्पादनको थोक तथा खुद्रा व्यापार

#### परिचय

निर्वाहमूखी कृषि प्रणालीलाई बजारमुखी, प्रतिस्पर्धी एवं व्यवसायिक कृषि प्रणालीको रूपमा विकास गरी कृषि उपजको बिक्री वितरणलाई व्यवस्थित बजार प्रणालीबाट उपभोक्तासम्म सरल र उचित मूल्यमा पुर्‍याउन थोक तथा खुद्रा व्यापारको भूमिका अपरिहार्य छ । थोक तथा खुद्रा व्यापार नेपालको कुल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण हिस्सा ओगट्ने सेवा क्षेत्र हो । आर्थिक सर्वेक्षण २०२७/७८ अनुसार कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको हिस्सा ४८.६% रहेको थियो जसमा थोक तथा खुद्रा व्यापार क्षेत्रले सबैभन्दा बढी योगदान (२४%) दिएको छ । समग्र थोक तथा खुद्रा व्यापारमा कृषि व्यापारको योगदान ३५.५८ रहेको छ र यो आयातीत बस्तुको व्यापारपछिको दोस्रो ठूलो हिस्सा हो ।

कृषिको खुद्रा व्यापार साना ग्रामीण बजार र शहरी क्षेत्रमा केन्द्रित छ भने थोक व्यापार कोशी प्रदेशका प्रमुख शहरी केन्द्रमा रहेका छन् । कृषि हाटबजार, सङ्कलन तथा बिक्री केन्द्र एवं कृषि उत्पादक र बजारका बिचमा रहेर अनौपचारिक व्यापार व्यवसाय गर्ने मध्यस्थहरू कृषि बस्तुको व्यापारमा संलग्न अन्य पक्षहरू हुन् ।

कृषि बजार प्रोफाइल २०७२/०७३ अनुसार नेपालमा कुल १७६७ वटा कृषि उपज बजारहरू सञ्चालनमा रहेकामा कोशी प्रदेशमा करिब ३७ प्रतिशत अर्थात् ६५४ कृषि उपज बजारहरू रहेका छन् । जसमध्ये ५५४ कृषि हाट, ६४ सङ्कलन केन्द्र, ३३ खुद्रा बजार र ३ वटा थोक बजार कोशी प्रदेशमा रहेका छन् । यी बजारहरूले कोशी प्रदेशको कृषि उत्पादनका लागि बजार सिर्जना गरिरहेका छन् भने सेवा क्षेत्रबाट पनि प्रदेशको आय र रोजगारीमा महत्वपूर्ण योगदान गरिरहेका छन् ।

## वर्तमान अवस्था

कृषि बजारहरू कृषि उत्पादनको व्यापार, आय, रोजगारी र निर्यातको माध्यम प्रमुख स्रोत रहँदै आएका छन् । कृषि बजारहरू र व्यापारको कारण अन्तर भेगीय बस्तु ओसारपसार, बिक्री वितरण र कारोवार बढेको छ । प्रदेशमा कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयको स्थापना भएको छ । प्रायः कृषि बजारहरूमा बजार पूर्वाधार निर्माण तथा सुदृढीकरण एक प्रमुख कार्यक्रमका रूपमा रहेको छ । सरकार तथा व्यवसायी र बजार सञ्चालकहरूले स्थापित बजारहरूको समय सापेक्ष सुदृढीकरण गर्ने कार्यका साथै नयाँ सम्भावित स्थानहरूमा कृषि बजारका पूर्वाधारहरू विकास निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखेको पनि देखिएको छ ।

आ.व। २०७७/०७८ मा इलाम, खोटाङ, ताप्लेजुङ, उदयपुर, झापा र मोरङ लगायतका जिल्लाहरूको १० वटा नगरपालिकामा कृषि उपज सङ्कलन/बिक्री केन्द्र निर्माण तथा कृषि बजार पूर्वाधार निर्माणका लागि संघीय सरकारबाट उल्लेख्य रकम विनियोजन भएको छ । अनौपचारिक रूपमा हुने कृषि बस्तु सङ्कलनले कृषि क्षेत्रलाई औपचारिक बजारसम्म जोड्नमा योगदान गरिरहकाले यसबाट कृषि र सेवा दुबै क्षेत्रले लाभ लिइरहेको छ । व्यवस्थित बजारको विकासले माछा, मासु, फलफूल, तरकारी लगायतका स्वदेशी उत्पादनले बजार पाउँदा उत्पादन वृद्धि र आयात प्रतिस्थापनमा समेत योगदान भइरहेको छ ।

कमजोर बजार सञ्जाल र यसको फितलो व्यवस्थापन कृषि सामग्रीको व्यापारको प्रमुख दुर्बल पक्ष हो । बजारयोग्य कृषि उपजको बढ्दो उत्पादनलाई दृष्टिगत गरी बजार प्रणालीको उचित विकास हुन नसक्दा हाल कृषि उपजको समुचित व्यवस्थापनमा समस्या देखिएको छ भने कृषि बस्तुको व्यापारबाट रोजगारी आयको थप अवसरको सदुपयोग हुन पनि सकेको छैन । यसले गर्दा उत्पादनले बजार पाउन नसक्ने तथा उपभोक्ताहरूले पनि सुलभ र सरल रूपले कृषिजन्य बस्तु उपभोग गर्न नपाउने अवस्था छ । हाल सञ्चालनमा रहेका सङ्कलन केन्द्रहरूमा व्यवस्थित भण्डार सुविधा छैन । ढुवानीको उच्च लागतले गर्दा कृषि उत्पादन बजारसम्म ल्याउने लागत बढ्ने तथा बस्तु नष्ट हुने हुँदा लाभ कम भएको छ । थोक तथा खुद्रा बजारमा पनि आधारभूत पूर्वाधारको अभाव छ भने भण्डारण क्षमता र गुणस्तर निकै कमजोर छ । बजारमा किसानको पहुँच सीमित हुँदा मूल्यमा उत्पादकको कुनै नियन्त्रण छैन । सामुदायिक र समितिमार्फत् सञ्चालिन कृषि बजारको आर्थिक गतिविधि पारदर्शी नभएको र आयबाट बजारको सुरक्षा, सरसफाई तथा स्तरोन्नतिमा लगानी भए नभएको यकिन गर्न नसक्ने अवस्था देखिएको छ भने निजी क्षेत्रको व्यवस्थापन रहेका बजारमा सामुदायिक स्तरका बजारको तुलनामा धेरै सेवा शुल्क हुँदा तिनको प्रयोग अपेक्षित भन्दा कम छ । उत्पादकले फलफूल तथा तरकारीको ग्रेडिङ नगर्ने हुँदा बजार मूल्य र गुणस्तरमा एकरूपता ल्याउन कठिन रहेको छ ।

## अवसरहरू

- हाल सञ्चालनमा रहेका कृषि बजारहरूको पूर्वाधार र सेवा सुधार तथा क्षमता विस्तार मार्फत् कृषि बस्तुको थोक तथा खुद्रा व्यापार, आय र रोजगारी बढाउन सकिने ।
- थोक बजारहरूलाई अन्तर्राष्ट्रिय कृषि बजार केन्द्रका रूपमा विकास गरी फलफूल, तरकारी लगायतका कृषि बाली तथा पशुपालनमा आधारित उत्पादनको निर्यात तथा आयातीत कृषि बस्तुको गुणस्तर प्रमाणीकरण र बिक्री वितरणमा सहजीकरण गर्ने संयन्त्रको रूप दिन सकिने ।

- किवी, एभोकाडो, ड्रागन फ्रुट, कफी लगायतको उत्पादन क्रमशः बढिरहेको र हालसम्म बजार पनि राम्रो रहेकाले यिनको व्यवस्थित बजारीकरणको कार्य कोशी प्रदेशमा आय र रोजगारीको नयाँ क्षेत्रको रूपमा विकास गर्न सकिने । यद्यपि नयाँ उत्पादनको बजारको दीगोपनको सम्बन्धमा विस्तृत अध्ययन हुनु आवश्यक छ ।

- कृषि उपजको ग्रेडिङ, प्रशोधन, प्याकेजिङ, ब्राण्डिङको अभ्यास व्यवस्थित गरी गुणस्तरीय उत्पादनको विशिष्ठ बजार सिर्जना गर्न सकिने ।

- निजी तथा सहकारी संस्थाहरूलाई प्रोत्साहन गर्दै संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कृषि उत्पादनको बजारीकरणलाई सहज र व्यवस्थित बनाउन सकिने ।

- अरिरिक्त आर्थिक भार विना स्थानीय तह मार्फत् हाल अनौपचारिक कृषि उपज व्यापारमा संलग्न व्यवसायीलाई औपचारिक आर्थिक कारोबारको दायरामा ल्याउन सकिने ।

- कृषि बजारहरूको सेवाको दायरा विस्तार र विविधिकरण गरी आयातीत बस्तु, प्रदेशभित्रका र स्वदेशी बस्तु, अर्गानिक उत्पादन, कृषि सामग्री तथा उपकरण आदि समेत एउटै केन्द्रमा उपलब्ध हुने वातावरण बनाई कृषि उत्पादन र व्यपारका बिचको अन्तरसम्बन्ध थप मजबुत बनाउन सकिने ।

**चुनौतीहरू**

- कोशी प्रदेशका प्रमुख बजार केन्द्र, धरान, बिर्तामोड तथा विराटनगरमा रहेका थोक बजार र पहाडी भेगमा हुने तरकारी, फलफूल तथा अन्य कृषि उत्पादनका सङ्कलन केन्द्रहरू बिच सहज सम्बन्ध कायम गर्नु ।

- कृषि बजार सञ्चालन र सेवा प्रवाहको निश्चित मापदण्ड कायम गर्नु र सयौंको सङ्ख्यामा रहेका बजारको नियमनको कानुनी प्रबन्ध निर्माण र कार्यान्वयन गर्नु ।

- उत्पादन हुने क्षेत्रदेखि कृषि बजारसम्म कृषि उपज लैजाने क्रममा प्रयोग हुने ढुवानीका साधनको सहज उपलब्धता र पहुँचमा रहेका समस्या हटाउनु तथा बजार केन्द्रमा उत्पादन व्यवस्थापन, आधारभूत प्रशोधन, भण्डारण, बाली सुकाउने खलन (Threshing Floor) ग्रेडिङ लगायत बिक्री पूर्वका आधारभूत सेवा उपलब्ध हुने व्यवस्था गर्नु ।

- कृषि उपजको व्यवस्थापन, भण्डारण र बजारीकरणका क्रममा हुने क्षति न्यूनिकरण गर्नु ।

- कृषि उपजको व्यवस्थापन र बजारीकरणमा कृषि सहकारीले भूमिका निर्वाह गर्नसक्ने गरी संस्थागत क्षमता विकास र समुदायसँगको आपसी विश्वास अभिवृद्धि गर्नु ।

- कतिपय नेपालमा उत्पादित चिया, अलैंची लगायतका भारत निर्यात हुने बस्तुको प्याकेजिङ गरी अन्य मूल्य अभिवृद्धिका उपायबिना नेपाल भित्रिने गरेकाले प्रदेशभित्र नै त्यसको विकल्प तयार गरी आयात बढ्न नदिनु ।

- अनौपचारिक कृषि उपज व्यवसायलाई औपचारिक आर्थिक गतिविधिको दायरामा ल्याउनु ।

### ४.४.२. पर्यटन

#### परिचय

नेपालको तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका दृष्टिले मुलुकको आर्थिक विकासको प्रमुख आधार रहेको पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउँदै आएको छ। देशमा रहेका सम्पूर्ण मूर्त र अमूर्त साँस्कृतिक सम्पदाहरूको संरक्षण र विकास गरी तिनको आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई मुलुकको आर्थिक आधारको रूपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधिकरण, विस्तार र प्रवर्द्धन गरिनु आवश्यक छ ।

संसारका १४ वटा ८ हजार मिटरभन्दा माथिका अग्ला हिमालहरू मध्ये ८ वटा नेपालमा रहेका र ती आठ मध्ये ६ वटा कोशी प्रदेशमै रहेका छन । नेपालको सबैभन्दा होचो भू-भाग झापामा रहेको केचनाकवल (६५ मि।) र सबैभन्दा अग्लो भूगोल सगरमाथा (८८४८.८६ मि।) त्यो पनि करिब १६० कि।मि।को छोटो दुरीमा हुनुले यो प्रदेश संसारकै सबैभन्दा बढी विविधता भएको प्रदेश हो । भौगोलिक, वनस्पतिजन्य, वन्यजन्तु, साँस्कृतिक, ऐतिहासिक, प्राकृतिक, साहसिक जस्ता सबैखाले पर्यटकीय गतिविधिका लागि यहाँ अथाह सम्भाव्यता रहेका छन ।

कोशी प्रदेशको सन्दर्भमा नेपालको सर्वोच्च शिखर सगरमाथादेखि देशकै होचो भू-भाग झापाको केचनासम्म रहेको सो प्रदेशमा पर्यटनको प्रचुर सम्भावना बोकेका धेरै स्थान छन् । मोरङका मिक्लाजुङ डाँडा, जेफाले डाँडा र बेतेना सिमसार, झापाको केचनाकवल, जामुनखाडी सिमसार र अर्जुनधारा, इलामका अन्तुडाँडा र कन्याम, पाँचथरको जोरपोखरी, ताप्लेजुङको पाथीभरा र कञ्चनजंघा हिमशृङ्खला क्षेत्र, सुनसरीको बराहक्षेत्र र कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्र यहाँका प्रमुख पर्यटकीय क्षेत्र हुन् । त्यस्तै धनकुटाका भेडेटार र नाम्जे, भोजपुरका ट्याम्के र मैयुङ डाँडा, तेह्रथुमको गुराँसको राजधानी तीनजुरे, मिल्के र जलजले क्षेत्र, संखुवासभाका सभापोखरी, मत्स्यपोखरी र जौबारी महादेव गुफा, सोलुखुम्बुका सगरमाथा, ल्होत्से र चोयु हिमाल, खोटाङका हलेसी महादेवस्थान, बराहपोखरी र ट्याम्के डाँडा, उदयपुरका जाल्पादेवी, लिम्पाटार र रौतापोखरी तथा ओखलढुंगाको सतासीधाम आदि प्रचुर पर्यटकीय सम्भावना बोकेका क्षेत्र हुन ।

देशकै प्रमुख पहिचानका रूपमा रहेको विश्वको सर्वोच्च शिखर सगरमाथा कोशी प्रदेशमा पर्छ । कञ्चनजङ्घा र मकालुलगायतका थुप्रै उच्च हिम शृङ्खलाको अवलोकन गर्न र साहसिक यात्रा गर्न अहिले पनि हजारौं विदेशी पर्यटक यहाँ आउने गरेका छन् ।

## वर्तमान अवस्था

आर्थिक वर्ष २०७५/०७६ मा कोशी प्रदेशमा करिब ५८ हजार विदेशी पर्यटकले भ्रमण गरेको तथ्याङ्क छ । सन् २०१९ मा स्थलमार्गबाट आएका कुल २ लाख १ हजार ३ शय ७ विदेशी पर्यटकमध्ये यस प्रदेशको काकडभिट्टा नाकाबाट ८ हजार ४ शय ८० (अर्थात् ४.२१ प्रतिशत) विदेशी पर्यटकहरू भित्रिएको देखिएको छ (नेपाल पर्यटन तथ्याङ्क, २०१९) । विदेशी पर्यटक हिमाली क्षेत्रमै केन्द्रित छन् । सोही वर्ष करिब १० लाख भारतीय पर्यटक कोशी प्रदेशमा आएको पर्यटन क्षेत्रका सरोकारवालाहरूको दाबी छ । बराह क्षेत्रमा लाग्ने दुई प्रमुख मेलामा मात्र करिब चार लाख भारतीय आउने गरेको पर्यटन व्यवसायीको आँकलन छ ।

नेपाल सरकारले पहिचान गरेका १०० वटा प्रमुख पर्यटकीय गन्तव्य स्थलमध्ये यस प्रदेशमा "बराहक्षेत्र, पाथीभरा, हलेसी महादेव, माइपोखरी, अर्जुनधारा जस्ता १६ वटा मुख्य धार्मिकस्थलहरू" समेटिएका छन् (कोशी प्रदेशको प्रथम आवधिक योजना, २०७६-२०८०) । समग्र देशको पर्यटन उद्योगमा यस प्रदेशको योगदान १४.८ प्रतिशत रहेको र प्रादेशिक योगदानको आधारमा बाग्मती र गण्डकी प्रदेशपश्चात् तेस्रो स्थानमा रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग, प्रादेशिक राष्ट्रिय लेखा २०१९) । यसले कोशी प्रदेशको पर्यटकीय सम्भावना दर्शाउँछ ।

कोशी प्रदेशमा प्रदेश पर्यटन बोर्ड गठन गरी ११ सदस्यीय कार्यसमिति सदस्य नियुक्त गरिएको छ । सरकारले विराट क्षेत्र विकास पर्यटन प्रवर्द्धन समिति, मेची पहाडी पर्यटन विकास प्रवर्द्धन समिति, हलेसी विकास समिति, बराहक्षेत्र विकास समिति र पाथिभरा क्षेत्र विकास समिति आदि मार्फत् ती क्षेत्रको पर्यटन पूर्वाधार र सेवाको विकासका गतिविधि सञ्चालन गर्दै आएको छ । पर्यटनलाई समेत टेवा पुग्ने गरी सप्तकोशी नदी आसपासका जिल्लाहरूलाई जोड्न जल यातायात आरम्भ भएको छ । स्थानीय तहहरूले पनि पर्यटन प्रवर्द्धनलाई प्रमुख नीतिगत प्राथमिकताका रूपमा समावेश गरी कार्यक्रम सञ्चालन गर्दै आएका छन् । निजी क्षेत्रबाट पनि पर्यटन प्रवर्द्धनका क्रियाकलाप सञ्चालन हुँदै आएका छन् । गुणस्तरीय होटलको सङ्ख्या क्रमशः बढिरहेको छ भने अन्य पर्यटकीय सेवा पनि विस्तार भइरहेको छ ।

कोशी प्रदेशका सबै जिल्लामा धार्मिक स्थलहरू लगायतका पर्यटकीय गन्तव्य अवस्थित हुनु, एक/दुई घण्टाको यात्राबाट तराईको अत्याधिक गर्मीबाट चिसो ठाउँमा पुगिने भएकाले वातावरणीय विविधताको अनुभूति र प्राकृतिक सुन्दरताको दृश्यावलोकनका लागि उपयुक्त गन्तव्यहरू रहनु, शिक्षा र स्वास्थ्य क्षेत्रमा रहेका पूर्वाधार र सेवाका कारण भारत लगायतका देशबाट विदेशीहरूको आगमन उल्लेख्य सङ्ख्यामा हुनु पर्यटन क्षेत्रका सबल पक्ष हुन् । त्यस्तै प्रदेश सरकारले गुफा, झरना र पर्यटकीय स्थलको अध्ययन, विकास र प्रवर्द्धन गर्ने कार्यक्रम बनाएको छ । सङ्खुवासभा, भोजपुर र सोलुखुम्बु जोड्ने मुन्धुम पदमार्गको विकास, तीनजुरे, मिल्के, जलजले क्षेत्रको विकास आदिले पनि प्राथमिकता पाउनु, राई, लिम्बु लगायत जातीय संस्कृति तथा भेषभुषा साँस्कृतिक पर्यटनको सम्भावनाका रूपमा रहनु, चिया, अलैँची, फलफूल तरकारी आदिका कारण कृषि पर्यटनका लागि आउनेको सङ्ख्या बढ्दै जानु आदि कोशी प्रदेशका पर्यटन क्षेत्रका सबल पक्षहरू हुन् ।

कोशी प्रदेश प्राकृतिक स्रोत साधनले सम्पन्न भएता पनि आवश्यक पर्यटन पूर्वाधार तथा सेवाको कमी र पर्यटकीय सम्भावनाहरूको प्रचार प्रसारको अभावका कारण पर्यटक आगमन र खर्चमा उल्लेख्य परिवर्तन नहुँदा पर्यटन क्षेत्रबाट अर्थतन्त्रमा सीमित योगदान रहेको छ । सबैजसो जिल्लामा आन्तरिक विमानस्थल रहेको भए पनि ती विमानस्थल पर्यटक ल्याउने यातायातको माध्यम बन्न सकिरहेका छैनन् । पर्यटन प्रवर्द्धनमा केन्द्रित रहेर प्रदेश सरकारले नीति तथा रणनीति तयारी एवं पूर्वाधार तथा सेवा विकासका कार्यक्रममा लगानी गर्न सकेको छैन । पर्यटन प्रवर्द्धनका लागि भूमिका खेल्ने संस्थागत संयन्त्रको समेत अभाव छ ।

कोशी प्रदेशमा पर्यटन प्रोडक्ट र ब्राण्ड तयार गरी प्रचारप्रसार गर्न नसक्दा पनि यो क्षेत्र पछि परिरहेको छ । पर्यटनको ब्राण्डिङ गर्ने र लक्षित समूहसम्म प्रवर्द्धन गर्ने स्पष्ट खाका नहुनु तथा यसका लागि सरकार निजी क्षेत्रका बिचमा सार्थक सहकार्य हुन नसक्नु पनि पर्यटन क्षेत्रका दुर्बल पक्ष हुन् । त्यस्तै गन्तव्यसम्मको पहुँच मार्ग, सुविधा र पर्यटकमैत्री व्यवहारको कमी रहेको छ । एउटै जिल्लामा रहेका गन्तव्यको बिचमा सम्बन्ध सञ्जाल कमजोर हुनु, एउटा गन्तव्यको एक भन्दा बढी आकर्षण एवं सम्भावनाको प्रयोग हुन नसक्नु तथा दुई वा दुईभन्दा बढी पर्यटकीय क्षेत्रका सरोकारवालाहरूका बिचमा समन्वय र सहकार्य कमजोर हुनु पनि पर्यटन क्षेत्रका समस्याहरू हुन् ।

पर्यटन क्षेत्रको विकासका लागि भारत र बंगलादेशका पर्यटकलाई मुख्य प्राथमिकतामा राख्नुपर्ने सरोकारवालाहरूको साझा धारणा रहेको छ तथापि भारतीय पर्यटक प्रति प्रशासन तथा नागरिक स्तरबाट गरिने गलत व्यवहार, भारतीय नोटमाथिको नियन्त्रण, भारतीय नम्बर प्लेटका सवारी साधनमाथि हुने गरेको अनावश्यक र अव्यवस्थित चेकजाँच, विराटनगर र मेचीबाट नेपाल प्रवेश गर्ने पर्यटकलाई पहाडी जिल्लाका पर्यटकीय गन्तव्यसम्म जान सहज हुने गरी क्षेत्रीय उडानको अभाव जस्ता समस्याका कारण उनीहरूले नेपालको पर्यटकीय गन्तव्यको विकल्प खोज्ने अवस्था विद्यमान छ । त्यसैगरी होटल, यातायात तथा अन्य पर्यटकीय सेवा प्रवाह गर्ने प्रतिष्ठानहरूमा तालिम प्राप्त र दक्ष जनशक्ति नहुँदा पर्यटन सेवा गुणस्तरीय बन्न सकेको छैन भने पर्यटन सेवाको मापदण्ड परीक्षण र नियमनको अभ्यास नहुँदा खाना, बसाई तथा सुरक्षाको आधारभूत मापदण्ड पूरा भएको छैन । बैंक तथा वित्तीय संस्थाको सीमित पहुँच तथा नगदमा आधारित पर्यटन व्यवसायका कारण विद्युतीय भुक्तानीको विधि प्रयोग गर्न सकिने अवस्था नहुँदा खर्चालु पर्यटकका लागि समस्या तथा जोखिम रहेको छ ।

### अवसरहरू

- भारत, बंगलादेश, चीन र भुटान गरी चार मुलुकको गेटवेको रूपमा अवस्थित रहेको तथा १० करोड भन्दा बढी जनसङ्ख्या भएको भारतको विहार प्रान्तसँग कोशी प्रदेशको सीमाना जोडिएकाले त्यसलाई कोशी प्रदेशको पर्यटन क्षेत्रले पर्याप्त लाभ लिनसक्ने ।
- पर्यटन विकासका लागि सरकार र निजी क्षेत्रबाट भइरहेका प्रयासका बिचमा सामञ्जस्यता ल्याई पर्यटन विकासका प्रयासको प्रभावकारिता विस्तार गर्न सकिने ।

- एक जिल्ला बहुगन्तव्य, एक गन्तव्य बहुआकर्षण, एक गाउँ एक लगानीको अवधारणा अघि बढाई पर्यटन गन्तव्य तथा सम्भावनाका बिचको अन्तरसम्बन्ध बढाई पर्यटक आगमन, बसाई र खर्च बढाउन सकिने ।
- उपलब्ध विशिष्ठ भौगोलिक अवस्था अनुकुल ट्रेकिङ, प्याराग्लाइडिङ, जीपलाइन, रक क्लाइम्बिङ, बञ्जी जम्पिङ, र्‍याफ्टिङ लगायतका साहासी खेल पर्यटनको विकास गर्न सकिने ।

### चुनौतीहरू

- खर्च गर्ने क्षमता भएका गुणस्तरीय पर्यटक आगमन बढाउने तथा उनीहरूलाई गर्ने व्यवहार र सत्कार, बसोबासको प्रबन्ध, सुरक्षा समन्वय जस्ता क्षेत्रमा रहेका समस्या हटाई बाह्य पर्यटकलाई आकर्षित गर्नु तथा बसाई दिन र खर्चको स्तरमा सुधार ल्याउनु ।
- सगरमाथा लगायत हिमाली क्षेत्रमा आरोहण तथा दृश्यावलोकनका लागि आउने पर्यटकको कोशी प्रदेशको अर्थतन्त्रमा सम्बन्ध नहुने अवस्था अन्त्य गरी अन्य पर्यटकीय गन्तव्यसम्म लैजानु र कोशी प्रदेशको पर्यटन गन्तव्यको लाभ कोशी प्रदेशले समेत पाउने अवस्था निर्माण गर्नु ।
- भारत हुँदै प्रदेशमा आउने विदेशी पर्यटकका लागि प्रवेशाज्ञा उपलब्ध गराउने निकाय प्रदेशमा नहुँदा पर्यटकको अतिरिक्त लागत र समय लाग्ने भएकाले पर्यटक निरुत्साहित हुने हुनाले बंगलादेश र भुटानबाट आउने पर्यटकलाई प्रवेशाज्ञा सहज बनाई बाह्य पर्यटक आवागमन बढाउनु ।
- सडक पूर्वाधार सुधार गरी प्रदेश राजधानी तथा मुख्य बजार र प्रमुख पर्यटकीय गन्तव्य तथा सम्बन्धित प्रमुख गन्तव्यबाट सहायक गन्तव्यसम्मको यातायात सञ्जाल विस्तार र सहज बनाउनु ।
- प्रदेशका जिल्लाहरूमा रहेका विमानस्थलको पूर्ण सञ्चालन गर्नु तथा तिनलाई पर्यटक आवतजावतमा उपयोग हुने माध्यमको रूपमा विकास गर्नु ।

# अध्याय ५

# आर्थिक वृद्धि क्लस्टरको अवधारणा र सम्भाव्यता

## ५.१. पृष्ठभूमि

नेपालका खास प्रकृतिका उद्योग वा आर्थिक गतिविधि निश्चित भौगोलिक क्षेत्रमा केन्द्रिकृत भई सो क्षेत्रले मुलुकको आय र रोजगारीमा महत्वपूर्ण हिस्सा ओगटेको उल्लेख्य उदाहरण छैन। छरिएर हुने कृषि उत्पादन तथा मुलतः बजार र सहरी क्षेत्र केन्द्रित व्यापार व्यवसाय र उद्योगको समग्र योगदानबाट नेपालको अर्थतन्त्र सञ्चालित छ। कोशी प्रदेशमा पनि नेपालको अर्थतन्त्रका सबैजसो विशेषता पाइन्छ।

कोशी प्रदेशमा पनि तराईका जिल्लाहरूले प्रादेशिक आय र रोजगारीमा तुलनात्मक रूपमा बढी योगदान गरिरहेको पाइन्छ। तरकारी, फलफूल, अलैंची, अदुवा, चिया आदि मध्ये र उच्च पहाडी भेगका कृषि उत्पादनले पनि प्रदेश अर्थतन्त्रमा महत्वपूर्ण योगदान गरिरहेको देखिन्छ। यद्यपि यी दुबै क्षेत्रलाई आर्थिक वृद्धि सम्भाव्य क्षेत्र वा क्लस्टरको रूपमा विकास गर्न भइरहेका पहलहरू पर्याप्त छैनन्। सरकारी तथा निजी क्षेत्रबाट यो क्षेत्रमा सहकार्य बढाउन जरुरी छ।

संघीय सरकारले विभिन्न तहबाट कार्यान्वयन गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत् निश्चित उत्पादन हुने क्षेत्रलाई आधार बनाएर जोन, ब्लक वा पकेट निर्धारण गरिएको भए पनि यो आर्थिक वृद्धिको बृहतर लक्ष्य केन्द्रित छैन। यसले उत्पादनमा आधारित सो क्षेत्रका कृषकलाई सरकारका तर्फबाट उपलब्ध गराइने सेवा व्यवस्थित र उत्पादन केन्द्रित बनाउने प्रयास भने गरेको छ।

सरकारी वा निजी क्षेत्रबाट ठूलो क्षेत्रलाई आय र रोजगारीको केन्द्रका रूपमा विकास गर्ने अन्य उल्लेख्य प्रयास नेपाल र कोशी प्रदेशमा भएको पाइँदैन। अन्तर नगरपालिका सहकार्य प्रवर्द्धनका लागि काठमाडौं उपत्यका भित्रका नगर प्रमुखहरूको साझा मञ्च निर्माणको प्रयास भएको भएता पनि साझा आर्थिक हित प्रवर्द्धनको उद्देश्य केन्द्रित मञ्च होइन। राष्ट्रिय र प्रदेशस्तरमा नगरपालिका र गाउँपालिकाहरूको साझा संगठन निर्माण भएको भए पनि यो आर्थिक विकास वा आर्थिक वृद्धिमा केन्द्रित संगठनका रूपमा छैन, आर्थिक सम्भावनमा केन्द्रित पनि रहेको पाइन्न।

नेपालको सन्दर्भमा सिद्धार्थ राजमार्गसँग जोडिएका १५ वटा नगरपालिकाहरूले एक सञ्जाल निर्माण गरी त्यस भेगलाई सिद्धार्थ आर्थिक करिडोरका रूपमा विकासको केही प्रयास भने भएको पाइन्छ। यो मञ्चले विभिन्न चरणमा अन्तर नगरपालिका सम्बादमार्फत् कृषि, उद्योग, पर्यटन जस्ता क्षेत्रमा सहकार्यका सम्भावना पहिल्याउने प्रयास गरेको देखिन्छ। यद्यपि सिद्धार्थ आर्थिक करिडोर विकासको साझा प्रयासले मूर्तरूप पाइसकेको भने छैन।


अन्तर्राष्ट्रिय स्तरमा भने सरकार र निजी क्षेत्रबाट आर्थिक हित प्रवर्द्धनका लागि साझा प्रयास भएका विभिन्न उदाहरण पाइन्छन्। अमेरिकामा निश्चित भौगोलिक सीमाभित्रका वा एकअर्कासँग सीमाना जोडिएका स्थानीय सरकारहरूले स्वेच्छिक रूपमा काउन्सिल अफ गभर्नमेन्ट्स बनाएर साझा हित प्रवर्द्धनमा काम गर्ने गरेका छन्। निजी क्षेत्रबाट उत्पादन केन्द्रित क्षेत्रको विकास मार्फत् निश्चित क्षेत्रलाई आर्थिक वृद्धि र रोजगारीको केन्द्रको रूपमा विकास गरेका उदाहरण पनि पाइन्छन्। अमेरिकाको सिलिकन भ्याली, जापानको टोयटा सिटी आदि त्यसका केही उदाहरण हुन्। अमेरिकाको भर्जिनिया राज्यको सेनाण्डो (Shenandoah) भ्याली साझेदारीलाई उदाहरणका रूपमा लिन सकिन्छ।

भर्जिनिया राज्यले स्थानीय, क्षेत्रीय र प्रदेशस्तरमा निजी र सार्वजनिक क्षेत्रका बिच साझेदारी प्रवर्द्धन मार्फत् यस क्षेत्रमा नयाँ स्थापना हुने तथा सञ्चालनमा रहेका व्यवसायका लागि सहज व्यवसायिक वातावरण निर्माणका लागि सेनाण्डो भ्यालीको अवधारणा कार्यान्वयनमा ल्याएको हो । पर्यटन केन्द्रको रूपमा रहेको यसक्षेत्रमा यहाँका पहाड, प्राकृतिक सौन्दर्य, वन्यजन्तुका लागि परिचित छ । यस क्षेत्रमा शरद र बसन्त ऋतुमा पर्यटक सत्कारमा निकै व्यस्त रहन्छ । सेनाण्डो भ्यालीले स्थानीय उद्यमी व्यवसायी, ठूला व्यवसायिक घराना, सरकार र सम्बन्धित सरोकारवालालाई एक ठाउँमा ल्याएर यस क्षेत्रको आर्थिक विकासका लागि अनुकुल वातावरण निर्माणमा योगदान गर्छ । सेनाण्डो भ्यालीमा यस क्षेत्रका ७ स्थानीय सरकार (काउण्टी) र ५ शहरले कृषि व्यवसाय, सूचना प्रविधि, व्यावसायिक सेवा, उत्पादनमूलक उद्योग, यातायात र बन्दोबस्ती जस्ता क्षेत्रमा सहकार्य गर्छन् ।

अमेरिकाकै क्यालिफोर्निया राज्यमा रहेको नापा भ्यालीलाई आर्थिक वृद्धि क्लस्टर विकासका लागि उदाहरण मान्न सकिन्छ । यसक्षेत्र स्टेलर वाइन (मदिरा) उत्पादनका लागि प्रख्यात छ । नापा भ्याली वाइनको उत्पादन र बजारीकरणको सम्भावना पहिल्याएर क्षेत्रीय आर्थिक विकास हाँसिल गरेको क्षेत्र हो । नापा भ्याली निजी क्षेत्रको अग्रसरतामा सुरू भई सरकार लगायतका सरोकारवालाहरूले सामुहिक रूपमा प्रवर्द्धन र विकास गरेको क्षेत्र हो । यसक्षेत्रमा वाइन उत्पादन मात्र नभई वाइन र अन्य खानामा आधारित पर्यटन, विभिन्न मनोरञ्जनात्मक गतिविधि, मदिरा उत्पादन गृहहरूको अवलोकनका लागि आउने पर्यटन सेवाका लागि होटलहरूको विकास, कृषि उत्पादन विस्तार जस्ता माध्यमबाट समेत क्षेत्रीय आर्थिक विकासमा योगदान गरिरहेको छ । नापा भ्याली कलिस्टोगा, सेन्ट हेलेना, ओक्भिल र रुथरपोर्ड, युन्ट्भिल र नापा नगरको साझा क्लस्टर हो ।

कोशी प्रदेशको आर्थिक वृद्धिका सन्दर्भमा आर्थिक वृद्धि क्लस्टरलाई माथि प्रस्तुत उदाहरणमा जस्तैः समृद्ध आर्थिक क्षेत्रका रूपमा नभई भविष्यमा प्रदेशको आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्नसक्ने क्षेत्रको रूपमा विकास गर्नका लागि नयाँ सुरुवातका रूपमा मात्र लिन खोजिएको हो । सुरुवाती समयमा क्लस्टरलाई उत्पादन र रोजगारी सिर्जनामा एकभन्दा बढी स्थानीय सरकारहरू र ती सबै बस्तु स्थानीय तहका सम्बन्धित मुख्य आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवासँग सम्बन्धित सरोकारवाला रहेको एक मञ्चका रूपमा अघि बढाउन सकिन्छ ।

यो स्थानीय सरकारहरूको मञ्च भन्दा बृहत्तर अवधारणा हो । यसमा स्थानीय सरकार मात्र नभई, बस्तु तथा सेवाका उत्पादक लगायत प्रमुख सरोकारवालाहरूले क्लस्टरको साझा प्राथमिकता निर्धारणका साथै सरकार, निजी क्षेत्र, सहकारीका बिच सहकार्यका क्षेत्र पहिचान आ-आफ्नो भूमिका निर्वाह गर्ने अपेक्षा राखिएको छ । आर्थिक वृद्धि क्लस्टरहरू स्थानीय तहहरूको साझा प्रयासबाट क्षेत्रीय आर्थिक वृद्धि हाँसिल भई प्रदेश अर्थतन्त्र विस्तारमा समेत योगदान पुग्ने अपेक्षा राखिएको छ । यस अध्ययन प्रयोजनका लागि लिइएको आर्थिक वृद्धि क्लस्टरको अवधारणालाई तलको प्रवाह चित्रबाट संक्षेपीकरण गर्न सकिन्छ । जस अनुसार उत्पादन वा आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवामा आधारित रहेर एकभन्दा बढी स्थानीय तह मिलेर क्लस्टरको विकास गर्न सकिन्छ । क्लस्टरले आर्थिक वृद्धि लगायतका लक्ष्य तथा उद्देश्य हाँसिल गर्ने सन्दर्भमा संघ र प्रदेश सरकारसँग समन्वय गर्छन् भने संघ र प्रदेश सरकारले क्लस्टरका गतिविधिलाई आवश्यक सहजीकरण गर्छन् ।



कोशी प्रदेशका आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवाको उत्पादन क्षेत्रमा सम्बन्धित बस्तु तथा सेवाको उत्पादकत्व वृद्धि, बजारीकरण, मूल्य अभिवृद्धि श्रृङ्खला विकास जस्ता कार्यमा स्थानीय सरकार र निजी क्षेत्रको आपसी सम्बन्ध र सहकार्य प्रवर्द्धन गर्नका लागि आर्थिक वृद्धि क्लस्टर निर्माणको सम्भावनालाई यो अध्ययनले समेट्ने प्रयास गरेको छ। अध्ययनका क्रममा पहिचान भएका आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवा मध्येबाट निश्चित बस्तु तथा सेवामा आधारित रहेर केही क्लस्टर पहिचान गरिएका छन् । यसरी पहिचान गरिएका क्लस्टरहरू मध्ये केहीमा क्लस्टरको अवधारणा कार्यान्वयनको सम्भावनामा केन्द्रित रहेर सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया पनि गरिएको छ। केही सङ्ख्यामा भएका अन्तरक्रिया र विभिन्न क्षेत्रका विज्ञसँगको परामर्शलाई मात्र आधार बनाइनु आर्थिक वृद्धि क्लस्टरको अवधारणा परीक्षणका सीमितता हुन् ।

## ५.२. आर्थिक वृद्धि क्लस्टर पहिचान

कोशी प्रदेशका सम्भाव्य आर्थिक वृद्धि क्लस्टर पहिचानका लागि निम्न विधि अवलम्वन गरिएको थियो ।

क. प्रादेशिक अर्थतन्त्रमा सम्बन्धित बस्तु तथा सेवाको योगदान, मूल्य अभिवृद्धि दर, प्रदेश सरकारको नीतिगत प्राथमिकता, आयात र निर्यातको अवस्था, आर्थिक क्रियाकलाप र रोजगारी जस्ता सूचकका आधारमा आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवा पहिचान,

ख. पहिचान गरिएका बस्तु तथा सेवाको मूल्याङ्कनका आधारमा कृषि बाली, पशुपालन, उत्पादनमूलक उद्योग र सेवा क्षेत्रबाट १/१ गरी तुलनात्मक लाभका ४ वटा बस्तु तथा सेवा छनोट,

ग. छनोट भएका बस्तु तथा सेवा उत्पादन वा प्रवाहका सम्भाव्य जिल्ला र स्थानीय तह सूचीकरण र

घ. सूचीकृत स्थानीय तहको समूह मध्येबाट सम्भाव्य आर्थिक वृद्धि क्लस्टर प्रस्ताव

आर्थिक वृद्धि सम्भाव्य १८ वटा बस्तु तथा सेवा मध्येबाट विभिन्न सूचकका आधारमा मूल्याङ्कन गर्दा निम्नानुसारको प्राथमिकता क्रम हुन सक्ने देखिएको थियो ।

**तालिकाः आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवाका प्राथमिकता क्रम**

| आर्थिक क्रियाकलाप | बस्तु तथा सेवा | प्राथमिकता क्रम |
|---|---|---|
| कृषिबाली | अलैंची | १ |
| | धान | २ |
| | आलु | ३ |
| | मकै | ४ |
| | अदुवा | ५ |
| | गहुँ | ६ |
| | तरकारी | ७ |
| | तोरी | ८ |
| | सुन्तला र अमिलो जातका फलफूल | ९ |
| | केरा | १० |
| | कोदो | ११ |
| पशुपालन | डेरी (दुग्ध पदार्थ) | १ |
| | मासु (बाख्रापालन) | २ |
| | बंगुरको मासु | ३ |

| आर्थिक क्रियाकलाप | बस्तु तथा सेवा | प्राथमिकता क्रम |
|---|---|---|
| उत्पादनमूलक उद्योग | खाद्य प्रशोधन उद्योग | १ |
| | टेक्सटाइल उद्योग | २ |
| सेवा | पर्यटन | १ |
| | कृषि उपजको व्यापार | २ |

आर्थिक वृद्धिका सम्भाव्य क्लस्टर पहिचानको पहिलो चरणमा विभिन्न बस्तु तथा सेवा उत्पादन हुने प्रमुख जिल्लाहरूको सूची तयार गरिएको थियो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिकाः पहिलो चरणमा विभिन्न बस्तु तथा सेवा उत्पादन हुने प्रमुख जिल्लाहरूको सूची**

| क्षेत्र | उत्पादन | जिल्ला |
|---|---|---|
| कृषि | धान | मोरङ, झापा, सुनसरी |
| | मकै | मोरङ, सुनसरी, झापा, इलाम, तेह्रथुम, उदयपुर, ओखलढुंगा, |
| | गहुँ | मोरङ, सुनसरी, झापा |
| | दूध, बफ, मासु | सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा, भोजपुर, खोटाङ |
| | तरकारी (बन्दा, गोलभेंडा, काउली) | धनकुटा, मोरङ, झापा, तेह्रथुम, सुनसरी, इलाम, उदयपुर, पाँचथर, खोटाङ, |
| | आलु | सुनसरी, मोरङ, इलाम, धनकुटा, झापा, पाँचथर, तेह्रथुम, ताप्लेजुङ |
| | अदुवा | इलाम, धनकुटा, संखुवासभा |
| | अलैंची | ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा |
| | फलफुल (सुन्तला, अमिलो जात र केरा) | भोजपुर, उदयपुर, तेह्रथुम, सोलुखुम्बु, झापा, धनकुटा, सुनसरी, मोरङ, पाँचथर, ताप्लेजुङ |
| उद्योग | खाद्य प्रशोधन उद्योग | मोरङ, झापा, सुनसरी, उदयपुर, इलाम |
| | कपडा उद्योग | मोरङ, झापा, सुनसरी |
| सेवा | कृषि सामग्रीको थोक तथा खुद्रा व्यापार | झापा, मोरङ, सुनसरी |
| | पर्यटन | १४ वटै जिल्ला |

क्लस्टर निर्माण गर्दा सम्बन्धित क्षेत्रको सम्भाव्य बस्तु तथा सेवालाई मुख्य आधार बनाउनु उपयुक्त हुन्छ । कोशी प्रदेशमा विभिन्न कृषि बाली, उद्योग र सेवा क्षेत्रमा आधारित रहेर आर्थिक वृद्धि क्लस्टरहरूको विकास गर्न सकिन्छ । कृषि क्षेत्रका सन्दर्भमा उत्पादन र उत्पादन सम्भाव्यतालाई ध्यानमा राखेर आर्थिक वृद्धिमा बढी योगदान गर्नसक्ने धान, मकै, तरकारी, आलु, अदुवा लगायतका क्लस्टर विकास गर्न सकिने सम्भावना छ । उद्योगतर्फ कृषि उपजको प्रशोधन सम्भाव्य क्षेत्रलाई प्राथमिकतामा राख्न सकिन्छ ।

यस अध्ययन प्रयोजनका लागि उल्लिखित बस्तु तथा सेवा उत्पादन भइरहेका जिल्ला मध्येबाट आर्थिक वृद्धि क्लस्टर पहिचानका लागि उल्लिखित प्राथमिकता क्रमअनुसार कृषि बालीतर्फ कोशी प्रदेशको उच्चतम प्राथमिकतामा अलैंची, पशुपालनतर्फ डेरी, उत्पादनमूलक उद्योगतर्फ खाद्य प्रशोधन उद्योग र सेवातर्फ पर्यटनका सम्भाव्य क्लस्टर पहिचान गरिएको छ ।

अलैंची सबैभन्दा बढी उत्पादन हुने चार जिल्लाका स्थानीय तहहरूको निम्नानुसार समूह वा सम्भाव्य क्लस्टरको सूची तयार पारिएको छ । संघीय कृषि मन्त्रालयले प्रकाशन गर्ने कृषि तथ्याङ्क र सम्बन्धित जिल्लाका सरोकारवालाहरूसँगको छलफलका आधारमा अलैंचीका सम्भाव्य क्लस्टर निम्नानुसार हुनसक्ने देखिएको छ ।

## तालिकाः अलैंचीका सम्भाव्य क्लस्टर

| जिल्ला | आर्थिक वृद्धि क्लस्टरमा रहन सक्ने स्थानीय तहहरू |
|---|---|
| ताप्लेजुङ | फक्ताङलुङ गाउँपालिका, मैवाखोला गाउँपालिका, मिक्वाखोला गाउँपालिका, सिरीजङ्घा गाउँपालिका, मेरिङदेन गाउँपालिका, फुङलिङ नगरपालिका |
| पाँचथर | फलेलुङ गाउँपालिका, फिदिम नगरपालिका, याङ्वाराक गाउँपालिका, हिलिहाङ गाउँपालिका |
| इलाम | सन्दकपुर गाउँपालिका, देउमाई नगरपालिका, माइजोगमाई गाउँपालिका, सूर्योदय नगरपालिका |
| संखुवासभा | भोटखोला गाउँपालिका, सभापोखरी गाउँपालिका, मकालु गाउँपालिका, सिलिचोङ गाउँपालिका, चिचिला गाउँपालिका |

अलैंची मुख्य उत्पादन रहने सम्भाव्य आर्थिक वृद्धि क्लस्टर तलको नक्सामा देखाइएको छ ।




पशुपालनतर्फ पहिचान भएका तीन वटा उत्पादनमध्ये प्राथमिकता क्रममा पहिलो नम्बरमा दुग्ध पदार्थ (डेरी) क्लस्टर पाहिचानका लागि दुग्ध उत्पादन अन्तर्गत गाई र भैंसीको दूध उत्पादन सबैभन्दा बढी हुने कोशी प्रदेश का जिल्लाका सम्बन्धित सरोकारवालाहरूसँगको छलफलका आधारमा एक आपसमा सीमा जोडिएका स्थानीय तह रहने निम्नानुसारको आर्थिक वृद्धि क्लस्टर निर्माण गर्न सक्ने देखिएको छ ।

## तालिकाः आर्थिक वृद्धि क्लस्टर निर्माण

| जिल्ला | आर्थिक वृद्धि क्लस्टरमा रहन सक्ने स्थानीय तहहरू |
|---|---|
| मोरङ | बेलबारी नगरपालिका, सुन्दरहरैचा नगरपालिका, उर्लाबारी नगरपालिका, ग्रामथान गाउँपालिका, केराबारी गाउँपालिका, रंगेली नगरपालिका, सुनबर्सी नगरपालिका |
| सुनसरी | बराह क्षेत्र नगरपालिका, इटहरी उपमहानगरपालिका, दुहवी नगरपालिका, धरान उपमहानगरपालिका इनरुवा नगरपालिका, देवानगञ्ज गाउँपालिका, कोशी गाउँपालिका |
| झापा | मेचीनगर नगरपालिका, अर्जुनधारा नगरपालिका, बुद्ध शान्ति गाउँपालिका |
| इलाम | सूर्योदय नगरपालिका, रोङ गाउँपालिका |

सम्भाव्य डेरी क्लस्टरहरूलाई तलको नक्सामा देखाइएको छ ।




उत्पादनमूलक उद्योगमा पहिचान भएका प्रमुख दुई आर्थिक गतिविधि मध्ये खाद्य प्रशोधन उद्योग प्राथमिकता क्रममा पहिलो नम्बरमा रहेको छ । तत्कालीन राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको आर्थिक गणना २०७६ अनुसार उत्पादनमूलक उद्योगको सङ्ख्याका आधारमा सम्बन्धित क्षेत्रका सरोकारवालाहरूसँगको छलफलबाट मेची र कोशी करिडोरमा रहेका स्थानीय तहहरू मध्येबाट निम्नानुसार आर्थिक वृद्धि क्लस्टर बनाउन सकिने देखिएको छ ।

**तालिकाः आर्थिक वृद्धि क्लस्टर**

| जिल्ला | आर्थिक वृद्धि क्लस्टरमा रहन सक्ने स्थानीय तहहरू |
|---|---|
| मोरङ-सुनसरी | विराटनगर महानगरपालिका, बुढीगङ्गा गाउँपालिका, कटहरी गाउँपालिका, दुहवी नगरपालिका, इटहरी उपमहानगरपालिका |
| झापा | बिर्तामोड नगरपालिका, भद्रपूर नगरपालिका |

खाद्य प्रशोधन उद्योग क्लस्टरहरूलाई तलको नक्सामा प्रस्तुत गरिएको छ ।




सेवा क्षेत्रमा कृषि उपजको व्यापार र पर्यटन मध्ये पर्यटन क्षेत्र बढी प्राथमिकताको क्षेत्र देखिएको छ। पर्यटन क्षेत्रबाट आर्थिक वृद्धिमा योगदान बढाउनका लागि विकास हुन सक्ने आर्थिक वृद्धि क्लस्टर र सो क्षेत्रमा रहन सक्ने स्थानीय तहहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका: आर्थिक वृद्धि क्लस्टर र सो क्षेत्रमा रहन सक्ने स्थानीय तहहरू**

| आर्थिक वृद्धि क्लस्टर | क्लस्टरमा रहन सक्ने स्थानीय तहहरू |
|---|---|
| तिनजुरे, मिल्के, जलजले (टिएम्जे) | मेन्छयायेम गाउँपालिका, लालिगुराँस नगरपालिका, मैवाखोला गाउँपालिका, धर्मदेवी नगरपालिका, मादी नगरपालिका, चैनपुर नगरपालिका |
| कोशी टप्पु-बराह क्षेत्र | कोशी गाउँपालिका, बराह क्षेत्र नगरपालिका |
| धरान-भेडेटार | धरान उपमहानगरपालिका, साँगुरीगढी गाउँपालिका |
| इलाम | इलाम नगरपालिका, रोङ गाउँपालिका, सूर्योदय नगरपालिका |

सम्भाव्य पर्यटन क्लस्टरलाई तलको नक्सामा प्रस्तुत गरिएको छ ।




## ५.३. आर्थिक वृद्धि क्लस्टरको विकास

कोशी प्रदेशको आर्थिक वृद्धिमा तुलनात्मक रूपमा ज्यादा योगदान गर्नसक्ने बस्तु तथा सेवालाई आधार बनाएर आर्थिक वृद्धि क्लस्टर प्रस्ताव गरिएको हो । खास बस्तु तथा सेवामा नै केन्द्रित हुने गरी सम्बन्धित क्षेत्रका सबै सरोकारवालाहरूको सामुहिक प्रयास र सहकार्य प्रवर्द्धन गर्नसक्ने सम्भावनायुक्त क्षेत्रलाई क्लस्टरको स्वरूप दिनु उपयुक्त हुने अवधारणामा आधारित रहेर अध्ययनका क्रममा इलामको सुर्योदय र रोङ नगरपालिकाका सरोकारवालाहरू र मोरङका बुढीगङ्गा र कटहरी लगायत क्षेत्रका सरोकारवालाहरू एवं विज्ञ समूहसँगको अन्तरक्रिया गरिएको थियो ।

सरोकारवाला अन्तरक्रियाका क्रममा सम्बन्धित क्षेत्रमा आय र रोजगारी सिर्जनामा नेतृत्वदायी भूमिका खेल्नसक्ने उत्पादन र तुलनात्मक लाभका अन्य बस्तु तथा सेवालाई पनि क्लस्टरस्तरको उत्पादनमा समेट्नु उपयुक्त हुने सुझाव प्राप्त भयो । सो क्रममा आर्थिक वृद्धिमा योगदान गर्नका लागि आर्थिक वृद्धि क्लस्टरका स्थानीय सरकारहरू, उत्पादक, व्यवसायी, उद्योगी, वित्तीय मध्यस्थकर्ताहरूका बिचमा सहकार्यका क्लस्टरलाई आर्थिक वृद्धि केन्द्रको रूपमा विकास गर्न सकिने हुनाले आर्थिक वृद्धि क्लस्टरलाई यसको पहिलो चरणका रूपमा लिन सकिने पनि सो क्रममा औंल्याइएको थियो ।

अध्ययनका लागि लिइएका अलैंची, डेरी, खाद्य प्रशोधन र पर्यटनका सम्भाव्य आर्थिक वृद्धि क्लस्टरहरूलाई सम्बन्धित क्षेत्रको वर्तमान प्राथमिकता, रोजगारी र समावेशिता, भौगोलिक, वातावरणीय र प्रशासनिक सहजता, सम्बन्धित क्षेत्रको पहुँच योग्यता जस्ता सूचकका आधारमा मूल्याङ्कन गर्दा निम्नानुसार प्राथमिकता क्रम हुन सक्ने देखिएको थियो ।

### तालिकाः क्षेत्रको पहुँच योग्यता जस्ता सूचकका आधारमा प्राथमिकता क्रम

| प्राथमिकता क्रम | सम्भाव्य आर्थिक वृद्धि क्लस्टर | | | |
|---|---|---|---|---|
| | अलैंची | डेरी | खाद्य प्रशोधन | पर्यटन |
| १. | ताप्लेजुङ | सुनसरी | मोरङ-सुनसरी | धरान-भेडेटार |
| २. | इलाम | मोरङ | झापा | इलाम |
| ३. | पाँचथर | झापा | | कोशी टप्पु-बराह क्षेत्र |
| ४. | संखुवासभा | इलाम | | एभरेष्ट-खुम्बु |
| ५. | - | - | - | टिएम्जे |
| ६. | - | - | - | क्न्चनजंघा-पाथीभरा |

प्राथमिकता क्रम निर्धारण गर्नुको उद्देश्य अध्ययनको सीमिततका बिच चारवटै उत्पादन अन्तर्गत कम्तीमा एउटा क्षेत्रमा क्लस्टरको अवधारणा अघि बढाउने सम्भावनाका सन्दर्भमा सम्बन्धित क्षेत्रका सरोकारवालाहरूका बिच थप अन्तरक्रिया गर्नु पनि रहेको थियो ।

यद्यपि यसरी मूल्याङ्कनका आधारमा बढी सम्भाव्य देखिएका २ वटा र सहजताका आधारमा २ वटा गरी निम्न क्लस्टरका स्थानीय सरकारका प्रतिनिधि तथा अन्य सरोकारवालासँग सहजीकृत अन्तरक्रिया आयोजना गरिएको थियो । क्लस्टरस्तरीय अन्तरक्रियाको थप विवरण यसप्रकार छ ।

### तालिकाः क्लस्टरस्तरीय अन्तरक्रियाको थप विवरण

| क्लस्टर | सहभागी स्थानीय तह | सहभागी सङ्ख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| खाद्य प्रशोधन उद्योग (विराटनगर-सुनसरी) | विराटनगर महानगरपालिका, कटहरी गाउँपालिका, दुहवी नगरपालिका, इटहरी उपमहानगरपालिका | १० | ३२ | ४२ |
| डेरी (झापा) | अर्जुनधारा नगरपालिका, मेचीनगर नगरपालिका, बुद्ध शान्ति गाउँपालिका | ५ | १९ | २४ |
| पर्यटन (टिएम्जे र आसपासका क्षेत्र) | मेन्छ्यायम गाउँपालिका, लालिगुराँस नगरपालिका, मैवाखोला गाउँपालिका, धर्मदेवी नगरपालिका, मादी नगरपालिका, चैनपुर नगरपालिका, मिक्वाखोला गाउँपालिका, सभापोखरी गाउँपालिका, पाँचखपन नगरपालिका, म्याङ्लुङ नगरपालिका, महालक्ष्मी नगरपालिका | ५ | ५९ | ६४ |
| अलैंची (ताप्लेजुङ) | फक्ताङ्लुङ गाउँपालिका, मैवाखोला गाउँपालिका, मिक्वाखोला गाउँपालिका, सिरीजङ्घा गाउँपालिका, मेरिङदेन गाउँपालिका, फुङलिङ नगरपालिका | २ | ४७ | ४९ |
| **जम्मा** | | **२२** | **१५७** | **१७९** |

अन्तरक्रिया कार्यक्रममा क्लस्टर क्षेत्रका नगरपालिका र गाउँपालिकाका प्रमुख तथा अध्यक्ष वा (र) उपप्रमुख वा उपाध्यक्ष, अन्य जनप्रतिनिधि, सम्बन्धित शाखा वा इकाईका तथा सम्बन्धित निकायका प्रतिनिधि तथा निजी क्षेत्रबाट उत्पादक, उद्यमी, व्यवसायी लगायतको सहभागिता रहेको थियो । क्लस्टर अवधारणाको कार्यान्वयनको सम्भावना र उपयुक्त कार्यान्वयन विधिबारे साझा धारणा विकास गर्ने तथा क्लस्टर भित्रका सहकार्यका क्षेत्र पहिचानमा केन्द्रित रहेर सहभागीहरूको धारणा प्रस्तुत भएको थियो ।

आर्थिक वृद्धि क्लस्टरको विकासका सन्दर्भमा अन्तरक्रिया कार्यक्रमका क्रममा उल्लिखित विषयमा केन्द्रित रहेर सहभागीहरूबाट प्रस्तुत धारणालाई क्लस्टर अनुसार क्रमशः प्रस्तुत गरिएको छ ।

### ५.३.१. उत्पादनमूलक उद्योग क्लस्टर (मोरङ-सुनसरी)

- आर्थिक वृद्धि क्लस्टरको विकास र सफल कार्यान्वयनका लागि सम्बन्धित क्षेत्रका स्थानीय तहका बिच निरन्तर सम्बाद मार्फत् सहकार्यका क्षेत्र र विधिबारे स्पष्टता ल्याउनु आवश्यक छ ।
- मुलुकले उदार अर्थतन्त्र अवलम्वन गरेको र आर्थिक वृद्धिमा सरकार भन्दा निजी क्षेत्रको बढी भूमिका भएको हुनाले क्लस्टरको विकास गर्दै आर्थिक वृद्धि केन्द्रको तहसम्म पुऱ्याउनमा निजी क्षेत्रको मुख्य भूमिका हुनुपर्छ भने स्थानीय सरकारले निजी क्षेत्रका लागि नीतिगत सहायता र सहजीकरणको जिम्मेवारी निर्वाह गर्नु उपयुक्त हुन्छ ।
- कृषि, उद्योग र सेवा क्षेत्रका बिच अन्तर सम्बन्ध स्थापना हुने गरी क्लस्टरभित्रका स्थानीय तहहरूले आपसी सहकार्य विस्तार गर्न सकेमा क्षेत्रीय आर्थिक वृद्धि प्रवर्द्धन गर्न सहज हुन्छ । उदाहरणका लागि क्लस्टरभित्र कुनै स्थानीय तहले प्रशोधन उद्योगलाई प्राथिकता दिने र अर्को स्थानीय तहले औद्योगिक कच्चा पदार्थ उत्पादन गर्ने हो भने परस्पर लाभ हाँसिल हुनसक्छ ।
- आर्थिक वृद्धि क्लस्टरले यस क्लस्टरको पहिचान दिने उत्पादनलाई नेतृत्वदायी उत्पादनका रूपमा लिनु उपयुक्त हुन्छ । स्थानीय परिवेश अनुसार एउटा मात्र उत्पादनमा केन्द्रित हुनसक्ने अवस्था स्थानीय सरकारहरूको नभएको हुनाले नेतृत्वदायी उत्पादनलाई सबैले प्रमुख प्राथमिकतामा राखेर तथा आय र रोजगारीमा योगदान गर्नसक्ने आधारमा अन्य उत्पादनलाई पनि उचित ध्यान दिनु आवश्यक छ ।
- पर्यटन क्षेत्रमा लगानी गर्न आउने निजी लगानीकर्ताको लगानी सुरक्षाको प्रत्याभूति दिने दायित्व स्थानीय सरकारको हुनुपर्छ भने जोखिम लिने उद्यमशील सोच निजी क्षेत्रमा पनि हुनुपर्छ । यो आर्थिक वृद्धि क्लस्टर अवधारणाको सफल कार्यान्वयनको शर्त हो ।
- उत्पादनमूलक उद्योगको विकासमा केन्द्रित भइरहँदा क्लस्टरको प्राथमिकतामा लघु, साना तथा घरेलु उद्योगको प्रवर्द्धन र विकास, महिला उद्यमीहरूका उत्पादनको प्रवर्द्धन, व्यवस्थित श्रम सम्बन्ध र समावेशी प्रतिनिधित्व, कच्चा पदार्थ प्राप्ति तथा औद्योगिक उत्पादनको बजारीकरण, उद्योगका कारण वातावरणमा पर्नसक्ने सकारात्मक प्रभावको न्यूनिकरण, स्थानीयलाई रोजगारीका अवसर उपलब्ध गराउन उद्योगीहरूको तत्परता तथा उद्योगका लागि चाहिने जनशक्ति विकासमा सरकारको लगानी जस्ता विषयलाई अन्तर स्थानीय तह र निजी क्षेत्रका बिचको सहकार्यका क्षेत्र अन्तर्गत समेटिनु पर्छ ।

### ५.३.२. डेरी क्लस्टर (झापा)

- आर्थिक वृद्धि क्लस्टर आफैमा एक सकारात्मक दृष्टिकोण हो । यसको कार्यान्वनका लागि सबै पक्षका बिचमा निरन्तर सम्बाद मार्फत् सहकार्यको विधि र प्रक्रिया निर्धारित र व्यवस्थित गर्नुपर्छ ।
- क्लस्टरमा रहेका स्थानीय तह सबैको प्राथमिकतामा दुग्ध उत्पादन रहनु, दुग्ध उत्पादन हुने क्षेत्र भौगोलिक रूपमा पनि अन्तर आवद्ध हुनु, निजी र सहकारी क्षेत्रबाट दुग्ध सङ्कलन र वितरण पनि पर्याप्त रूपमा हुनु जस्ता कारणले यो क्षेत्रलाई डेरीमा आधारित आर्थिक वृद्धि क्लस्टरको रूपमा विकास गर्न सहज छ । यद्यपि क्लस्टरको रूपमा विकास गर्ने चरणमा बाह्य सहयोग र सहजीकरण हुनु उपयुक्त हुन्छ ।
- यो क्षेत्र सुपारी जोनमा पनि समेटिएको हुनाले दूधलाई नेतृत्वदायी उत्पादन र सुपारीलाई सहायक उत्पादन बनाएर क्लस्टर अवधारणालाई कार्यान्वयनमा लैजानु उपयुक्त हुन्छ ।
- यस क्षेत्रका स्थानीय तहले सहकारी तथा कृषिका कार्यक्रम मार्फत् डेरी उद्योग प्रवर्द्धनमा काम गरी रहेको सन्दर्भमा क्लस्टर अवधारणाले एक अर्को स्थानीय तहको कार्यक्रमका बिचमा सामञ्जस्यता ल्याउने र त्यसमा दुग्ध उत्पादक किसान, सहकारी र निजी क्षेत्रको समेत अपनत्व बढाउन सहयोग पुग्न सक्छ ।

- स्थानीय तहका कार्यक्रमको पारदर्शीता र प्रभावकारीता सम्वन्धमा रहेका आशंका हटाउन तथा प्रभावकारिता बढाउन, सरकारी कार्यक्रमका कारण दुग्ध उत्पादन र उत्पादकत्व प्रवर्द्धनमा परेको प्रभावको समयवद्ध लेखाजोखा गर्न, दूध र दुग्धजन्य पदार्थको गुणस्तर अभिवृद्धि, बजार विस्तार र नयाँ बजार सिर्जना गर्न, नश्ल सुधार कार्यक्रममा रहेका समस्या हटाउन, पशु बिमामा सहभागिता विस्तार गर्न, प्राविधिक सहायतालाई एकीकृत गरी विशेषज्ञ सेवाको उपलब्धता र पहुँच विस्तार गर्न र दुग्ध उत्पादन मार्फत् क्षेत्रीय आय र रोजगारी बढाउने अन्य सवालमा काम गर्न समेत क्लस्टर अवधारणा सहयोगी हुन सक्छ ।

### ५.३.३. पर्यटन क्लस्टर (तिजुरे, मिल्के, जलजले)

- तिनजुरे मिल्के जलजले पर्यटनको ठूलो सम्भावना बोकेको पर्यटकीय गन्तव्य भए पनि यस क्षेत्रमा पर्यटक आगमन बढाउनमा मूलतः पर्यटकीय पूर्वाधारको सीमितता रहेको छ । पूर्वाधार विकासमा अन्तर स्थानीय तह र निजी क्षेत्रको सहकार्य निर्माण र विस्तारका लागि क्लस्टर उपयुक्त माध्यम बन्न सक्छ ।

- लालीगुराँस क्षेत्र र प्राकृतिक पर्यटनसँगै लिम्बु जातिको संस्कृति र पहिचानलाई पर्यटनसँग जोड्न सकेमा पर्यटन यो क्षेत्रको नेतृत्वदायी आर्थिक क्रियाकलाप बन्न सक्छ । यद्यपि यस क्षेत्रका प्रमुख गन्तव्यलाई संरक्षित क्षेत्र बनाएर यहाँको प्राकृतिक स्रोतमाथि स्थानीय अधिकार खण्डित हुने गरी संघीयस्तरबाट प्रयास भएमा यहाँको अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्छ ।

- क्लस्टर अवधारणाको विकास भएमा एउटा स्थानीय तहमा रहेको पर्यटकीय गन्तव्यलाई अर्को स्थानीय तहको गन्तव्यसँग जोड्न र पर्यटकको आगमन र बसाई लम्ब्याउनमा महत्वपूर्ण योगदान पुग्न सक्छ ।

- स्थानीय तहमा सीमित पर्यटन प्रवर्द्धनका कार्यक्रमलाई क्लस्टरस्तरमा विस्तार गरी क्लस्टरस्तरीय पर्यटन प्याकेज निर्माण, त्यसको बजारीकरण र सहयोगी पूर्वाधार विकासमा स्थानीय सरकार र निजी क्षेत्र दुबैले मिलेर काम गर्नुपर्ने हुन्छ ।

- टिएमजे क्षेत्रको पर्यटन प्रवर्द्धनबाट यस क्षेत्रभित्रपर्ने मात्र नभई आसपासका स्थानीय तह समेत लाभान्वित हुनसक्ने हुनाले क्लस्टरमा थप स्थानीय तह पनि जोड्नु उपयुक्त हुन्छ ।

- मुन्दुमी पदमार्गको विकास यस क्षेत्रका स्थानीय तहहरूको साझा गौरबको पर्यटकीय पूर्वाधार बन्न सक्ने हुनाले क्लस्टर अवधारणाको कार्यान्वयनका क्रममा यो अन्तर स्थानीय तह साझेदारीको महत्वपूर्ण परियोजना बन्न सक्छ । सामुहिक पहलबाट यसलाई प्रादेशिक र संघीय कार्यक्रमको रूप दिन समेत यसले सहयोग गर्नसक्छ ।

- टिएमजे क्षेत्रलाई पर्यटन क्लस्टरको रूपमा विकासका क्रममा पर्यटन प्रवर्द्धन नीति सामञ्जस्यता ल्याउने, पूर्वाधार विकासमा साझेदारीको विधि निर्धारण गर्ने तथा पर्यटनबाट हुन सक्ने लाभमा साझेदारीका विषयमा पनि सबै पक्ष स्पष्ट गर्ने कार्यलाई क्लस्टर विकासको पूर्व तयारीका रूपमा लिनुपर्छ ।

### ५.३.४. अलैंची क्लस्टर (ताप्लेजुङ)

- अलैंचीको प्रस्तावित क्लस्टरमा रहेका स्थानीय तहमध्ये सबैजसो स्थानीय तहका जनताको जीविकोपार्जनको मुख्य स्रोत नै अलैंची खेती भएकाले अलैंची यस क्षेत्रका स्थानीय तहको मात्र नभई अधिकांश सरोकारवालाका लागि पनि पहिलो प्राथमिकता हो । अलैंची जोन अन्तर्गत समेत रहेको यस क्षेत्रलाई अलैंची क्लस्टरका रूपमा विकास गरी अन्तर स्थानीय तह सहकार्य बढाउन सकेमा अलैंचीले क्षेत्रीय आर्थिक वृद्धिमा थप योगदान गर्न सक्छ ।

- आर्थिक वृद्धि क्लस्टर आर्थिक विकासलाई केन्द्र बिन्दुमा राखिएको एक नवीन अवधारणा भएकाले यसको परीक्षण जरुरी छ । त्यसका लागि स्थानीय सरकारहरू, अलैंची उत्पादक किसान, अलैंची व्यवसायी तथा सम्बन्धित अन्य सरोकारवालाका बिचमा क्लस्टर विकासको मोडालिटी बारे थप सम्बाद गरी यसलाई मूर्तरूप दिनु उपयुक्त हुन्छ ।

- रोग किराको पहिचान र उपचारमा देखिएका समस्याका कारण अलैंची उत्पादनको दिगोपनमा रहेको चुनौती हटाउन, अलैंचीको व्यापारमा भारतमाथिको निर्भरता हटाई वैकल्पिक बजारको खोजी, आन्तरिक बजार विस्तार, प्रशोधन उद्योग मार्फत् मूल्य अभिवृद्धि जस्ता क्षेत्रमा सहकार्य बढाउन क्लस्टर महत्वपूर्ण हुन सक्छ ।
- क्लस्टरलाई नेतृत्वदायी उत्पादनका रूपमा लिएर पाथीभरा, कञ्चनजंघा क्षेत्र, विभिन्न झरना, बहिनी पाथीभरा, अलैंची उत्पादनमा विशिष्ठ पहिचान आदिका आधारमा पर्यटनलाई यस क्लस्टरको दोस्रो उत्पादनका रूपमा लिन सकिन्छ ।
- क्लस्टरलाई स्थानीय तहको अतिरिक्त आर्थिक भारका रूपमा नलिई आर्थिक विकासमा साझेदारीको अवसरको रूपमा लिनुपर्छ । यद्यपि निश्चित अवधिसम्म बाह्य सहजीकरण हुनु उपयुक्त हुन्छ ।
- प्रदेश सरकारले क्लस्टरका प्राथमिकतालाई आर्थिक सामाजिक विकासको प्राथमिकताका रूपमा लिने अवस्था भएमा क्लस्टर निर्माण गरी क्षेत्रीय आर्थिक वृद्धिमा स्थानीय तहहरूले पहल गर्न सक्छन् ।
- एउटा जिल्लाभित्र बन्ने क्लस्टरमा रहेका सरोकारवालाहरूका बिच समन्वय र सहकार्य बढाउने भूमिका हाल भूमिकाविहिन जस्तै रहेको जिल्लाा समन्वय समितिलाई दिनु उपयुक्त हुन्छ ।

## ५.४. प्रमुख ठम्याईहरू

आर्थिक वृद्धि सम्भाव्य क्लस्टर पहिचान गर्नु अघि इलामको सूर्योदय र मोरङको विराटनगरमा गरिएको अन्तरक्रिया र पहिचान भएका क्लस्टरमध्ये चार वटा क्लस्टरमा भएका अन्तरक्रियाका आधारमा आर्थिक वृद्धि क्लस्टरका सम्बन्धमा सरोकारवालाहरूका धारणालाई अध्ययनका ठम्याईका रूपमा तल प्रस्तुत गरिएको छ ।

- आर्थिक वृद्धि क्लस्टर निर्माण र विकासले क्षेत्रीय आर्थिक वृद्धिको सोच विकास भई प्रादेशिक आर्थिक वृद्धिमा समेत योगदान गर्न सक्छ । त्यसका लागि स्थानीय सरकारले समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्छ भने निजी क्षेत्रले आर्थिक वृद्धि सम्भाव्य क्षेत्रमा लगानीका लागि अग्रसरता देखाउनु पर्छ । लगानीको सुरक्षाको प्रत्याभूति सरकारले दिलाउनु पर्ने हुनाले एउटा स्थानीय तहले भन्दा क्लस्टरले त्यसका लागि बढी भूमिका खेल्न सक्छ ।
- आर्थिक वृद्धि क्लस्टरको उद्देश्यका सम्बन्धमा स्थानीय सरकारहरूका बिचमा प्रस्टता ल्याउनु र स्थानीय नीतिहरू मार्फत् अवधारणा कार्यान्वयनको वातावरण बनाउनमा सबै स्थानीय तहको समान भूमिका रहन्छ ।
- क्लस्टरले सबै पक्षका बिचमा अन्तरसम्बादको वातावरण निर्माण गर्ने भएकाले निजी क्षेत्र र सरकारका बिचमा रहेको दुरी कम गर्नमा आर्थिक वृद्धि क्लस्टरले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।
- क्लस्टरको विकासका आर्थिक लागत पनि हुने भएकाले लाभ र लागतको हिस्सेदारीका सम्बन्धमा सम्बन्धित सबै पक्ष स्पष्ट हुनुपर्छ ।
- क्लस्टरलाई क्षेत्रीय आर्थिक वृद्धि केन्द्रको रूपमा विकास गर्न सकेमा दिगो आर्थिक वृद्धि हाँसिल हुने सम्भावना छ । त्यसको प्रस्थान बिन्दु क्लस्टर अवधारणालाई मूर्तरूप दिनु हो ।
- क्लस्टर विकासका प्रारम्भिक चरणमा बाह्य सहजीकरणको आवश्यकता औंल्याइएकाले प्रदेशको कृषि, उद्योग र पर्यटन मन्त्रालयले यसका लागि सहजीकरण गर्नु उपयुक्त हुन्छ । जिल्लास्तरमा सीमित स्रोतका आधारमा पनि जिल्ला समन्वय समितिहरूले यसका लागि योगदान गर्न सक्छन् ।

अध्याय
६

# अध्ययनका प्रमुख निष्कर्ष तथा सुझावहरू

प्रस्तुत अध्ययनमा प्रादेशिक अर्थतन्त्रका विविध आयामहरूलाई अनुसन्धानका विभिन्न विधि र तथ्याङ्कहरूका आधारमा सुक्ष्म ढङ्गले केलाउने कोशिस गरिएको छ । प्रदेश अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेका तीन मुख्य क्षेत्रहरू प्राथमिक (कृषि तथा पशुपालन, वन, माछापालन लगायत), द्वितीयक क्षेत्र (उत्पादनमूलक उद्योग, निर्माण लगायत) र सेवा क्षेत्र (पर्यटन, कृषि उत्पादनको थोक तथा खुद्रा व्यापार लगायत) भित्र रहेका बढी योगदान गर्नसक्ने सम्भाव्य उपक्षेत्रहरू पहिचान भएका छन् । पछिल्लो तथ्याङ्क अनुसार सेवा क्षेत्रले प्रदेशको अर्थतन्त्रको करिब आधा हिस्सा (४९.१%) ओगटेको छ भने कृषि लगायतको प्राथमिक क्षेत्रले एक तिहाई हिस्सा (३३.५८%) ओगटेको छ, जबकि औद्योगिक क्षेत्रको योगदान १७.३२% रहेको देखिन्छ । यसरी हेर्दा राष्ट्रिय औसत भन्दा यो प्रदेशमा कृषि र औद्योगिक क्षेत्रको योगदान बढी रहेको देख्न सकिन्छ । सेवा क्षेत्रको योगदान भने राष्ट्रिय औसत भन्दा कम रहेको देखिन्छ ।

विभिन्न सूचकका आधारमा विश्लेषण गर्दा कोशी प्रदेशको सरकारले कृषिलाई उच्च प्राथमिकतामा राखेर उद्योगसँग जोड्नका लागि निजी क्षेत्रसँग भरपर्दो साझेदारी निर्माण गर्ने गरी मुख्य नीतिगत प्राथमिकता निर्धारण र कार्यान्वयन गर्नुपर्ने देखिएको छ । कृषि उत्पादनको प्रशोधनलाई उद्योग क्षेत्रको प्राथमिकता बनाउनु पर्ने तथा कृषि उत्पादनको थोक तथा खुद्रा व्यापारलाई सेवा क्षेत्रको प्राथमिकताका रूपमा अघि बढाउन सकेमा कोशी प्रदेशले तुलनात्मक लाभ हाँसिल गरी आय र रोजगारीको स्तरमा उल्लेख्य सुधार गर्न सक्ने देखिन्छ । कृषि क्षेत्रको व्यवसायीकरण मार्फत् श्रम बजारमा आउन नसकेका महिला जनसङ्ख्याको श्रम सहभागिता बढाउन, औपचारिक क्षेत्रको रोजगारी बढाउन तथा आय गरिबी न्यूनिकरण गर्न समेत कोशी प्रदेशले कृषि र अन्य क्षेत्रका बिचको भरपर्दो अन्तरसम्बन्ध निर्माण आवश्यक छ । त्यसबाहेक पर्यटन कोशी प्रदेशको आर्थिक वृद्धिको अर्को महत्वपूर्ण आधार बन्न सक्ने देखिन्छ ।

अध्ययनका आधारमा कृषिको व्यवसायीकरण, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा योगदान गर्नसक्ने प्रतिस्पर्धी उद्योगको विकास, पर्यटन पूर्वाधार र सेवाको विकास तथा विस्तारलाई प्रदेशको प्रमुख नीतिगत प्राथमिकतामा रहेको देखिन्छ । यद्यपि प्रदेशको बजेट निर्माण र कार्यान्वयनमा ती क्षेत्रले पर्याप्त प्राथमिकता पाउन नसकेको देखिन्छ । बजेटको आकार आवधिक योजनाले लक्ष्य गरेभन्दा सानो हुनु, प्रादेशिक बजेटको संघीय अनुदानमा उच्च निर्भरता हुनु, पुँजीगत खर्च अपेक्षित रूपमा हुन नसक्नु, उद्योग र पर्यटन क्षेत्रमा न्यून बजेट विनियोजन हुनु र विनियोतित रकमको ठूलो हिस्सा खर्च नहुँदा आर्थिक वृद्धिमा सार्वजनिक क्षेत्रको प्रत्यक्ष योगदान अपेक्षित रूपमा हुन सकिरहेको देखिँदैन ।

कृषि क्षेत्रका आर्थिक इकाईको सङ्ख्या न्यून हुनुले कृषिमा व्यवसायीकरणको अवस्था सीमित रहेको देखाउँछ । श्रम बजारमा महिलाहरू नआउँदा ऐच्छिक बेरोजगारी धेरै हुँदा बेरोजगारी दर कम देखिए पनि तिनले अर्थतन्त्रमा योगदान गर्ने अवसरको उपयोग नहुँदा अर्थतन्त्रको विस्तार सीमित भएको देखिन्छ । अनौपचारिक रोजगारीको अवस्था उच्च हुनु तथा औसत पारिश्रमिक न्यून हुनुले कृषि र गैरकृषि क्षेत्र दुबैले आकर्षक रोजगारी सिर्जना गर्न नसकेको देखिन्छ । यसले वैकल्पिक रोजगारीका लागि युवा बाहिर जाने र स्थानीय अर्थतन्त्र विस्तारमा चुनौती पैदा भइरहने अवस्था देखिएको छ ।

अध्ययनले कुल गार्हस्थ्य उत्पादनमा योगदान, मूल्य अभिवृद्धि दर, आर्थिक गतिविधिको अवस्था, कृषि र उद्योगका बिचको सम्भाव्य अन्तरसम्बन्ध आयात र निर्यात व्यापार जस्ता सूचकका आधारमा मूल्याङ्कन गर्दा कृषितर्फ अन्नबाली, नगदेबाली, मसलाबाली, फलफूल र तरकारी तथा पशुपालन अन्तर्गतका आर्थिक वृद्धि सम्भाव्य बस्तु

उत्पादन र उत्पादकत्व वृद्धिलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने देखाएको छ। यो अध्ययनले कृषि तथा पशुपालन अन्तर्गतका १४ वटा उत्पादनहरू, उत्पादनशील उद्योग क्षेत्र अन्तर्गत २ वटा उत्पादनहरू र सेवा क्षेत्र अन्तर्गत २ वटा उत्पादनहरू गरेर निम्न १८ वटा उत्पादनहरूलाई प्रदेशको गार्हस्थ्य उत्पादनमा उल्लेख्य योगदान पुऱ्याउन सक्ने उत्पादनका रूपमा पहिचान गरेको छ।

## ६.१. कृषितर्फका आर्थिक वृद्धि सम्भाव्य बस्तुहरू

| | |
|---|---|
| अन्नबाली | धान, मकै, गहुँ, कोदो |
| पशुपालन | दूध (गाई/भैंसीपालन), मासु (बाख्रा पालन), बंगुरको मासु (बंगुरपालन) |
| तरकारी | गोलभेंडा, बन्दा र काउली |
| नगदेबाली | आलु, तेलहन |
| मसला बाली | अलैंची, अदुवा |
| फलफूल | सुन्तला र अमिलो जात, केरा |

मौसम परिवर्तनका कारण कोशी प्रदेशमा गहुँ उत्पादकत्व कम हुदै गएको र गहुँ र कोदोको मूल्य अभिवृद्धि दर नकारात्मक हुँदै गएको भए पनि कोशी प्रदेश र स्थानीयस्तरमा गरिएका छलफल र औद्योगिक कच्चा पदार्थका रूपमा भइरहेको र हुनसक्ने सम्भाव्य प्रयोगलाई दृष्टिगत गरी आर्थिक वृद्धि सम्भाव्य बस्तुका रूपमा समावेश गर्न सकिने देखिन्छ। यद्यपि प्रदेश सरकारले प्रतिस्थापन बस्तुमा रहेको अवसर विश्लेषण गरी यी दुईवटा बस्तुलाई आर्थिक सम्भाव्य बस्तुको सूचीमा समावेश गर्ने सम्बन्धी निष्कर्षमा पुग्नु उपयुक्त हुने देखिन्छ।

उद्योग क्षेत्रमा उत्पादनमूलक उद्योग आर्थिक वृद्धि सम्भाव्य उद्योगका रूपमा देखिएको छ। यस अन्तर्गत कृषि बस्तुको प्रशोधन वा खाद्य बस्तुको प्रशोधन सबैभन्दा मुख्य प्राथमिकताका हुनुपर्ने देखिन्छ भने टेक्स्टाइल अर्को महत्वपूर्ण आर्थिक वृद्धि सम्भाव्य बस्तु हुनसक्ने देखिन्छ।

सेवा क्षेत्रमा थोक तथा खुद्रा व्यापार, यातायात र खाना तथा आवास सेवा आर्थिक वृद्धि सम्भाव्य उपक्षेत्रका रूपमा देखिएका छन्। थोक ता खुद्रा व्यापार अर्न्तगत कृषि उत्पादनको थोक तथा खुद्रा व्यापारले कोशी प्रदेशको आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्न सक्ने देखिएको छ भने यातायात एवं आवास र खाना सेवालाई पर्यटन अन्तर्गतका प्रमुख गतिविधिका रूपमा लिएर प्राथमिकीकरण गर्नुपर्ने देखिन्छ।

यसका अतिरिक्त प्रस्तुत अध्ययनले आर्थिक वृद्धि सम्भाव्य क्षेत्रको अवधारणालाई अगाडि सारेको छ। यो पहिचान भएका प्रमुख उत्पादनमा केन्द्रित भएर स्थानीय तहहरूले एकीकृत अवधारणा, योजना, रणनीति र कार्यक्रमहरू लागु गर्नु उपयुक्त हुन्छ भन्ने अवधारणा हो। जसअनुसार खाद्य प्रशोधन उद्योगका लागि कोशी औद्योगिक कोरिडोरमा रहेका विराटनगर महानगरपालिकासहितका ५ वटा पालिकाहरूको एउटा केन्द्र वा क्लस्टर बन्न सक्ने देखिएको छ। यस्तै झापाको बिर्तामोड नगरपालिका सहितका पालिकाहरूको अर्को क्लस्टर बन्न सक्छ।

दुग्ध उत्पादन (डेरी उद्योग) सँग सम्बन्धित रहेर झाँपाका मेचीनगर, बुद्ध शान्ति र अर्जुनधाराको एउटा क्लस्टर र इटहरी नगरपालिका र सुनसरी जिल्लाकै अन्य पालिकाहरू जोडेर अर्को क्लस्टर बन्न सक्ने अवस्था देखिएको छ। यसैगरी पर्यटनसँग सम्बन्धित रहेर 'तिनजुरे-मिल्के-जलजले' मा जोडिने लालीगुराँस नगरपालिका सहित ८ देखि १० वटा पालिकाहरूको एउटा क्लस्टर, धरान र धनकुटाको संगममा रहेको 'भेडेटार-नाम्जे' क्षेत्रलाई आधार मानेर अर्को क्लस्टर बन्ने अवस्था देखिएको छ। इलाम जिल्लाको 'कन्याम-अन्तु' क्षेत्रलाई आधार मानेर सूर्योदय न.पा., रोङ गाउँपालिका र इलाम न.पा.लाई जोडेर यस्तै क्लस्टर बनाउन सकिने आधारहरू यो अध्ययनले प्राप्त गरेको छ। पर्यटनसँग सम्बन्धित अन्य क्लस्टरहरूमा 'बराहक्षेत्र केन्द्र' र 'सगरमाथाको खुम्बु' क्षेत्र पनि हुन सक्ने अध्ययनको निष्कर्ष रहेको छ।

कृषि उत्पादन अन्तर्गत अलैंची उत्पादनका लागि ख्याति प्राप्त ताप्लेजुङ जिल्ला अन्तर्गतका फुङ्लिङ न.पा.लगायत आसपासका पालिकाहरूलाई जोडेर अर्को अलैंची उत्पादनको एउटा क्लस्टर निर्माण गर्न सकिने यस अध्ययनको निष्कर्ष हो।

विगतका वर्षहरूमा प्रदेशको गार्हस्थ्य उत्पादनमा रहेको वृद्धिदर, कुल कृषि उत्पादनमा भएको योगदान, खाद्य प्रशोधन उद्योगसँगको सम्बन्ध, विगतका वर्षहरूमा देखिएको निर्यात र आयातको अवस्था, प्रदेशको प्रथम आवधिक योजना र विगतका बजेटका प्राथमिकताहरू, निजी क्षेत्र, सहकारी क्षेत्र, सम्बन्धित विषयका विज्ञहरू लगायतका सरोकारवालाहरूबाट प्राप्त सूचनाबाट माथि उल्लेखित पहिचानको मुख्य आधार तयार गरिएको थियो । कोशी प्रदेश अत्यन्त सम्भावना बोकेको प्रदेश हो । कृषि, पर्यटन, उद्योग-व्यवसाय, अन्तर्राष्ट्रिय व्यापार लगायतका प्रत्येक क्षेत्रहरूमा यसको आफ्नै विशिष्ट पहिचान छ । त्यसमा पनि आर्थिक वृद्धिको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्र मुलुकको कायापलट गर्न सक्ने एउटा प्रमुख क्षेत्र हुनसक्ने वास्तविकतालाई विभिन्न तथ्याङ्कहरू र यो अध्ययनले प्रमाणित गरेको छ । त्यसमा पनि प्रदेशको प्रथम पञ्चवर्षीय आवधिक योजनाले पाँच वर्षभित्रमा कृषि क्षेत्रको वृद्धिदरलाई ५.६% पुऱ्याउने लक्ष्य लिएको थियो । यद्यपि यो उपलब्धी हाँसिल गर्न कृषि क्षेत्रलाई पछिल्ला प्रविधिहरूसहितको यान्त्रिकीकरणमार्फत् उत्पादन वृद्धि र बजारको सुनिश्चितता आवश्यक छ । विगतको अभ्यास हेर्ने हो भने सरकारका प्रयास र योजनाहरू त्यति धेरै प्रभावकारी हुनसकेका छैनन् ।

कृषि क्षेत्रको व्यापक रूपमा संरचनागत रूपान्तरण नगरेसम्म औद्योगिकीकरण र बजारीकरणको यात्रा अधुरो र अपूरो नै हुनजान्छ । निजी क्षेत्रको उल्लेखनीय सहभागिता विना कृषि क्षेत्रले व्यापक रूपान्तरणसहितको फड्को मार्न सक्ने अवस्था पनि देखिँदैन । प्रदेशको प्रथम आवधिक योजनाले पनि कृषि अन्तर्गतका विभिन्न क्षेत्र र उपक्षेत्रहरूमा निजी क्षेत्रबाट ठूलो मात्रामा लगानी सहितको सहकार्यको अपेक्षा गरेको थियो । जसअनुसार पाँच वर्षको अवधिमा कृषि तथा वन क्षेत्रमा गरिने कुल लगानी १७,८३७ करोडमध्ये निजी क्षेत्रबाट मात्रै ४५% लगानीको अपेक्षा गरिएको थियो । यसैगरी मत्स्यपालनमा गरिने कुल लगानी ३५२ करोड मध्ये निजी क्षेत्रबाट मात्रै ७०% को अपेक्षा थियो । यस्तो सहकार्यले प्रादेशिक गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको निर्भरतालाई कम गरी औद्योगिक क्षेत्रको योगदानलाई वृद्धि गर्दै लैजान सकिन्छ । तर हालसम्म निजी क्षेत्र कृषिको रूपान्तरणमा आक्रामक ढङ्गले आउन सकेको अवस्था छैन । प्रतिफलको सुनिश्चितता नभएसम्म निजी क्षेत्रबाट ठूलो लगानीको अपेक्षा गर्न पनि सकिन्न । अर्कातिर आवधिक योजनाले सार्वजनिक क्षेत्रबाट कृषि र गैर कृषि क्षेत्रका लागि प्रक्षेपण गरेको लगानीको तुलनामा दवै क्षेत्रमा प्रदेश सरकारको तर्फबाट भइरहेको वास्तविक लगानी निकै कम रहेको देखिन्छ । त्यसैले सरकारी खर्चले प्रादेशिक आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्न सक्ने देखिँदैन ।

मुलुकको आधुनिक औद्योगिकीकरणको इतिहास यसै प्रदेश अन्तर्गत विराटनगर जुट मिलको स्थापना (वि.सं. १९९४) बाट सुरू भएको हो । यो आँफैमा मुलुकको औद्योगिक यात्रामा आधुनिकीकरणतर्फको प्रस्थान बिन्दु थियो र क्रान्तिकारी कदम पनि थियो । यसअघि नै वि.सं. १९३५ मै स्थापित इलामको चिया प्रशोधन कारखाना पनि कृषिजन्य उद्योगको माइलस्टोन मानिनु पर्ने तर्क पनि छ । उपर्युक्त दुबै उद्योगहरू नगदे बालीमा आधारित उद्योगहरू हुन् । हाल यो प्रदेशको अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान १७.३२% रहेको भए पनि उत्पादनमूलक उद्योगको योगदान भने त्यसको करिब आधा मात्र रहेको छ । कृषिमा आधारित उद्योगको प्रचुर सम्भावना त छ, तर त्यसमा आधारित उद्योग स्थापनाले व्यापकता पाउन सकेको अवस्था देखिँदैन । यो अध्ययनबाट खाद्य प्रशोधन उद्योग र कपडा उद्योगको योगदान उल्लेखनीय देखिन्छ । खाद्य प्रशोधन उद्योगले समग्र कृषि क्षेत्रको रूपान्तरणमा पनि उल्लेख्य भूमिका निर्वाह गर्न सक्ने आँकलन गरिएको छ ।

यस प्रदेश अन्तर्गतका अधिकांश जिल्लाहरू खाद्यान्न उत्पादनमा आत्मनिर्भर र वचतको अवस्थामा देखिन्छन् । यसबाट आन्तरिक र बाह्य बजार दुबैको लागि ठूलो सम्भावना बोकेको देखिन्छ । तथापि पछिल्लो समयमा खाद्यान्न आयात वृद्धिको तथ्याङ्कले चुनौती थपिएको छ । नगदे र अन्य मसलाजन्य बालीहरू जस्तैः अलैंची, अदुवा, तरकारी, सुपारी, फलफूल लगायतको उत्पादनमा यस प्रदेशको प्रभावपूर्ण र उल्लेखनीय उपस्थितिसँगै छुट्टै पहिचान जनाई सकेको छ । यति हुँदा पनि हालसम्मका सरकारका योजनाहरू र सुधारका प्रयासहरू कृषि क्षेत्रको व्यापक रूपान्तरणमा खासगरी उत्पादन वृद्धि, त्यसको बजारीकरण र निर्यात प्रवर्द्धनमा प्रभावकारी बन्न सकेका छैनन् । यसबाट सरकारको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको प्रष्ट हुन्छ । हालसम्म पनि परम्परागत शैली र प्रविधिमै कृषि क्षेत्र रुमल्लिरहेको अवस्था छ । निजी र सहकारी क्षेत्रको सक्रिय एवम् उल्लेख्य र प्रभावपूर्ण उपस्थिति तथा सहभागिता विना समग्र अर्थतन्त्रको संरचनागत रूपान्तरणको सम्भावना पनि देखिँदैन । यो भनेको कृषि क्षेत्रको निर्भरतालाई घटाउँदै गैरकृषि क्षेत्रको योगदान बढाउँदै लैजाने हो । यसो गर्न पनि कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै यसको उत्पादकत्व वृद्धि गर्न आवश्यक देखिन्छ ।

यो अध्ययनका आधारमा कृषि तथा पशुपालन क्षेत्रमा देखिएका प्रमुख समस्याहरूलाई तपशिल बमोजिमका बुँदाहरूमा प्रस्तुत गरिएको छ ।

- पहाडबाट तराई-मधेस बसाइँसराइ गर्ने प्रवृत्तिका कारण पहाडमा कृषि पेशाको संरक्षण र उत्पादनको दिगोपन प्रमुख चुनौतीका रूपमा रहेको छ ।
- उत्पादनको बजारीकरण र मूल्य अभिवृद्धिमा रहेका समस्याले कृषि क्षेत्र आकर्षक क्षेत्रको रूपमा विकास हुन सकेको छैन । जसले गर्दा कृषि उत्पादनमा संलग्न हुने उत्प्रेरणा छैन । पूर्ण क्षमतामा कृषि उत्पादन हुन सकेको छैन ।
- विभिन्न तहका सरकारमार्फत् उपलब्ध गराइने कृषि अनुदानले केही सकारात्मक नतिजा ल्याएको देखिए पनि यस्ता कार्यक्रमको पारदर्शिता र प्रभावकारिताको पक्ष कमजोर छ । प्रक्रियागत झण्झट र वास्तविक किसानलाई त्यस्तो अनुदान प्राप्तिमा सहजीकरण गरिदिने निकाय नहुँदा उनीहरू यस्ता कार्यक्रमबाट लाभान्वित हुन सकेका छैनन् । बैंक तथा वित्तीय संस्थामार्फत् परिचालन हुने सहुलियतपूर्ण कृषि कर्जा प्राप्ति पनि सहज छैन ।
- प्राङ्गारिक मल उत्पादनको अभ्यास बढ्दै गएको भए पनि रासायनिक मल र प्राङ्गारिक मलको उचित मिश्रणमार्फत् कृषि उत्पादनमा प्राङ्गारिक मलको बजार विस्तार र रासायनिक मलको प्रयोगमा कमी ल्याउनेतर्फ सरकारले गरिरहेका पहलहरू पर्याप्त छैनन् ।
- रासायनिक मल किसानले समयमा नपाउने आमसमस्या रहेको छ भने कृषि बालीतर्फ उपलब्ध रासायनिक र प्राङ्गारिक मल, बीउ, औषधी तथा पशुपालनतर्फ दाना, भिटामिन, औषधी आदिको गुणस्तर मापनको संस्थागत प्रबन्ध र अभ्यास नहुँदा जोखिम रहेको छ । यसरी नै हालको रासायनिक मल वितरण प्रणालीले ठूला किसानहरू त्था व्यवसायिक कृषि फार्महरूलाई समेटन सकेको छैन ।
- कृषि बाली तथा पशुपालन क्षेत्रको उत्पादनको व्यवस्थापनमा समस्या रहेको छ । खाद्यान्न, तरकारी, नगदेबाली, फलफूल, दूध लगायतका कृषि उत्पादनको ग्रेडिङ, भण्डारण, व्यवस्थापन र बजारीकरण अन्तरसम्बन्धित हुने भएको तर व्यवस्थापनसँग सम्बन्धित समस्याका कारण यस्ता उत्पादनले पर्याप्त लाभ दिन सकिरहेका छैनन् ।
- जिल्लास्थित कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र एवं स्थानीय तहमा रहेका कृषि तथा पशुसेवा शाखामा जनशक्तिको सीमितता रहेको छ । कृषिमा व्यवसायीकरण भइनसकेको सन्दर्भमा सम्बन्धित किसानले स्वयं त्यस्ता प्राविधिक ज्ञान र सीप रहेका जनशक्ति राख्न सक्ने अवस्था बनिसकेको पनि छैन । त्यसले प्राविधिक सहायताको अवस्था कमजोर रहेको छ ।
- चिया, अलैंची, अदुवा जस्ता प्रदेशका निर्यातयोग्य बस्तुको गुणस्तर प्रमाणीकरण केन्द्र प्रदेशभित्र नभएकाले भारत निकासीमा विभिन्न व्यवधान भोग्न परिरहेको छ । यसका अतिरिक्त भारत बाहेकको बजार पहिचान र बजारको विविधिकरणमा राज्यबाट आवश्यक भूमिका निर्वाह हुन नसक्दा गुणस्तरीय नेपाली उत्पादन भारतीय उत्पादनको रूपमा बाहिर जाने गरेकाले नेपाली उत्पादनले अन्तर्राष्ट्रिय बजारमा पहिचान बनाउन सकिरहेको छैन ।
- अत्यधिक कृषि अनुदान र नवीनतम् प्रविधि प्रयोगका कारण न्यून उत्पादन लागत र उच्च उत्पादन रहेका भारतीय कृषि बस्तुसँग नेपालको उत्पादनले लागत प्रतिस्पर्धा गरिरहनु परेको तथा गुणस्तरमा रहेको अन्तर मापन गर्ने संयन्त्र र विधि नभएको अवस्थामा अन्नबाली लगायतका कृषि उत्पादनले आन्तरिक बजारमा समेत भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था रहेको छ ।
- मल, बीउ, सिँचाई, भण्डारण, प्राविधिक सहायता र बजारीकरण कोशी प्रदेशका धेरैजसो कृषि उत्पादनको साझा समस्या रहेको छ । प्राथमिक उत्पादनको व्यवस्थापन, भण्डारण, ग्रेडिङ, ब्राण्डिङ, प्याकेजिङ, प्रशोधन आदिको माध्यमबाट मूल्य अभिवृद्धिका लागि सरकार, उत्पादक तथा उद्यमीको बिचमा आधारभूत सहकार्य र समन्वयको अभाव रहेको छ ।

- प्राङ्गारिक उत्पादन, विषादी प्रयोग नभएको उत्पादन र रासायनिक मल प्रयोग नभएको उत्पादनका बिचमा रहेको व्यापक भिन्नतालाई समान्यीकरण गरिएको र खानयोग्य बस्तुलाई प्राङ्गारिक भनी प्रचार गरिने हुँदा प्राङ्गारिक उत्पादनले प्राथमिकता पाएको छैन ।

- बजार सहजकर्ताहरू अर्थात् अनौपचारिक व्यापार व्यवसाय सञ्चालकहरूले कृषकको उत्पादनको बजारीकरणमा सकारात्मक भूमिका खेलिरहेको भए पनि यो क्षेत्रमा कमजोर नियमनको कारणले उत्पादक र उपभोक्ता मूल्यमा ठूलो अन्तर रहेको छ ।

- कोशी प्रदेशमा रहेका शीत भण्डारहरू आवश्यक मापदण्डका छैनन् भने पर्याप्त पनि छैनन् । यसले कृषि उपजको भण्डारण, बजारीकरण र मूल्य अभिवृद्धिमा समेत नकारात्मक प्रभाव पारिरहेको छ । प्रदेशका झापा, मोरङ, सुनसरी, इलाम र उदयपुर बढी जनघनत्व भएका जिल्ला भएकोले दूध, मासु, फलफूल र तरकारीको प्रमुख आन्तरिक बजार पनि यिनै हुन् तर बाँकी जिल्लासँगको कमजोर यातायात सञ्जाल र ढुवानीमा कुनै पनि अनुदान तथा सहुलियत नहुँदा बाँकी जिल्लाले आन्तरिक बजारमा समेत यी बस्तु बेच्न सक्ने अवस्था छैन ।

- भाडामा जग्गा लिएर व्यावसायिक खेती गर्न महँगो भाडा तिर्नुपर्ने र त्यसबाहेक मल, बीउ, प्राविधिक सहायता आदिको साझा समस्या पनि ब्यहोर्नु पर्दा कृषिमा व्यवसायीकरण हुन सकेको छैन ।

- दुग्ध उत्पादनमा आत्म निर्भरतातर्फ उन्मुख भएको देखिएता पनि पशु नश्ल सुधारका कार्यक्रमको अपर्याप्तताले तथा किसानहरूको माग अनुसार नहुँदा उन्नत जातको गाई भैंसीमा बाह्य निर्भरता बढ्दै जाने जोखिम रहेको छ । पशु स्वास्थ्य सेवाको पहुँच कमजोर हुँदा जोखिम उच्च छ ।

- बंगुर पालनले सकारात्मक मूल्य अभिवृद्धि हाँसिल गरिरहेको भए पनि कोशी प्रदेशको पहिचान सहितको ब्राण्डिङसहित बंगुरका पाठापाठी तथा मासुको व्यापारलाई व्यवस्थित नसक्दा यस क्षेत्रको लाभ सीमित भएको छ ।

यसैगरी प्रस्तुत अध्ययनले उद्योग क्षेत्रमा रहेका प्रमुख समस्याहरूलाई निम्न बमोजिमका बुँदाहरू प्रस्तुत गरिएको छ ।

- उद्योग स्थापना र सञ्चालनमा विभिन्न प्रक्रियागत झण्झट उद्योग क्षेत्रमा लगानी आकर्षित हुन नसक्नुको एउटा प्रमुख कारण रहेको छ । आयात घटाउने वा निर्यात बढाउन आवश्यक चाहिने औद्योगिक वातावरण निर्माणका लागि सरकारको नीतिगत, कार्यक्रमिक र व्यवहारिक प्राथमिकता बन्न सकेको छैन । उत्पादनमूलक उद्योगहरूको विकास र विस्तार रोकिएको छ ।

- लगानीकर्तालाई आकर्षिक गर्ने गरी नीतिगत र कानुनी प्रबन्ध गरिएको छैन । विद्यमान प्रकृयागत झण्झटले गर्दा उद्योग स्थापना र सञ्चालनलाई निरुत्साहित गरेको छ । आयात गर्नुपर्ने औद्योगिक कच्चा पदार्थ, औजार तथा उपकरणमा रहेका उच्च शुल्कले गर्दा उद्योग स्थापनाको लागत समेत उच्च रहने गरेको छ ।

- उद्योगका लागि चाहिने यातायात लगायतका भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन नहुँदा पनि औद्योगिक वातावरण निर्माणमा समस्या रहेको छ । उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालनसँग जोडिएका प्रक्रिया तथा सवाल सम्बोधन गर्ने एउटै विशिष्ठ निकाय वा संयन्त्र छैन । सहायक सामग्री उत्पादन गर्ने उद्योगले निर्यात अनुमति नपाउने हुनाले पनि सम्भावना भएका यस्ता क्षेत्रमा पनि उद्योग स्थापना र सञ्चालन भइरहेका छैनन् ।

- जारी औद्योगिक क्रियाकलापबाट वर्तमान यथास्थितिको निरन्तरता भइरहेको भए पनि आर्थिक वृद्धि हुने गरी उत्पादन वा मूल्य अभिवृद्धि हाँसिल हुने अवस्था छैन । राज्यको लगानीको स्तर, औद्योगिक कच्चा पदार्थको उपलब्धता र कृषि क्षेत्रको विकासको स्तरले उद्योग क्षेत्रले आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्नसक्ने अवस्था छैन ।

- कृषिलाई उद्योगसँग आवद्ध गर्न सकिएको छैन । वर्तमान उत्पादनका आधारमा कृषिमा आधारित ठूला उद्योग स्थापना गर्न सकिने अवस्था छैन भने साना तथा मझौला उद्योग स्थापना पनि भइरहेको छैन । यसरी उद्योगको कृषिसँगको पृष्ठ सम्बन्ध कमजोर रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूमा रहेको तरलता अभावले वित्तीय क्षेत्र पुँजीगत लगानीका लागि भरपर्दो स्रोतका रूपमा विकास हुन सकेको छैन । हरेक वर्ष अधिकांश समय बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्नै नसक्ने अवस्था भएकाले लगानीका लागि पुँजीको अभाव छ ।

- उद्योग स्थापनाका लागि जग्गा प्राप्ति असहज र जग्गाको मूल्य अत्याधिक हुँदा उद्योग स्थापनाको ठूलो हिस्सा जग्गामा नै लगाउनु पर्ने हुनाले नयाँ उद्योग स्थापना गर्नु लाभदायक नहुने अवस्था छ । विद्युत आपूर्ति नियमित र भरपर्दो नहुँदा उत्पादनमूलक उद्योग सञ्चालन र उत्पादनको प्रकृतिका आधारमा उत्पादन भण्डारण र व्यवस्थापनमा समेत समस्या हुने गरेको छ ।

- नेपालमा उद्योग सञ्चालनको लागत उच्च छ । उत्पादनका साधन महँगो र प्राप्तिमा कठिनाई छ । त्यसैले आयातमा बन्देजहरू भएका उद्योगबाहेक अन्य उद्योगमा गरिने लगानी लाभदायक छैन । बैंक तथा वित्तीय संस्थाबाट तरलता अभावका कारण अधिकांश समय कर्जा प्रवाह नहुने भएकाले चालु पुँजीको अभावबाट समेत उद्योगहरू प्रभावित हुने अवस्था छ । कर्जा प्रवाहको सन्दर्भमा वित्तीय संस्थाको नियमन कमजोर हुँदा उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाहमा समस्या देखिएको छ ।

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा योगदान गर्नसक्ने अर्को मुख्य क्षेत्र पर्यटन हो । पर्यटन क्षेत्रले भोगिरहेका मुख्य समस्याहरूलाई तपशिल बमोजिम बुँदागत गरिएको छ ।

- कोशी प्रदेशको पर्यटन बजारमा सबैभन्दा महत्वपूर्ण बजार भारतीय पर्यटक हुन् तर भारतीय पर्यटकलाई यातायात अनुमति प्राप्तिमा रहेका जटिलता विभिन्न स्थानमा अनावश्यक चेकजाँच, पर्यटकलाई हुने अपमानपूर्ण व्यवहार ५ शय र १ हजार दरका भारतीय मुद्राको प्रयोगमा रहेको नियन्त्रण आदिले गर्दा पर्यटन क्षेत्रको विकास पर्याप्त रूपमा हुन सकेको छैन ।

- बंगलादेशबाट भारतको बाटो हुँदै नेपाल आउने पर्यटकको नेपाल प्रवेश सहज नहुँदा पर्यटन विकासको क्षेत्रीय पक्ष ओझेलमा परेको छ । भारतले बंगलादेशका नागरिकलाई दुई पटक प्रवेश पाउने गरी दिइँदै आएको प्रवेश अनुमतिको व्यवस्था हटाएर एकपटक मात्र प्रवेश पाउने व्यवस्था गरिँदा उनीहरूलाई नेपाल आउन असहज भएको छ ।

- कोशी प्रदेशमा रहेका विमानस्थलहरूले कोशी प्रदेशको पर्यटकीय गतिविधिमा योगदान गर्न सकेका छैनन् । विमानस्थलबाट पर्यटकीय गन्तव्यहरू जोड्ने अन्य यातायातका पूर्वाधारहरूको कमी रहेको छ ।

- सगरमाथा लगायत उच्च हिमाली श्रृंखला र अन्य धेरै अन्तर्राष्ट्रियस्तरका पर्यटन गन्तव्य रहेको यो प्रदेशमा क्यासिनो, हिमाल आरोहण, पदयात्रा लगायतका मनोरञ्जनात्मक क्रियाकलापमा आधारित पर्यटन व्यवसाय सञ्चालन अनुमति प्रदेश तह वा संघीय सरकारको प्रादेशिक निकायबाट प्रदान नहुँदा अन्तर्राष्ट्रिय गन्तव्य तथा पर्यटकीय अवसरको लाभ प्रदेशले पाइरहेको छैन । काठमाडौंबाट पर्यटकको सबै भ्रमण नियन्त्रित भइरहेको छ । खुम्बु क्षेत्रको आर्थिक लाभ प्रदेशले लिन सकिरहेको छैन ।

- प्रदेशस्तरमा पर्यटन प्रवर्द्धनको विशिष्टीकृत निकाय छैन । पर्यटन प्रवर्द्धनको स्पष्ट नीति नहुँदा पर्यटन क्षेत्रको विकासले प्राथमिकता पाउन सकेको छैन । पर्यटकीय गन्तव्य धेरै वटा भए पनि त्यहाँ जाने पर्यटकका लागि खर्च गर्ने धेरै विकल्प नहुँदा आर्थिक वृद्धिमा पर्यटन क्षेत्रको योगदान अपेक्षित रूपमा बढ्न सकेको छैन । पर्यटकीय गन्तव्यहरूका बिच र पर्यटन क्षेत्र र अन्य आर्थिक क्षेत्रका बिचको अन्तरसम्बन्ध प्रभावकारी नहुँदा पनि यो क्षेत्रले आर्थिक वृद्धिमा पर्याप्त भूमिका निर्वाह गरेको छैन । स्वास्थ्य सेवाका लागि नेपाल आउने भारतीय पर्यटकलाई नजिकका पर्यटकीय गन्तव्यसँग जोड्न सकिएको छैन ।

- पर्यटक सेवाका लागि दक्ष जनशक्तिको अभाव र उपलब्ध जनशक्तिलाई पर्यटन क्षेत्रले उपयोग गर्ने अवस्था नहुँदा पर्यटन सेवाको गुणस्तरमा पर्याप्त कमी रहेको छ । सम्भाव्य आन्तरिक र बाह्य पर्यटकका माझ सगरमाथा बाहेक कोशी प्रदेशका पर्यटन गन्तव्यहरूका बारेमा प्रचार प्रसारको कमी छ । सरकार र पर्यटन क्षेत्रका सरोकारवालाहरूका बिचमा सम्बाद, समन्वय र सहकार्यको कमी रहेको छ । यसैले पर्यटन क्षेत्रको समस्या पहिचान र प्राथमिकता निर्धारण उपयुक्त किसिमले हुन सकेको छैन ।

## ६.२. कृषि तथा पशुपालन क्षेत्रसँग सम्बन्धित सुझावहरू

- कृषि क्षेत्रबाट आर्थिक वृद्धि हाँसिल गर्ने उद्देश्य भएका कार्यक्रम तय गर्दा बसाइँसराइको पक्षलाई ध्यान दिइनुपर्छ। वर्तमान र भावी जनसङ्ख्याले जनशक्ति र बजार निर्धारण गर्ने भएकोले पहाडबाट तराई वा गाउँबाट शहरतिर बसाइँसराइ गर्ने प्रवृत्तिको विश्लेषण र प्रक्षेपण गरिनु आवश्यक छ ।

- कृषि क्षेत्रको विकास र आम्दानीले गर्दा इलाम जिल्लाको गरिबीदर र बसाइँसराइ नियन्त्रणमा गरेको योगदानलाई उदाहरणका रूपमा लिएर कृषि क्षेत्रलाई जनसङ्ख्या पहाडमा जोगाउन सकिने विकल्प बनाउन सकिने र नसकिने क्षेत्र पहिचान गर्न सकिन्छ ।

- व्यावसायिक कृषि प्रोत्साहनका लागि उत्पादनको बजार पूर्व निश्चित गरिनुपर्छ । स्थानीय तह र प्रदेश सरकारले बजार अध्ययन गरी प्राथमिकता प्राप्त उत्पादन निर्धारण गर्नुका साथै बजारीकरणका लागि सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ ।

- संघीय सरकारले आफै वा प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरी कार्यान्वयन गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत् निर्धारण गरिएका सुपरजोन, जोन, ब्लक र पकेटका विशेष कार्यक्रमले सम्बन्धित क्षेत्रमा कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धनमा योगदान गरेको देखिन्छ । यसबाहेक विभिन्न तहबाट सञ्चालित कृषि अनुदानका कार्यक्रमको प्रभावकारिताको स्वतन्त्र लेखाजोखा गरी अनुदानको विधि र अभ्यासमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । उत्पादन परिमाण वा मूल्य अभिवृद्धिमा आधारित बनाउने एउटा विकल्प हुनसक्छ । प्राथमिक उत्पादकका लागि नभई कृषि उपजको प्रशोधन र बजारीकरणमा योगदान गरिरहेका उद्योग व्यवसायको पुँजीगत सुधारका लागि पनि सहुलितपूर्ण कर्जा तथा अनुदानको अवसर खुला गरिनुपर्छ ।

- प्राङ्गारिक मल उत्पादनलाई प्राथमिकता प्राप्त उद्योगका रूपमा अघि बढाउनुका साथै प्रदेशस्तरबाटै मलको गुणस्तर प्रमाणीकरण र सूचीकरण गरी किसानको सहज पहुँचमा उपलब्ध हुने व्यवस्था गर्नुपर्छ । कृषि उपजलाई बढी रासायनिक मल आवश्यक पर्ने र प्राङ्गारिक मलले रासायनिक मल प्रतिस्थापन गर्नसक्ने उत्पादनलाई वर्गीकरण गरी किसानलाई सुसूचीत गराउनु पर्छ ।

- रासायनिक मलको उपलब्धता सहज बनाइनु पर्छ । अनुदानको मल स्थानीय तहहरूका बिचमा वितरण गर्दा उत्पादनको किसिम, उत्पादनको क्षेत्रफल जस्ता मापदण्ड बनाएर व्यवस्थित गर्नुपर्छ । मल, बीउ, औषधी तथा पशु दाना, भिटामिन, औषधी आदिको गुणस्तर मापनको भरपर्दो संयन्त्र प्रदेश र आवश्यकता अनुसार जिल्लास्तरमा राखिनु पर्छ ।

- कृषि बालीको भण्डारण र व्यवस्थापनमा मूलतः किसानलाई तालिम र आधुनिक प्रविधिको उपलब्धता आवश्यक छ । गुणस्तर नियन्त्रण उत्पादन हुने स्थान अर्थात् खेत वा फर्मबाट सुरू गर्ने गरी तहगत गुणस्तर नियन्त्रणको पद्दति तय गरी कार्यान्वयन गर्नुपर्छ ।

- अलैंचीको बीउ र उत्पादन विधि तथा रोग किराका सम्बन्धमा अध्ययन र अनुसन्धानका कार्यलाई कृषिकै अभिन्न अङ्ग बनाउनु पर्छ । अलैंचीमा आधारित औद्योगिक उत्पादन बढाई आन्तरिक खपत बढाउँदै बजार जोखिम न्यूनिकरण गर्नुपर्छ ।

- जिल्लास्थित कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताललाई सम्बन्धित कृषि तथा पशुपालन क्षेत्रको समस्या तथा सवालहरूको अध्ययन गर्ने तथा स्थानीय तहहरूको कृषि तथा पशु सेवा इकाईहरूको क्षमता वृद्धिमा केन्द्रित रहन विशिष्टकृत निकायका रूपमा अघि बढाउनु पर्छ भने त्यस्ता जिम्मेवारी बाहेकका प्रशासनिक जिम्मेवारी स्थानीय तहलाई नै हस्तान्तरण गरिनुपर्छ ।

- अलैँची, चिया, अदुवा जस्ता प्रदेशका निर्यातयोग्य बस्तुको गुणस्तर निर्धारण र प्रमाणीकरणको प्रबन्ध गरिनुपर्छ । अलैँची, चिया तथा अदुवाको नेपाली ब्राण्ड र प्याकेजमा भारत बाहेकका देशमा समेत सिधा निर्यातका लागि संघीय सरकारमार्फत् कुटनीतिक पहलका लागि प्रदेश सरकारले पहल गर्नुपर्छ भने चिया, अलैँची, अदुवा, तरकारी लगायत निर्यातयोग्य बस्तुको भारतीय बजारमा पहुँच सुनिश्चित गर्न प्रदेश सरकारले पनि पहल गर्नुपर्छ ।

- अदुवाको सफाईसहितको गुणस्तर सुनिश्चिता, गुणस्तरीय भण्डारण सुविधा र आन्तरिक बजार प्रवर्द्धनमा प्रदेश सरकारले काम गर्नुपर्छ भने दिगो निर्यातका लागि संघीय सरकारमार्फत् कुटनीतिक प्रयास गर्नुपर्छ ।

- मूलतः अन्नबाली, फलफूल र तरकारीको उत्पादकत्व अभिवृद्धि र प्रतिस्पर्धी क्षमता विस्तारका लागि कृषि अनुदान, आधुनिक खेती प्रणाली, उत्पादन व्यवस्थापन, बजारीकरण लगायतका विषयमा भारतको विहार प्रान्तका सफल अभ्यासको अनुकरण गरिनुपर्छ । त्यसका लागि प्रदेश सरकारले कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्छ । यस कार्यमा प्रदेश सरकारले स्थानीय तह, सहकारी र निजी क्षेत्रसँग प्रभावकारी समन्वय गर्नुपर्छ ।

- प्राङ्गारिक कृषि उपजको बारेमा पर्याप्त सचेतना किसान र उपभोक्ता दुवैमा आवश्यक छ । प्राङ्गारिक प्रमाणीकरण गरी त्यस्ता उत्पादनको बजारीकरणका लागि बेग्लै मापदण्ड बनाउनु पर्छ ।

- अनौपचारिक रूपमा भइरहेका कृषि उत्पादनको व्यापारलाई व्यवसायी तालिम र प्रमाणीकरणका माध्यमबाट औपचारिक कारोबारको दायरामा ल्याई प्रोत्साहन तथा नियमन गरिनुपर्छ ।

- स्थानीय तह र निजी क्षेत्रसँगको समन्वयमा शीत भण्डार निर्माण र सञ्चालन गरिनु पर्छ । उत्पादन र बजारलाई जोड्ने र ढुवानीको लागत कम हुने गरी उत्पादन केन्द्र र बजार बिचको यातायात सञ्जाल व्यवस्थित गरिनुपर्छ ।

- जग्गा भाडामा लिने पद्दति सहज बनाइनुका साथै जग्गाको अधिकतम् भाडा निर्धारण गरी कृषि व्यवसाय सञ्चालनमा स्थानीय र प्रदेश सरकारले सहजीकरण गर्नुपर्छ ।

- नश्ल सुधारको प्रभावकारिता प्रवर्द्धनका लागि सरकारले विशेष कदम चाल्नुपर्छ । पशु स्वास्थ्य उपचार फर्ममा नै गर्नुपर्ने हुँदा विशेषज्ञ र प्रविधिको पहुँच सुधार र विस्तार गरिनुपर्छ ।

- कृषि उत्पादनको थोक तथा खुद्रा व्यापारलाई कृषि र सेवा क्षेत्रबाट आर्थिक वृद्धि हाँसिल गर्नमा योगदान गर्न सक्ने महत्वपूर्ण सेवा क्षेत्र भएकाले यसलाई कृषिकै अभिन्न अङ्गका रूपमा अघि बढाई कृषि बजारको विकास र विस्तार, ढुवानी सेवामा सुधार र अनौपचारिक रूपमा भइरहेको कृषि उत्पादनको बजारलाई सरल, सहज र औपचारिक बनाउनु पर्छ ।

- रैथाने सुन्तला तथा जुनारमा रोग किराको समस्या तथा उत्पादनमा ह्रास भइरहेको तथा नयाँ र बढी उत्पादन दिने बिरुवाले पूराना बिरुवा विस्थापित गरी फल लाग्न लामो समय कुर्नुपर्ने हुँदा विकल्प तयार गर्ने र माटोको उपचार लगायत सुन्तला र जुनार उत्पादनमा रहेका समस्या हटाउने विषयलाई उत्तिकै प्राथमिकता दिनुपर्छ ।

- पहाडी भेगका कागतीका पूराना बिरुवाको संरक्षण र सङ्कलन गरी बजार पठाउने कार्यलाई स्थानीय सरकारले सहकारीमार्फत् व्यवस्थित गर्नुपर्छ भने तराईमा कागती खेतीलाई पनि प्राथमिकता दिनुपर्छ । अमिलो जातका फलफूलको भण्डारमा सुधारसहित प्रशोधन उद्योगका भरपर्दो आन्तरिक कच्चा पदार्थ बनाउनु पर्छ ।

- आन्तरिक बजारमा स्वदेशी आलुको माग उच्च रहेको सन्दर्भमा पहाडी भेगमा हुने स्थानीय जातका आलु र तराईमा उत्पादन हुने आलुको सुरक्षित भण्डारणसहित वर्षैभरि बजारमा उपलब्ध हुने अवस्था सुनिश्चित गर्नुपर्छ ।

- तराईमा लाभदायक परिमाणमा केरा उत्पादन बढाउने, उद्योगसँग जोड्ने तथा पहाडी भेगमा स-सानो परिमाणमा उत्पादन हुने स्थानीय जातका स्वादिष्ट केराको उत्पादन विस्तार र एकीकरण गरी मुख्य बजारमा बाह्य उत्पादनसँग गुणस्तर प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा पुऱ्याउनु पर्छ ।

- पहाडी र केही हिमाली भेगमा हुँदै आएको तरकारी उत्पादनलाई स्थानीय बजार तथा प्रदेशका प्रदेशका प्रमुख बजार केन्द्रसम्मको सहज पहुँच सुनिश्चित गर्ने गरी भण्डारण र ढुवानीका पूर्वाधार र सेवा सुनिश्चित गर्नुपर्छ । एकाध बाहेकको तरकारी निर्यातमा भारतको प्रतिबन्ध हटाई भारत तथा बंगलादेशमा माग रहेका तरकारीको निर्बाध निर्यात हुने वातावरण सिर्जना गर्नका लागि नेपाल सरकारमार्फत् कुटनीतिक पहल गर्नुपर्छ ।

- दूधालु गाई भैंसीमाथिको बाह्य निर्भरता अन्त्य गर्ने गरी नश्ल सुधार कार्यक्रममा प्रभावकारिता ल्याउनु पर्छ । कोशी प्रदेशमा उत्पादित दूध र दुग्धजन्य पदार्थको माग भएका देशमा निर्यातका लागि भएका अवरोध हटाउन पहल गर्नुपर्छ । पशुपालन अनुदान लगायतका कार्यक्रमलाई प्रभावकारी बनाउनु तथा स्थानीय तहमा पशु चिकित्सा सेवाको उपलब्धता र पहुँचमा रहेका सीमितता हटाउनु आवश्यक छ । त्यसका लागि कृषि ज्ञान केन्द्र र स्थानीय तहमा जनशक्तिको उपलब्धता बढाउनु र समन्वय विस्तार गर्नु आवश्यक छ । चरन क्षेत्र तथा घाँसको उपलब्धता भएका पहाडी भेगमा उत्पादन हुने दूधलाई बजार केन्द्रसम्म सुरक्षित रूपमा आइपुग्ने गरी यातायातका पूर्वाधार सुधार गर्नुपर्छ ।

- स्थानीय खसी बाखा सङ्कलन तथा बिक्री केन्द्रसम्म किसानका उत्पादन न्यून ढुवानी तथा मध्यस्थ लागतमा पुग्ने र बिक्री वितरणको अधिकतम लाभ किसानले पाउने अवस्थाको सिर्जना गर्नका लागि नीतिगत र संस्थागत सुधार गर्नुपर्छ । छरिएर रहेका थोरै सङ्ख्यामा हुने बाखा, सुँगुर तथा बंगुरपालक किसानलाई पशु स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नुपर्छ ।

## ६.३. उद्योग क्षेत्रसँग सम्बन्धित सुझावहरू

- उद्योग स्थापनाको सबै प्रक्रिया एउटै बिन्दु वा कार्यालयबाट सम्पन्न हुने गरी त्यस्तो कानुनी र संस्थागत प्रबन्ध हुनुपर्छ । संघीय सरकारको कार्यक्षेत्रमा पर्ने विषय समेत प्रदेशस्तरको सो कार्यालयमार्फत् तोकिएको समयावधिमा पूरा हुने गरी समय सीमासहितको विधि निर्धारण हुनुपर्छ ।

- औद्योगिक कच्चा पदार्थका रूपमा आयात हुने कृषि बस्तुमा आयात शुल्क लगाउनु उपयुक्त होइन । कृषि उत्पादन र कृषिमा आधारित उद्योगलाई प्राथमिकता दिइनुपर्छ । बाह्य कच्चा पदार्थ आयातीत उद्योगको दिगोपनमा समस्या रहेकाले स्वेदशी कच्चा पदार्थमा आधारित उद्योगले प्राथमिकता पाउनुपर्छ ।

- संघीय सरकारले लगाउने औद्योगिक उपकरणको आयातमा लाग्ने कर तथा शुल्क हटाउनु आवश्यक छ । एक भन्दा बढी किसिमका उपकरण आवश्यक पर्ने उद्योगका लागि चाहिने उपकरणमा लाग्न कर तथा शुल्कमा रहेका विविधता हटाउनु पर्छ । आयातमा लगाइने करलाई आर्थिक वृद्धि र औद्योगिकीकरणको लक्ष्यमा आधारित बनाउनु पर्छ ।

- निर्यातयोग्य बस्तु मध्ये चियाको गुणस्तर मापनका लागि अन्तर्राष्ट्रिय स्तरको प्रयोगशाला प्रदेशभित्र नै सञ्चालन गरिनु पर्छ । निर्यात भइरहेका अन्य उत्पादनलाई प्रशोधन, ब्राण्डिङ र प्याकेजिङमार्फत् मूल्य अभिवृद्धि गरी निर्यात बढाउनु पर्छ ।

- तुलनात्मक लाभ भएका उत्पादनमूलक उद्योगमा लगानीको वातावरण बनाई कोशी प्रदेशको सीमा जोडिएका मुलुकमा त्यस्ता बस्तु निर्यातलाई प्राथमिकतामा राख्नुपर्छ । कृषि र उत्पादनमूलक उद्योगको अग्र र पृष्ठ सम्बन्ध विस्तार हुने गरी सरकारले नीति तथा कार्यक्रममार्फत् कार्यान्वयन गर्नुपर्छ ।

- कोशी प्रदेश काठमाडौं, नारायणघाट र पोखरा जस्ता शहरको लागि फिडर मार्केट भएकाले उत्पादित र आयातीत बस्तुको भण्डारण लगायत बन्दोबस्तीका पूर्वाधार कोशी प्रदेशमा निर्माण गरिनुपर्छ। आन्तरिक र बाह्य व्यापारका लागि उपलब्ध यातायातका पूर्वाधारको अवस्था विश्लेषण गरी सोही अनुसार पूर्वाधार विकासका कार्य अघि बढाउनु पर्छ।

- उद्योगका लागि जग्गा प्राप्ति सहज बनाउने, विशेष आर्थिक क्षेत्रलाई उद्योगको स्थापना र विकासमा सहयोग पुग्ने गरी सञ्चालन गर्ने, उद्योग स्थापना र सञ्चालनलाई सहज र झण्झटरहित हुने गरी नीति तथा कानुन बनाई कार्यान्वयन गर्नुपर्छ।

- माग र आपूर्तिसहित बजार विश्लेषणका आधारमा सम्भाव्य लगानीका क्षेत्र पहिचान गरी सम्भावनायुक्त क्षेत्रमा उद्योग स्थापनाका लागि सहजीकरण गर्नुपर्छ। औद्योगिक सडकको बेग्लै मापदण्ड निर्धारण र कार्यान्वयन गरी कच्चा पदार्थ तथा उत्पादनको ढुवानीमा रहेका असहजता हटाउनु पर्छ।

- जग्गा प्राप्ति, उद्योग स्थापना र सञ्चालनमा संघ, प्रदेश र स्थानीय सरकार सबैले नीति तथा संस्थागत संयन्त्रमार्फत् लगानीकर्तालाई प्रोत्साहन र सहजीकरण गर्नुपर्छ। आवासीय क्षेत्रमा उद्योग र औद्योगिक क्षेत्रमा आवास दुबैका लागि चुनौती हुने भएकाले औद्योगिक क्षेत्रमा आवासीय र अन्य प्रयोजनका भवन निर्माणको अनुमति दिन बन्द गर्नुपर्छ। उद्योगका लागि विद्युत आपूर्ति सुनिश्चित हुने गरी पूर्वाधार स्तरोन्नती र आपूर्तिमा व्यापक सुधार गरिनुपर्छ।

## ६.४ पर्यटन क्षेत्रसँग सम्बन्धित सुझावहरू

- भारत, बंगलादेश, भुटान र आन्तरिक पर्यटकलाई मुख्य प्राथमिकतामा राखेर कोशी प्रदेश सरकारले पर्यटन प्रवर्द्धनको रणनीति र कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्छ। भारतीय पर्यटकलाई सम्मानपूर्वक बस्ने, भारतीय सवारी साधनमा निर्वाध घुमफिर गर्ने र पर्याप्त भारतीय मुद्रा ल्याएर नेपालमा खर्च गर्ने वातावरण बनाइनु पर्छ। भारत आउने बंगलादेशी नागरिकलाई नेपाल प्रवेश गर्न र फर्कन पाउने सुविधा दिने व्यवस्थाका लागि सरकारले भारत सरकारसँग कुटनीतिक प्रयास गर्नुपर्छ।

- सबै विमानस्थलबाट पर्यटकीय गन्तव्य जोड्ने गुणस्तरीय पर्यटन सडक निर्माण गरिनुपर्छ। भद्रपुर वा विराटनगर विमानस्थलको स्तरोन्नती र विकासमार्फत् क्षेत्रीय विमानस्थलको स्वरूप प्रदान गरी कोशी प्रदेशबाट प्रमुख पर्यटकीय गन्तव्यको नजिक रहेका लुक्ला, ताप्लेजुङ लगायतका विमानस्थलसम्म उडान हुने वातावरण बनाउनु पर्छ। सबै विमानस्थलबाट पर्यटकीय गन्तव्य जोड्ने गुणस्तरीय पर्यटन सडक निर्माण गरिनुपर्छ। भद्रपुर वा विराटनगर विमानस्थलको स्तरोन्नती र विकास मार्फत् क्षेत्रीय विमानस्थलको स्वरूप प्रदान गरी कोशीबाट प्रमुख पर्यटकीय गन्तव्यको नजिक रहेका लुक्ला, ताप्लेजुङ लगायतका विमानस्थलसम्म उडान हुने वातावरण बनाउनु पर्छ। साथै भारत, म्यानमार, तथा बंगलादेशका विभिन्न शहरबाट सिधा हवाई उडान हुने प्रबन्ध मिलाउनु पर्छ।

- सगरमाथा आउने तेस्रो देशका नागरिकलाई कोशी प्रदेशका अन्य पर्यटकीय गन्तव्यसम्म जाने वातावरणका लागि पर्यटन प्याकेज निर्माण र प्रचारप्रसार गरिनुपर्छ। हिमाल आरोहण लगायत विभिन्न साहसिक र मनोरञ्जनात्मक क्रियाकलापको अनुमति प्रदेश तहबाट पनि उपलब्ध गराउने प्रबन्ध गरिनुपर्छ।

- प्रदेशमा राज्यको लगानीमा निर्माण भएका तर हाल सञ्चालनमा नआएका आन्तरिक विमानस्थलहरूलाई साहसिक पर्यटन गतिविधि विकासका लागि निजी क्षेत्रलाई उपयोग गर्न दिइनुपर्छ।

- यातायात चालक, पथ प्रदर्शक, तथा हाइजेनिक खानपिनका लागि सेवा प्रदायकलाई प्रभावकारी तालिम नियमित रूपमा प्रदान गर्नुपर्छ।

- प्रदेश सरकारले कोशी प्रदेशको पर्यटन विकासमा काम गर्ने विशिष्टीकृत स्वायत्त निकाय निर्माण गर्नुपर्छ । त्यस्तो निकायमार्फत् पर्यटन क्षेत्रको अध्ययन, अनुसन्धान, नीति तथा रणनीति तर्जुमा लगायत पर्यटनसँग सम्बन्धित कार्यको सम्पूर्ण जिम्मेवारी लिने तथा संघ र प्रदेशका सम्बन्धित निकायसँगको समन्वयमा पर्यटक सेवालाई व्यवस्थित गर्नुपर्छ ।

- पर्यटक सेवा र सत्कारसँग सम्बन्धित क्षेत्रमा गुणस्तरीय जनशक्तिको निर्माण र त्यस्ता जनशक्तिलाई रोजगारीको सुनिश्चितताका लागि सरकार र निजी क्षेत्रको साझेदारीमा जनशक्ति विकास कार्यक्रम कार्यान्वयन गरिनुपर्छ ।

- विराटनगरमा आँखा अस्पताल उपचारार्थ आइरहेका भारतीय र तिनका सहयोगी तथा किनमेलका लागि आउने भारतीय नागरिकलाई नजिकका पर्यटकीय गन्तव्यसम्म जाने कार्यक्रम निर्माण गरी स्वास्थ्य सेवालाई पर्यटनसँग आवद्ध गर्नुपर्छ । पर्यटकीय क्षेत्र पहिचान, पर्यटन पूर्वाधार विकास तथा प्रचार प्रसारका कार्यमा सरकार र निजी क्षेत्रका बिच समन्वय र साझेदारी बढाउनु पर्छ ।

- विराटनगरमा औद्योगिक संग्रहालय समेत बनाएर विराटनगरलाई औद्योगिक पर्यटनको राष्ट्रिय केन्द्रको रूपमा विकास गर्नुपर्छ । कोशी प्रदेशलाई नेपालको राजनीतिक परिवर्तनको उद्गम बिन्दुका रूपमा समेत थप आकर्षक पर्यटकीय गन्तव्य बनाउन सकिन्छ । होटल लगायत पर्यटकीय पूर्वाधार विकासका लागि आवश्यक निजी र सार्वजनिक जग्गा भाडामा प्राप्त गर्न सकिने प्रबन्ध गरी पर्यटन क्षेत्रमा लगानीको वातावरण निर्माण गर्नुपर्छ ।

- निजी क्षेत्रले होटल, केबलकार, प्याराग्लाइडिङ लगायतका क्षेत्रमा लगानी गर्दा स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने कुराको प्रत्याभूति दिलाई यसमा स्थानीयको समर्थन प्राप्तिका प्रदेश र स्थानीय सरकारले सहजीकरण गर्नुपर्छ । बाह्य लगानीलाई स्थानीयले स्वागत गर्ने वातावरण बनाउन स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना तथा लगानीमा स्थानीय समुदायको समेत हिस्सेदारी हुने जस्ता उपयुक्त विकल्पमा सरकार, लगानीकर्ता र समुदायका बिचमा सम्बाद र सहकार्य गरिनुपर्छ ।

- प्रदेशले प्रमुख पर्यटकीय गन्तव्य र सो गन्तव्यसँग नजिकमा रहेका स्थानीय महत्वका गन्तव्यको नक्साङ्कन गरी ती स्थानसम्मको यातायातको पहुँच र आधारभूत पर्यटकीय सेवाको उपलब्धताका लागि स्थानीय तह र निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्छ ।

- खर्च गर्ने क्षमता भएका गुणस्तरीय पर्यटक आगमन बढाउने तथा उनीहरूलाई गर्ने व्यवहार र सत्कार, बसोबासको प्रबन्ध, सुरक्षा समन्वय जस्ता क्षेत्रमा रहेका समस्या हटाउनु पर्छ । त्यसका लागि सरकार, निजी क्षेत्र र समुदायका बिच सहकार्य र समान बुझाई निर्माण गर्नुपर्छ ।

- सगरमाथा लगायत हिमाली क्षेत्रमा आरोहण तथा दृश्यावलोकनका लागि आउने पर्यटकको कोशी प्रदेशको अर्थतन्त्रमा सम्बन्ध नहुने अवस्था अन्त्य गरी अन्य पर्यटकीय गन्तव्यसम्म लैजानका लागि वैकल्पिक गन्तव्यको प्रचारप्रसार र खुम्बु र कञ्चनजङ्घा क्षेत्रसँगको अन्तरसम्बन्ध विस्तार गर्नुपर्छ ।

- पर्यटकीय गन्तव्य प्रवर्द्धन गर्न तथा प्रदेशका पर्यटकीय गन्तव्यलाई क्षेत्रीय र तेस्रो देशको बजारसम्म जोड्नका लागि प्रदेशभित्र अन्तर्राष्ट्रियस्तरका सम्मेलन तथा प्रदर्शनी लगायतका कार्यक्रम प्रदेश सरकारले निजी क्षेत्रसँगको समन्वयमा समय समयमा आयोजना गर्नुपर्छ ।

- बंगलादेश र भुटानबाट आउने पर्यटकलाई प्रवेशाज्ञा सहज बनाउन नेपाल सरकारसँग आवश्यक समन्वय प्रदेश सरकारले गर्नुपर्छ ।

- सडक पूर्वाधार सुधार गरी प्रदेश राजधानी तथा मुख्य बजार र प्रमुख पर्यटकीय गन्तव्य तथा सम्बन्धित प्रमुख गन्तव्यबाट सहायक गन्तव्यसम्मको यातायात सञ्जाल विस्तार र सहजीकरणका लागि प्रदेश र स्थानीय सरकारका बिच सहकार्य बढाउनु पर्छ ।

## ६.५. थप सुझावहरू

- श्रम सहभागिता दर वृद्धि गर्ने र श्रममा महिला सहभागिता बढाउन विशेष कार्यक्रम अघि बढाउनुपर्छ । गुणस्तरीय रोजगारीका लागि औपचारिक क्षेत्रको रोजगारी बढाउन र मुलतः कृषि क्षेत्रमा औपचारिक क्षेत्रको हिस्सा बढाउनका लागि प्रदेश र स्थानीय सरकारले निजी क्षेत्रसँगको सहकार्यमा काम गर्नुपर्छ ।

- आन्तरिक राजश्वको आधार विस्तार गरी बजेटको आकारलाई आवधिक प्रक्षेपणको नजिक बनाउने र खर्च गर्ने क्षमता विस्तार गरी विनियोजन र खर्चका बिचमा रहेको असमानता हटाउँदै लैजाने ।

- यातायात क्षेत्रको खर्चलाई आर्थिक वृद्धिको प्राथमिकतासँग आवद्ध गर्ने ।

- कृषि र उद्योगजस्ता आर्थिक वृद्धिसँग प्रत्यक्ष जोडिएका क्षेत्रमा बजेट विनियोजन र खर्च बढ्ने गरी सम्बन्धित मन्त्रालयको बजेट हिस्सा वृद्धि गर्ने । कृषि, पर्यटन र उद्योग क्षेत्रमा प्रशासनिक खर्च र विकास खर्चको बिचमा निश्चित अनुपात कायम गरी कार्यक्रम खर्च बढाउने ।

## सन्दर्भ सामग्री


१. कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७५/७६-२०८०/८१), प्रदेश योजना आयोग

२. विभिन्न आर्थिक बर्षको बजेट बक्तव्य, आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश

३. विभिन्न आर्थिक बर्षको विस्तृत बजेट विवरण (रातो किताब), आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश

४. सरकारको साझा न्यूनतम कार्यक्रम, कोशी प्रदेश, २०७७

५. राष्ट्रिय आर्थिक गणना, २०७६, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७६

६. विभिन्न आर्थिक बर्षको प्रादेशिक लेखा तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय

७. आर्थिक बर्ष २०७७/७८ को आर्थिक सर्वेक्षण, नेपाल सरकार, अर्थ मन्त्रालय

८. खुद्रा तथा थोक व्यापार सम्वन्धी तथा उत्पादन मुलक उद्योग सम्वन्धी विष्लेषणात्मक प्रतिवेदनहरू, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७६

९. उत्पादन मुलक उद्योग सम्वन्धी पार्श्वचित्र, लगानी बोर्ड नेपाल, मार्च २०७३

१०. नेपाल बैदेशिक ब्यापार सम्वन्धी तथ्याङ्क २०७६/७७, भन्सार विभाग, २०७७

११. बैदेशिक ब्यापार सम्वन्धी तथ्याङ्क, 2020/21, https://customs=gov=np/pjge/fts-fy-207879, December, 2021

१२. आयात निर्यात सम्वन्धी तथ्याङ्क २०७७/७८, https://nepaltradeportal=gov=np/web/guest/data-visualization;Dec, 2021

१३. बिराटनगर भन्सार विन्दुबाट हुने प्रमुख आयात र निर्यात, https://customs=gov=np/uploads/Pjges/1627810357_np=pdf

१४. विभिन्न आर्थिक बर्षको नेपालको कृषि तथ्याङ्क, नेपाल सरकार कृषि तथा पशुपंछी विकास मन्त्रालय

१५. औधोगिक तथ्याङ्क २०७७, उद्योग विभाग, https://doind=gov=np/industrial-statistics, December, 2021

१६. नेपाल श्रम सर्वेक्षण २०७४/७५, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७६

१७. Provinces of Nepal, Nepal Provinces (statoids=com), November 26, 2015

१८. Province 1: A Data Overview, https://nepaloutlook=com/province-1/, June 6, 2020

१९. Nepal Road Network, https://dlca=logcluster=org/display/public /DLCA/2=3+Nepal+Road+Network, November 16, 2020

२०. उत्पादनमुलक उद्योग उत्पादन सुचकाङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय

२१. उत्पादनमुलक उद्योग उत्पादक मूल्य सुचकाङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय

२२. उत्पादन लागत सम्वन्धी सर्वेक्षण, राष्ट्रिय तथ्याङ्क कार्यालय

२३. उत्पादन लागत सम्वन्धी सर्वेक्षण, कृषि तथा पशुपंछी विकास मन्त्रालय

२४. साना उत्पादनमुलक औधोगिक प्रतिष्ठान सम्वन्धी सर्वेक्षण, २०६५/६६, राष्ट्रिय तथ्याङ्क कार्यालय

२५. नेपाल जीवन स्तर सर्वेक्षण (NLSS), २०६८/६९, राष्ट्रिय तथ्याङ्क कार्यालय

२६. उपभोक्ता मूल्य सुचकाङ्क (CPI), नेपाल राष्ट्र बैंक

२७. राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन र २०७८ को प्रारम्भिक प्रतिवेदन ।

थप जानकारीका लागिः

**Community Engagements & Outreach**
400/41 Kamaladi Sadak, Kathmandu
Email: engage@ceo.com.np
Ph. No.: 01-4221507